## बंगलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
दाङ, ५ नं. प्रदेश, नेपाल

# बृहत् गाउँपालिका विकास गुरुयोजना



## प्रतिवेदन २०७६

प्रस्तुतकर्ता
इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.
पुतलीसडक, काठमाडौं ।

# विषय सूचि


**खण्ड १ : भूमिका** १

**१.१ पृष्ठभूमि** १

**१.२ अध्ययनको उद्देश्य** १

**१.३ अपेक्षित उपलब्धिहरू (Expected Output)** २

१.३.१ गाउँपालिकाको बृहत् आधार नक्सा तयार पार्ने (Base Map) २

१.३.२ गाउँपालिकाको पार्श्वचित्र (Rural Municipal Profile) ३

१.३.३ विश्लेषण (Analysis) ३

१.३.४ स्थानिक विश्लेषण (Spatial Analysis) तथा वित्तीय विश्लेषण (Financial Analysis) ३

**१.४ अध्ययन विधि र चरणहरू (Methodology)** ३

१.४.१ कार्यविधि (Methodology) ३

१.४.२ संकलित तथ्याङ्क विश्लेषणका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको ४

१.४.३ योजना तर्जुमा दृष्टिकोण (Planning Approach) ६

**१.५ क्षेत्रगत लक्ष्य, उद्देश्य र प्रतिफल र कार्यक्रमहरू** ६

**१.६ दीर्घकालीन भौतिक विकास योजना (PDP)** ६

**१.७ सामाजिक विकास योजना** ७

**१.८ आर्थिक विकास योजना** ७

**१.९ वातावरण तथा विपद् व्यवस्थापन योजना** ७

**१.१० सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना** ८

**१.११ कार्यक्षेत्र** ८

**१.१२ योजना तयारीको पद्धति** ९

१.१२.१ तथ्याङ्क सङ्कलन र विश्लेषण ९

१.१२.२ योजना र योजना स्वीकृतिको प्रक्रिया ९

**खण्ड २ : बंगलाचुली गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य** १०

**२.१ गाउँपालिकाको विकास समिक्षा** १०

**२.२ गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य** १२

**२.३ गाउँपालिकाको दीर्घकालीन सोचका प्रमुख आधारहरू** १२

**२.४ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण** १४

२.४.१ आर्थिक क्षेत्र १४

२.४.२ सामाजिक क्षेत्र १५

२.४.३ भौतिक पूर्वाधार १७

२.४.४ वन वातावरण तथा विपद् व्यवस्थाप १७

२.४.५ संस्थागत विकास र सेवा प्रवाह १७
२.४.६ राजश्व परिचालन र वित्तीय अनुशासन १८
**२.५ गाउँपालिकाले आ.व. २०७५/०७६ मा तय गरेका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण १८**
२.५.१ भौतिक पूर्वाधार विकास १८
२.५.२ आर्थिक विकास १९
२.५.३ सामाजिक विकास १९
२.५.५ सेवा प्रवाह तथा सुशासन १९
२.५.६ वन वातावरण २०
**२.६ गुरुयोजनाका प्रमुख लक्ष्य तथा उद्देश्यहरू २०**
**२.७ अपेक्षित प्रतिफलहरू २१**
**खण्ड ३ : बंगलाचुली गाउँपालिकाको वस्तुस्थिति २२**
**३.१ गाउँपालिकाको संक्षिप्त परिचय २२**
**३.२ भौगोलिक अवस्थिति २४**
**३.३ राजनैतिक तथा प्रशासनिक केन्द्र २५**
**३.४ भूक्षेत्र (टोपोग्राफी) २८**
३.४.१ माटोको बनावट र उर्वराशक्ति २८
३.४.२ भू-आकृति तथा माटोको बनोट २८
**३.५ भूक्षेत्रको वर्गिकरण २८**
**३.६ हावापानी ३१**
**३.७ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू ३२**
**३.८ गाउँपालिकाको अवसर र सम्भावनाहरू ३४**
**३.९ गाउँपालिकाको चुनौती तथा समस्याहरू ३४**
**३.१० गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध ३४**
**३.११ सिमसार क्षेत्र ३५**
**३.१२ नदी, खोला तथा ताल तलैयाहरू ३५**
**३.१३ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू ३७**
**३.१४ मुख्य चाडपर्वहरू ३९**
**३.१५ संस्कृति, कला, भाषा र साहित्य ३९**
**३.१७ जनसङ्ख्याको विवरण ४१**
३.१७.१ वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण ४२
३.१७.२ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण ४८
३.१७.३ पहिलो विवाह गर्दाको उमेरको विवरण ४९
३.१७.४ उमेर समूहअनुसार जनसख्याको विवरण ५०
३.१७.५ जातजाति समूहअनुसार जनसङ्ख्याको विवरण ५१
३.१७.६ मातृभाषा अनुसार जनसङ्ख्याको विवरण ५३
३.१७.७ धर्मअनुसार जनसङ्ख्याको विवरण ५५

३.१७.८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ५६
३.१७.९ घरमूलीको लैङ्गिक विवरण ५७
३.१७.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५८
३.१७.११ जमिनमा महिलकाको स्वामित्वको विवरण ५९
३.१७.१२ अनुपस्थित घरधुरी र जनसङ्ख्याको विवरण ६०
३.१७.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ६१
३.१७.१४ छानाको आधारमा घरको बनोटको विवरण ६२
३.१७.१५ जगको आधारमा घरको बनोटको विवरण ६३
३.१७.१६ बसाई सराईको अवस्था ६४
३.१७.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ६४
३.१७.१८ गाउँपालिकाको मतदाता सङ्ख्या विवरण ६५

**३.१८ गाउँपालिकाको भू-उपयोगको विवरण ६६**

३.१८.१ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरूप ६८
३.१८.२ बस्ती विकासमा देखिएका चुनौतीहरू ६८
३.१८.३ भू-क्षय सम्भावित क्षेत्र ६९
३.१८.४ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण ७०

**३.१९ आर्थिक क्षेत्र तथा रोजगार स्थिति ७१**

५.१९.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप ७१
५.१९.२ आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था ७२
५.१९.३ आश्रित जनसङ्ख्याको विवरण ७२

**३.२० भौतिक तथा सार्वजनिक पूर्वाधार ७३**

३.२०.१ यातायात ७३
३.२०.२ वर्तमान सडक सञ्जाल ७४
३.२०.३ संचार ७६
३.२०.४ गाउँपालिकामा सेवा पुऱ्याइरहेका जिल्लाका एफ.एम. रेडियोहरू ७६
३.२०.५ टेलिफोन/मोबाइल ७६
३.२०.६ हुलाक सेवा ७७
३.२०.७ पत्रपत्रिका ७७
३.२०.८ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७७
३.२०.९ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७८

**३.२१ सामाजिक पूर्वाधार तथा सेवा ७९**

३.२१.१ शिक्षा ७९
३.२१.२ साक्षरता स्थिति ८०
३.२१.३ शैक्षिक जनशक्तिको विवरण ८१
३.२१.४ विषयगत शैक्षिक जनशक्तिको विवरण ८२
३.२१.५ उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण ८३

३.२१.६ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ८४
३.२१.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ८४
३.२१.८ स्वास्थ्य ८५
३.२१.९ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ८६
३.२१.१० गाउँघर क्लिनीक र नियमित खोप ८६
३.२१.११ एच. आई. भी./एडसको अवस्था ८७
३.२१.१२ सुरक्षित मातृत्वको अवस्थाको विवरण ८७
३.२१.१३ खोपको विवरण ८८
३.२१.१४ बाल्यकालमा हुने रोगका जोखिम ८९
३.२१.१५ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ८९
३.२१.१६ बालपोषण सम्वन्धी विवरण ८९
३.२१.१७ खेलकुद तथा मनोरञ्जन ९०
३.२१.१८ नागरिक सुरक्षा सेवा ९१
३.२१.१९ महिला तथा बालबालिका ९२
३.२१.२० अपाङ्गताको विवरण ९५
३.२१.२१ खानेपानी तथा सरसफाई ९७

**खण्ड ४ : तथ्याङ्क विश्लेषण १००**

**४.१. जनसांख्यिक विश्लेषण १००**

**४.२ SWOT विश्लेषण १०२**

४.२.१ भौतिक पूर्वाधार १०२
४.२.२ सामाजिक पूर्वाधार १११
४.२.३ आर्थिक पूर्वाधार ११८
४.२.४ वातावरण तथा विपद् व्यवस्थापन १२४
४.२.४ संस्थागत विकास १२८

**४.३ स्थानिक विश्लेषण (Spatial Analysis) १३१**

४.३.१ पहुँच (Accesibility) १३१
४.३.२ भू-उपयोग (Landuse) १३१
४.३.३ माटोको बनावट (Soil Type) १३२
४.३.४ जमिनको भिरालोपन (Slope) १३२
४.३.५ जमिनको मोहडा (Aspect) १३३

**४.४ आर्थिक विश्लेषण १३४**

**४.५ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण १३५**

**४.६ माग विश्लेषण तथा प्रक्षेपण १३६**

४.६.१ Social Infrastructure Demand Analysis १३७
४.६.२ Physical Demand Analysis १३९

४.६.३ Social Demand Analysis १४०

**खण्ड ५ : विषयक्षेत्रगत गाउँपालिका विकास योजना** **१४१**

**५.१ भौतिक विकास योजना** **१४१**

५.१.१ सोच, लक्ष्य र उद्देश्यहरू १४१

५.१.२ योजना तथा कार्यक्रमहरू १४२

५.१.३ भौतिक विकास योजनाको Logical Framework Approach (LFA) १५४

५.१.४ Summary of Physical Development Plan Implementation १७१

**५.२ आर्थिक विकास योजना** **१७१**

५.२.१ योजना र कार्यक्रमहरू १७३

५.२.२ आर्थिक विकास योजनाको Logical Framework Approach १७८

५.२.३ Summary of Economic Development Plan Implementation १८७

**५.३ सामाजिक विकास योजना** **१८७**

५.३.१ योजना तथा कार्यक्रमहरू १८९

५.३.२ सामाजिक विकासका लागि (Logical Framework Approach) १९६

५.३.४ Summary of Social Development Plan Implementation २०९

**५.४ वातावरण तथा विपद् व्यवस्थापन योजना** **२०९**

५.४.२ योजना तथा कार्यक्रमहरू २११

५.४.३ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि Logical Framework Approach (LFA) २२०

५.४.४ Summary of Disaster Risk Management Plan Implementation २२९

**५.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन** **२२९**

५.५.२ योजना तथा कार्यक्रमहरू २३१

५.५.३ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनको Logical Framework Approach (LFA) २३३

५.५.४ Summary of Institutional Development Plan Implementation २३६

**भाग ६ : बंगलाचुली गाउँपालिकाले उच्च महत्व र प्राथमिकताका साथ केन्द्र भागमा राखेर गर्नुपर्ने योजना तथा कार्यक्रमहरू** **२३७**

**६.१ खाद्य सम्प्रभूता** **२३७**

**६.२ स्वच्छ पिउने पानी** **२३७**

**६.३ आवास** **२३८**

**६.४ स्वास्थ्य** **२३८**

**६.५ रोजगार** **२३८**

**६.६ शिक्षा** **२३९**

**६.७ सामाजिक सुरक्षा** **२३९**

**६.८ लैङ्गिक समानता, समावेशीकरण तथा मूलप्रवाहीकरण** **२४०**

**६.९ बालबालिका** **२४०**

**६.१० दीर्घकालिनसमृद्धिका कार्यक्रमहरू** **२४०**
६.१०.१ सडक पूर्वाधारको विकास २४०
६.१०.२ सिंचाइ २४१
६.१०.३ उर्जा २४१
६.१०.४ भू-उपयोग २४१
६.१०.५ कृषि तथा पशुपंक्षी पालन २४१
६.१०.६ वनव्यवस्थापन मार्फत् आय आर्जन २४१
६.१०.७ उद्योग २४२
६.१०.८ होमस्टे, धार्मिक तथा पर्यापर्यटन २४२
६.१०.९ ध्यान तथा योगा केन्द्रको निर्माण गर्ने २४२
**अनुसूचीहरू** **२४३**

# तालिका सूचि


तालिका नं. १ : गाउँपालिकाको वडा विभाजन २५
तालिका नं. २ : बंगलाचुली गाउँपालिकाको तापक्रम र वर्षाको विवरण (सन् २०१२ र २०१३) ३१
तालिका नं. ३ : जलाधारहरूको विवरण ३५
तालिका नं. ४ : जनसङ्ख्याको विवरण ४२
तालिका नं. ५ : वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण ४२
तालिका नं. ६ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ४८
तालिका नं. ७ : पहिलो विवाह गर्दाको उमेरको विवरण ४९
तालिका नं. ८ : उमेर समूहअनुसार जनसङ्ख्याको विवरण ५०
तालिका नं. ९ : बंगलाचुली गाँउपालिकाको जातजाति समूह अनुसार जनसङ्ख्याको विवरण ५२
तालिका नं. १० : मातृभाषा अनुसार जनसङ्ख्याको विवरण ५३
तालिका नं. ११ : धर्मअनुसार जनसङ्ख्याको विवरण ५५
तालिका नं. १२ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ५६
तालिका नं. १३ : घरमुलीको लैङ्गिक विवरण ५७
तालिका नं. १४ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५८
तालिका नं. १५ : जमिनमा महिलाको स्वामित्वको विवरण ५९
तालिका नं. १६ : अनुपस्थित घरधुरी र जनसङ्ख्याको विवरण ६०
तालिका नं. १७ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ६१
तालिका नं. १८ : छानाको आधारमा घरको बनोटको विवरण ६२
तालिका नं. १९ : जगको आधारमा घरको बनोटको विवरण ६३
तालिका नं. २० : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ६५
तालिका नं. २१ : गाउँपालिकाको मतदाता सङ्ख्या ६५
तालिका नं. २२ : भू-उपयोग विश्लेषण ६७
तालिका नं. २३ : भु-क्षयको संम्भाव्यता क्षेत्रफल ७०
तालिका नं. २४ : गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण ७०
तालिका नं. २५ : दैवी प्रकोप सम्बन्धी विवरण ७१
तालिका नं. २६ : आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था ७२
तालिका नं. २७ : आश्रित जनसङ्ख्याको विवरण ७२
तालिका नं. २८ : बंगलाचुली गाउँपालिकालाई छुने सडक विवरण ७४
तालिका नं. २९ : गाउँपालिकादेखि सदमुकामसम्को सडक विवरण ७५
तालिका नं. ३० : एफ.एम. रेडियो विवरण ७६
तालिका नं. ३१ : पत्रपत्रिकाको विवरण ७७
तालिका नं. ३२ : बत्ती बाल्न प्रयोग गरिने श्रोत ७७
तालिका नं. ३३ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७८
तालिका नं. ३४ : साक्षरता दर ८०
तालिका नं. ३५ : शैक्षिक जनशक्तिको विवरण ८१
तालिका नं. ३६ : विषयगत शैक्षिक जनशक्तिको विवरण ८२
तालिका नं. ३७ : उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण ८३

तालिका नं. ३८ : गाउँपालिकामा रहेका विद्यालयको विवरण ८४
तालिका नं. ३९ : सुरक्षित मातृत्व सम्बन्धी विवरण ८८
तालिका नं. ४० : गाउँपालिकामा खोपको विवरण ८९
तालिका नं. ४१ : गाउँपालिकाको पोषण कार्यक्रम विवरण ९०
तालिका नं. ४२ : गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण ९१
तालिका नं. ४३ : महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरूको विवरण ९३
तालिका नं. ४४ : गाउँपालिकामा रहेका बाल क्लब सम्बन्धी विवरण ९५
तालिका नं. ४५ : अपाङ्गताको विवरण ९६
तालिका नं. ४६ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ९७
तालिका नं. ४७ : शौचालयको प्रकार ९८
तालिका नं. ४८ : वडागत शौचालय सङ्ख्याको विवरण ९८
तालिका नं. ४९ : वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण १०१
तालिका नं. ५० : बंगलाचुली गाउँपालिकाको अगामी १५ वर्षको जनसङ्ख्याको प्रवृत्ति विश्लेषण १०२
तालिका नं. ५१ : जमिनको भिरालोपन सम्बन्धी विवरण १३३
तालिका नं. ५२ : जमिनको मोहडा सम्बन्धी विवरण १३३
तालिका नं. ५३ : झोलुङ्गे पुल निर्माण गर्न प्रस्तावित स्थानहरू १४४
तालिका नं. ५४ : पक्की पुल निर्माण गर्न प्रस्तावित स्थानहरू १४४
तालिका नं. ५५ : प्रस्तावित बसपार्कहरूको विवरण १४५
तालिका नं. ५६ : प्रस्तावित भू-उपयोग सम्बन्धी विवरण १४८

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाको ऐतिहासिक बिन्दुदेखि २०७२ सालको संविधान सभाद्वारा जारी गरिएको जनता निर्मित संविधानको घोषणासम्म आइपुग्दा नेपालले प्रजातन्त्रको स्थापना पश्चात् समेत ६८ वर्ष लामो राजनैतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको यथार्थ हामी सामु छ । समग्र विकासको दृष्टिकोणबाट हेर्दा बितेका करिब ७० वर्ष राजनैतिक अधिकार प्राप्तीका संघर्षमा मात्र व्यतित भएका छन् । हाम्रो भन्दा पछाडि स्वतन्त्र भई आर्थिक विकासतर्फ लम्केका पूर्वी तथा मध्य एसियाका धेरै मुलुकहरू विकासमा हामी भन्दा कैयौँ गुणा अगाडि लम्किसकेका छन् । सन् साठीको दशकमा नेपालभन्दा कम प्रति व्यक्ति आय भएको जापानसँग भौतिक तथा अन्य विकासका दृष्टिकोणले हाम्रो तुलना नै गर्न मिल्दैन ।

संविधान जारी भैसके पश्चात्को निर्वाचनबाट नयाँ संघीय प्रादेशिक र स्थानीय सरकारहरू गठन भैसकेको कारण नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ । यस ऐतिहासिक कालखण्डमा हाल सम्पूर्ण राष्ट्र नै समग्र विकासको मूलमन्त्र लिएर अगाडि बढेको सन्दर्भमा वर्षौंदेखि व्याप्त गरीबी, रोग व्याध, पछौटेपन, अशिक्षा, असुविधा, अन्याय र भेदभावमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ राजनैतिक परिवर्तन र राज्य व्यवस्थाले आशाको सञ्चार गराएको छ ।

विशेषत: स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको परिच्छेद -३ दफा ११ को उपदफा २ (छ) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस नरैनापुर गाउँपालिकाको समग्र गाउँपालिका विकास गुरुयोजना तयार पार्न लागिएको हो ।

समग्र विकासको ढोका भौतिक तथा आर्थिक विकासले खोल्ने भएकोले विकास गुरुयोजना निर्माण गर्दा भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्नु एकदमै महत्वपूर्ण काम हो । यो गुरुयोजनाले समेत गाउँपालिकाको वस्तुगत भौतिक अवस्थाको यकिन तथ्याङ्क सहितको आधार नक्सा तथा अन्य विषयगत तथ्यहरूको विवरण तयार पारी सो को आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ ।एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन । तसर्थ निश्चित समय सिमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निश्चित उपलब्धिहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन् । तसर्थ गाउँपालिकामा उपलब्ध साधन र स्रोतको सदुपयोग गरी निश्चित समय सिमाभित्र रही, निश्चित उद्देश्य हासिल गर्न यस प्रकारको विकास गुरुयोजनाको आवश्यकता परेको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस गुरुयोजनाको मूल उद्देश्य गाउँपालिकाको बृहत् गुरुयोजना निर्माण गर्नु हुनेछ जस अन्तर्गत:

- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार गर्ने
- सो कार्यका लागि गाउँपालिकाको स्पष्ट आधार नक्सा तयार गर्ने

- भौतिक पूर्वाधार विकास योजना तयार गर्ने
- आर्थिक विकास योजना तयार गर्ने
- वातावरण तथा विपद् व्यवस्थापन योजना तयार गर्ने
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने
- भू-उपयोग योजना तयार गर्ने
- सामाजिक-सांस्कृतिक विकास योजना तयार गर्ने
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने

## १.३ अपेक्षित उपलब्धिहरू (Expected Output)

बृहत् गाउँपालिका विकास गुरुयोजना निर्माणको दौरान निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको थियो ।

### १.३.१ गाउँपालिकाको बृहत् आधार नक्सा तयार पार्ने (Base Map)

गाउँपालिकाको समग्र वस्तुगत स्थितिका बारे स्पष्ट हुन सम्पूर्ण भौगोलिक, सामाजिक, प्राकृतिक स्रोत तथा बस्ती विवरण खुलेको स्रोत नक्सा निर्माण गर्ने । सोही नक्साका आधारमा योजनाविद् तथा सर्वसाधारणले आगामी वर्षहरूमा गाउँपालिका विकासका लागि अत्यावश्यक स्रोत र साधनहरूको वस्तुगत मूल्याङ्कन गरी थप आवश्यकताहरूको पहिचान गर्न सहज हुनेछ । नक्सा तयार पार्दा विषयगत आधारमा फरक-फरक क्षेत्रसँग सम्बन्धित नक्साहरू निर्माण गरिएको छ । नक्सामा उल्लेखित तथ्यहरूलाई साधारणतया सबैले बुझ्न सहज होस् भन्ने हेतुले सो विवरण निर्देशक समिति तथा स्थानीयबासीको सहभागितामा अध्ययन टोलीको स्थलगत अध्ययन पश्चात् सङ्कलन गरेका तथ्यहरूमा आधारित छन् । नक्सामा माथि उल्लेखित विकासात्मक पक्षहरूसँग सम्बन्धित निम्न तथ्यहरू स्पष्ट पारिएको छ ।

स्रोत नक्साले समेट्ने उपलब्ध भएसम्मका अवयवहरू

- भू-सूचना प्रणालीमा आधारित गल्ली तथा सडकहरू छुट्टिने नक्सा
- बस्ती श्रृंखलाको पदचाप देखिने अर्थात् मानव निर्मित भवनहरूको (छाँया) नक्सा
- जनसाङ्ख्यिक वितरण छुट्टिने नक्सा
- वर्तमान भू-उपयोग स्पष्ट हुने नक्सा
- वर्तमान भू-आवरण खुल्ने नक्सा (उपलब्ध भएसम्म, आवास क्षेत्र, व्यावसायिक क्षेत्र , औद्योगिक क्षेत्र, कृषि क्षेत्र, प्राकृतिक स्रोतहरू, गुठीको जमिन, सार्वजनिक क्षेत्र)
- धरातलीय स्वरूप
- जलाधार क्षेत्र
- सडक सञ्जाल (विभिन्न वर्गका सडकहरू, राष्ट्रिय राजमार्गहरू, जिल्ला सडक, ग्रामीण सडक आदि)
- सवारी पार्किङ स्थलहरू, सार्वजनिक यातायात मार्ग, विमानस्थल वा हेलीप्याडहरू
- पिउने पानी (मुख्य आपूर्ति प्रणाली, पानी, प्रशोधन केन्द्रहरू सार्वजनिक पानी ट्याङ्की, वर्षात्को पानी सङ्कलन गर्ने केन्द्रहरू ढल निकास प्रणाली आदि
- विद्युत (उत्पादन तथा प्रशारण लाइन, सार्वजनिक सडक बत्ती, लघु विद्युत आयोजना, सोलार प्यानल (सौर्य उर्जा) आदि
- सार्वजनिक सेवाहरू (स्वास्थ्य, शिक्षा, प्रहरी, उद्धार टोली, शवदाह वा चिहानस्थलहरू, प्रशासनिक सेवा, सूचना तथा सञ्चार सेवा

### १.३.२ गाउँपालिकाको पार्श्वचित्र (Rural Municipal Profile)

नरैनापुर गाउँपालिकाको समग्र वस्तुगत विवरण झल्कने पार्श्वचित्र तयार पारिएको छ। सो पार्श्वचित्रमा आधारभूत सूचनाहरू सहित सम्पूर्ण क्षेत्रहरूलाई समेटिएको छ। जस अन्तर्गत भौतिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक, वित्तीय, प्राकृतिक स्रोतहरू, वन, वातावरण आदिको अवस्था, यी क्षेत्रका समस्याहरू, चुनौती र समाधानका उपायहरू, समावेश गरिएकोछ।

### १.३.३ विश्लेषण (Analysis)

गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको बारेमा आवश्यक सम्पूर्ण सूचनाहरू तयार भएपश्चात् प्राप्त सूचनाको आधारमा विभिन्न पक्षहरूसँग सम्बन्धित चलहरूको प्रवृत्ति विश्लेषण गरिएकोछ। उदाहरणका लागि जनसङ्ख्या वृद्धिदर, बसाईसराई, मागहरू, आपूर्तिको अवस्था सेवाहरूको प्रवाह, रोजगारी, शिक्षा, कृषि, उद्योग, पर्यटन आदिको अवस्था र यी क्षेत्रमा देखिएका परिवर्तनहरू, विभिन्न अवसरहरू, समस्याहरू तथा चुनौतीहरूको विश्लेषण गरिएको छ।

### १.३.४ स्थानिक विश्लेषण (Spatial Analysis) तथा वित्तीय विश्लेषण (Financial Analysis)

गाउँपालिकाको भौगोलिक अवस्थिति तथा उपलब्ध जमिनको आधारमा मानव बस्ती विकसित भैरहेका क्षेत्रहरू तथा सम्भावित मानवीय गतिविधिका क्षेत्रहरूको विश्लेषण गरी वित्तीय विश्लेषण खण्डमा यो गाउँपालिकाको आम्दानी तथा खर्चको प्रवृति र विवरण उल्लेख गरिएकोछ  र वित्तीय स्रोतहरूको विश्लेषण समेत गरिएको छ।

## १.४ अध्ययन विधि र चरणहरू (Methodology)

### १.४.१ कार्यविधि (Methodology)

गुरुयोजना निर्माणको कार्यविधिलाई निम्न चरणहरूमा विभाजन गरिएको छ।

**क. स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरूसंग छलफल (Field Survey and Discussion with Stakeholders)** : योजना क्षेत्रको अवलोकन भ्रमणका दौरान विभिन्न समूहसंग छलफल गर्न प्रश्नावली तयार गरिएको छ। सम्बन्धित निकायका पदाधिकारीहरू, विशेषज्ञ, जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, नागरिक समाज, सरकारी, गैर सरकारी तथा निजी क्षेत्र, महिला समुह, न्यून आय/पिछडिएका वर्ग आदिसँग अन्तर्वार्ता, अन्तरक्रिया एवम् छलफल गरी जानकारी एवम् सुझाव प्राप्त गरिएकोछ। प्रश्नावली समेत प्रयोग गरी आवश्यक प्राथमिक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएकोछ।

**ख. द्वितीय तथ्याङ्क अध्ययनबाट सूचना सङ्कलन (Study and Collection of Secondary Level Data) :**सम्वन्धित क्षेत्रहरूको द्वितीय तथ्याङ्क एवम् सूचनाहरूसंघीय, प्रादेशिक र जिल्ला स्तरका सम्वन्धित निकायहरूबाट प्रकाशित भइसकेका पुस्तक, प्रतिवेदन, लेख, अभिलेख, स्मारिका, तथा टोपो नक्सा, गुगल फोटो समेत अध्ययन गरीसङ्कलन गरिएकोछ। यस अध्ययनसंग सम्बन्धित नीति, रणनीति, नियम, मापदण्ड आदि उपलव्ध भएसम्म संलग्न गरिएको छ। प्राप्त सूचना एवम् तथ्याङ्कहरूलाई परिष्कृत गरी अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ।


**ग. तथ्याङ्क प्रशोधन तथा विश्लेषण (Data Processing and Analysis) :**प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क एवम् सूचना प्रशोधन गरी उपयुक्त ढाँचा (तालिका, चार्ट, डायाग्राम आदि) मा प्रस्तुत गर्ने कार्य यस चरणमा गरिएको छ। प्रशोधित सूचना तथा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष, पुष्ट्याईं र पृष्ठपोषण तयार गरिएकोछ। यसको आधारमा गुरुयोजना क्षेत्रको निर्धारण तथा योजना र कार्यक्रमहरूको पहिचान गरिएकोछ।

### १.४.२ संकलित तथ्याङ्क विश्लेषण्का लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको

गाँउपालिका क्षेत्रको तथ्याङ्क विश्लेषणको लागि साधनको रूपमा यस SWOT विश्लेषण विधि अपनाइएको छ। यस विधिमा उपरोक्त ठाउँको अवसरहरू चुनौतिहरू र उक्त ठाँउका सबल पक्ष र दुर्बल पक्षहरूको विस्तृत जानकारी लिएर उक्त पक्षहरूको अन्तर सम्वन्धको अध्ययन गरी गाँउपालिकाको गुरुयोजना तयार पारिएको छ। उक्त विधि यस प्रकार छ।

- **सबल पक्ष:** उद्देश्य प्राप्तिका लागि त्यहाँ भएका स्रोत साधन र क्षमताको उचित उपयोग, त्यस ठाउँको योजना तथा क्रियाकलापको लागि विद्यमान सकारात्मक र सहयोगी पक्षहरू आदि।
- **दुर्वल पक्ष:** उद्देश्य प्राप्तिको लागि त्यहाँ भएको स्रोत साधनको सीमितता।
- **अवसरहरू:** त्यस ठाउँको आवश्यक विकासको लागि आर्थिक भिन्नता घटाउने तथा छिटो द्रुत गतिमा आर्थिक विकास गर्नका लागि त्यस क्षेत्रमा भएका सम्भाव्य र साथ दिन सक्ने पक्षहरू।
- **चुनौतीहरू:** त्यस स्थानको आवश्यक विकासको बाधकको रूपमा आइपर्ने मुख्य चुनौती, बाधा तथा चुनौतीहरूको अध्ययन गरिएको छ।

#### (क) SWOT विश्लेषणको ढाँचा




#### (ख) योजना तर्जुमा (Plan Preparation)

माथि उल्लेख गरिएको विश्लेषणको सार तथा निचोडको आधारमा योजना क्षेत्रको गुरुयोजना तथा कार्यक्रम तर्जुमा गरी पेश गरिएकोछ।

अध्ययन कार्यमा स्थानीयवासीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त औजारका रूपमा सहभागितात्मक छरितोमूल्याङकन (Participatory Rural Appraisal) विधि अपनाइएकोछ।


#### (ग) सहभागितात्मक छरितो मूल्याङ्कन (Participatory Rural Appraisal)

यस विधिको माध्यमबाट गाँउपालिकाको वडास्तरमा स्थानीयवासी, वुद्धिजिवी, जनप्रतिनिधिहरूलाई सहभागी गराई उनीहरूको विचार र सल्लाहबाट गाँउपालिकाको समस्या र सवालहरूको विषयमा जानकारी लिइइएको छ। छोटो समयमानै निचोडमा पुग्न यस विधिलाई उपयुक्त ठहर गरी विकास गुरुयोजना तयार पारिएकोछ।

## (घ) PRAमा अपनाइएका विधिहरू

१. **द्वितीय तथ्याङ्क सङ्कलन विधिमामा** विकाससँग सम्वन्धित पुस्तक, लेख वा रचना भू- नक्शा गुगल फोटो र सम्बन्धित तथ्याङ्क पुस्तकहरू अध्ययन गरिएकोछ.
२. अन्तरक्रियाबाटप्राप्त सुझाव समेटिएको छ।
३. अन्तरक्रियामा निर्देशक समितिका पदाधिकारीहरूसँग समन्वय तथा अन्तरक्रिया गरिएको छ।
४. उनीहरूको दृष्टिकोणमा आउने सुझाव तथा सल्लाहलाई प्राथमिकताका साथ महत्व दिइएको छ।
५. स्थलगत सर्वेक्षण गरी समस्या र समाधानको उपाय बारे वडा भेला र अध्ययन गरिएको छ।
६. संस्थागत विश्लेषण (Institutional Analysis) अन्तर्गत सेवा प्रवाहको संयन्त्रहरूको अवस्था र प्रभावकारीता बारेमा अध्ययन र विश्लेषण गरिएको छ।

## (ङ) कार्यविधिको कार्य प्रवाह (Methodology Flow Chart)



### १.४.३ योजना तर्जुमा दृष्टिकोण (Planning Approach)

- ✓ यस विकास गुरुयोजनालाई संघीय, प्रादेशिक, जिल्लास्तरीय तथा स्थानीय स्तरका योजनाहरूसंग आबद्ध गरी समग्र विकास योजना प्रणालीको एक महत्वपूर्ण अङ्गको रूपमा हेर्ने प्रयास गरिएको छ ।
- ✓ विगतमा गाउँपालिका भित्र भएका अध्ययनहरूमा समाविष्ट योजना अवधारणाहरू एवम् गाउँपालिकाको आ.व. २०७५/०७६ को विकास योजना, राष्ट्रिय शहरी नीति, राष्ट्रिय शहरी विकास रणनीतिले निर्दीष्ट गरेको योजना अवधारणालाई आत्मसाथ गर्ने प्रयास गरिएको छ ।
- ✓ तर्जुमा गरिने सम्पूर्ण योजनाहरूगाउँपालिकाको दीर्घकालीन सोचसँग समन्वय हुने गरी तर्जुमा गर्ने प्रयास गरिएको छ ।
- ✓ कार्यक्रम/ आयोजनाहरू पहिचान गर्दा दीर्घकालीन सोच, गाउँपालिका वासीहरूको तर्फबाट सुझावका रूपमा आएका समस्या र कार्यक्रमहरूलाई आधारमानी तय गर्ने प्रयास गरिएको छ ।
- ✓ सीमित साधन स्रोतलाई मध्यनजर गरी योजना तर्जुमा प्रक्रियालाई सरलीकृत गरी योजना तर्जुमा गरिएको छ ।
- ✓ योजना तर्जुमा कार्यलाई दिशानिर्देश गर्न गाउँपालिकाका अध्यक्षज्यूको नेतृत्वमा एउटा निर्देशक समिति **(Steering Committee)**निर्माण गरिएको थियो ।

## १.५ क्षेत्रगत लक्ष्य, उद्देश्य र प्रतिफल र कार्यक्रमहरू

विभिन्न क्षेत्रगत क्रियाकलापहरू सामान्यतया तर्कसंगत रूपरेखा विधी (LFA) को प्रयोग गरी तयार गरिएको छ र सम्भव भएसम्म ती क्रियाकलापहरू कार्य सम्पादन सूचकांक र ति सूचकांकहरूलाई पर्याप्त आधारहरूद्वारा पुष्टि गरिएको छ । पर्याप्त तथ्याङ्कहरू उपलब्ध हुन नसकेमा र सूचकांकहरू तयार गर्न सम्भव नभएमा टोली प्रमुखले विज्ञ, सल्लाहकार समिति र प्राविधिक कार्यसमितिको परामर्श र सहमतीमा तर्कसङ्गत रूपरेखा विधिमा आवश्यक परिवर्तन गर्न सक्नेछन् । यो योजनामा भौतिक प्राकृतिक र वातावरणीय व्यवस्थापन, सामाजिक र आर्थिक विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वित्तीय परिचालन र संस्थागत विकास लगायतका क्षेत्रगत क्रियाकलापहरू समावेश गरिएको छ । त्यस्ता योजना र कार्यक्रमहरूले गरिबी निवारण र सामाजिक समावेशीकरण जस्ता राष्ट्रिय चासोहरूलाई समेत विशेष ख्याल गरिएको छ ।

## १.६ दीर्घकालीन भौतिक विकास योजना (PDP)

भौतिक योजनाले कम्तिमा आगामी १५ वर्ष अवधीका लागि ध्यान दिंदै यो गाउँपालिकाले सोचेजस्तो विकासको प्रारूप प्रस्तुत गरिएको छ । साथै यो गाउँपालिकामा रहेको जमिनलाई शहरी बिस्तार क्षेत्र, आवास क्षेत्र, औद्योगिक क्षेत्र,, प्राकृतिक स्रोत क्षेत्र र विपद् जोखिम क्षेत्र जस्ता विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरिएको छ । त्यस्तो भौतिक योजनालाई ती जमिनहरूको प्रयोगको अवस्था वातावरणीय हिसाबले संवेदनशील क्षेत्रहरू र सडक सञ्जाल, यातायात, पिउने पानी र ढल निकास, सञ्चार तथा विद्युतीकरण लगायतका पूर्वाधारहरूको विषयगत प्राप्त तथ्याङ्क र नक्साङ्कनको माध्यमबाट प्रस्तुत गरिएको छ । यसका साथै यो गाउँपालिका क्षेत्रभित्र उपलब्ध खुल्ला भूभागको स्तरीकरण पनि गरिएको छ । यो योजनालाई आर्थिक तथा सामाजिक तथ्याङ्क र गाउँपालिकाका आर्थिक तथा सामाजिक पूर्वाधारहरूको विषयगत नक्साङ्कनद्वाराप्रस्तुत गरिएको छ । उपलब्ध जमिनलाई गाउँपालिकाका शहरी पूर्वाधारहरूको विकास गर्नका लागि प्रयोग गर्न रणनीतिक कदम तथा सुझावहरूसमेत दिइएको छ ।

## १.७ सामाजिक विकास योजना

सामाजिक विकास योजनाले सर्वसाधारणको जीवनमा स्पष्टरूपमा गुणात्मक परिवर्तन ल्याउनका लागि योगदान गर्नुपर्दछ । सामाजिक विकास योजनालाई प्राथमिकता र महत्व दिइएको हालको परिप्रेक्ष्यमा यसमा विशेष ध्यान दिनु अति आवश्यक छ । यो गाउँपालिकाको सामाजिक वस्तुस्थितिको विश्लेषणका आधारमा योजना निर्माण गरिएको छ । सामाजिक विकास योजनाले निम्नलिखित पक्षहरूलाई समेटेको छ ।

- शिक्षा
- स्वास्थ्य
- सुरक्षा (भौतिक तथा सामाजिक) तथा संरक्षण
- मूल प्रवाहीकरण (GESI): महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदाय तथा समूहहरू र दलित, जनजाति, लैङ्गिक अल्पसङ्ख्यक, लोपोन्मुख र अति सीमान्तकृत समुदाय)
- सांस्कृतिक क्रियाकलाप तथा खेलकुद
- पार्क, बगैँचा र खुल्ला भूभागको वर्गीकरण र स्तरीकरण
- पुस्तकालय, साहित्य, मनोरञ्जन अन्तर्गत (कला, नाट्यकला, फिल्म) आदि
- सूचना केन्द्र, वाचनालय, सार्वजनिक स्थल
- गाउँपालिकाको आवश्यकताका आधारमा अन्य पक्षहरू

## १.८ आर्थिक विकास योजना

यो गुरुयोजनाको एउटा महत्वपूर्ण अङ्ग आर्थिक विकास योजना हो जसले यो गाउँपालिकाका आर्थिक क्रियाकलापहरूलाई प्रत्यक्ष योगदान दिई गाउँपालिकाको समग्र विकास प्रक्रियालाई सहयोग पुऱ्याउँछ । आर्थिक विकासले नै गाउँपालिकाको दीर्घकालीन समृद्धिमा प्रमुख भूमिका खेलेको हुन्छ । गाउँपालिकाको एउटा विशिष्ट आर्थिक पहिचान हुनु एकदमै आवश्यक हुन्छ । त्यस्तो परिचय गाउँपालिकाको हाल विद्यमान आर्थिक क्रियाकलापहरूमा आधारित हुन्छ वा नयाँ आर्थिक विशेषताहरू जस्तैः खेल शहर, वा सूचना प्रविधि शहर वा पर्यटन शहर र व्यापारिक शहर आदि परिचयहरू थपेर पनि निर्माण गर्न सकिन्छ । यो बृहत् गुरुयोजनाले यो गाउँपालिकालाई आफ्नो क्षमतामा आधारित आर्थिक परिचय स्थापित गर्न सहयोग गर्नेछ । यस्तो आर्थिक योजनाले निम्नलिखित पक्षहरूलाई समेटेको छ ।

- आर्थिक विकास योजना : (तुलनात्मक लाभका आर्थिक क्षेत्रहरू)
- उद्योग विकास (गाउँपालिका क्षेत्रभित्रका उद्योगहरूको तुलनात्मक लाभका आधारमा) व्यापार प्रवर्द्धन, पर्यटकीय विकास आदि
- कृषि विकास (कृषि तथा वन पैदावारको व्यावसायीकरण-शीत भण्डारण, निर्माण, पशु तथा तरकारी बजार विकास)
- पर्यटन
- बैंक, वित्तीय संस्था तथा सहकारी
- गाउँपालिकाका आवश्यकताका आधारमा अन्य क्रियाकलापहरू ।

## १.९ वातावरण तथा विपद् व्यवस्थापन योजना

स्थानीय पर्यावरणीय प्रणालीको संरक्षण र प्रबर्द्धन गर्नु विकासको अपरिहार्य पक्षहरू मध्ये एक हो । साथै वातावरण सँग जोडिएको अर्को चुनौतीपूर्ण विषय भनेको प्राकृतिक र मानव सिर्जित विपद्हरूको सामना गर्ने संयन्त्र निर्माण तथा कम भन्दा कम धनजनको क्षति हुने वातावरण निर्माण गर्नु हो । विकसित समाजमा विपद् न्यूनीकरण तथा व्यवस्थापनका वैज्ञानिक संयन्त्र निर्माण गरिएको हुन्छ । तसर्थ गाउँपालिकाको निम्न पक्षहरू समेटेर वातावरण तथा विपद् व्यवस्थापन योजना निर्माण गरिएको छ ।

- वन तथा भू-संरक्षण सम्बन्धी योजना र कार्यक्रमहरू
- जलाधार संरक्षण सम्बन्धी योजना र कार्यक्रमहरू
- जलवायू परिवर्तन सम्बन्धी योजना र कार्यक्रमहरू
- फोहरमैला व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरू
- जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यक्रमहरू

## १.१० सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना

लोकतान्त्रिक शासन पद्धतिमा राज्यद्वारा जनताका लागि प्रवाह गरिने सेवा तथा सुविधाको स्तरले कुनैपनि स्थानको विकासको स्तर मापन गर्न सकिन्छ । अर्थात् सेवा प्रवाह सुशासनको प्रत्याभूति गर्न राज्यले निर्माण गरेका संस्था तथा संस्थाहरूलाई चलायमान राख्ने मानव संसाधनको आवश्यकता पर्दछ । साथै यस्ता संस्थाहरूलाई सुदृढ बनाउने योजनाहरू निर्माण गर्न जरुरी भएकाले बृहद गुरुयोजना अन्तर्गत सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास सम्बन्धी योजना निर्माण गरिएको छ । यो योजनाले निम्न विषयहरूलाई समेट्दछ ।

- मानव संसाधन विकास
- संस्थागत क्षमता विकास
- सेवा प्रवाह मापदण्ड निर्धारण
- सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग
- लेखा व्यवस्थापन
- राजश्व परिचालन
- वित्तीय अनुशासन
- आन्तरिक लेखा परीक्षण
- आन्तरिक नियन्त्रण प्रणाली
- अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट

## १.११ कार्यक्षेत्र

यो एकीकृत गाउँपालिका विकास गुरुयोजनाको कार्यक्षेत्र अपेक्षित प्रतिफल र उद्देश्यमा उल्लेख भए बमोजिम निम्नलिखित छन् । यद्यपि यो गुरुयोजना तलका बुँदाहरूमा मात्र सिमित हुने छैन ।

- यो गाउँपालिकाको स्पष्ट दीर्घकालीन सोच निर्माण गरिएको छ । त्यस्तो दीर्घकालीन सोचले यो गाउँपालिका र जनताका इच्छा, चाहनाहरूलाई मुखरित गरी यो योजना कार्यान्वयनका लागि निर्देशक सिद्धान्त र प्राथमिकता प्रदान गरिएको छ ।
- भू-नक्सा र हालको विद्यमान जमिन प्रयोगको आधारमा समग्र गाउँपालिका क्षेत्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन (५, १० र १५ वर्ष) जमिन उपयोग योजना तयार गरिएको छ । यो गुरुयोजनामा जमिन उपयोग योजनाको सैद्धान्तिक विवरण, विश्लेषण, तथ्य र चित्रहरू संलग्न छन् ।
- जमिन सुहाउँदो र अन्य तत्वहरूको आधारमा शहरी विकासका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरिएको छ ।

- विद्यमान सामाजिक पूर्वाधारहरू जस्तैः शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार, सुरक्षा लगायतका अन्य सामुदायिक सुविधाहरूको गहन अध्ययन, खोज र विश्लेषण गरिएकोछ र वर्तमानमा रहेका कमी र भविष्यका आवश्यकता र सम्भावनाहरूलाई सम्बोधन गरिएकोछ। यो पूर्वाधारहरूका लागि आवश्यक पर्ने स्थान र जमिन आधार नक्सामा पहिचान गरिएकोछ।
- अति आवश्यक, संवेदनशील र प्राकृतिक स्रोतहरूको पहिचान तथा मूल्याङ्कन र विश्लेषण गरिएकोछ। पार्क, बगैंचा, हरित क्षेत्र, मनोरञ्जन क्षेत्र आदिको संरक्षण र हेरचाह (रेखदेख) गरी भविष्यमा हुने विकासबाट यी क्षेत्रहरूमा पर्ने नकारात्मक असरलाई कम गर्ने योजना निर्माण भएको छ। यी क्षेत्रहरूको संरक्षण र रेखदेखका लागि आवश्यक पर्ने वित्तीय स्रोतको एकाईगत अनुमान गरिएको छ र उक्त स्रोतको भविष्यको आवश्यकता निर्धारण गरिएकोछ।

## १.१२ योजना तयारीको पद्धति

### १.१२.१ तथ्याङ्क सङ्कलन र विश्लेषण

गुरुयोजनाको तयारी प्राथमिक र द्वितीय तथ्याङ्कमा आधारित गरिएको छ। खासगरी भू-उपयोगको ढाँचासँग सम्बन्धित प्राथमिक तथ्याङ्क, नयाँ खोलिएको सडकहरू, तिनीहरूको गुणस्तर, जमिनको मूल्य र वातावरणीय समस्याहरूलाई GIS/भू-नक्सा मार्फत् गरिएको भौतिक नक्साङ्कन, कार्यक्षेत्र अनुगमन, प्राविधिक अनुसन्धान र अन्तर्वार्ता आदिको प्रयोग गरिएकोछ। यसका लागि शहरी विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय अभ्यास, दस्तावेज, साहित्य र शहरी विकास तथा भवन निर्माण विभाग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रकाशित वा अप्रकाशित नीति, निर्देशन, मूल्य मान्यताका बारेमा जानकारी राखिएको छ। गाउँपालिका तहका समस्याहरू पहिचान र आवश्यकताको निर्धारण गाउँपालिका कार्यालय वा पायक पर्ने स्थानमा स्थानीय बासिन्दाहरूसँगको भेला तथा बैठक आयोजना गरी सहभागितात्मक द्रुत लेखाजोखा मार्फत् गरिएकोछ। गाउँपालिका स्तरका, समस्या र चासोहरूको बारेमा खास खास नागरिक पदाधिकारी ( गाउँपालिका र सरकारी) तथा कर्मचारी र गाउँपालिकाको बैठकद्वारा तय गरिएकोछ। भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय र संस्थागत तथ्याङ्क, गाउँपालिकाको रेकर्ड, अर्काइभ, प्रतिवेदन, पार्श्वचित्र, प्रकाशित प्राज्ञिक र व्यावसायिक प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्क आदिको सङ्कलन गरी ती तथ्याङ्कको विश्लेषण गरिएकोछ। भौगोलिक सूचना प्रणाली र तस्बीरहरूमार्फत् स्थानीय वस्तुस्थितिको विश्लेषण गरिएकोछ।

### १.१२.२ योजना र योजना स्वीकृतिको प्रक्रिया

- गाउँ कार्यपालिका, स्थानीयबासी, स्थानीय राजनीतिक नेता वा प्रतिनिधि र सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाकोपरिषद्ले क्षेत्रगत योजना र अन्तिम बृहत् गुरुयोजना अनुमोदन गर्ने छ।
- गाउँपालिकाको विज्ञ टोलीद्वारा योजनाको समिक्षा गरिनेछ।
- बृहत् गुरुयोजनालाई समीक्षाका लागि निर्देशक समितिमा पेश गरिनेछ। निर्देशक समिति गाउँपालिका तहमा गुरुयोजना स्वीकृत गर्ने, उच्च निकाय होइन, यसले सहजीकरण मात्र गर्नेछ।
- गाउँ कार्यपालिकाको बैठकद्वारा निर्णय भएपश्चात् गाउँ सभाद्वारा यसलाई स्वीकृत गरिनेछ।
- यसरी स्वीकृत बृहद गुरुयोजना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिनेछ र क्रमशः कार्यान्वयन हुँदै जानेछ।

# खण्ड २ : बंगलाचुली गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य

## २.१ गाउँपालिकाको विकास समिक्षा

विकासको परिभाषा सामान्यतया सापेक्षिक हुने जटिल समेत हुने भएकोले एकिनका साथ विकास भनेको यहि हो भनेर स्पष्ट गर्न कठिन छ । यद्यपी समय र स्थान अनुरूपको तत्कालिन परिस्थितिमा यथास्थितिबाट माथि उठेर मानिसको सामाजिक, आर्थिक, राजनैतिक, भौतिक वातावरणीय जस्ता पक्षहरूमा आउने सकारात्मक परिवर्तनहरू र ति परिवर्तनले मानिसको जनजीवन वा जीवनशैलीमा निम्त्याएका सकारात्मक असरहरू जस्तै औसत आयूमा वृद्धि, शिक्षित र अन्धविश्वास मूक्त समाज, उचित र पर्याप्त आम्दानी, सामाजिक सौहार्दत, अमनचैन र समग्रमा भन्दा यी सबै पक्षहरूको अन्तरकृयाबाट प्राप्त हुने मानविय सूख र चैनलाई विकास भन्न सकिन्छ ।

नेपालको विकासको इतिहासमा झण्डै सबैजसो समय राजनैतिक अस्थिरता र उतारचढावमा मात्र व्यतित भएको देखिन्छ । यसरी भन्दा नेपालको अविकासको प्रमुख कारण दिर्घकालिन (Chronic) राजनैतिक संक्रमणले विकास सम्बन्धी नीति तथा कार्यक्रमहरूलाई स्थिर ढंगले लागु गरी प्रतिफल प्राप्त गर्न वाधा श्रृजना गर्दछ । पृथ्वीनारायण शाहको एकिकरण अभियान र खास गरी सुगौली सन्धी पश्चात आधुनिक नेपालको भू-राजनैतिक सिमाना केहि स्थिर भइ यसले सार्वभौम राज्यको स्वरूप ग्रहण गरेको थियो । त्यस पश्चातका शासकहरूले एक वा अर्को प्रकारले विकासको विजारोपण गर्ने प्रयास नगरेको होइन । भिमसेन थापाको प्रधानमन्त्रीत्व लगायत जङ्गबहादुर राणाले लागु गरेको मूलुकी ऐन वि.सं. १९१०, जुद्ध समशेर र चन्द्र समशेरले थालनी गरेको औद्योगिक विकास र सामाजिक सुधारका प्रयासहरू, २००७ सालको राजनैतिक परिवर्तन, पून २०१७ सालको पञ्चायती व्यवस्थाको सूरुवात, २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापना, २०५२ सालदेखि २०६२/६३ सम्मको ससस्त्र द्वन्द र शान्ती सम्झौता पश्चात २०६५ मा राजतन्त्रको अन्त्यसम्म आइपुग्दा केहि प्रयासहरू भएको भएतापनि नेपाल एक भयानक र झट्ट हेर्दा अत्यहिन राजनैतिक संक्रमणमा फसेजस्तो भान हुन्थ्यो । यस अवस्थाले स्थिर प्रकारको विकास भने सदैव नेपालहरूको मृगतृष्णा मात्र बन्न पुग्यो ।

वि.सं. २०७२ साल पश्चात सविधान सभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था सहितको संविधान जारी भएसँगै नेपालमा राजनैतिक संक्रमणको अन्त्य भएको र नेपाल आर्थिक तथा सामाजिक समृद्धिको यूगमा प्रवेश गरेको सङ्कथन (Discourse) नेपाली आर्थिक, राजनैतिक र सामाजिक जनवीवनमा आम चर्चाको मूल विषयको रूपमा स्थापित हुँदैछ । यसै परिप्रेक्षमा समग्र नेपालको विकासको एजेन्डासँग संघीय राज्य अनुरूप नेपाका हरेक स्थानीय सरकारहरूका विकासका एजेन्डाहरू समेत प्रत्यक्ष रूपमा जोडिन्छन् ।

सामान्यतया समग्र देशको विकासको विषयलाई चर्चा गर्दा उच्च आर्थिक वृद्धि, औद्योगिक उत्पादनको आडमा उच्च निर्यात विश्व बजारसँग प्रतिस्पर्धा, व्यापक रूपमा सेवा क्षेत्रहरूको विकास, विशाल भौतिक पूर्वाधारहरूको निर्माण र विकास जस्ता मूलभूत विकासका आयामहरू कल्पनामै सिमित भएतापनि अति कम विकासित वा विपन्न मूलूकहरूसँग तुलना गर्दा नेपालमा विकास हुँदै नभएको भने होइन । नेपाल सरकार, राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको “दिगो विकास लक्षयहरू: वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०” विषयक प्रतिवेदनमा उल्लेख भए अनुसार बितेका पछिल्ला दुइ दशकमा नेपालले

निरपेक्ष गरीबीको रेखामूनि रहेका जनसङ्ख्याको अनुपात आधाभन्दा बढीले घटाएको छ - सन् १९९२ को ४९ प्रतिशतबाट २०१५ मा २३ प्रतिशतमा झारेको छ । प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना ९६ प्रतिशत भन्दा बढी भएको छ साथै यसमा छात्राको संलग्नतामा उच्च वृद्धि भइ लैङ्गिक समता कायम भएको छ । अपेक्षित औसत आयू ७० वर्ष नाघेको छ । त्यसैगरी सन् २००६ देखि २०१४ को बीचमा बहु आयामिक गरीबी सूचकाँङ्क आधा घटेको उल्लेख छ । प्रतिवेदनका अनुसार नागरिकहरूको संलग्नतामा सार्वजनिक क्षेत्रमा उललेख्य प्रगति गर्ने मूलुकहरूमा नेपालको स्थान अग्रपंङ्तिमा नै आउँछ । यसको उदाहरणअहरूमा राम्ररी व्यवस्थापन गरिएका सामूदायिक वनहरू र सामुदायिक रेडियोहरूको सञ्चालन हुन् । त्यसै गरी प्रतिवेदनमा नेपालले सन् २००० र २०१५ को बीचमा हासिल गर्ने भनी तय भएका लक्ष्यहरू मध्ये सबैजसो हासिल गरेको उल्लेख छ ।

यी केहि सिमीत उपलब्धिहरू हासिल भएतापनि विज्ञान र सूचना प्रविधिको उच्च विकास भएको आजको यूगमा अपार प्राकृतिक सम्पदाहरू सम्पन्न यो मूलूक राजनैतिक संक्रमणको दुस्चक्रमा अल्झिँदा अत्यन्त पछाडि परेर थालिएको भने सत्य हो । नेपाल विश्वकै सबैभन्दा उच्च जनसङ्ख्या भएका र आर्थिक रूपले पछिल्लो समयमा सबैभन्दा बढी गतिशिल मूलुकहरू चीन र भारतको बीचमा रहेको छ । नेपालमा यूवा उमेर समूहको जनसङ्ख्याको ठूलो लाभांस भएतापनि त्यो विदेशी भूमिमा श्रम बेचीरहेको छ । पर्यटन र जलश्रोतको व्यापक विकास मार्फत विश्वमा नमूना स्थापित गर्न सक्ने यो मूलुकमा यी दुवै क्षेत्र सदैव कुमारी अवस्थामा नै रहनु परेको छ । यी बाहेक जनजिवीकाका सवालहरू सम्बोधन गर्न राज्य पछि परेको छ । संविधानले मौलिकहरूको रूपमा स्थापित गरेका आधारभूत अधिकारहरूको सूनिश्चितता गर्न राज्यले दृढ संकल्पका साथ अहोरात्र खट्नु पर्ने अवस्था छ ।

यसरी यो समग्र राष्ट्रको चित्र बंगलाचुली गाउँपालिकामा समेत देख्न सकिन्छ । विशाल दाङ उपत्यकाको पूर्वी खण्डको रूपमा यो गाउँपालिका महाभारत पर्वत श्रृंखलाको अंशको रूपमा रहेको छ । समय र भू-भाग नभएतापनि पहाडी थूम्का थुम्कीहरूमा स-साना आधारका पठारहरू र धेरै जसो भिर, खोच र पहराहरूले बनेको छ । विषम भौगोलिक स्वरूपका कारण भौतिक पूर्वाधार निर्माण खर्चिलो र कठिन छ । असंगठित रूपमा छरिएर रहेका परम्परागत वस्तीहरूमा राज्यद्वारा प्रवाह हुने सेवा पुऱ्याउन ठूलो चुनौती रहेको छ भने यी वस्तीहरू भूकम्पिय जोखिमका हिसाबले पनि अति संवेदनशील अवस्थामा रहेका छन् । समग्र विकासको हिसाबले हेर्दा यस अघिको पृष्ठभूमिमा उल्लेख भए जस्तै लामो संक्रमणकाल र अस्थिरताको कारण यस गाउँपालिकाको विकास निर्माण स्वाभाविक रूपमा हुन सकेको छैन । भौतिक पूर्वाधार अन्तर्गत राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने केहि रणनैतिक सडकहरू जस्तै निर्माणाधिन वि.पि. मार्ग घोराही उपमहानगरपालिकाको मूलाबारीबाट बंगलाचुलीको ६ र ८ सम्म जोड्ने सडक स्तारेन्नती हुँदैछ भने अर्को निर्माणाधिन मदन भण्डारी मार्गले घोराही उपमहानगरपालिकालाई बंगलाचुलीको वडा नं. ३, ४, ५ र ६ सँग जोड्दै प्यूठानको भालुवाङ-लिवाङ सडक खण्डलाई छुन्छ । यी सडकहरूको पूर्ण रूपमा स्तरोन्नती हुँदा यस गाउँपालिकाको सिधा र सहज सम्पर्क निकटवर्ती ठूला शहरहरूसँग हुनजाँदा अन्य विकास द्रुत हुन जान्छ । यस बाहेक स-साना सिँचाइका उपयोजनाहरू सञ्चालनमा रहेका वडा नं. ७ र ८ मा विद्युतिकरण हुन नसकेको, सम्पूर्ण घरधुरीमा शुद्ध पिउनेपानीको आपूर्ति गर्न थप आयोजना सञ्चालन गर्नुपर्ने, स्वास्थ्य सेवा उपलब्धताको ठोस योजना कार्यान्वयन गर्नुपर्ने, स्थानीय सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याउन कर्मचारी व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने, सामाजिक सूरक्षाको पूर्ण प्रत्याभूति गर्नुपर्ने कृषि, पर्यटन र उद्योग क्षेत्रमा व्यापक लगानी तथा बजार प्रवर्द्धन गर्नुपर्ने अवस्था रहेको छ ।

यसरी गाउँपालिकाको समग्र पक्षहरूको विश्लेषण SWOT विश्लेषणमा उल्लेख भएकोले यस खण्डमा सारभूतरूपमा उल्लेख गर्दा नेपालको संविधानले आधारभूत रूपमा व्यवस्था गरेको मौलिक हकहरू सम्पूर्ण गाउँपालिका वासीहरूलाई प्रत्याभूत गर्न र दिगो विकास लक्ष्यहरूले तयगरेका लक्ष्यहरूको स्थानीकिकरण गरी गाउँपालिकाको हकमा हासिल गर्न र नेपालीहरूको समृद्धिका आयामहरूलाई समेटेर झण्डै शुन्यको विन्दुबाट अगाडि बढ्नु पर्ने चुनौती रहेको छ ।

## २.२ गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्य

बृहत गाउँपालिका विकास गुरुयोजनाले गाउँपालिकालाई अबको १५ वर्षपछि समग्र विकासको दृष्टिले कस्तो अवस्थामा पुऱ्याउने भन्ने दुरदृष्टि सहितको खाका निर्माण गर्ने भएकाले यस खण्डमा गाउँपालिकाको सोच (Vision), लक्ष्य (Mission) र उद्देश्य (Goals) लाई स्पष्ट पारिएको छ । साथै गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोतहरू तथा त्यसको पूर्णत सदुपयोग गर्ने मानव संसाधन नै भएकाले गाउँपालिकाको विकास लक्ष्य हासिल गर्ने निर्धारक तत्वहरूको वस्तुगत अवस्थालाई मध्यनगर गर्दै सोच, लक्ष्य र उद्देश्यहरू तय गरिएको छ ।

देशका अन्य गाउँपालिका तथा ग्रामीण परिवेशका नगरपालिकाहरू जस्तै भौतिक पूर्वाधार विकासका दृष्टिकोणले पछाडि रहेको यस गाउँपालिकाले गुरुयोजना निर्माण गर्दा भौतिक पूर्वाधार विकासको कार्यक्रमहरूलाई मुख्य प्राथमिकता दिएको छ । आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका अमूल्य प्राकृतिक श्रोत तथा साधनको अधिकतम उपयोग गरी गाउँपालिकावासी, कर्मचारीहरू, विभिन्न सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सम्पूर्ण विकास साझेदारहरू प्रदेश र सघीय सरकारको सहयोग र सहकार्यमा यस गाउँपालिकालाई विकास, सुख र समृद्धिका हिसाबले समुन्नत गाउँपालिकाको रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ । यसर्थ गाउँपालिकाको दीर्घकालीन सोच **"उच्च प्रतिफलमुखी वन, कृषि र पर्यटन बंगलाचुलीको दिगो प्रबर्द्धन"** भन्ने रहेको छ ।

## २.३ गाउँपालिकाको दीर्घकालीन सोचका प्रमुख आधारहरू

### (क) वैधानिक आधारहरू

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(छ) बमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार संघीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग संगत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकाले सो वैधानिक व्यवस्था बमोजिम यो गुरुयोजना निर्माण गरिएको छ । साथै संविधानको मर्म अनुरूप संघीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधान अनूरूप गुरुयोजनालाई अन्तिमरूप दिइएको छ ।

### (ख) नीतिगत आधारहरू

नेपाल सरकारले विभिन्न समय र चरणमा तयार पारेका राष्ट्रिय विकास नीतिहरू तथा समग्र क्षेत्रगत नीतिहरूको मर्म तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धता तथा पक्ष राष्ट्र भई हस्ताक्षर गरेका वडापत्र महासन्धी, सन्धी तथा सम्झौताहरूको समेत मर्मलाई कायम राखी संघीय र प्रादेशिक नीति तथा कार्यक्रमहरूसँग मेल खानेगरी यो गुरुयोजना निर्माण गरिएको छ । उदाहरणका लागि संयुक्त राष्ट्रसंघमा

आबद्ध १९३ राष्ट्र सम्मिलित १७ वटा दिगो विकास लक्ष्यहरू (२०१५-२०३०) Sustainable Development Goals, अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) लगायत विभिन्न समयमा नेपाल सरकारबाट गरिएको निर्देशनहरूलाई समेत हृदयङ्गम गरी यो गुरुयोजना निर्माण गरिएको छ ।

### (ग) गाउँपालिकाको वस्तुगत अवस्था तथा उपलब्ध श्रोतहरू

दक्षिण एसिया क्षेत्रमै सबैभन्दा ठुलो मानिएको दाङ उपत्यकाको सबैभन्दा पूर्वी भाग जहाँ महाभारत पर्वत श्रृङ्खलाको अधिकांश भू-भाग र दक्षिणतर्फ चुरे भू-भागको केही अंश अर्थात महाभारत र चुरेको संगमस्थल समेत रहेको यो गाउँपालिकामा अधिकांश क्षेत्रफल पहाडी थूम्का, भीर, पहरा, खोंच, खोलाहरूले निर्माण गरेको बेशी क्षेत्रहरूले बनेको छ । यसरी हेर्दा नेपालको मध्य पहाडी श्रृङखलाको एक अंशकोरूपमा यो गाउँपालिकाको भौगोलिक अवस्था विषम प्रकृतिको छ । विकास निर्माणको क्रियाकलापहरू सञ्चालन गर्न यस प्रकारको भू-बनोट जटिल हुने भएपनि यहि जटिलता बीच उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग गरी जंगल, जडिबुटी, फलफूल उत्पादन, पशुपालन, पर्यटन विकास, खानीको उत्खनन् जस्ता क्रियाकलापहरूलाई सघन र दिगोरूपमा सञ्चालन गरी आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

कुल २४५.१४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको झण्डै ८० प्रतिशत भू-भाग अर्थात ७८.९६ प्रतिशत भू-भाग वनजंगलले ओगटेको छ । यसको अर्थ यो गाउँपालिकाको एक मात्र प्रमुख सम्पदा नै यहाँको वनजंगल हो । गाउँपालिकाको आर्थिक समृद्धिको आधार नै यो वनजंगललाई बनाउनुपर्छ । विशेषत यो वनजंगलको दिगो र वैज्ञानिक व्यवस्थापन मार्फत उच्च प्रतिफमुखी कार्यक्रमहरू जस्तै : Agro Forestry अन्तर्गत फलफूल तथा जडिबुटी खेति, पर्यापर्यटन, हरित क्षेत्र विकास, पशुपालन जस्ता कार्यक्रमहरूलाई व्यावसायिकरूपमा सञ्चालन गर्नु श्रेयस्कर देखिन्छ ।

यसको अलावा खेतियोग्य जमिन भने १७.२४ प्रतिशत मात्र रहेकाले यसको पूर्ण सदुपयोग गरी व्यावसायिक र वैज्ञानिक खेतिपाती प्रणाली अबलम्बन गरी कृषि क्षेत्रको व्यापक विकास गर्नु उत्तम देखिन्छ । समथर क्षेत्र झण्डै नभएको र अधिकांश भू-भाग १४ डिग्री भन्दा भिरालो रहेकाले विस्तारित क्षेत्रमा गरिने कृषि कर्म असम्भव रहेको अर्कोतर्फ जग्गा जमिनको समेत खण्डीकरण भएकाले कृषि घरधुरीहरूलार्य सक्रिय बनाई स्थानीय सरकारले बाँझो जमिन राख्न पूर्णरूपमा रोक लगाई खेतिपातीमा अनुदान र प्रोत्साहन गर्न जरुरी छ । जल क्षेत्रले ओगटेको भाग १.०८ प्रतिशत रहेकाले उपलब्ध श्रोतको दिगो व्यवस्थापन र संरक्षण गर्नु जरुरी छ । यो गाउँपालिकामा चुनढुङ्गा र कोइलाको भण्डार रहेकाले त्यसको उत्खननबाट समेत आर्थिक लाभ लिन सकिन्छ । उचाईको भिन्नता हेर्दा समुद्र सतहबाट ३६० मी. देखि १८०० मी. सम्मको भिन्नता रहेको पाईन्छ । यसरी गाउँपालिकाको समग्र भू-गोल उच्च हिमाली क्रिष्टलाईन निर्माणको चरणमा निर्माणभएकाले यी पहाडहरू महालङ्गुर हिमश्रृङखला निर्माण अर्थात Young Mountains वर्गमा पर्दछन् ।

यसका साथै राष्ट्रिय र अन्तराष्ट्रियरूपमै ख्याति कमाएको प्रसिद्ध स्वर्गद्वारी धामको प्रमुख प्रवेशद्वारमा रहेको यो गाउँपालिकाले धार्मिक पर्यटनमार्फत समेत लाभ लिन सकिन्छ । विश्वकै सबैभन्दा ठुलो हिन्दु जनसङ्ख्या भएको भारतबाट स्वर्गद्वारी आउने पर्यटकको सङ्ख्या उल्लेख्य भएकाले पर्यटन पूर्वाधारको विकासमार्फत राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकको बसाई लम्ब्याउने क्रियाकलाप सञ्चालन गर्न सके गाउँपालिकाको आर्थिक समृद्धिमा यो सहायक सिद्ध हुन सक्छ । यसर्थ यो गाउँपालिकाका विकासका आधारशिलाहरू वन, कृषि, खानी र पर्यटन हुन् । यि वस्तुतगत आधारमा योजना निर्माण गरिएको छ । क

### (घ) स्थानीय राजनैतिक दलहरूका घोषणापत्रहरू

गाउँपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिकाबासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी घोषणापत्रहरूका मर्मलाई यस गुरुयोजनामा एक वा अर्को तरिकाले सम्बोधन गरिएको छ ।

### (ङ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरू

गाउँपालिका विकास गुरुयोजना निर्माणको प्रमुख आधारहरू मध्ये गाउँपालिकाले वार्षिकरूपमा अवलम्बन गरेका विकासका नीतिहरू तथा कार्यान्वयन गरेका विकास कार्यक्रमहरूको विश्लेषण र ती कार्यक्रमहरूले प्राप्त गरेका सफलताको आधारमा भविष्यका कार्यक्रमहरूको लक्ष्य निर्धारण गर्न सकिन्छ । निर्वाचित जनप्रतिनिधिहरूले जिम्मेवारी सम्हालेको लामो समय नभएकाले विकास प्रवृति विश्लेषण गर्ने बलियो आधार तयार नभई सकेता पनि प्रारम्भिक कार्यक्रमहरूबाट भविष्यको बाटो तय गर्न वा आवश्यक संशोधन गर्न सकिन्छ ।

## २.४ गाउँपालिकाले आ.व. २०७४/०७५ मा तय गरेका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण

आर्थिक वर्ष २०७४/०७५ को विकास कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाहको अवस्थालाई विश्लेषण गर्दा गाउँपालिकाले दिगो विकास र समृद्धिको मार्ग प्रशस्त गर्न पूर्वाधार विकासमा भौतिक पूर्वाधार र लोककल्याणकारी राज्यको अवधारणा अनुरूप सामाजिक सुरक्षा र सेवा प्रवाहलाई उच्च प्राथमिकता दिएको छ ।

विद्यमान सवैधानिक व्यवस्था, ऐन कानून र नीति नियमको परिधिमा रही समग्र विकासका दृष्टिकोणले नेपालको कर्णाली क्षेत्र भनेजस्तै दाङको कर्णाली जस्तो अवस्थामा रहेको यस बंगलाचुली गाउँपालिकाको विकासात्मक स्थिति अत्यन्त कमजोर रहेको विषय २०७४/७५को नीति तथा कार्यक्रमको पृष्ठभूमिमै उल्लेख भएकोले सोहि अवस्थाबाट विकासको प्रस्थान विन्दु तय गर्नु पर्ने स्थिति स्वयं चुनौतीपूर्ण रहेको महशुस गरिएको छ । क्षेत्रगत हिसाबले तय गरिएका गाउँपालिकाका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण यस प्रकार छ ।

### २.४.१ आर्थिक क्षेत्र

#### क) कृषि

- गाउँपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन कृषिको आधुनिकिकरण गरी बाँझो जग्गा राख्न नदीने ।
- वैदेशिक रोजगारीमा जाने यूवाहरूलाई सीपमूलक तालिम प्रदान गरी स्वदेशमै आर्कषण गर्ने ।
- एक गाउँ एक उत्पादन कार्यक्रमलाई साकार बनाउन कृषि प्राविधिक घुम्ती शिविर सञ्चालन गर्ने ।
- प्राङ्गारिक खेती क्षेत्र घोषणा गरी प्राङ्गारीक उत्पादनलाई प्रोत्साहन गर्ने
- पशुपंक्षी उत्पादन विशेष पकेट क्षेत्र घोषणा गर्ने
- वैकल्पिक सिँचाइ प्रणाली अवलम्वन गरी साना सिँचाइ कार्यक्रम सञ्चालन गर्ने
- उत्पादनका आधारमा कृषि पकेट क्षेज्ञ निर्धारण गर्ने
- कृषक तालिम तथा अध्ययन भ्रमण सञ्चालन गर्ने
- गाउँपालिका केन्द्र कमिरचौरमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने

- स्थानीय स्तरमा रोजगारी सञ्चालन गर्न स्थानीय श्रोतमा आधारित साना उद्योगहरू सञ्चालन गर्ने
- कृषि बीमा लागु गर्ने
- कृषि ऋणलाई सर्वसूलभ बनाउने
- 'एक व्यक्ति उक व्यवसाय' नीति अवलम्वन गर्ने

### ख) पर्यटन

- समग्र गाउँपालिकाको पर्यटन विकास गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने
- परम्परागत रितिरिवाज, मेला, चाडपर्व तथा रहनसहनको संरक्षण गर्ने
- आवश्यक पर्यटन पूर्वाधारको विकास, परिकारका सूचीहरूको निर्माण, होम स्टेको तालिमहरू सञ्चालन गर्ने ।
- कृषि पर्यटनको विकास गर्न अर्गानिक भिलेजको रूपमा गाउँपालिकालाई विकास गर्ने
- कम्तीमा एक वडा उक पर्यटकिय जन्तव्यको रूपमा विकास गर्ने
- घोराही उपमहानगरपालिकासँग मिलेर संयूक्त रूपमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने ।
- बंगलाचुलीको वन क्षेत्रलाई जंगल सफारी स्थलको रूपमा विकास गर्ने ।
- धार्मिक सम्पदा स्थल तथा मठमन्दिरको संरक्षण गर्ने ।
- प्राकृतिक सम्पदाको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- घोराही-स्यूजा-स्वर्गद्वारी पदमार्गको विकास गर्न पूर्वाधार निर्माण गर्ने ।
- गाउँपालिकाका पहाडी थुम्का तथा जंगल सम्पदाहरूलाई साहसिक पर्यटनको गन्तव्यस्थल बनाउने ।
- विद्युत र दुरसंचार सेवालाई प्रत्येक वडामा प्रभावकारी बनाउने ।
- गाउँपालिका केन्द्र कमिरेचौर देखि स्वर्गद्वारीसम्म केबलकारको सम्भाव्यता अध्ययन गर्ने ।

### ग) वन तथा खनिज

- वन संरक्षण तथा उपयोग सम्बन्धी निर्देशिका तयार गर्न सामुदायिक वनसँग सहकार्य गर्ने ।
- कृषि, वन र वातावरण बीचमा रहेको अन्तरसम्बन्धलाई उजागर गर्न सामुदायिक स्तरमा संचेतना फैलाउने
- वन जन्य उद्योग, जडिबुटी खेती, भू-संरक्षण तथा जलाधार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने
- खनिज उत्खनन् तथा वन पैदावर उपभोगलाई दिगो र व्यवस्थित बनाउन नीति निमार्ण गर्ने

### घ) सहकारी

- "विकासको तयारी हरेक क्षेत्रमा सहकारी" नारालाई अभियानको रूपमा विकास गर्ने ।
- आर्थिक विकासलाई सहकारीका माध्यामबाट अगाडि बढाउने ।
- कृषि र महिला सहकारीलाई प्राथमिकता दिने ।
- सरकार, सहकारी र नीजि क्षेत्रको सहकार्य गर्ने ।

## २.४.२ सामाजिक क्षेत्र

### क) शिक्षा

- गुणस्तरिय शिक्षाका लागि गाउँ शिक्षा योजना निर्माण गरी लागु गर्ने ।
- श्रीवारी मा.वि. कमिरेचौरलाई उच्च शिक्षा तथा कलेज तहसम्म विस्तार गर्ने र आश्यकता हेरी थप विद्यालयको समेत अध्ययन गर्ने
- सम्पूर्ण विद्यालयहरूलाई भौतिक पूर्वाधार सम्पन्न बनाउँदै लैजाने

- सुधा मा.वि.लाई प्राविधिक शिक्षालयको रूपमा विकास गर्ने
- गाउँपालिकाबाट विभिन्न क्षेत्रमा प्राविधिक तालिम प्रदान गर्ने
- सम्पूर्ण विद्यालयहरूलाई सूचना प्रविधि मैत्री बनाउने (इ-लाइब्रेरी स्मार्ट क्लास आदि)
- अनूगमन र मूल्याङ्कनलाई नियमित गर्ने
- शिक्षक तालिम नियमित गर्ने
- आवश्यक सङ्ख्यामा बाल विकास केन्द्रको स्थापना गर्ने
- भर्ना तथा साक्षरतालाई सत्प्रतिशत पुऱ्याउने
- उत्कृष्ट विद्यालय तथा शिक्षकलाई वार्षिक रूपमा पुरस्कृत गर्ने

## ख) यूवा तथा खेलकुद विकास

- यूवा केन्द्रित स्वरोजगारको विकास गरी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने
- नियमित खेलकुद प्रतियोगिता आयोजना गर्न प्रत्येक वडामा खेलमैदान निर्माण गर्ने

## ग) आधारभूत स्वास्थ्य तथा सरसफाइ

- गाउँपालिका केन्द्र कमिरेचौरमा जिल्ला स्तरको अस्पताल निमार्ण गर्न केन्द्र सरकारसँग पहल गर्ने ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गर्ने ।
- गैर-सरकारी संस्था र नागरिक समुदायसँगको सहकार्यमा नियमित व्यापक सरसफाइ कार्यक्रमहरू तथा निरोधात्मक स्वास्थ्य जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- सबै वडा विशेषगरी दुर्गम वडाहरूमा नियमित घुम्ती शिविरहरू सञ्चालन गर्ने ।
- धुवाँ रहित चुलोको व्यवस्थापनलाई प्रोत्साहन गर्ने ।
- नीजि औषधालयहरूलाई निश्चित मापदण्डका आधारमा व्यवस्थित गर्ने ।

## घ) लैङ्गिक समानता तथा सामाजिक सूरक्षा

- समाजमा विद्यमान सबै प्रकारका कुरिती, विसंगति र विभेद मूक्त समाजको निर्माण गर्ने ।
- बालमैत्री स्थानीय शासन सुनिश्चित गर्ने ।
- आगामी ५ वर्ष भित्र यस गाउँपालिकालाई बालमैत्री बनाउने ।
- बालविवाहलाई प्रभावकारी ढंगले अन्य कार्यक्रमसँग आवद्ध गरी न्यूनिकरण गर्ने ।
- भौतिक संरचना निमार्ण गर्दा बालमैत्री ढंगले निर्माण गर्ने र आवश्यक सङ्ख्यामा बाल उद्यानको निर्माण गर्ने ।
- सामाजिक सूरक्षा भत्ता वितरणलाई जनताको घरदैलोमै पुऱ्याउने ।

## ङ) समावेशी विकास र सामाजिक सूरक्षा

- सिमान्तकृत वर्गलाई राज्यको मूल प्रवाहमा ल्याउन कार्यक्रम सञ्चालन गर्ने र लक्षितवर्गलाई लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने ।
- हरेक वर्ष गाउँपालिकाका सामुदायिक विद्यालयमा अभ्ययन गर्ने उत्कृष्ट दलित तथा जनजातीका विद्यार्थीहरूलाई पुरस्कार तथा छात्रवृत्ति प्रदान गर्न कोषको व्यवस्था गर्ने ।
- गाउँपालिका स्थित लैङ्गिक हिंसा पुर्नस्थापना केन्द्रको प्रवर्द्धन गर्ने ।
- अपाङ्गता भउका व्यक्ति तथा जेष्ठ नागरिकहरूलाई उचित सहयोग र सम्मान गर्ने ।

### २.४.३ भौतिक पूर्वाधार

- "सडक यातायात, कृषि, वन र पर्यटन पूर्वाधार - बंगलाचुली समृद्धिको मूख्य आधार" भन्ने सोचलाई साकार बनाउने ।
- वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्र र वस्तीहरू जोड्ने प्रमुख सडकहरूलाई प्राथमिकताका साथ स्तरोन्नती गर्ने ।
- घोराही-प्यूठान सडक खण्ड समयमै सम्पन्न गर्न आवश्यक समन्वय गर्ने ।
- सडक यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- आवश्यकता अनुसार सबै वडाका प्रत्येक वस्तीसम्म आगामी ५ वर्षमा सडक सञ्जाल पुऱ्याउने
- दलित तथा जनजाती वस्तीमा पाइलट परियोजनाको रूपमा वस्ती विकास कार्यक्रम सञ्चालन गर्ने
- लिफ्ट पिउने पानी परियोजना सम्पन्न गर्ने र मूहान संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जलश्रोतको बहुउद्देश्यीय उपयोग तथा संरक्षण गर्ने ।
- जनचासो र आवश्यकता सम्बोधन गर्न जनसहभागितामा कार्यक्रम प्राथमिककिकरण गर्ने
- सामाजिक अध्ययन र प्राविधिक सम्भाव्यतालाई समेत आयोजना प्राथमिककिकरण आधार बनाउने
- अरङखोला र अर्जुन खोलामा साना जलविद्युत आयोजना सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने
- सामुदायिक बंगलाचुली एफ.एम. सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।
- आवश्यक स्थानमा पुल झोलुङ्गे पुल पुलेसाहरूको निर्माण गर्ने ।

### २.४.४ वन वातावरण तथा विपद् व्यवस्थापन

- दिगो विकास र जनसहभागिता व्यापक हुने खालका आयोजनालाई प्राथमिकता दिने
- भूकम्प प्रतिरोधी घरहरू निर्माण सूनिश्चित गर्न भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन सहिंता लागु गर्ने र प्राविधिक तालिमको प्रबन्ध गर्ने
- कृत्रिम जलाशय तथा पोखरी निर्माण गरी वर्षातको पानी सङ्कलन गर्ने र पिउन र सिँचाइमा प्रयोग गर्ने
- पानीका श्रोतहरू संरक्षण गर्न "एक वडा एक पोखरी"लाई अभियानको रूपमा सञ्चालन गर्ने
- विपद व्यवस्थापन कोष तथा निर्देशिका बनाइ लागु गर्ने
- वनको दिगो व्यवस्थापन गर्ने , वनजन्य उद्योगको प्रवर्द्धन गर्ने, जडिबुटी खेती प्रोत्साहन गर्ने
- सार्वजनिक जग्गाको अतिक्रमण निरुत्साहित गरी, सार्वजनिक जग्गा संरक्षण निर्देशिका तयार गरी लागु गर्ने र सार्वजनिक जग्गाको संरक्षण गर्ने ।
- वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी लागु गर्ने ।
- छरिएर रहेका र जोखिमयूक्त स्थानहरूमा रहेका वस्तीहरूलाई स्थानान्तर गर्न एकिकृत वस्ती विकास कार्यक्रम अवलम्बन तथा लागु गर्ने

### २.४.५ संस्थागत विकास र सेवा प्रवाह

- बंगलाचुली गाउँ योजना आयोग र विभिन्न विषयगत समितिहरू गठन गरी गाउँपालिकामा रहेका विज्ञहरूको सर-सल्लाह बमोजिम विकास निर्माणका योजना तर्जुमा गर्ने
- बंगलाचुलीको आवधिक गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने
- सुशासन-सुनिश्चित गर्न नागरिक वडापत्र, उजुरी पेटिका, खर्चको सार्वजनिकिकरण सार्वजनिक सुनुवाई सार्वजनकि परीक्षण र कर्मचारीको क्षमता विकासमा जोड दिने ।
- वडा कार्यालय भवन नभएका वडाहरूमा बहुद्देशीय वडा कार्यालय भवन निर्माण गर्ने ।

- गाउँपालिकाका विषयगत कार्यालयहरूले दिने सेवालाई प्रभावकारी र मुस्कान सहितको सेवा दिने प्रबन्ध गर्ने
- भ्रष्ट्राचारमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिने छ।
- गाउँपालिका पदाधिकारी र कर्मचारीको आचार संहिता तयार गरी लागु गर्ने।
- कर्मचारीलाई कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने।
- व्यक्तिगत घटना दर्तालाई अनलाइन बनाई स्थानीय तथ्याङ्क सम्बन्धी कानून नीति र मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने।
- न्यायिक समितीलाई प्रभावकारी बनाउने।
- घरदैलोमा सिंहदरबार पुऱ्याउने कार्यक्रम अन्तर्गत नियमित सरकारी घुम्ती सेवा सञ्चालन गर्ने
- अति विपन्न परिवारमा रासन कार्ड उपलब्ध गराई दैनिक उपभोग्य वस्तुमा सहुलियत प्रदान गर्ने
- घोराही -मुर्कुटी यातायात सञ्चालन गर्न यातायात व्यवसायीहरूसँग समन्वय गर्ने
- घोराही - कमिरेचौर सडकको यथाशिघ्र स्तरोन्नती गर्ने।

### २.४.६ राजश्व परिचालन र वित्तीय अनुशासन

- राजश्व सम्भाव्यता अध्ययन गरी आन्तरीक श्रोत परिचालन अभियान सञ्चालन गर्ने।
- प्राकृतिक श्रोतहरूको दिगो र समूचित प्रयोग गर्ने।
- कर प्रणालीलाई चुस्त र प्रभावकारी बनाउने।
- विकास निर्माण र प्रशासनिक सेवा प्रवाहमा दण्ड र पुरस्कार प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक वित्त जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने।

गाउँपालिकाको वृहद गुरुयोजना निर्माणको आधारवर्ष अर्थात् प्रस्थान बिन्दु आर्थिक वर्ष २०७५/७६ भएकोले गाउँपालिकाले यस आर्थिक वर्षमा तयार पारेका नीति तथा कार्यक्रमहरूलाई समग्र योजनाको आधार विन्दु मान्नु पर्दछ। तसर्थ गुरुयोजना निर्माणका प्रमुख आधारहरू मध्ये एक आर्थिक वर्ष २०७५/०७६ का वार्षिक नीति तथा कार्यक्रमहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ।

## २.५ गाउँपालिकाले आ.व. २०७५/०७६ मा तय गरेका नीति तथा कार्यक्रमहरूको संक्षिप्त विवरण

बंगलाचुली गाउँपालिकाको बृहद गुरुयोजनाको आधार वर्षको रूपमा रहेको आर्थिक वर्ष २०७५/०७६को नीति तथा कार्यक्रमहरूको विवरण उल्लेख गर्दा गाउँपालिकाले अघिल्लो वर्ष अर्थात २०७४/०७५को नीति तथा कार्यक्रमहरूलाई समेत मध्यनजर गरी सो कार्यक्रममा उल्लेख नभएका फरक कायृक्रमहरूको विवरण मात्र संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ। यि दुवै आर्थिक वर्षका कार्यक्रमहरूको विवरणबाट गाउँपालिकावासीको समग्र विकास प्रतिको मनोविज्ञान र एक अर्थमा गाउँपालिकाको कार्यक्रम तर्जुमाको प्रविति समेत आंकलन गर्न सहयोग पुग्न गई भविष्यमा निर्माण हुने कार्यक्रमलाई सहि दिशा दिन सहज हुन्छ। २०७५/०७६ मा थप भएका नयाँ प्रकृतिका कार्यक्रमहरूको विवरण निम्नानुसार छ।

### २.५.१ भौतिक पूर्वाधार विकास

- बाह्रै महिना चल्न सक्ने गरी कच्ची सडकहरूको नियमित मर्मत संभार गर्ने संयन्त्र निर्माण गर्ने
- सार्वजनिक यातायात नपुगेका वस्तीहरूमा सो को व्यवस्थ ागर्न पहल गर्ने
- गाउँपालिकाका प्रत्येक वडामा सम्भाव्यता हेरी एकिकृत वस्ती विकास प्रकृया अगाडि बढाउने

### २.५.२ आर्थिक विकास

#### क) कृषि तथा सहकारी

- "वस्तुको निकासी सम्वृद्ध बंगलाचुली" भन्ने नारालाई आयआर्जन प्रवर्द्धन गरी सरकार बनाउने
- व्यवसायीक कृषि फर्म सञ्चालन गर्न चाहने कृषकलाई विशेष अनुदानको व्यवस्था गर्ने
- नयाँ सहकारी स्थापनालाई प्रोत्साहन गर्ने
- वडा नं. ५ को मसुरे र वडा नं. ४ को काभ्रेलाई अर्गानिक पकेट क्षेत्र र होम स्टे केन्द्रको रूपमा विकास गर्ने
- साना सिँचाइका लागि प्लाष्टिक पोखरीको निर्माण गर्ने

#### ख) पर्यटन

- गाउँपालिकामा रहेका बंगलाचुली, गडीलेक, धिमधिमे लेक र रानीथुम्की जस्ता पहाडी मनोरम थुम्का थुम्कीहरूलाई विशेष पर्यटन गन्तव्य स्थलको रूपमा विकास गर्ने ।

### २.५.३ सामाजिक विकास

#### क) स्वास्थ्य

- गाउँपालिका सबै वडामा पहुँच पुग्ने गरी एम्बुलेन्स सेवाको प्रबन्ध गर्ने
- नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- स्वास्थ्य संस्थामा गएर मात्र सुत्केरी गराउनुपर्छ भन्ने सुनिश्चित गर्न स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने महिलालाई विशेष प्रोत्साहन गर्ने र

#### ख) शिक्षा

- शिक्षक अभिभावक संवाद कार्यक्रम सञ्चालन गरी बीचमै पढाइ छोड्न निरुत्साहित गर्ने
- नियमित विद्यालय आई उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र उनका अभिभावकहरूलाई पुरस्कृत गर्ने
- शिक्षक-विद्यार्थी अनुपात मिलान गरी नपुग शिक्षकको व्यवस्था गर्ने
- विद्यालयसङ्ख्या र आवश्यकता हेरी गाभ्ने वा थप्ने प्रबन्ध मिलाउने
- वडा नं. ५ को झेलनेटा मा.वि.लाई प्राविधिक शिक्षालयको रूपमा विकास गर्ने
- सम्पूर्ण विद्यालयलाई आवश्यक आधारभूत भौतिक पूर्वाधार सम्पन्न बनाउने ।
- निजी र सामुदायिक विद्यालयहरू बीच रहेको खाडल अन्त्य गर्न सामुदायिक विद्यालयको गुणस्तर कायम गर्ने

#### ग) महिला तथा बालबालिका

- महिला लक्षित विभिन्न शिपमूलक तालिम नियमित सञ्चालन गर्ने ।
- अनाथ बालबालिकाको संरक्षणका लागि गाउँपालिकामा एक अनाथालय (बालगृह) सञ्चालन गर्ने
- द्वन्द पिडितहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्ने । उनीहरूलाई आयमूलक कार्यक्रममा सहभागी गराउने ।

### २.५.५ सेवा प्रवाह तथा सुशासन

- सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउने ।
- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न नियमित तालिम सञ्चालन गर्ने ।
- नियमित सार्वजनिक सुनुवाइ र सार्वजनिक परिक्षण गराउने ।
- गाउँपालिका भवनको DPR गरी संघीय सरकार निर्माणका लागि तथा प्रदेश सरकार समक्ष पहल गर्ने ।

### २.५.६ वन वातावरण

- खाली जग्गामा वृक्षारोपण सञ्चालन गर्ने ।
- सामुदायिक वनन्त्रे आर्जनलाई समाज विकासमा सदुपयोग गर्ने ।
- प्रत्येक वडामा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन तालिम प्राप्त र्‍यापिड रेस्पोन्स टिम (Rapid Response Team) तयार गर्ने ।

## २.६ गुरुयोजनाका प्रमुख लक्ष्य तथा उद्देश्यहरू

यस गुरु योजनाको प्रमुख लक्ष्य गाउँपालिकालाई आगामी १५ वर्षमा **उच्च प्रतिफलमूखी वन, कृषि र पर्यटन बंगलाचुलीको दिगो प्रबर्द्धन"** भन्ने दीर्घकालीन सोचलाई साकार गर्ने र त्यसका लागि उत्पादनमुखी स्वरोजगारलाई मुख्य प्राथमिकता दिई समग्र समृद्धिको आधार तयार गर्ने हो ।

गुरुयोजनाका अन्य सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- गाउँपालिकाको समग्र अर्थतन्त्रलाई सुदृढ र सक्षम तुल्याउन कृषि क्षेत्रको समुचित विकास, संभाव्य उद्योगहरूको विकास, वाणिज्यको विकास, पर्यटन क्षेत्रको विकास, बैकिङ तथा वित्तीय क्षेत्रको विकास मार्फत सम्भाव्य उत्पादनलाई केन्द्रित गरी निर्यात प्रर्वद्धन गर्ने ।
- शिक्षा क्षेत्रको समन्यायिक र प्रभावकारी ढङ्गले विकास गरी निरक्षरता उन्मुलन गरी अनुसन्धानलाई प्रोत्साहन गर्ने साथै जिवनउपयोगी, नैतिकवान र राष्ट्रप्रेमको भावना जागृत गराउने शिक्षा पद्धतिलाई समग्रतामा विकास गर्ने ।
- प्रभावकारी स्वास्थ्य सेवा, पोषण, खोप, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, सामुदायिक स्वास्थ्य, जेष्ठ नागरिकको स्वास्थ्यलाई प्रभावकारी ढंगले विकास गर्ने । स्वास्थ्य सेवालाई सबैको समान पहुँच योग्य बनाउने । कल्याणकारी राज्यको अवधारणा अनुरूप विपन्न नागरिकहरूलाई स्वास्थ्यको सहज पहुँच र निशुल्क उपचार सुनिश्चित गर्ने ।
- सम्पूर्ण सर्वसाधारणहरूलाई स्वच्छ र सूरक्षित पिउने पानीको प्रबन्ध गर्ने ।
- सरसफाईको उचित प्रवन्ध मिलाई स्वच्छ, सुन्दर र सफा गाउँ निर्माण गर्ने ।
- मौलिक संस्कृतिको जगेर्ना गरी लोपोउन्मुख संस्कृति तथा सांस्कृतिक धरोहरलाई संरक्षण गर्ने ।
- खेलकुद क्षेत्रको यथोचित विकास गर्ने ।
- लैङ्गिक समानता कायम गरी सबै प्रकारका भेदभावमुक्त समाजको निर्माण गर्ने ।
- सबै प्रकारका विभेद तथा अन्धविश्वासको अन्त्य गर्ने ।
- सडक सञ्जाललाई भविष्यमा विस्तार हुनसक्ने र आवश्यकता परिपुर्ति हुनेगरी स्तरोन्नति र निर्माणलाई उच्च प्राथमिकता दिने ।
- आवश्यक स्थानहरूमा सहज आवागमनका लागि पुल निर्माण गर्ने ।
- कृषियोग्य जमिनको उच्चतम सदुपयोग गर्न सम्भाव्य स्थानहरूमा सिँचाईको प्रबन्ध मिलाउने ।
- सुरक्षित आवास निर्माण गरी सम्पूर्ण जनतालाई आधारभुत आवासको प्रबन्ध गर्ने
- उर्जा क्षेत्रको विकास गरी वैकल्पिक उर्जा, नविकरणीय उर्जालाई प्रर्वद्धन गरी आवश्यक उर्जाको मागलाई परिपुर्ति गर्ने
- सञ्चार प्रविधिको उचित प्रबन्ध गरी विश्वव्यापिकरणमा गाउँपालिकालाई एकाकार बनाउने ।
- वृक्षारोपण गरी वन विस्तार तथा हरित क्षेत्रको विस्तार गर्ने

- जलस्रोत र जलाधारको संरक्षण गर्ने
- जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्ने प्रविधिको उपयोग र विकास गर्ने
- विपद न्यूनीकरणका उपायहरू साथै विपद् पश्चात् प्रतिकार्य योजना निर्माण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन संयन्त्रको विकास गर्ने
- मानव संसाधन विकासलाई विकास र समृद्धिसँग जोडेर अगाडि बढ्ने
- जनताको घरदैलोमा प्रभावकारी सरकारी सेवा प्रवाह सुनिश्चित गर्ने
- सेवा प्रवाहलाई प्रविधिमैत्री, द्रुत, सूलभ र सहज बनाउन विद्युतिय माध्यमको प्रयोगलाई विकास गर्ने
- वित्तीय अनुशासन कायम गर्ने
- राजश्व सङ्कलन र परिचालनलाई प्रभावकारी बनाउने
- आन्तरिक नियन्त्रण प्रणाली लागु गरी सम्पूर्ण सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने
- गाउँपालिकाको समग्र क्षेत्रको सन्तुलित र समन्यायिक विकास हासिल गर्ने


## २.७ अपेक्षित प्रतिफलहरू

- गाउँपालिका आर्थिकरूपले सम्पन्न भई प्रतिव्यक्ति आय विश्वका मध्यम आय भएका मुलुक सरह हुनेछ।
- कृषि उत्पादन र निर्यातमा नमुना सावित हुनेछ।
- शिक्षाको विकासद्वारा सभ्य सू-संस्कृत र शिक्षित समाजको विकास हुनेछ।
- स्वस्थ समाजको निर्माण भई औसत आयूमा उल्लेख्य सूधार हुनेछ।
- स्वच्छ र शुद्ध पिउनेपानीको सूलभ उपलब्धता सम्पूर्ण सर्वसाधारणसम्म पुग्नेछ।
- सफा र स्वच्छ गाउँपालिकाको निर्माण हुनेछ।
- मौलिक संस्कृतिको जगेर्ना मार्फत गाउँपालिकाको विशिष्ट पहिचान कायम हुनेछ।
- सबै प्रकारको विभेद, अन्धविश्वास र कुरीतिको अन्त्य भई सौहार्दपूर्ण समाजको निर्माण हुनेछ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरू जस्तै सडक, पिउने पानी, आवास, सञ्चार, विद्युत आदिको आवश्यक विकास र परिपुर्ति हुनेछ।
- गाउँपालिका एक उत्कृष्ट पर्यटन गन्तव्यको रूपमा विकास हुनेछ।
- हरित क्षेत्रको विस्तार भई वातावरणीय सन्तुलन कायम हुनेछ यसले स्थानीय पर्यावरणीय प्रणालीहरूको संरक्षण भई वनस्पति र वन्यजन्तुहरूको संरक्षण हुनेछ।
- जलवायु परिवर्तनका नकारात्मक असरहरूको न्यूनीकरण हुनेछ।
- विपद जोखिम न्यूनीकरण हुनेछ।
- मानव विकास सूचकाङ्कमा उल्लेख्य सुधार हुनेछ।
- सरकारी सेवा प्रवाह द्रुत र प्रभावकारी हुनेछ।
- असल शासनको उदाहरणीय अभ्यास हुनेछ।
- गाउँपालिकाको समग्र सन्तुलित र समन्यायिक विकास हुनेछ।

# खण्ड ३ : बंगलाचुली गाउँपालिकाको वस्तुस्थिति


## ३.१ गाउँपालिकाको संक्षिप्त परिचय

बंगलाचुली गाउँपालिका नेपालको प्रदेश नं ५ अन्तर्गत दाङ्ग जिल्लामा रहेको छ। बंगलाचुली गाँउपालिकाको स्थापनासाविक का स्यूजा (१-९), काभ्रे (१-९), लोहारपानी (१-९) र हाँसिपुर (३-९) ४ वटा साविकका गा.वि.स समावेश गरि गाउँपालिका स्थापना भएको हो । गाउँपालिकामा हाल ८ वटा वडाहरू कायम गरिएको छ । बंगलाचुली गाउँपालिका भौगोलिक हिसाबले ८२°३२' देखि ८२°८६' पूर्वी देशान्तर सम्म र २७°५२' देखि २८°०८ ' उत्तरी अक्षांशसम्ममा फैलिएको छ । २४५.१४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्व र उत्तरमा प्यूठान जिल्ला पर्दछ, पश्चिममा घोराही उ.म.न.पा. रहेको छ भने दक्षिणमा राप्ती गाउँपालिका र लमही नगरपालिका पर्दछन् । बंगलाचुली गाउँपालिकालाई २०७३ फाल्गुन २२ गते गाउँपालिका घोषणा गरीएको थियो । बंगलाचुलीको औसतअधिकतम तापक्रम ३४.९ डिग्री सेल्सियस पुग्छ भने हिउँदमा औसत न्यूनतम ४.८ डिग्री सेल्सियस सम्म रहन्छ । गाउँपालिकामा प्रा.विको सङ्ख्या३५, नि.मा.विको सङ्ख्या ५ र मा.विको सङ्ख्या ५ गरी जम्मा ४५ वटा समामुदायिक विद्यालयहरू रहेका छन् ( शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ । ) ।यस गाउँपालिकाका राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रूपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति १०,३९० जना (४२.८५%), दोस्रोमा क्षेत्री ७,१०६ (२९.३१%) र तेस्रोमा कामी २,५७१ (१०.६०%) हरूको बसोबास रहेको छ । यस गाउँपालिकाको औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको अरु आम्दानीको श्रोतको रूपमा साना उद्योग, व्यापार, सेवामुलक व्यवसाय, नोकरीको साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था पर्याप्त मात्रामा रहेका छैनन् । प्राविधिक तथा थप गुणस्तरीय शिक्षाको लागि गाउँपालिकाबाट अध्ययनका लागि स्थानीय विद्यार्थी अन्य क्षेत्र जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिंदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।




नक्सा नं. १: गाउँपालिकाको समग्र वस्तुस्थिती

## ३.२ भौगोलिक अवस्थिति




नक्सा नं. २: गाउँपालिकाको उचाई विवरण

बंगलाचुली गाउँपालिका भौगोलिक हिसाबले ८२°३२' देखि ८२°८६' पूर्वी देशान्तर सम्म र २७°५२' देखि २८°०८' उत्तरी अक्षांशसम्ममा फैलिएको छ । २४५.१४ व.कि.मी. क्षेत्रफल रहेको यस बंगलाचुली गाउँपालिकासमुद्री सतहबाट ३६० मि. देखि १८०० मि. को उचाईमा रहेको छ भने गाउँपालिकाको पूर्व र उत्तरमा प्यूठान जिल्ला, पश्चिममा घोराही उपमहानगरपालिका र दक्षिणमा राप्ती गाउँपालिका र लमही नगरपालिका पर्दछन् ।


## ३.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

बंगलाचुली गाउँपालिकालाई २०७३ फागुन २२ गते गाउँपालिका घोषणा गरिएको हो । साविकका स्यूजा, काभ्रे, लोहारपानी र हाँसिपुर गा.वि.स समावेश गरि यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा ८ वडा कायम गरिएको छ भने साविकको काभ्रे गा.वि.स.कार्यालय हाल यस गाउँपालिकाको केन्द्रको रूपमा रहेको छ ।


**तालिका नं. १ :** गाउँपालिकाको वडा विभाजन

| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरू | साविक का वडाहरू |
|---|---|---|
| १ | स्यूजा | ४-८ |
| २ | स्यूजा | १-३, ९ |
| ३ | काभ्रे | ६-९ |
| ४ | काभ्रे | १-५ |
| ५ | लोहारपानी | ३-७ |
| ६ | लोहारपानी | १, २, ८ र ९ |
| ७ | हाँसिपुर | ३-६ |
| ८ | हाँसिपुर | ७-९ |

*स्रोत : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय*




नक्सा नं. ३: गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरू




नक्सा नं. ४: गाउँपालिकाको वडा विभाजन

## ३.४ भूक्षेत्र (टोपोग्राफी)

### ३.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो। यहाँको १७.२४ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ भने ७८.९६ प्रतिशत जमिन वनजंगलले ढाकेको छ र१.०८ प्रतिशत जलक्षेत्रले ओगटेको छ । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, तोरी, अदुवा, सिमी आदी हुन्।

### ३.४.२ भू-आकृति तथा माटोको बनोट

गाउँपालिकाको केहि भू-भाग बेशी, केहि शिवालिक र उच्च पहाडि क्षेत्र रहको छ । भू-आकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ ।

#### (क) बेशी

नदीले बनाएका फाँटहरूका साथसाथै केहि ठूला खोलाहरूले बनाएको भाग नै यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला पहाडी खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ ।

#### (ख) शिवालिक क्षेत्र

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रण भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरू यस क्षेत्र अन्तर्गत पर्दछन् ।

#### (ग) उच्च पहाडी भू-भाग

समुद्री सतहबाट १,५०० मिटर देखि १,८०० मिटर सम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरूप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरू र झाडि बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।

## ३.५ भूक्षेत्रको वर्गिकरण

बंगलाचुली गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ४ वर्गमा विभाजन गरिएको छ । Land Resource Mapping Project ले तयार गरेको बर्गीकरणको आधारमा मनसुनी कृषि तथा बनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति पहिलो “क” वर्गदेखि चौंथो “घ” वर्ग तर्फ बढ्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउन उपायहरूको अवलम्बन गर्नुपर्दछ । भौतिक लक्षण (Physical characteristics)का आधारमा बंगलाचुली गाउँपालिकालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

#### (क) भिरालो 1°-5°(माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लीग यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका

भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।


**(ख) भिरालो 5° -30°(माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ ।यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(ग) भिरालो30° –40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**(घ) भिरालो>40°माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको सम्भावना कम भएको**




नक्सा नं. १: गाउँपालिकाको भिरालोपन

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ।यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीव्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।


## ३.६ हावापानी


जलवायुको हिसाबले बंगलाचुली गाउँपालिका उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापनी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम अधिकतम ३४.९ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ४.८ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकामा सन् २०१२ र २०१३ को औसत अधिकतम तथा न्यूनतम तापक्रम र वार्षिक वर्षाको विवरण तलको तालिकामा दिइएको छ ।


**तालिका नं. २ :** बंगलाचुली गाउँपालिकाको तापक्रम र वर्षाको विवरण (सन् २०१२ र २०१३)

| महिना | सन् २०१२ | | | सन् २०१३ | | |
|---|---|---|---|---|---|---|
| | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. |
| जनवरी | १९.९ | ६.२ | २३.२ | २१.२ | ४.८ | ८.६ |
| फेब्रुअरी | २४ | ८.७ | ३५.४ | २३.३ | ९.६ | ५७.८ |
| मार्च | २९.६ | १३ | १७.५ | २९.७ | १४ | ०.२ |
| अप्रिल | ३३.८ | २३ | ५.४ | ३३ | १८ | ४१.२ |
| मे | ३६.३ | २१ | ६९.८ | ३४.९ | २२ | ६७.६ |
| जुन | ३६.२ | २४ | १४७ | ३०.९ | २३ | ४८३.६ |
| जुलाई | ३०.३ | २२ | ६३३.५ | ३१.२ | २४ | ५४८ |
| अगस्त | ३१.५ | २३ | ४५४.८ | ३१.३ | २३ | ४७१.२ |
| सेप्टेम्बर | ३०.९ | २२ | ३३३ | ३१.८ | २१ | १७२.६ |
| अक्टोबर | २८.९ | १६ | ० | २८.७ | १८ | ९४.८ |
| नोभेम्बर | २६.३ | ९.८ | ० | २५.८ | ११ | ० |
| डिसेम्बर | २३.२ | ६.९ | ० | २२.९ | ७.२ | ० |

*स्रोतः दाङ जिल्ला पार्श्वचित्र, २०७१*




## ३.७ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, सेवा मूलक व्यवसाय, व्यापार, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको सङ्ख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप

तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।

- गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ।
- जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।
- गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।
- गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।
- विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं अग्ला मनोरम स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रूपमा बागेश्वरी मन्दिर, देविकोट मन्दिर, आदि छन् ।यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।
- गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ।
- यस गाउँपालिका इच्छुक युवाहरूलाई सीपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरू श्रृजना गर्न गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त बंगलाचुली गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कुलो मार्फत् पानी सिंचाई गरी व्यावसायीक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।

- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस गाउँपालिका क्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## ३.८ गाउँपालिकाको अवसर र सम्भावनाहरू

यस बंगलाचुली गाउँपालिकाको विद्यमान अवसर र सम्भावनाहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- वन, उर्वर कृषि जमिन, नदी नाला, सम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- शिक्षा केन्द्रहरूको सञ्चालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास

## ३.९ गाउँपालिकाको चुनौती तथा समस्याहरू

यस बंगलाचुली गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- गाउँपालिकाको क्षेत्र भित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना कमी हुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- झण्डै २४% भूभाग कृषि क्षेत्र भए तापनि व्यावसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- योजनावद्ध बस्ती विकासको अभाव ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनका ठोस योजनाको अभाव ।
- यसका अलावा गाउँपालिका क्षेत्रमा नदी कटान, अनियन्त्रित ढुंगागिटी बालुवाको उत्खनन्, बनजंगल तथा वन्यजन्तुहरूको चोरी निकासीलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव ।

## ३.१० गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध

गाउँपालिकाको बिच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर

रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध प्रकारका सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्तिबढ्दै गएको देखिन्छ। भौगोलिक रूपमा एउटै समतल अवस्थित हुँदासडक यातायातको सुविधा उपलब्ध छ । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तरगाउँपालिकासम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरूसंग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## ३.११ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ।ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेका छन्।


## ३.१२ नदी, खोला तथा ताल तलैयाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका थुप्रै नदीनाला, खोलाहरू, तालतलैयाहरू र पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदीनाला, खोलाहरू र तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत आंशिकरूपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकाससाथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक जलस्रोतहरू पुनर्उद्धार गरी माछा पालन गरेमा स्थानिय बजारका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय नदी तथा पोखरीहरू पर्यटकिय आकर्षणको रूपमा विकसित गर्न सकिने देखिन्छ।

**तालिका नं. ३ :** जलाधारहरूको विवरण


| सि.नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. | सि.नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. |
|---|---|---|---|---|---|
| १ | टिसुवा खोला | हाँसीपुर | ७ | दावाङ खोला | काभ्रे, लोहारपानी |
| २ | घोसी खोला | हाँसीपुर | ८ | रूपला खोला | काभ्रे, स्यूजा |
| ३ | मासीताल खोला | हाँसीपुर | ९ | सैघा | स्यूजा |
| ४ | गहना खोला | हाँसीपुर, लोहारपानी | १० | सीसनिया खोला | स्यूजा |
| ५ | उपल्लो अर्जुन खोला | हाँसीपुर, काभ्रे, लोहारपानी | ११ | मसीना खोला | स्यूजा |
| ६ | सुका खोला | काभ्रे | | | |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७३*




नक्सा नं. २: गाउँपालिकामा नदी सम्बन्धी विवरण

## ३.१३ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू




**नक्सा नं. ३:** गाउँपालिकामा रहेको धार्मिक स्थलहरूको विवरण

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजाती, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको लागि रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक मनोरम डाँडाहरू तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरू र पोखरीहरूको निर्माण हुन गएको छ । बंगलाचुली गाउँपालिकामा देविकोट मन्दिर, बागेश्वरी मन्दिर,भमेथान मन्दिर लगायत अन्य साना ठूला मन्दिरहरूको अलावा बंगलाचुली लेक, धिमधिमे लेक, डाटे गुफा, शिद्ध गुफा र बौद्ध, इस्लाम तथा क्रिश्चियन धर्मसँग सम्बन्धित धार्मिक संस्थाहरू समेत निर्माण हुन थालेका पाइन्छ । यस गाउँपालिका अन्तरगत पर्ने प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय महत्व बोकेका स्थलहरूको निम्नलिखित रहेका छन् ।

### क) देविकोट मन्दिर

यो मन्दिर हाँसीपुर-४ देविकोटमा अवस्थित छ । यस मन्दिरको खास नाम भने भद्राक्षीदेवी मनकामना मन्दिर हो । यस स्थान भद्राक्षीदेवी मनकामना सिद्धि मन्दिर र पुलको थान छन् । यहाँ बडा दशैं र चैत दशैंको वेला भक्तजनहरूको घुँईचो लाग्दछ ।

### ख) बागेश्वरी मन्दिर

यस बागेश्वरी मन्दिर साविकको गा.वि.स. स्यूजा-८ उजा धनडाँडामा अवस्थित छ। यो मन्दिरमा रहेको शिलालेखमा वि.सं. १८८८ उल्लेख भएबाट पनि यो मन्दिर १८८८ साल वा सो भन्दा पहिले नै स्थापना भएको मनिन्छ।

### ग) धिमधिमे लेक

साविकको गा.वि.स. स्यूजा–४ मा पर्ने यस लेक दाङ जिल्लाको उच्च भागमा रहेकोले विगतमा नेपालको नक्सा बनाउनका साथै काठमाडौंबाट अध्ययन भ्रमणका साथै विदेश बाट समेत वेला वखतमा विज्ञको टोलीहरू आएर अध्ययन गर्ने गरेको पाईन्छ ।

### घ) बंगलाचुली लेक

साविकको गा.वि.स.लोहारपानी-४ मा अवस्थित यो लेक फुटबल खेल्न समेत पुग्ने समथर भागका साथै यहाँ बाट देखिने सिस्ने, जलजला, धौलागिरी, माछापुच्छेका साथै दाङ कपिलवस्तु तथा भारतका समथर भु-भागहरू अवलोकन गर्न सकिन्छ ।

## ३.१४ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दु धर्म मान्ने मानिसहरू रहेका छन् भने नगण्यमात्रामा मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू समेत छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति,संकट पूजा, बुद्धजयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्षआदि चाडपर्वहरू रहेका छन् ।

यसैगरी धार्मिक तथा साँस्कृतिक महत्वका निकै आकर्षक र बृहत् जात्रा एवं मेलाहरू पनि लाग्दछन् । फिरफीरे मेला, लरैना मेला, धारापानी मेला, पर्सेनी, भोटे मेला, बाह्रकुने दह मेला, पिपरी मेला, रिहार मेला, सूवाकोटी मेला, मण्डली मेला, टीकरी मेला, धानखोला मेला आदि यस गाउँपालिका तथा दाङ जिल्लामा लाग्ने मेलाहरू हुन् ।

## ३.१५ संस्कृति, कला, भाषा र साहित्य

बंगलाचुली गाउँपालिका संस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाका रूपमा हेरेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । विद्यमान सबै कला, संस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, संस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् भने लोपोन्मुख अवस्थामा रहेका संस्कृति तथा कलालाई जोगाई आफ्नो पहिचान सहित पर्यटन क्षेत्रको विकास गराउन सकिन्छ ।

### क) मगर संस्कृति

गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक संस्कृति प्रमुख रूपमा रहेको हुन्छ । समाजशास्त्रीय दृष्टिकोण अनुसार संस्कृतिको बृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरूको समष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । नेपालकोप्रदेश नं ५ दाङ जिल्लामा पर्ने यस गाउँपालिकामा बसोबास गर्दै आएका मगर समुदाय मौलिक संस्कृतिको दृष्टिले धनी छन् । मगर जातिको मौलिक र जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरू सँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरूको साँस्कृतिक मौलिकतामा केही परिवर्तन हुन पुगेको देखिन्छ ।

नेपालको सम्पूर्ण जिल्लामा बासोवास गर्ने आदिवासी जातीको रूपमा मगर जातिलाई चिन्न सकिन्छ । बंगलाचुली गाउँपालिकामा ४२.८५ प्रतिशत मगरसमुदायको बसोबास रहेको छ । मगर जातिसँग रहेको मौलिक साँस्कृतिक पक्ष र आदिवासी ज्ञानको अभिलेखीकरण तथा संरक्षण आवश्यक छ । साँस्कृतिक पर्यटन आन्तरिक तथा बाह्य पर्यटकहरूको चासो र आकर्षण बन्न पुगेको छ । बंगलाचुली क्षेत्रको ग्रामीण पर्यटनलाई एकीकृत गर्ने क्रममा यस क्षेत्रमा मगर रेस्टुरेन्ट र भोजनालयको विकास गरी उनीहरूको विशिष्ट परिकार पस्कने प्रयास जरुरी छ । त्यसैगरी, उनीहरूको भेषभूषा, नाचगान, बाजा, गीत र खेलहरूको प्रदर्शन

र प्रस्तुतीकरणको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ । काठमाडौंको नेवार संस्कृति, मनाङ र मुस्ताङको गुरुङ तथा थकाली, सोलुको सेर्पा, लमजुङको घलेगाउँ गुरुङ, स्याङ्जाको सिरुबारी संस्कृति ग्रामीण साँस्कृतिक-पर्यटन विकास भएका गन्तव्य स्थलहरू हुन् । यस सन्दर्भमा बंगलाचुली क्षेत्र मगर संस्कृतिको पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावन छ ।




भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका संस्कृति, कला र चालचलनको अनुपम संगम थलोकारूपमा बंगलाचुली गाउँपालिको विकास भएको छ । खासगरी आदिवासी मगर समुदायको मौलिक संस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ बंगलाचुलीको साँस्कृतिको सम्पदा बनेको छ । मगर समुदायका गाउँवस्ती प्रायःमा बढी जनघनत्व रहेको हुन्छ । यिनीहरू एक्लै बस्न रुचाउँदैनन् । यद्यपी, आधुनिकतासँगै मगर समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ ।

मगर समुदायका भुमेनाच, सेरिङ्डे नाच, डाम्फुया स्याई नाचका साथै नेपाली भाषीहरूको सोरठी नाच, टप्पा नाच, बयलडाँरी, मामै नाच, सिंगारु नाच आदी नाचहरू प्रमुख नाच मानिन्छन्।

मगर जातिको छुट्टै मौलिक पोशाक रहेको छ । मगर जातिका लोग्ने मान्छेले लुङ्गी-कमीज, भादगाउँले कालो टोपी र भाग्रा लगाउँछन् भने महिलाले लुंगी, गुन्यु चोलो, लेहंगा गटिया र फरिया लगाउँछन् । यस गाउँपालिकामा अन्य समुदायको मानिसहरू पनि बसोबास गर्न थाले पछि मगर समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ । चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै मगरले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ । यी विविधखाले मौलिक संस्कृतिको संरक्षण प्रवर्द्धन गर्दै पर्यटन बजारलाई आकर्षण गरी अत्यधिक लाभ लिन सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

## ३.१७ जनसङ्ख्याको विवरण




नक्सा नं. ४: गाउँपालिकाको जनसङ्ख्या सम्बन्धि विवरण

कुनैपनि स्थानको जनसङ्ख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँस्तरमा जनसङ्ख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसङ्ख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बंगलाचुली गाउँपालिकाको जनसङ्ख्या २४,२४५ रहेको छ जस मध्ये पुरुष ४४.८७ प्रतिशत (१०,८७९जना) र महिला ५५.१३ प्रतिशत (१३,३६६ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिला १०.२६ प्रतिशतले बढि रहेको पाइन्छ । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको सङ्ख्या ८१.३९ रहेको छ। जनघनत्व ९९ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये ४८.१४ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४५.०५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ६.८१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बंगलाचुली गाँउपालिकामा ४,७३० घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औसत ५.१३ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औसत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गारिएको छ ।

**तालिका नं. ४ :** जनसङ्ख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसङ्ख्या | २४२४५ |
| पुरुष | १०,८७९ (४४.८७ प्रतिशत) |
| महिला | १३,३६६ (५५.१३ प्रतिशत) |
| लैंगिक दर | ८१.३९ |
| जम्मा घरधुरी | ४,७३० |
| औसत परिवार आकार | ५.१३ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ६०.२४ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ९९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


### ३.१७.१ वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण


**तालिका नं. ५ :** वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औसत घरधुरी आकार | जम्मा घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | २३.४९ | ४.४९ | ५४० | २,४२७ | १००२ | १४२५ | १०३.३२ |
| २ | १८.०७ | ४.८६ | ४३५ | २,११४ | ९७२ | ११४२ | ११६.९९ |
| ३ | २८.७३ | ४.६० | ७६९ | ३,५३६ | १५०७ | २०२९ | १२३.०८ |
| ४ | २८.४२ | ४.८१ | ७०४ | ३,३८३ | १४६८ | १९१५ | ११९.०४ |
| ५ | २७ | ५.७३ | ५४२ | ३,१०८ | १३९९ | १७०९ | ११५.११ |
| ६ | २६.९३ | ५.१३ | ५७४ | २,९४३ | १२९२ | १६५१ | १०९.२८ |
| ७ | ३६.३९ | ५.६३ | ६१० | ३,४३६ | १६३४ | १८०२ | ९४.४२ |
| ८ | ५६.११ | ५.९३ | ५५६ | ३,२९८ | १६०५ | १६९३ | ५८.७८ |
| जम्मा | २४५.१४ | ५.१३ | ४,७३० | २४,२४५ | १०,८७९ | १३,३६६ | ९८.९० |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बंगलाचुली गाउँपालिका मिति २०७३ फागुन २७ गते बाट स्थापना भएको हो । यस गाउँपालिकामा साविकका स्यूजा, काभ्रे, लोहारपानी र हाँसिपुर गा.वि.स गरि ४ वटा गा.वि.स समावेश भएका छन् । यस गाउँपालिकामा हाल ८ वटा वडाहरू कायम गरिएको छ। यी वडाहरूमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसङ्ख्या भएको वडामा वडा नं ३रहेको छ जसमा जम्मा जनसङ्ख्या ३,५३६ (पुरुषको १,५०७ जना र महिलाको २,०२९ जना) रहेको छ । यस वडाको औसत परिवार आकार ४.६० र घरधुरी सङ्ख्या ७६९ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसङ्ख्या भएको वडामा वडा नं. २ रहेको छ जसको जनसङ्ख्या २,११४ (पुरुषको ९७२ जना र महिलाको १,१४२ जना) रहेको छ भने घरधुरी सङ्ख्या ४३५ र औसत परिवार सङ्ख्या ४.८६ रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । यसलाई तलको चित्र बाट स्पष्ट पार्न सकिन्छ ।








नक्सा नं. ५: गाउँपालिकाको वडागत घरधुरी विवरण




**नक्सा नं. ६:** गाउँपालिकाको वडा अनुसार क्षेत्रफल विवरण




नक्सा नं. ७: गाउँपालिकाको लिङ्ग अनुसार जनसङ्ख्या विवरण




नक्सा नं. ८: गाउँपालिकाको प्रमुख बसोबास क्षेत्र

### ३.१७.२१० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। यद्यपी अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरूपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुनिन्छ । प्रविधिको दुरूपयोग, अपरिपक्क निर्णयजस्ता कारणबाट विवाहमा बढोत्तरी भएको छ ।


राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

**तालिका नं. ६ :** १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एकल | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा / विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | २८०९ | ३३३८ | १०० | ८१५ | १५६ | ४३ | ९ | ७२७० |
| **महिला** | २९९९ | ५३१३ | १८ | ९३६ | ३७० | ३५ | २३ | ९६९४ |
| **जम्मा** | ५८०८ | ८६५१ | ११८ | १७५१ | ५२६ | ७८ | ३२ | १६९६४ |
| **प्रतिशत** | ३४.२४ | ५१.०० | ०.७० | १०.३२ | ३.१० | ०.४६ | ०.१९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा  ८,६५१ जना (५१.०० प्रतिशत) एक विवाह गर्नेको सङ्ख्या र बहु-विवाह गर्ने ११८ जना (०.७० प्रतिशत) रहेको छ। पुनः विवाह गर्ने १,७५१ जना (१०.३२ प्रतिशत), विधुवा/विधुर ५२६ जना (३.१० प्रतिशत), पारपाचुके भएका ७८ जना (०.४६ प्रतिशत) र छुट्टिएका ३२ जना (०.१९ प्रतिशत) रहेका छन्। गाँउपालिकामा एक विवाह गर्ने महिलाको सङ्ख्या एक विवाह गर्ने पुरुषको भन्दा २,२३४ (२०.०३ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको सङ्ख्या बहु विवाह गर्ने महिलाको सङ्ख्या भन्दा ८२ जना (६९.५० प्रतिशत) ले बढी रहेको देखिन्छ। जसलाई तलको चित्रमा देखाउन सकिन्छ ।




## ३.१७.३ पहिलो विवाह गर्दाको उमेरको विवरण


**तालिका नं. ७ :** पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ५ | १९९ | २२६१ | १४९६ | ३८९ | ७२ | २४ | १० | ५ | २ | ४,४६३ |
| **महिला** | ३८ | ८९९ | ४६२० | १००४ | १२० | २३ | ६ | २ | १ | ० | ६,७१३ |
| **जम्मा** | ४३ | १,०९८ | ६,८८१ | २,५०० | ५०९ | ९५ | ३० | १२ | ६ | २ | ११,१७६ |
| **प्रतिशत** | ०.३८ | ९.८२ | ६१.५७ | २२.३७ | ४.५५ | ०.८५ | ०.२७ | ०.११ | ०.०५ | ०.०२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। यस गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको सङ्ख्या ६,८८१ अर्थात् सबैभन्दा बढी (६१.५७प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको सङ्ख्या २,५०० (२२.३७प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको सङ्ख्या १,०९८ (९.८२ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसङ्ख्या ४३ (०.३८ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

यस गाँउपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम हुँदै गएको पाइन्छ। १० वर्षको उमेरमा विवाह गर्ने प्रवृति अहिले नियन्त्रण भएपनि पहिले विवाह गरेका केही व्यक्तिहरू (प्राय :वृद्धवृद्धा) पनि समेटिएको तथ्याङ्कले देखाएको छ । यसलाई पूर्ण रूपमा नियन्त्रण गर्नको लागि उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ। यसलाई तलको चित्रबाट प्रस्तुत गरिएको छ ।




## ३.१७.४ उमेर समूहअनुसार जनसख्याको विवरण


**तालिका नं. ८ :** उमेर समूहअनुसार जनसङ्ख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लिङ्गिक अनपात |
|---|---|---|---|---|---|
| ०-४ | १,७२७ | १,७१८ | ३,४४५ | १४.२१ | १.०१ |
| ५-९ | १,८८२ | १,९५४ | ३,८३६ | १५.८२ | ०.९६ |
| १०-१४ | १,७७७ | १,८६४ | ३,६४१ | १५.०२ | ०.९५ |
| १५-१९ | ९१६ | १,५१५ | २,४३१ | १०.०३ | ०.६० |
| २०-२४ | ५९४ | १,२२१ | १,८१५ | ७.४९ | ०.४९ |
| २५-२९ | ५१५ | ९९१ | १,५०६ | ६.२१ | ०.५२ |
| ३०-३४ | ५०२ | ७४० | १,२४२ | ५.१२ | ०.६८ |
| ३५-३९ | ४६३ | ६५३ | १,११६ | ४.६० | ०.७१ |
| ४०-४४ | ४३५ | ६४३ | १,०७८ | ४.४५ | ०.६८ |
| ४५-४९ | ४४९ | ४९९ | ९४८ | ३.९१ | ०.९० |
| ५०-५४ | ४१५ | ४३१ | ८४६ | ३.४९ | ०.९६ |
| ५५-५९ | ३५५ | ३३५ | ६९० | २.८५ | १.०६ |
| ६०-६४ | ३३३ | ३४७ | ६८० | २.८० | ०.९६ |
| ६५-६९ | २४४ | १९४ | ४३८ | १.८१ | १.२६ |
| ७०-७४ | १५३ | १३७ | २९० | १.२० | १.१२ |
| ७५-७९ | ६७ | ६५ | १३२ | ०.५४ | १.०३ |
| ८०-८४ | ३६ | ४३ | ७९ | ०.३३ | ०.८४ |
| ८५-८९ | १० | १० | २० | ०.०८ | १.०० |
| ९०-९४ | ३ | २ | ५ | ०.०२ | १.५० |
| ९५+ | ३ | ४ | ७ | ०.०३ | ०.७५ |
| **जम्मा** | १०,८७९ | १३,३६६ | २४,२४५ | १००.०० | ०.८१ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिका अनुसार वि.सं. २०६८ सम्ममा बंगलाचुली गाउँपालिकाको ०-१४ वर्ष उमेर समूहको सङ्ख्या १०,९२२ (४५.०५ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसङ्ख्या ९,१८८ (३७.९० प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसङ्ख्या ११,६७२ (४८.१४ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसङ्ख्या १३,३६६ (५५.१३प्रतिशत) र पुरुषको जनसङ्ख्या १०,८७९ ( ४४.८७प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसङ्ख्याको अन्तर १०.२६ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको सङ्ख्या १,६५१ (६.८१ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाँउपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको सङ्ख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण तालिका तथा चित्रमा देखाईएको छ ।

उमेर समूहअनुसार जनसंख्याको विवरण





## ३.१७.५ जातजाति समूहअनुसार जनसङ्ख्याको विवरण

यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार बंगलाचुली गाँउपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाति १०,३९० जना (४२.८५ प्रतिशत), दोस्रोमा क्षेत्री ७,१०६ (२९.३१प्रतिशत) र तेस्रोमा कामी २,५७१ (१०.६०प्रतिशत) रहेका छन् । जसको विस्तृत विवरण तलको तालिका र चित्रमा उल्लेख गरिएको छ।

**तालिका नं. ९ :** बंगलाचुली गाँउपालिकाको जातजाति समूह अनुसार जनसङ्ख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | १०,३९० | ४२.८५ |
| २ | क्षेत्री | ७,१०६ | २९.३१ |
| ३ | कामी | २,५७१ | १०.६० |
| ४ | सार्की | १,२६३ | ५.२१ |
| ५ | ब्राम्हण पहाडी | १,१८७ | ४.९० |
| ६ | दमाई/ढोली | ७६३ | ३.१५ |
| ७ | सन्यासी/दशनामी | ३२७ | १.३५ |
| ८ | ठकुरी | २१२ | ०.८७ |
| ९ | जनजाति अन्य | ५१ | ०.२१ |
| १० | दलित अन्य | ३४० | १.४० |
| ११ | तराई अन्य | २७ | ०.११ |
| १२ | अन्य | ८ | ०.०३ |
| | जम्मा | २४,२४५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




### ३.१७.६ मातृभाषा अनुसार जनसङ्ख्याको विवरण

तालिका नं. १० : मातृभाषा अनुसार जनसङ्ख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २३,५११ | ९६.९७ |
| २ | खाम | ६८० | २.८० |
| ३ | मगर | २५ | ०.१० |
| ४ | मैथिली | ६ | ०.०२ |
| ५ | हिन्दी | ३ | ०.०१ |
| ६ | थारु | २ | ०.०१ |
| ७ | भोजपुरी | १ | ०.०० |
| ८ | उल्लेख नगरिएको | १७ | ०.०७ |
| जम्मा | | २४,२४५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस गाँउपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसङ्ख्याको तुलनात्मक अध्ययन गर्दा यस गाँउपालिकामा सबैभन्दा बढी मगर जातिको बसोबास भएको पाईन्छ । गाउँपालिकामा पछिल्ला राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाली भाषा बोल्नेहरूको सङ्ख्या सबैभन्दा बढी अर्थात २३,५११ (९६.९७ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा खाम भाषा ६८० (२.८० प्रतिशत), तेस्रोमा मगर भाषा बोल्नेको सङ्ख्या २५ (०.१० प्रतिशत) रहेको पाइन्छ । यसैगरी अन्य भाषाहरू बोल्नेको सङ्ख्या २९ (०.१२ प्रतिशत) रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।



## क) आदिवासी/जनजाती

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये ४३.०६ प्रतिशत (१०,४४१ जना) जनसङ्ख्या आदिवासी ( मगर र अन्य जनजाति आदि) रहेको छ । जसमा सबैभन्दा बढी मगर जातिको सङ्ख्या १०,३९० (४२.८५ प्रतिशत) जनसङ्ख्या रहेको पाइन्छ। मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्यून रहेको छ। यी जनजातीहरूको आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई भने बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बंगलाचुली गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल राष्ट्को निर्णायक तहहरूमा केहि समेत सहभागिता देखिएको छ। यस गाउँपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग सदियौ देखि संघर्ष गर्दै बंगलाचुलीको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको छ यद्यपी यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रूपमा केही पछाडी परेको देखिन्छ। बगंलाचुली गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

## ख) सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसङ्ख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

बंगलाचुली गाउँपालिमा उत्पीडित (कामी, सार्की, दमाई आदि) समुदायको जनसङ्ख्या लगभग २०.३६ प्रतिशत (४,९३७ जना) रहेको छ। सामाजिक विभेदका रूपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा उपेक्षित हुनु परेको छ। यस समुदायका आधारभूत विद्यालय र माध्यामिक विद्यालयमा अध्ययन छात्र छात्राहरूको सङ्ख्या भने तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले यद्यापि उपेक्षित हुनुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाँउपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

### ३.१७.७ धर्मअनुसार जनसङ्ख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरूपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रूपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७४ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरूप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ ।


यस बंगलाचुली गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ भने गाउँपालिकामा बौद्ध, क्रिश्चियन, ईस्लाम, प्रकृति, अपनाई धार्मिक सहिष्णुता साथ आ-आफ्नो धर्म अनुसार रिती संस्कृति अंगालेको पाईन्छ। गाउँपालिकामा अवलम्बन गरेको धर्मको विस्तृत विवरण लाई तालिकामा उल्लेख गरिएको छ। बंगलाचुली गाउँपालिका धर्म अनुसार जनसङ्ख्याको वितरण निम्न अनुसार रहेको छ।

**तालिका नं. ११ :** धर्मअनुसार जनसङ्ख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | इस्लाम | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | २३,०६७ | ९६६ | २०१ | ७ | ३ | १ | २४,२४५ |
| प्रतिशत | ९५.१४ | ३.९८ | ०.८३ | ०.०३ | ०.०१ | ०.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसङ्ख्याको९५.१४ प्रतिशत (२३,०६७ जना) हिन्दु, ३.९८ प्रतिशत (९६६ जना)बौद्ध धर्मावलम्बीहरू, ०.८३ प्रतिशत (२०१ जना) क्रिश्चियन, ०.०३ प्रतिशत (७ जना) इस्लाम, ०.०१ प्रतिशत (३ जना) प्रकृति र १ जना उल्लेख नगरिएको देखिन्छ। माथिको विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।



यहाँका आदिवासी/जनजाति मगर समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस गाउँपालिकाका प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन् । जस्तै, हिन्दूधर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, बोल बम आदि चाडपर्वहरू मानउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरूले ईद, वकरईद, इदुलफितर आदि र क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् ।

### ३.१७.८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


**तालिका नं. १२ :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५०७ | २७ | २ | ४ | ५४० |
| २ | ४२५ | २ | ० | ८ | ४३५ |
| ३ | ७४३ | १६ | २ | ८ | ७६९ |
| ४ | ६७८ | १३ | ० | १३ | ७०४ |
| ५ | ५२७ | १३ | ० | २ | ५४२ |
| ६ | ५६४ | २ | ० | ८ | ५७४ |
| ७ | ६०३ | ७ | ० | ० | ६१० |
| ८ | ५४४ | ९ | ० | ३ | ५५६ |
| जम्मा | ४,५९१ | ८९ | ४ | ४६ | ४,७३० |
| प्रतिशत | ९७.०६ | १.८८ | ०.०८ | ०.९७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाँउपालिकामा जम्मा ४,७३० घरधुरीहरू मध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी सङ्ख्या ४,५९१ (९७.०६ प्रतिशत), भाडामा बस्ने घरधुरी सङ्ख्या ८९ (१.८८ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै अन्य घरधुरीको सङ्ख्या ५० (१.०६ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रूपमा तुलना गर्दा वडा नं. ३ मा निजी स्वामित्वमा रहेको घरधुरी सङ्ख्या ७४३ सबैभन्दा बढी रहेको पाइन्छ ।

त्यसैगरी वडा नं. २ मा सबैभन्दा कम ४२५ घरधुरी सङ्ख्या निजी स्वामित्वमा रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ। तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।




### ३.१७.९ घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ। यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रूपमा गठित गाउँपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ।

**तालिका नं. १३ :** घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २९५ | २४५ | ५४० |
| २ | ३१३ | १२२ | ४३५ |
| ३ | ४५३ | ३१६ | ७६९ |
| ४ | ४३६ | २६८ | ७०४ |
| ५ | ४२३ | ११९ | ५४२ |
| ६ | ४०७ | १६७ | ५७४ |
| ७ | ४९८ | ११२ | ६१० |
| ८ | ४९७ | ५९ | ५५६ |
| जम्मा | ३,३२२ | १,४०८ | ४,७३० |
| प्रतिशत | ७०.२३ | २९.७७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ४,७३० घरधुरी सङ्ख्या रहेको यस गाउँपालिकामा ७०.२३ प्रतिशत घरमा पुरुषहरू घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने २९.७७प्रतिशतमहिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । गाउँपालिकाको वडागतरूपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरूमा पुरुष घरमूली बढि रहेको देखिन्छ । यो अवस्था समग्र देशको तुलनासँग मिल्दो जुल्दो रहेको देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको सङ्ख्या पुरुष र महिलाको बीचमा ४०.४७ प्रतिशतको अन्तर देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै विवरणलाई तल स्तम्भमा चित्र प्रस्तुत गरिएको छ ।





## ३.१७.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

**तालिका नं. १४ :** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्वमा भएको | घरमा स्वामित्वमा नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २६ | ५१२ | २ | ५४० |
| २ | १३ | ४२२ | ० | ४३५ |
| ३ | ५३ | ७१५ | १ | ७६९ |
| ४ | ७४ | ६२७ | ३ | ७०४ |
| ५ | १९ | ५१९ | ४ | ५४२ |
| ६ | २५ | ५४४ | ५ | ५७४ |
| ७ | २ | ६०५ | ३ | ६१० |
| ८ | १९ | ५३४ | ३ | ५५६ |
| प्रतिशत | २३१ | ४,४७८ | २१ | ४,७३० |
| जम्मा | ४.८८ | ९४.६७ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी सङ्ख्या २३१ (४.८८ प्रतिशत) र स्वामित्व नभएको घरधुरी सङ्ख्या ४,४७८ (९४.६७ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी सङ्ख्या २१ ( ०.४४ प्रतिशत) रहेको छ । जुन प्राप्त तथ्यांक अनुसार यस गाँउपालिकामा अझै लैङ्गिक असमानता देखिन्छ। यस खालको असमानता कम गर्न र सामाजिक तथा आर्थिक सबलीकरण गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।





## ३.१७.११ जमिनमा महिलकाको स्वामित्वको विवरण

**तालिका नं. १५ :** जमिनमा महिलाको स्वामित्वको विवरण

| वडा नं | स्वामित्व भएको | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २६ | ५१२ | २ | ५४० |
| २ | १३ | ४२२ | ० | ४३५ |
| ३ | ५३ | ७१५ | १ | ७६९ |
| ४ | ७४ | ६२७ | ३ | ७०४ |
| ५ | १९ | ५१९ | ४ | ५४२ |
| ६ | २५ | ५४४ | ५ | ५७४ |
| ७ | २ | ६०५ | ३ | ६१० |
| ८ | १९ | ५३४ | ३ | ५५६ |
| जम्मा | २३१ | ४,४७८ | २१ | ४,७३० |
| प्रतिशत | ४.८८ | ९४.६७ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकामा बसोबास गर्ने परिवारको जमिनमा महिलाको स्वामित्वको विवरण देखाईएको छ । जसमा जमिनमा महिलाको स्वामित्व भएको घरधुरी सङ्ख्या ३७१ (७.८४ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी सङ्ख्या ४,३३८ (९१.७१ प्रतिशत) रहेको छ । जसलाई तलको चित्रबाट देखाउन सकिन्छ। तथ्याङ्क अनुसार गाउँपालिकामा अझैपनि लैङ्गिक असमानता देखिन्छ । यस खालको असमानतालाई कम गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। तसर्थ यस तथ्याङ्कले महिलाभन्दा पुरुषहरूमा नै जग्गाको स्वामित्व अत्यधिक रहेको देखाउँछ। राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गरेबाट यसमा केहि सुधारका संकेतहरू देखिएका छन् । जसलाई तलको चित्रबाट स्तम्भ स्पष्ट पार्न सकिन्छ।




मथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले महिलाको नाममा जग्गा राजिष्ट्रेसन गर्दा राजस्वमा छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ।

### ३.१७.१२ अनुपस्थित घरधुरी र जनसङ्ख्याको विवरण

**तालिका नं. १६ :** अनुपस्थित घरधुरी र जनसङ्ख्याको विवरण

| जनगणना वर्ष | उपस्थित घरधुरी | अनुपस्थित घरधुरी | जम्मा घरधुरी |
|---|---|---|---|
| २०६८ | २,५४३ | २,१८७ | ४,७३० |
| प्रतिशत | ५३.७७ | ४६.२३ | १००.०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

गाउँपालिकामा अनुपस्थित घरधुरी सङ्ख्या २,१८७ (४६.२३ प्रतिशत) रहेको देखिन्छ भने उपस्थित घरधुरी सङ्ख्या २,५४३ (५३.७७ प्रतिशत) रहेको देखिन्छ । तथ्याङ्क अनुसार यस गाउँपालिकामा बाट विभिन्न पेशा, व्यापार व्यवसाय वा वैदेशिक रोजगारको शिलशिलामा ठुला सङ्ख्यामा अनुपस्थित रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।


## ३.१७.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १७ :** बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५२९ | ७ | १ | १ | ० | २ | ५४० |
| २ | ४१४ | २ | ० | ७ | ११ | १ | ४३५ |
| ३ | ६९५ | १ | २७ | ४३ | ० | ३ | ७६९ |
| ४ | ६७५ | ८ | ० | २० | ० | १ | ७०४ |
| ५ | ५१८ | ७ | ९ | ५ | ० | ३ | ५४२ |
| ६ | ५३७ | ३ | २४ | १ | १ | ८ | ५७४ |
| ७ | ५०८ | ० | ७३ | २२ | ० | ७ | ६१० |
| ८ | २९९ | ७ | २४२ | १ | ० | ७ | ५५६ |
| **जम्मा** | ४,१७५ | ३५ | ३७६ | १०० | १२ | ३२ | ४,७३० |
| **प्रतिशत** | ८८.२७ | ०.७४ | ७.९५ | २.११ | ०.२५ | ०.६८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस बंगलाचुली गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाई भएको इँटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी सङ्ख्या ४,१७५ ( ८८.२७प्रतिशत) छ भने सबैभन्दा कम सिमेन्टको जोडाइ भइको इँटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी सङ्ख्या ३५(०.७४ प्रतिशतरहेको छ । यसैगरी काठ/फल्याकको बाहिरी गारो भएको घरधुरी सङ्ख्या ३७६ ( ७.९५ प्रतिशत), बाँसजन्य सामाग्रीबाट बनेको घरधुरी सङ्ख्या १०० (२.११ प्रतिशत) रहेको छ भने अन्य १२ (०.२५ प्रतिशत) र उल्लेख नगरिएको ३२ (०.६८ प्रतिशत) घरधुरी सङ्ख्या रहेको देखिन्छ । त्यस्तै वडागत रूपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाई भएको इँटा/ढुंगाबाट बनेको बाहिरी गारो भएको घरधुरी सङ्ख्या ६९५ वडा नं. ३ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ८ मा जम्मा २९९ घरधुरी सङ्ख्या रहेको पाईयो । यसलाई तलको चित्रबाट देखाउन सकिन्छ ।जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ । तालिकाको विवरणलायई तल स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।




### ३.१७.१४ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १८ :** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/ पराल/ छ्वाली | जस्ता/ टिन/ च्यादर | टायल/ खपडा/ झिँगटी/ ढुङ्गा | सिमेन्ट/ ढलान | काठ/ फल्याक | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४५७ | ७९ | ० | २ | ० | २ | ५४० |
| २ | ३८१ | ४९ | २ | १ | ० | २ | ४३५ |
| ३ | ६८० | ७८ | १ | ० | ० | १० | ७६९ |
| ४ | ६३१ | ७१ | १ | १ | ० | ० | ७०४ |
| ५ | ४१४ | ११८ | ० | ७ | ० | ३ | ५४२ |
| ६ | ४८१ | ७९ | ३ | ० | २ | ९ | ५७४ |
| ७ | ५६३ | ३८ | २ | ० | ० | ७ | ६१० |
| ८ | ५१८ | २३ | १ | ० | ७ | ७ | ५५६ |
| **जम्मा** | ४,१२५ | ५३५ | १० | ११ | ९ | ४० | ४,७३० |
| **प्रतिशत** | ८७.२१ | ११.३१ | ०.२१ | ०.२३ | ०.१९ | ०.८५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस बंगलाचुली गाउँपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदाखर/पराल/छ्वालीको छानो भएको घरको सङ्ख्या सबैभन्दा धैरै ४,१२५ (८७.२१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम काठ तथा फल्याकको छाना रहेको घरधुरी सङ्ख्या ९ (०.१९ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमाजस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी ५३५ (११.३१ प्रतिशत),सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी ११ (०.२३ प्रतिशत), टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरधुरी १० (०.२१ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी ४० (०.८५ प्रतिशत) रहेको छ । यसलाई तलको चित्रबाट देखाउन सकिन्छ ।




### ३.१७.१५ जगको आधारमा घरको बनोटको विवरण

**तालिका नं. १९ :** जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३६ | २ | ० | ० | ० | २ | ५४० |
| २ | ४१३ | ० | ० | ११ | १० | १ | ४३५ |
| ३ | ६८२ | १ | ० | ८३ | ० | ३ | ७६९ |
| ४ | ६६७ | २ | ० | ३४ | ० | १ | ७०४ |
| ५ | ४८३ | ५ | ३ | ४८ | ० | ३ | ५४२ |
| ६ | ५३६ | १ | ० | २८ | १ | ८ | ५७४ |
| ७ | ४७१ | ० | ० | १३२ | ० | ७ | ६१० |
| ८ | २३१ | २ | ० | ३१४ | २ | ७ | ५५६ |
| **जम्मा** | ४,०१९ | १३ | ३ | ६५० | १३ | ३२ | ४,७३० |
| **प्रतिशत** | ८४.९७ | ०.२७ | ०.०६ | १३.७४ | ०.२७ | ०.६८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

बंगलाचुली गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी सङ्ख्या सबैभन्दा बढी अर्थात् ४,०१९ (८४.९७ प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको ६५० (८४.७४ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाको जग भएका घरधुरी १३ (०.२७ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको सङ्ख्या ३ ( ०.०६प्रतिशत) रहेको छ। यसलाई तलको चित्र बाट देखाउन सकिन्छ ।



### क) घर निर्माणका किसिमहरू

बंगलाचुली गाउँपालिका भित्र रहेका घरहरूको स्वरूपलाई हेर्दा सबैभन्दा बढिमाटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको पाईयो जसले कुल घरहरू मध्ये ८८.२७प्रतिशत ओगटेको देखिन्छ । यसैगरी मध्ये काठ/फल्याकबाट बनेको घरहरू ७.९५ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको २.११ प्रतिशत र सबैभन्दा कम सिमेन्ट जडान भएको ईँटा/ढुंगाबाट बनेको ०.७४ प्रतिशत रहेको छ । यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिका धेरै घरहरू भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा रहेको बुझ्न सकिन्छ । तसर्थ नेपाल विश्वमै भूकम्पिय जोखिम अत्यधिक भएको क्षेत्रमा पर्ने हुँदा भूकम्प प्रतिरोधी घर निर्माणमा व्यापक प्रचारप्रसार र चेतना अभिवृद्धि गरी ठोस नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

## ३.१७.१६ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसङ्ख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरूमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रूपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरू छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । मलिलो माटो भएकोले खेति गर्नको लागि पहाडबाट तराई क्षेत्रमा बसाईसराई गर्नेहरूको सङ्ख्या बढि रहेको पाइन्छ । गाउँपालिकाको जनसङ्ख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रूपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। देशको खुला सिमानाको उपयोग गर्दै निर्वाधरूपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रूपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको सङ्ख्या  बढ्दै गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१७.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रक्रियाहरू पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नु पर्ने प्रावधानहरू रहेका हुन्छन् । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । जसको कानूनी प्रमाणपत्रसरकारले  उपलब्ध गराउँछ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता रहेको हुन्छ । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुनाले जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ । बंगालाचुली गाउँपालिकामा भएको व्यक्तिगत घटना दर्ताको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २० :** व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| वर्ष | साविकको गा.वि.स. | जन्म | | | मृत्यु | | | विवाह दर्ता | बसाईसराई | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | दर्ता सङ्ख्या | आएको सङ्ख्या | गएको सङ्ख्या | |
| २०७३ | काभ्रे | ७९ | १०६ | १८५ | ३० | १९ | ४९ | ८३ | ० | ९७ | ० | ० |
| | स्यूजा | ११८ | १३१ | २४९ | ३३ | २४ | ५७ | १०४ | २६ | ३२ | ७६ | ० |
| | लोहारपानी | २७० | २४२ | ५१२ | ३० | २२ | ५२ | १०१ | २९ | २९ | ० | ० |
| | हाँसीपुर | ४१७ | ४४३ | ८६० | ३२ | १६ | ४८ | १०२ | १३ | ५४ | ० | ० |
| | जम्मा | ८८४ | ९२२ | १८०६ | १२५ | ८१ | २०६ | ३९० | ६८ | २१२ | ७६ | ० |

*श्रोत : जिल्ला विकास कार्यालय, दाङ २०७२*

माथिको तालिकामा गाउँपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। गाउँपालिकामा २०७२ चैत्र मसान्तसम्म १८०६ जनाको जन्म दर्ता भएको देखिन्छ भने २०६ जनाको मृत्यु दर्ता भएको देखिन्छ । विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा ३९० जनाको २०७२ वैशाखदेखि २०७२ चैत्र मसान्त गतेसम्ममा विवाह दर्ता भएको देखिन्छ । सो अवधीमा गाउँपालिकामा एउटा पनि सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिदैन । यस अवधिमा जम्मा ६८ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।

## ३.१७.१८ गाउँपालिकाको मतदाता सङ्ख्या विवरण


यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता सङ्ख्या ११,४०७ रहेका छन् । यस गाउँपालिकामा मतदाता सङ्ख्या पुरुषको तुलनामा महिला ९१ जनाले बढि रहेका छन् । जहाँ पुरुषको सङ्ख्या ५,६५८ जना र महिलाको सङ्ख्या ५,७४९जना रहेको छ । यस गाउँपालिकामा ८ वडामा ११ ओटा निर्वाचन केन्द्र रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २१ :** गाउँपालिकाको मतदाता सङ्ख्या

| क्र.सं. | मतदान केन्द्र | मतदाता सङ्ख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | महेन्द्र मा.वि., वोझपोखरा | ६२९ | ७४० | १३६९ | १ |
| २ | कालिका प्रा.वि., बढिपोखरा | २३८ | २७२ | ५१० | २ |
| ३ | प्रा.वि. मरपेस | २६७ | २४३ | ५१० | २ |
| ४ | सरस्वती सामुदायिक भवन लेकतापा | १२९ | १७५ | ३०४ | ३ |
| ५ | सेवा केन्द्र भवन कमिरेचौर | ६८७ | ७२८ | १४१५ | ३ |
| ६ | प्रा.वि., जुम्लेपानी | ७३६ | ८१९ | १५५५ | ४ |
| ७ | महेन्द्र आ.वि., तापा | ९६ | १४७ | २४३ | ४ |
| ८ | स्वास्थ्य चौकी लोहारपानी | ८३७ | ८५७ | १६९४ | ५ |
| ९ | बरा सामुदायिक भवन भूटनेटा | ६१२ | ६४८ | १२६० | ६ |
| १० | सरस्वती मा.वि., जबरकोट | ७७९ | ५६९ | १३४८ | ७ |
| ११ | स्वास्थ्य चौकी भवन | ६४८ | ५५१ | ११९९ | ८ |
| | जम्मा | ५,६५८ | ५,७४९ | ११,४०७ | |

*स्रोत : निर्वाचन आयोग, २०७४*

## ३.१८ गाउँपालिकाको भू-उपयोगको विवरण





नक्सा नं. ९: गाउँपालिकाको भू-उपायोग विवरण

**तालिका नं. २२ : भू-उपयोग विश्लेषण**

| जमिनको पकार | वडा नं. | | | | | | | | जम्मा क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| झाडी तथा घाँसे मैदान | १.१२ | १.३६ | ०.२० | ०.३० | १.०७ | | | ०.०० | ४.०५ | १.६५ |
| व्यापारिक क्षेत्र | ०.०२ | ०.०१ | ०.०१ | ०.०० | ०.०३ | ०.०० | | ०.०० | ०.०७ | ०.०३ |
| खेतियोग्य जमिन | ५.०५ | ४.९७ | ५.११ | ५.८५ | ४.८८ | ५.०९ | ६.४३ | ४.८८ | ४२.२६ | १७.२४ |
| वनजंगल | १६.७३ | ११.३९ | २२.८७ | २१.४२ | २०.६३ | २१.१८ | २९.१५ | ५०.१७ | १९३.५६ | ७८.९६ |
| खानि तथा खनिज | | | ०.०८ | ०.२० | | | | | ०.२८ | ०.११ |
| सार्वजनिक क्षेत्र | ०.०१ | ०.०० | ०.०४ | ०.०१ | ०.०१ | ०.०० | ०.०१ | ०.०१ | ०.१० | ०.०४ |
| अवासीय क्षेत्र | ०.३३ | ०.२२ | ०.२३ | ०.४२ | ०.२४ | ०.३१ | ०.२० | ०.२१ | २.१६ | ०.८८ |
| नदी तथा ताल (जल क्षेत्र) | ०.२५ | ०.१२ | ०.२० | ०.२१ | ०.१४ | ०.३५ | ०.५६ | ०.८३ | २.६५ | १.०८ |
| जम्मा | २३.५० | १८.०७ | २८.७३ | २८.४३ | २७.०० | २६.९४ | ३६.३६ | ५६.११ | २४५.१४ | १०० |

*स्रोत : नापी विभाग, २०७४*

बंगलाचुली गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको ७८.९६ प्रतिशत वनले ओगटेको छ भने १७.२४ प्रतिशत जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले १.६५ प्रतिशत जग्गा ओगटेको पाइन्छ । बंगलाचुली गाउँपालिकामा जल क्षेत्रले १.०८ प्रतिशत जमिन ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदीन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।



### ३.१८.१ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरूप

बंगलाचुली गाउँपालिका जलवायुको आधारमा उपयुक्त गाउँपालिका मध्येमा पर्दछ । यस गाउँपालिका क्षेत्रको सडकहरूको सञ्जाल केहि मात्रमा विकास भएको पाइन्छ । यहाँ शिक्षा र प्राथमिक स्वास्थ्य जस्ता सुविधाहरू उपलब्ध रहेका छन् तर सहज, सुलभ र पर्याप्तताको लागि भने अझै विकास गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको विकासको सन्दर्भमा गाउँपालिकामा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास क्रमिक रूपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवा सुविधा सबै गाउँपालिकाबासीहरू सम्म पुग्न अझै विकास गर्नुपर्ने देखिन्छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरूपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिकाको कुल ४,७३० परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ०.२७ प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ०.७४ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ०.२३ प्रतिशत मात्र रहेका छन्। गाउँपालिकामा कुल ८९ (१.८८ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ४,५९१ (९७.०६ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ । बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

### ३.१८.२ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसङ्ख्या सँगै क्रमश विकास भैरहेको ग्रामीण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण(Zoning)को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई सङ्कलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

### ३.१८.३ भू-क्षय सम्भावित क्षेत्र



गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानवीय अव्यवस्थित गतिविधि कारणबाट गाउँपालिकाको विभिन्न क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई पानीको मुहानहरू सुक्नुको साथै बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकामा खानी तथा खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रूपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रूपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रूपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

**तालिका नं. २३ :** भु-क्षयको संभाव्यता क्षेत्रफल

| उपजलाधार नं. | उपजलाधारको नाम | सविकको गा.वि.स. | भु-क्षयको सम्भाव्यता क्षेत्रफल (हे.) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | न्यून | मध्यम | धेरै | ज्यादै धेरै | जम्मा |
| ४३ | टिसुवा खोला | हाँसीपुर | ६७७ | २९०३ | ४७ | ० | ३६२७ |
| ४४ | घोसी खोला | हाँसीपुर | ११० | ३८१० | २६७ | ० | ४१८७ |
| ४५ | मासीताल खोला | हाँसीपुर | ११० | ११३४ | ११० | ० | १३५४ |
| ४६ | गहना खोला | हाँसीपुर | ० | २१४१ | ७२४ | २५२ | ३११७ |
| | | लोहारपानी | ० | ११० | ७०८ | ६६१ | १४७९ |
| ४७ | उपल्लो अर्जुन खोला | हाँसीपुर | ० | २९९ | ० | ७८ | ३७७ |
| | | काभ्रे | ० | ३४६ | ० | ४२५ | ७७१ |
| | | लोहारपानी | ० | ४५६ | १८९ | १६६६ | २३११ |
| ४८ | सुका खोला | काभ्रे | ० | ३८९ | ० | ७३३ | ११२२ |
| ५० | दावाङ खोला | काभ्रे | ३७८ | ० | १८५३ | ० | २२३१ |
| | | लोहारपानी | ९६० | ० | ८०३ | ० | १७६३ |
| ५१ | रूपला खोला | काभ्रे | ० | ५४१ | ११३४ | ० | १६७५ |
| | | स्यूजा | ९५८ | १४१ | १५०९ | ० | २२४८ |
| ५२ | सैघा | स्यूजा | १२६ | ० | २०४ | ० | ३३० |
| ५३ | सीसनिया खोला | स्यूजा | ४२५ | ० | ७६९ | ० | ११९४ |
| ५८ | मसीना खोला | स्यूजा | ० | ० | १४१ | ० | १४१ |
| | कुल जम्मा | | ३७४४ | १२२७० | ८४५८ | ३८१५ | २७९२७ |

*स्रोत : दाङ जिल्ला पार्श्वचित्र, २०७१*

## ३.१८.४गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

**तालिका नं. २४ :** गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

| क्र.सं. | सम्भावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषतः साना ठुला नदी/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै सङ्ख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |

| | | | |
|---|---|---|---|
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत : जिल्ला समन्वय समिती, दाङ २०७२*

यस बंगलाचुली गाउँपालिकामा रहेको बाढी/पहिरो,दैवी प्रकोप तथा महामारी र भु-सम्भाव्यता सम्बन्धी विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २५ :** दैवी प्रकोप सम्बन्धी विवरण

| क्र.सं. | साविकको गा.वि.स. | बाढी | महामारी | पहिरो |
|---|---|---|---|---|
| १ | हांशीपुर | P2 | P2 | – |
| २ | काभ्रे | P1 | P2 | – |
| ३ | लोहारपानी | P1 | P2 | – |
| ४ | स्यूजा | P1 | P2 | – |

*स्रोत : जिल्ला प्रशासन कार्यालय, दाङ २०७२*

नोट : P1, P2, P3 ले जोखिमको तहलाई क्रमश सबै भन्दा बढी, मध्यम, र कम भन्ने जनाउँछ।

## ३.१९ आर्थिक क्षेत्र तथा रोजगार स्थिति

### ५.१९.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल जमिन भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको भित्री मधेस भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा रहेका तालहरू सहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले

गाउँपालिकाको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर, उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस गाउँपालिकाका मानिसहरू क्रमश साना तथा ठूला उद्योगहरूको विकास तर्फ लागिरहेका छन् । यस गाउँपालिकाको मुख्य आधारहरू व्यापार, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ ।

### ५.१९.२ आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था

**तालिका नं. २६ :** आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था

| कुल जनसङ्ख्या | पुरुष | महिला | आर्थिकरूपले सक्रिय जम्मा जनसङ्ख्या |
|---|---|---|---|
| २४,२४५ | ४६४४ (३९.७९%) | ७०२८ (६०.२१%) | ११६७२ (४८.१४ %) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसङ्ख्याको विवरण देखाइएको छ। जसमा पुरुषको सङ्ख्या ४६४४ (३९.७९ प्रतिशत), महिलाको सङ्ख्या ७०२८ (६०.२१ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसङ्ख्यामा लैगिंक रूपमा पुरुषको भन्दा महिलाको बढि रहेको देखिन्छ । त्यस्तै गाउँपालिकाको कुल जनसङ्ख्याको ११,६७२ अर्थात् ४८.१४ प्रतिशत जनसङ्ख्या आर्थिकरूपले सक्रिय छन्। आर्थिक रूपमा निस्कृय जनसङ्ख्या ३६.८४ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

### ५.१९.३ आश्रित जनसङ्ख्याको विवरण

**तालिका नं. २७ :** आश्रित जनसङ्ख्याको विवरण


| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १०,९२२ | ८६.८७ | १,६५१ | १३.१३ | १२,५७३ | ५१.८६ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गाउँपालिकामा आश्रित जनसङ्ख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको सङ्ख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको सङ्ख्या १०,९२२ (८६.८६ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको सङ्ख्या १,६५१ (१३.१३ प्रतिशत) देखिन्छ । कुल जनसङ्ख्यामध्ये जम्मा आश्रित जनसङ्ख्या १२,५७३ (५१.८६ प्रतिशत) देखिन्छ । यसरी समग्रमा हेर्दा यस क्षेत्रमा सक्रिय जनशक्ति भन्दा आश्रित को सङ्ख्या बढि देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ३.२० भौतिक तथा सार्वजनिक पूर्वाधार

### ३.२०.१ यातायात




नक्सा नं. १०: गाउँपालिकाको सडक सञ्जाल विवरण

## ३.२०.२ वर्तमान सडक सञ्जाल

**तालिका नं. २८ :** बंगलाचुली गाउँपालिकालाई छुने सडक विवरण

| क्र.सं. | सडकको नाम तथा गन्तव्य | प्रकार तथा लम्बाई (कि.मी.) | | | | जम्मा लम्बाई (कि.मी.) |
|---|---|---|---|---|---|---|
| | | कालापत्रे | ग्राभेल | कच्ची | नयाँ सडक | |
| राष्ट्रिय राजमार्ग | | | | | | |
| १ | लोहारपानी -घोराही सडक | ० | १९ | १७ | | ३६ |
| जिल्ला सडक | | | | | | |
| २ | भैसाइ-सीमलटारा-हाँसीपुरी-शान्तिपुर सडक | | ५१.४५ | | ९.५५ | ६१ |
| ३ | होरनोक-स्यूजा-साइघा-होलेरी सडक | | | १० | | १० |
| ग्रामीण सडक | | | | | | |
| ४ | स्यूजा-भोजपोखरा-साइघा सडक | | | | | १० |

*स्रोत : दाङ जिल्ला पार्श्वचित्र, २०७२*

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक  यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ ।



बंगलाचुली गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन नसके पनि यस गाउँपालिकाको केहि ठाउँमा बाटो विस्तार भएको छ । गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा टेक्टर, गाडा, साइकल, बस, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकामा बस सेवा चालु रहेको छ। यस गाउँपालिकाबाट अन्य स्थानमा जानको लागि गाउँबाट सदरमुकाम आएर त्यहाँबाट विभिन्न स्थानमा जान सकिन्छ । यस गाउँपालिका काठमाडौंको ४५२ कि.मि. पश्चिम तथा बंगलाचुली प्रशासनिक केन्द्र देखि ५१.८ किमीको दुरीमा टरिगाउँ विमानस्थल रहेको छ । जुन साविकाको टरिगाउँ गा.वि.समा रहेको छ । यो विमान स्थल तुल्सीपुर उप-महानगरपालिकाबाट ३ कि.मी को दुरीमा रहेको छ । तर अहिले यो बन्द अवस्थामा रहेको छ । यसलाई सञ्चालनमा ल्याउने प्रयासमा तारा एयरले २०७१ सालमाअसार तेस्रो साता परिक्षण उडान भरेको थियो । गाउँपालिकामा रहेका यातायात र सडक सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।



**तालिका नं. २९ :** गाउँपालिकादेखि सदमुकामसम्को सडक विवरण

| क्र.सं. | साविकको गा.वि.स./न.पा. | दुरी कोषमा ( सदरमुकाम बाट) | सडकको प्रकार | यातायाको साधन |
|---|---|---|---|---|
| १ | स्यूजा | ५ | कच्ची | बस, जिप |
| २ | काभ्रे | ७ | कच्ची | बस |
| ३ | लोहारपानी | ९ | कच्ची | बस |
| ४ | हाँसीपुर | १३ | कच्ची | जीप, पैदल |

*स्रोत : जिल्ला पार्श्वचित्र दाङ, २०७१*

### ३.२०.३ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रूपमा रूपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसङ्ख्याले प्रयोग गर्ने संचारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ । ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीव्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ ।

विशेषगरी वि.सं. २०४७ सालमा प्रजातन्त्रको पुर्नस्थापना पछि नेपाल तीव्र रूपमा आधुनिकतामा प्रवेश गरेको देखिन्छ । आधुनिकता सँगै नेपालमा शिक्षा संचार, यातायात र दैनिक उपभोग्य वस्तुहरूको साथै सेवा सुविधाका सामाग्रीहरूको प्रयोग व्यापक हुँदै गैरहेको छ । यसले गुणस्तरिय जीवनमा थप प्रगति भैरहेको छ । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ । बंगलाचुली गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको मोवाइल फोन सेवा उपलब्ध भएको पाइन्छ ।

### ३.२०.४ गाउँपालिकामा सेवा पुऱ्याइरहेका जिल्लाका एफ.एम. रेडियोहरू

**तालिका नं. ३०** : एफ.एम. रेडियो विवरण

| क्र.सं. | एफ.एम. रेडियो | क्र.सं. | एफ.एम. रेडियो |
|---|---|---|---|
| १ | रेडियो हाईवे | ६ | रेडियो पाठशाला |
| २ | रेडियो नयाँयुग | ७ | रेडियो सञ्जिवनी |
| ३ | झरना एफ.एम. | ८ | रेडियो हापुरे |
| ४ | रेडियो एस.टि.एन. | ९ | रेडियो युगको आवाज |
| ५ | शान्ति परिवर्तन संचार संस्था लि. | १० | रेडियो राप्ती |

*स्रोत : जिल्ला हुलाक कार्यालय, २०७३*

दाङ जिल्लामा १० वटा स्थानिय रेडियो स्टेसनहरू रहेका छन् भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ । यी एफ्.एम् रेडियोहरूले सम्पूर्ण जिल्लामा गाउँपालिका र गाउँपालिकाहरूमा सेवा प्रदान गर्दै आएका छन् । यो सुविधा बंगलाचुली गाउँपालिकाको सम्पूर्ण स्थानमा पुगेको छ । यस गाउँपालिकाको स्थानिय रेडियो नभएपनि जिल्लाबाट प्रसारण हुने सम्पूर्ण रेडियोबाट यहाँका जनताले मनोरञ्जन लिने गरेको पाइन्छ ।

### ३.२०.५ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका सबै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, मोबाइल, स्काई फोन आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामीण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ३.२०.६ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरूमा कार्यरत छन्। ४ वटा ईलाका हुलाक कार्यालयहरूबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने बंगलाचुली देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपी सञ्चार र यातायात सेवामा भएको तीव्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको सङ्ख्या घट्दै गईरहेको छ ।

### ३.२०.७ पत्रपत्रिका

दाङ जिल्लामा नियमितरूपमा प्रकाशित पत्रपत्रिकाहरूका साथै काठमाडौंबाट प्रकाशित हुने दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू (राष्ट्रिय समाचार समित, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत यस बंगलाचुली गाउँपालिकामा उपभोग गरेको पाइन्छ । गाउँपालिकामा बसोवास गर्ने मानिसहरू दिनहुँ आफ्नो घरयासी काममा व्यस्त हुने भएकाले पत्रपत्रिका पढ्ने बानिको अभाव रहेको पाइन्छ । यस गाउँपालिकाको सम्पूर्ण ठाँउमा यो सेवा उपलब्ध नभएपनि केहि मानिसहरूले यो सेवा प्राप्त गरेको पाइन्छ ।

**तालिका नं. ३१ :** पत्रपत्रिकाको विवरण

| दैनिक | साप्ताहिक | मासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १२ | १९ | ७ | १३ | ७ | ५८ |

*स्रोत :गाउँ कार्य पालिकाको कार्यालय, २०७३*

### ३.२०.८बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


यस बंगलाचुली गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी सङ्ख्या ८४४ (१७.८४ प्रतिशत) रहेको छ । त्यस्तै ८३५ (१७.६५ प्रतिशत) घरधुरीले मट्टितेल, ७६९ (१६.२६ प्रतिशत) ले सोलार र १४ (०.३० प्रतिशत) घरधुरीले मात्रामा गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्नको लागि अन्य स्रोतहरूको प्रयोग गर्ने घरधुरी सङ्ख्या बढि रहेको देखिन्छ । त्यस्तै वडागतरूपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. ४ रहेको देखिन्छ जसमा २२४ घरधुरीले विद्युतको प्रयोग गरेको देखिन्छ । समग्रमा यस क्षेत्रमा विद्युतको पहुँचबाट धेरै घरधुरीहरू टाढा रहका छन् । यस क्षेत्रमा विद्युतको पहुँचको लागि नेपाल सरकार ले र यस क्षेत्रको राजनिती निकायहरूले पहल गर्नु पर्ने देखिन्छ । जसको विस्तृत विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ३२ :** बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १२५ | १९० | १ | ४४ | १७८ | २ | ५४० |
| २ | ११५ | २५९ | ३ | १२ | ४६ | ० | ४३५ |
| ३ | १७० | १०५ | ३ | ९५ | ३९५ | १ | ७६९ |

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४ | २२४ | २२८ | ० | ७९ | १७३ | ० | ७०४ |
| ५ | १५४ | १९ | १ | ५८ | ३०६ | ४ | ५४२ |
| ६ | ५४ | ६ | ० | ८५ | ४२५ | ४ | ५७४ |
| ७ | १ | २७ | १ | २१८ | ३५५ | ८ | ६१० |
| ८ | १ | १ | ५ | १७८ | ३६९ | २ | ५५६ |
| **जम्मा** | ८४४ | ८३५ | १४ | ७६९ | २,२४७ | २१ | ४,७३० |
| **प्रतिशत** | १७.८४ | १७.६५ | ०.३० | १६.२६ | ४७.५१ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*





## ३.२०.९ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

**तालिका नं. ३३ :** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३५ | १ | १ | ० | १ | २ | ५४० |
| २ | ४२९ | ६ | ० | ० | ० | ० | ४३५ |
| ३ | ७६१ | ३ | २ | २ | ० | १ | ७६९ |
| ४ | ६९८ | २ | ४ | ० | ० | ० | ७०४ |
| ५ | ५१९ | १ | १७ | ० | १ | ४ | ५४२ |
| ६ | ५६७ | ० | २ | ० | १ | ४ | ५७४ |
| ७ | ५९८ | २ | १ | १ | ० | ८ | ६१० |
| ८ | ५४९ | ० | १ | ४ | ० | २ | ५५६ |
| **जम्मा** | ४,६५६ | १५ | २८ | ७ | ३ | २१ | ४,७३० |
| **प्रतिशत** | ९८.४४ | ०.३२ | ०.५९ | ०.१५ | ०.०६ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

वि.सं. २०६८ को जनगणनाअनुसार बंगलाचुली गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ४,६५६ (९८.४४ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने २८ (०.५९ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने १५(०.३२ प्रतिशत), कुइठा/ठोरहा प्रयोग गर्ने घरधुरी सङ्ख्या ७ (०.१५ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी सङ्ख्या ३ (०.०६ प्रतिशत), रहेका छन् भने अन्य उल्लेख नगरिएका साधनको प्रयोग गर्ने घरधुरी २१ (०.४४ प्रतिशत) रहेको देखिन्छ। वडागत रूपमा हेर्दा पनि सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गर्ने समग्र सबै वडाका घरधुरी सङ्ख्या बढी रहेको देखिन्छ । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ । तराई क्षेत्र भएकोले गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै जनमानसको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ ।

## ३.२१ सामाजिक पूर्वाधार तथा सेवा

### ३.२१.१ शिक्षा

चौधौ योजनाको ५ वटा रणनीतिक स्तम्भहरूमध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक हो । कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ बंगलाचुली गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।




## ३.२१.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रूपमा रहेको शिक्षा क्षेत्रमा बंगलाचुली गाउँपालिका यस जिल्लाका अन्य स्थानको तुलनामा केही पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६०.२४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७१.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५१.१४ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २०.८२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस क्षेत्रमा शिक्षको पहुँचको कमी रहेका छ । यस गाउँपालिकामा साक्षरता दर मा वृद्धि गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३४ :** साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ६६८ | ७२२ | १० | ७ | १२३ | ४८६ | ० | १ | ८०१ | १,२१६ | २,०१७ |
| २ | ६५९ | ६३७ | ३ | ७ | १४० | ३६३ | ० | ० | ८०२ | १,००७ | १,८०९ |
| ३ | ८५० | ८६६ | २८ | ३७ | २९८ | ८०९ | ० | ० | १,१७६ | १,७१२ | २,८८८ |
| ४ | ९४० | ८७० | २० | २९ | २२५ | ७०५ | २ | २ | १,१८७ | १,६०६ | २,७९३ |
| ५ | ८४२ | ७२५ | ५९ | ६३ | १९४ | ६२७ | १ | १ | १,०९६ | १,४१६ | २,५१२ |
| ६ | ६७३ | ६५६ | ६२ | ४८ | २८५ | ७११ | ० | ० | १,०२० | १,४१५ | २,४३५ |
| ७ | ७३३ | ६०९ | ३४ | २६ | ५७१ | ८४१ | १ | ४ | १,३३९ | १,४८० | २,८१९ |
| ८ | ९३९ | ६७५ | २२ | १५ | ३७९ | ७२२ | ० | ० | १,३४० | १,४१२ | २,७५२ |
| जम्मा | ६,३०४ | ५,७६० | २३८ | २३२ | २,२१५ | ५,२६४ | ४ | ८ | ८,७६१ | ११,२६४ | २०,०२५ |
| प्रतिशत | ७१.९६ | ५१.१४ | २.७२ | २.०६ | २५.२८ | ४६.७३ | ०.०५ | ०.०७ | १००.०० | १००.०० | |

*स्रोत : जिल्ला शिक्षा कार्यालय, दाङ*

बंगलाचुली गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. २ मा ७१.६४ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८२.१७ प्रतिशत र महिला साक्षरता दर ६३.२६ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. ७ मा रहको छ। जसमा कुल साक्षरता दर ४७.६१ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ५४.७४ प्रतिशत र महिला साक्षरता दर ४१.१५ प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस बंगलाचुली गाउँपालिका शैक्षिक हिसाबमा निकै नै पछाडि रहेको देखिन्छ। यस दरलाई बढाउनु आवश्यक रहेको छ। यस गाउँपालिकाको साक्षरता दरलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।





## ३.२१.३ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ३५ : शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल. सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ७५८ | ४०३७ | १०९२ | ३६० | १६२ | ११३ | ३४ | २ | १५ | १२४ | ५४ | ६,७५१ |
| महिला | ७१८ | ३८४१ | १०१६ | २४२ | ११८ | ४४ | ९ | १ | ६ | १८५ | २९ | ६,२०९ |
| जम्मा | १,४७६ | ७,८७८ | २,१०८ | ६०२ | २८० | १५७ | ४३ | ३ | २१ | ३०९ | ८३ | १२,९६० |
| प्रतिशत | ११.३९ | ६०.७९ | १६.२७ | ४.६५ | २.१६ | १.२१ | ०.३३ | ०.०२ | ०.१६ | २.३८ | ०.६४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा बंगलाचुली गाउँपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा १,४७६ (११.३९ प्रतिशत) जना स्कूल नगएका, ७,८७८ (६०.७९ प्रतिशत) प्राथमिक तह, २,१०८ (१६.२७ प्रतिशत) नि.मा.वि. तह, ६०२ (४.६५ प्रतिशत) मा.वि. तह, २८० (२.१६ प्रतिशत) एस.एल.सी. तह, १५७ ( १.२१ प्रतिशत) प्रमाणपत्र तह, ४३ (०.३३ प्रतिशत) स्नातक तह, ३ (०.०२ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। र अन्य अनौपचारिक शिक्षा हासिल गर्ने को सङ्ख्या ४१३ ( ३.१९ प्रतिशत) रहेको पाइन्छ। यसलाई तलको चित्रबाट देखाइएको छ।





## ३.२१.४ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ३६ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | सामाजिक र व्यवहारिक विज्ञान | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५ | ० | १४ | २ | २ | २ | ० | ३५ |
| २ | ० | १ | ३ | ० | ० | ० | १ | ५ |
| ३ | १३ | १ | १० | १ | ० | ० | ० | २५ |
| ४ | ५ | १ | १४ | २ | ० | ० | १४ | ३६ |
| ५ | १८ | ७ | १३ | १ | २ | ० | ० | ४१ |
| ६ | ५ | १ | २ | ० | ० | ० | २ | १० |
| ७ | २२ | ० | ७ | ३ | ० | ० | २ | ३४ |
| ८ | ३ | २ | १२ | ० | ० | ० | ० | १७ |
| जम्मा | ८१ | १३ | ७५ | ९ | ४ | २ | १९ | २०३ |
| प्रतिशत | ३९.९० | ६.४० | ३६.९५ | ४.४३ | १.९७ | ०.९९ | ९.३६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको सङ्ख्या ८१ (३९.९० प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषयलिएर पढ्नेको जनसङ्ख्या ७५ (३६.९५ प्रतिशत), तेस्रो स्थानमा व्यपार र प्रसाशन विषय लिएर पढ्नेको सङ्ख्या १३ (६.४० प्रतिशत) रहेको देखिन्छ । अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षा यस क्षेत्रका कमी रहेको देखिन्छ । यस गाउँपालिकामा प्राविधिक शिक्षा (स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ ।यसलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।




## ३.२१.५ उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण

**तालिका नं. ३७ :** उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसङ्ख्या | | | विद्यालय गइरहेको जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | १,९९२ | २,०३६ | ४,०२८ | १,९३० | १,९५४ | ३,८८४ | ९६.४३ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | १२ | ३ | १५ | १० | ३ | १३ | ८६.६७ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २ | १ | ३ | २ | १ | ३ | १००.०० |
| जम्मा | | २,००६ | २,०४० | ४,०४६ | १,९४२ | १,९५८ | ३,९०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं.२०६८*

*नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ ।*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कूल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसङ्ख्या मध्ये ९६.४३ प्रतिशत स्कूल गएको देखिन्छ भने ३.५७ प्रतिशत स्कूल गएको देखिदैन । त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसङ्ख्याको ८६.६७ प्रतिशत स्कूल गएको देखिन्छ भने १३.३३ प्रतिशत स्कूल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर समूहको जम्मा जनसङ्ख्याको १०० प्रतिशत स्कूल गएको पाइन्छ ।

### ३.२१.६ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

#### (क) शैक्षिक पूर्वाधार तथा सेवा

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार बंगलाचुली गाउँपालिकामा आधारभूत विद्यालय ४० र माध्यामिक विद्यालय ५ गरी जम्मा ४५ विद्यालय रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३८ : गाउँपालिकामा रहेका विद्यालयको विवरण

| क्र.सं. | गा.वि.स./न.पा. | माध्यामिक तह | आधारभूत तह | जम्मा |
|---|---|---|---|---|
| १ | हांशीपुर | १ | १६ | १७ |
| २ | काभ्रे | २ | ६ | ८ |
| ३ | लोहारपानी | १ | ११ | १२ |
| ४ | स्यूजा | १ | ७ | ८ |
| | जम्मा | ५ | ४० | ४५ |

*स्रोत : जिल्ला पार्श्वचित्र दाङ, २०७१*

*नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ ।*

### ३.२१.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु** : विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** : प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।
- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** : गाउँपालिकाको औसत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- **विद्यालयहरू आर्थिक रूपले कमजोर** हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- **अभिभावकहरू चनाखो नहुनु** : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदीइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- **शिक्षक दरबन्दी कम हुनु** : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा संञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर

नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- **राजनीतिकरण हुनु** : विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- **शिक्षकहरूमा प्रतिबद्धताको कमी** : शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

### ३.२१.८ स्वास्थ्य

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसङ्ख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।



यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) सङ्ख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist)छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका साविकको गा.वि.स.हरू हाँसीपुर, काभ्रे र लोहारपानीमा ३ स्वास्थ्य चौकी र स्यूजामा १ प्राथमिक स्वास्थ्य स्वास्थ्य केन्द्र रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ३.२१.९ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि यस जिल्लामा जम्मा ४०० जनसङ्ख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानरहेको थियो । आ.व. २०४९/५० बाट तराईको १००० जनसङ्ख्यामा १ जना, पहाडको ३०० जना जनसङ्ख्यामा १ जना र हिमालमा २५० जनसङ्ख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ ।नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ३.२१.१० गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइएको छ । यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।




### ३.२१.११ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिकाको सङ्ख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी संक्रमण मध्ये १,६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी संक्रमण भेटिएको छ। भारत लगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आई.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार दाङ जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ३.२१.१२सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २०

वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। यस बंगलाचुली गाउँपलिकामा सुरक्षित मातृत्व अवश्था कायम गर्न भएका सुरक्षित मातृत्व कार्यक्रमको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३९ :** सुरक्षित मातृत्व सम्बन्धी विवरण

| स्वास्थ्य चौकी | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | १८० आइरन चक्की पाउने गर्भवती महिला | Nutrition-Students Received Deworming Tablets-Boys | पहिलो पटक एएनसी जाँच गर्ने | | प्रोटोकल अनुसार चार पटक एएनसी जाँच गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती |
| हाँसिपुर स्वास्थ्य चौकी | ५५ | | | १४ | ६ | | |
| काभ्रे स्वास्थ्य चौकी | १६० | ४९ | | ६४ | ३९ | १७ | ३३ |
| लोहरपानी स्वास्थ्य चौकी | १२३ | ५३ | ६०२ | ६६ | २० | १० | ५० |
| जम्मा | ३३८ | १०२ | ६०२ | १४४ | ६५ | २७ | ८३ |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

यस बंगलाचुली गाउँपालिकाको सुरक्षित मातृत्व कार्यक्रम हेर्दा गाउँपालिकामा पहिलो पटक एन.ए.सी जाँच गराउने २० वर्ष र सोभन्दा माथिका गर्भवती १४४ जना र २० वर्ष र सोभन्दा माथिका गर्भवती ६५ जना रहेकोमा प्रोटोकल अनुसार चार पटक ए.न.सी जाँच गर्ने महिलाहहरूमा २० वर्ष र सोभन्दा माथिका गर्भवती २७ जना २० वर्ष भन्दा कम उमेरका गर्भवती  ८३ रहेका छन् । जुन पहिलो पटक एन.ए.सी जाँच गराउन आउने गर्ववती महिलाको तुलनामा ज्यादै कम देखिन्छ । सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ साथै कार्यक्रहरू क्रमश विकास र विस्तारित हुँदै गएको छ ।  यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ३.२१.१३ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। बंगलाचुली गाउँपालिकामा लागाईएको खोपको विवरण तल तालिकामा दिईएको छ ।

**तालिका नं. ४० :** गाउँपालिकामा खोपको विवरण

| स्वास्थ्य चौकी | खोप कार्यक्रम | | | |
|---|---|---|---|---|
| | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | २ ओटा टी.टी पाएका गर्भवती महिला |
| हाँसिपुर स्वास्थ्य चौकी | २३० | २०२ | २३१ | ७४ |
| काभ्रे स्वास्थ्य चौकी | २१० | १९९ | २०२ | ९६ |
| लोहरपानी स्वास्थ्य चौकी | १४९ | १३९ | १५१ | १०२ |
| जम्मा | ५८९ | ५४० | ५८४ | २७२ |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

(नोट : जिल्ला जनस्वास्थ्य कार्यालय दाङको २०७१ जेठ सम्मको तथ्याङ्क अनुसार यस बंगालाचुली गाउँपालिका साविकको स्यूजा गा.वि.स. लाई पुर्ण खोप सुनिश्चित गाविस घोषणा गरिएको छ ।)

### ३.२१.१४ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रूपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलवियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ३.२१.१५ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमशघट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ३.२१.१६ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । बंगलाचुली गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भई आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ। बंगलाचुली गाउँपालिकामा पोषणको विवरणलाई तल तालिकामा दिईएको छ ।

**तालिका नं. ४१ :** गाउँपालिकाको पोषण कार्यक्रम विवरण

| स्वास्थ्य चौकी | पोषण कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ दर्ता | | | | | |
| | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Normal | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Severe | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Normal | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Severe |
| हाँसिपुर स्वास्थ्य चौकी | ११ | ११२ | | २२ | १२१ | |
| काभ्रे स्वास्थ्य चौकी | ७ | २१८ | २ | १२ | ६८ | ४ |
| लोहरपानी स्वास्थ्य चौकी | ७ | ११७ | ३ | ४ | २९ | २ |
| जम्मा | २५ | ४४७ | ५ | ३८ | २१८ | ६ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ३.२१.१७ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। हाल स्थानिय तह गठन भए पछि जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाउँपालिका तथा नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ ।

समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा यस गाउँपालिकामा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

### ३.२१.१८ नागरिक सुरक्षा सेवा

#### सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरू एवं दलित बालबालिकाहरूले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने प्रावधान रहेको छ । यसै अनुरूप बंगलाचुली गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

**तालिका नं. ४२ :** गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण

| सामाजिक सुरक्षाको विवरण ( २०७३ ) | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | साबिकको गा.वि.स./न.पा. | जेष्ठ नागरिक (दलित) | | | जेष्ठ नागरिक (अन्य) | | | विधुवा महिला | पुर्ण अशक्त अपाङ्ग भएको व्यक्ति | | | आंशिक अशक्त अपाङ्ग भएको व्यक्ति | | | औषधी उपचार | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | हांशीपुर | ३५ | ३६ | ७१ | ७८ | ८३ | १६१ | ९३ | ५ | ४ | ९ | १ | १ | ० | ९१ | ९६ | १८७ | |
| २ | काभ्रे | ६८ | ६२ | १३० | ७८ | ६९ | १४७ | १६७ | ४ | ४ | ८ | ३ | ८ | ११ | १०८ | ९३ | २०१ | |
| ३ | लोहारपानी | २६ | २७ | ५३ | ५८ | ८६ | १४४ | १३२ | २ | ३ | ५ | ० | ० | ० | ६९ | ९७ | १६६ | |
| ४ | स्यूजा | ४८ | ४४ | ९२ | ३६ | ३५ | ७१ | १२० | ३ | ० | ३ | १ | १ | २ | ७६ | ७० | १४६ | द.पु. १ जना |
| | जम्मा | १७७ | १६९ | ३४६ | २५० | २७३ | ५२३ | ५१२ | १४ | ११ | २५ | ५ | १० | १३ | ३४४ | ३५६ | ७०० | |

*स्रोतः जिल्ला समितिको कार्यालय ,दाङ २०७३*

मथिको तालिकामा बंगलाचुली गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण दिईएको छ । जसमा बंगलाचुली गाउँपालिकाको हाँसीपुरमा, काभ्रे, लोहारपानी र स्यूजामा गरी जम्मा २१२० जनाले समाजिक सुरक्षा भत्ता पाएका छन् । जसको विस्तृत विवरण मथिको तालिका दिईएको छ ।

#### बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस बंगलाचुली गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका २.२० प्रतिशत (५३३ जना) बृद्धाबृद्धाहरू रहेका छन्। शारीरिक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्धा भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.८० प्रतिशत (६८० जना), ६५-६९ वर्षका २.८५ प्रतिशत (६९० जना) र ७० भन्दा माथी गरी जम्मा ६.८१ प्रतिशत (८०२ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पुस्ताले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ। राज्यले जेष्ठ नागरिकको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको भएता पनि ढल्कँदो उमेरको मनोविज्ञान अनुसार सामाजिक तथा पारिवारीक अनुकुलताको उपयुक्त व्यवस्था हुनु पर्ने देखिन्छ ।

### ३.२१.१९ महिला तथा बालबालिका

#### महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरूपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरूप महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरूपमा अझै पनि तुलनात्मकरूपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रूपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरूपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

यद्यपि गर्भवती महिलाहरूको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै

गाउँपालिका विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

नेपाल सरकार तथा विभिन्न निकायहरूले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन । यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ ।

बंगलाचुली गाउँपलिकामा महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरूको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

**तालिका नं. ४३ :** महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरूको विवरण

| क्र.सं. | साविकको गा.वि.स./न.पा. | महिला विकास कार्यालय बाट बनाईएका महिला समूह | महिला समूहका महिला सदस्य सङ्ख्या | महिलाको बचत तथा ऋण सहकारी सङ्ख्या | महिलाको बचत तथा ऋण सहकारीमा शेयर सदस्य सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | हांशीपुर | १२ | ६० | १ | २५ |
| २ | काभ्रे | ४५ | २५५ | १ | २५८ |
| ३ | लोहारपानी | १२ | ६० | - | - |
| ४ | स्यूजा | ९६ | ५३७ | १ | ४७२ |
| | जम्मा | १६५ | ९१२ | ३ | ७५५ |

*स्रोत : जिल्ला पाशर्वचित्र दाङ,२०७१*

## बालश्रमको अवस्था

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरूलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यको कर्णधार हुन् ।बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महशुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछिहरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ।जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरूलाई पनि अधिकाररूपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ ।

- ✓ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

- ✓ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
- ✓ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ✓ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- ✓ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- ✓ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ✓ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरूको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छासंविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चितता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रूपमा खटिएका बालबालिकाहरू, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरू, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरू, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरू र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरूको उदाहरणहरू समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरूको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

## बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण

कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

यस बंगालाचुली गाउँपालिकाको स्यूजामा १५ वटा बालक्लवमा २०७ बालकालिका सदस्यहरू रहेका छन् । जसको विस्तृत विवरण तल तालिकामा देखाईएको छ ।

**तालिका नं. ४४ :** गाउँपालिकामा रहेका बाल क्लब सम्बन्धी विवरण

| साविकको गा.वि.स. | बालक्लव सङ्ख्या | बालक्लव सदस्य सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | वालिका | वालक | दलित | जनजाति | अन्य |
| स्यूजा | १५ | २०७ | १०४ | १०३ | ४१ | ६६ | १०० |

## ३.२१.२० अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार बंगलाचुली गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसङ्ख्याको ३.५७ प्रतिशत (८६५ जना)अपाङ्गता रहेको छ। जसमा शारिरीक अपाङ्गता भएका २८५ (३२.९५ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका १२९ जना (१४.९१ प्रतिशत) श्रवण सम्बन्धी अपाङ्गता भएका १७५ (२०.२३ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ९६ जना (११.१० प्रतिशत) देखिन्छन् श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका २६ जना (३.०१ प्रतिशत), बौद्धिक अपाङ्गता भएका २३ जना (२.६६ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ४८ जना (५.५५ प्रतिशत) र बहु अपाङ्गता ८३ (९.६० प्रतिशत) रहेका छन् । लैंगिक हिसाब हेर्ने हो भने यस गाउँपालिकामा पुरुषको तुलनामा महिला अपांङ्गता ३.५७ प्रतिशत बढि छ । यहाँ पुरुष ४१७ (४८.२१ प्रतिशत) छ भने महिलाको ४४८ (५१.७९ प्रतिशत) रहेको छ ।


खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसङ्ख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा

तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ ( सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। अपाङ्गता विवरणलाई तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४५ :** अपाङ्गताको विवरण

| लिङ्ग | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गताक | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १४७ | ५३ | ७२ | ९ | ६० | २३ | १० | ४३ | ४१७ |
| महिला | १३८ | ७६ | १०३ | १७ | ३६ | २५ | १३ | ४० | ४४८ |
| जम्मा | २८५ | १२९ | १७५ | २६ | ९६ | ४८ | २३ | ८३ | ८६५ |
| प्रतिशत | ३२.९५ | १४.९१ | २०.२३ | ३.०१ | ११.१० | ५.५५ | २.६६ | ९.६० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*



## ३.२१.२१ खानेपानी तथा सरसफाई


परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

**तालिका नं. ४६ :** परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४८८ | ० | २ | ३५ | ६ | ७ | ० | २ | ५४० |
| २ | ३८८ | ० | ० | २३ | १८ | ६ | ० | ० | ४३५ |
| ३ | ३५५ | १ | ४५ | २२८ | १०४ | ३४ | १ | १ | ७६९ |
| ४ | ५१८ | ० | १ | ५८ | ७५ | ५१ | १ | ० | ७०४ |
| ५ | ३४१ | ० | ४ | ७१ | ११९ | २ | १ | ४ | ५४२ |
| ६ | ४१४ | ० | ३ | १३३ | ९ | ८ | ३ | ४ | ५७४ |
| ७ | २७२ | ० | ३० | १५९ | ८२ | ४४ | १५ | ८ | ६१० |
| ८ | १२६ | १ | ० | ३८९ | ६ | ३१ | १ | २ | ५५६ |
| **जम्मा** | २,९०२ | २ | ८५ | १,०९६ | ४१९ | १८३ | २२ | २१ | ४,७३० |
| **प्रतिशत** | ६१.३५ | ०.०४ | १.८० | २३.१७ | ८.८६ | ३.८७ | ०.४७ | ०.४४ | १००. ०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बंगलाचुली गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप रहेको छ । गाउँपालिकामा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी सङ्ख्या २,९०२ (६१.३५ प्रतिशत) छन् । दोस्रोमा खुल्ला इनार/कुवाको प्रयोग गर्ने घरधुरी सङ्ख्या १,०९६ (२३.१७ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै मुल/धाराको पानी प्रयोग गर्ने परिवार ४१९ (८.८६ प्रतिशत), ट्युबवेल तथा हाते पम्पको प्रयोग गर्ने घरधुरी सङ्ख्या २ (०.०४ प्रतिशत), ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी सङ्ख्या ८५ (१.८० प्रतिशत) र नदी/खोला तथा अन्य स्रोतको प्रयोग गर्ने घरधुरी सङ्ख्या २२६ (४.७८ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोत सबै वडाहरूमा धारा/पाइपको प्रयोग गर्ने घरधुरी नै रहेको पाइन्छ । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।




## शौचालयको विवरण

तालिका नं. ४७ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको ( सेप्टि ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ४४ | १००० | ७०३ | २९६२ | २१ | ४,७३० |
| **प्रतिशत** | ०.९३ | २१.१४ | १४.८६ | ६२.६२ | ०.४४ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बंगलाचुली गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार १००० ( २१.१४ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको सङ्ख्या ७०३ (१४.८६ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको सङ्ख्या ४४ (०.९३ प्रतिशत) देखिएको छ। यसैगरी सबैभन्दा धेरै घरमा शौचालय नभएको पाइएको छ जुन जम्मा घरपरिवार सङ्ख्याको ६२.६२ प्रतिशत आर्थात २,९६२ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यस अझै पनि शौचालय नभएको परिवार सङ्ख्या नै धेरै रहेको हुनाले शौचालय सम्बन्धि जनचेतना मुलक कार्यक्रमको आवश्यक देखिन्छ।यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




## वडागत शौचालयको सङ्ख्याको विवरण

तालिका नं. ४८ : वडागत शौचालय सङ्ख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको ( सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ११ | २९ | १०२ | ३९६ | २ | ५४० |
| २ | ५ | ८ | १३१ | २९१ | ० | ४३५ |
| ३ | ७ | १० | १४६ | ६०५ | १ | ७६९ |

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको ( सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ | ० | २१ | १३४ | ५४९ | ० | ७०४ |
| ५ | ५ | ४६७ | ५८ | ८ | ४ | ५४२ |
| ६ | ३ | ४४८ | ९४ | २५ | ४ | ५७४ |
| ७ | ८ | ५ | १६ | ५७३ | ८ | ६१० |
| ८ | ५ | १२ | २२ | ५१५ | २ | ५५६ |
| जम्मा | ४४ | १,००० | ७०३ | २,९६२ | २१ | ४,७३० |
| प्रतिशत | ०.९३०२ | २१.१४ | १४.८६ | ६२.६२ | ०.४४४ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा धेरै घरधुरीहरूले फ्लस भएको (सेफ्टि ट्याङ्की) शौचालय र साधारण चर्पीको प्रयोग भएको पाइन्छ  भने बाँकी सबै घरधुरीमा कशैचालयको प्रयोग नभएको पाईन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

(नोटः राष्ट्रिय जनगणना २०६८, अनुसार बंगलाचुली गाउँपालिकामा ६२.६२ प्रतिशत घरहरूमा शैचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नगरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका “एक घर एक चर्पी कार्यक्रम”, “खुला दिशा मुक्त क्षेत्र कार्यक्रम” लगायत जनचेतनामुलक कार्यक्रहरूले गाउँपालिकामा शैचालयको प्रयोग बढ्दै गएको छ ।)

# खण्ड ४ : तथ्याङ्क विश्लेषण

## ४.१. जनसांख्यिक विश्लेषण

नेपाल स्थित जनसांख्यिक कृयाकलापका लागि संयूक्त राष्ट्र संघीय (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसांख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयू, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्य अनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसांख्यिक चलहरूमा सकरात्मक संकेतहरू देखापर्नु आवस्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसांख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1) मा समेत सन् १९९१-२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१-२०११ मा १.३५ प्रतिशतमा कायम हुनुका पछाडि जनसाङ्ख्यिक चलहरू जसले ठूलो सङ्ख्यामा यूवाहरू विदेशिनुलाई जनचेतनामा भएको सकरात्मक परिवर्तनलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइँसराइको प्रवृत्तिले गर्दा काठमाडौँ उपत्यका तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसङ्ख्या वृद्धिको अत्याधिक चाप हुने र हिमाली र पहाडी जिल्लाहरू तथा विकट ग्रामीण इलाकाहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या । अर्थात काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कूल जम्मा ७६२१८१ हुँदा सन् २०११ को तथ्याङ्कमा १९,२१, ४९४ देखिन्छ । यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गरिन्छ ।

नेपालमा जनसङ्ख्या वृद्धिदरको प्रवृति विश्लेषण विगतका वर्षहरूमा उच्च वृद्धिदर हालका वर्षहरूमा केहि घटिरहेको अवस्थामा छ। यो राष्ट्रिय तथ्याङ्कीय प्रवृतिले बंगलाचुली गाउँपालिकाको समेत प्रतिनिधित्व गर्दछ । जनसङ्ख्याको विस्तृत विवरण गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख गरिएको छ । यद्यपि यस खण्डमा समेत यसको संक्षिप्त परिचर्चा गरिएको छ । यस गाउँपालिकामा जनसङ्ख्या वृद्धिदर न्यून (०.६७) रहेको छ । जनसङ्ख्या वृद्धिदर न्यून हुनुमा आन्तरिक र बाह्य बसाइँसराइ, वैदेशिक रोजगारी र ग्रामीण इलाकाबाट सुविधाकेन्द्रित शहरी केन्द्रतर्फ स्थायीरूपमा साथै रोजगारी तथा व्यापार व्यवसायका शिलशिलामा बसाईसराई नै प्रमुख कारणहरू हुन् । यसका साथै ढिलो विवाह, थोरै सन्तान, एकात्मक परिवार ढाँचा आदि अन्य कारणहरू हुन् । वि.सं. २०६८ को जनगणना अनुसार बंगलाचुली गाउँपालिकाको कुल जनसङ्ख्या २४,२४५ रहेको छ जुन वि.सं. २०५८ सालमा २२,६७९ थियो । जनसङ्ख्या वृद्धिदरको यही प्रवृति रहने हो भने वि.सं. २०९० सालमा यस गाउँपालिकाको जनसङ्ख्या २८,०८१ पुग्ने देखिन्छ । जनसङ्ख्या वृद्धिदरको यो प्रवृति कायम रहने हो भने यस गाउँपालिकाको भौतिक, आर्थिक, मानव संशाधन, सामाजिक, साँस्कृतिक र पर्यावरणीय विकासका लागि एकदमै सहज हुने देखिन्छ । तथापि यहाँका प्राकृतिक साधन स्रोतहरूको सही सदुपयोग र दिगो विकासमा विशेष ध्यान पुऱ्याउनु अति आवश्यक देखिन्छ ।

वडागत जनसङ्ख्या वितरणको विवरण हेर्दा बंगलाचुली गाउँपालिकाको वडा नं. ३ मा सबैभन्दा धेरै जनसङ्ख्या (३,५३६ जना) रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नं. २ मा (२,११४ जना) रहेको छ। औसत घरधुरी आकारका हिसाबले सबैभन्दा धेरै वडा नं. ८ मा ५.३९ र सबैभन्दा कम वडा नं. १ मा ४.४९ रहेको छ। गाउँपालिकाको समग्र औसत घरधुरी आकार ५.१३ रहेको देखिन्छ। जनघनत्वको हिसाबले गाउँपालिकाको औसत जनघनत्व ९८.९० जन प्रति वर्ग कि.मी. छ भने वडागत रूपमा सबैभन्दा बढी वडा नं. ३ मा १२३.०८ जना प्रतिवर्ग कि.मी. र वडा नं. ८ मा ५८.७८ जना प्रतिवर्ग कि.मी. रहेको छ। लैङ्गिक अनुपात ८१.३९ रहेको छ।


गाउँपालिकाको हालको जनसाङ्खिक चलहरूको प्रवृति हेर्दा बंगलाचुली गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर न्यून देखिन्छ। यद्यपि उपलब्ध तथ्याङ्क केही वर्ष पुरानो भएकाले ताजा अवस्थाको तथ्याङ्कबाट थप तथ्यपरक अनुमान गर्न सहज हुन्छ। तर पनि समग्र राष्ट्को जनसङ्ख्याको प्रवृति नै घट्दो दरमा रहेकाले आगामी दिनमा समेत यस गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक नभएतापनि उल्लेख्यरूपमा घट्ने देखिन्छ। विशेषगरी गाउँपालिकाको भौतिक, आर्थिक तथा सामाजिक विकासमा तीव्रता आउँदा आर्थिक क्रियाकलापमा व्यापक वृद्धि हुँदा बसाई सरी जाने जनसङ्ख्या घट्ने र सामान्य प्रजनन् दरले हालको वृद्धिदरमा ठुलो उथलपुथल हुने भने देखिँदैन। आगामी १५ वर्ष वा वि.स. २०९० सालमा कायम हुने प्रक्षेपित जनसङ्ख्या (२८,०८१) लाई मध्यनजर गरी भविष्यका योजनाहरू तर्जुमा गर्नु आवश्यक छ। जनसङ्ख्याको थप विवरण र प्रवृति तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४९ :** वडाअनुसार क्षेत्रफल, जनसङ्ख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औसत घरधुरी आकार | जम्मा घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | २३.४९ | ४.५ | ५४० | २,४२७ | १००२ | १४२५ | १०३.३२ |
| २ | १८.०७ | ४.९ | ४३५ | २,११४ | ९७२ | ११४२ | ११६.९९ |
| ३ | २८.७३ | ४.६ | ७६९ | ३,५३६ | १५०७ | २०२९ | १२३.०८ |
| ४ | २८.४२ | ४.८ | ७०४ | ३,३८३ | १४६८ | १९१५ | ११९.०४ |
| ५ | २७ | ५.७ | ५४२ | ३,१०८ | १३९९ | १७०९ | ११५.११ |
| ६ | २६.९३ | ५.१ | ५७४ | २,९४३ | १२९२ | १६५१ | १०९.२८ |
| ७ | ३६.३९ | ५.६ | ६१० | ३,४३६ | १६३४ | १८०२ | ९४.४२ |
| ८ | ५६.११ | ५.९ | ५५६ | ३,२९८ | १६०५ | १६९३ | ५८.७८ |
| **जम्मा** | **२४५.१४** | **५.१** | **४,७३०** | **२४,२४५** | **१०,८७९** | **१३,३६६** | **९८.९०** |

तालिका नं. ५० : बंगलाचुली गाउँपालिकाको अगामी १५ वर्षको जनसङ्ख्याको प्रवृत्ति विश्लेषण

| वर्ष | २००१ | २०११ | २०१८ | २०२३ | २०२८ | २०३३ | औसत वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| प्रक्षेपित जनसङ्ख्या | २२६७९ | २४२४५ | २५४०५ | २६२६८ | २७१५९ | २८०८१ | ०.६७ % |




## ४.२ SWOT विश्लेषण

कुनैपनि विकासको योजना वा गुरुयोजना निर्माण गर्दा विकास लक्षित स्थानको सबल पक्षहरू, दुर्वल पक्षहरू, सम्भावना तथा अवरोधहरूको समग्रतामा विश्लेषण गर्ने वैज्ञानिक पद्धतिलाई SWOT (Strength, Weakness, Opportunites and Threat) विश्लेषण भनिन्छ । यस खण्डमा गाउँपालिकामा गुरुयोजना निर्माणका दौरान वडा भेला तथा अन्तरक्रियाद्वारा स्थानीय गाउँबासी तथा जनप्रतिनिधिहरूको साक्षात्कारमा प्रत्येक वडाहरूबाट तत् तत् वडाहरूका सबल पक्ष, दुर्वल पक्ष, अवसर र सम्भावना तथा चुनौती र जोखिमहरूको बारेमा सूचना सङ्कलन गरी त्यसलाई समग्रमा व्यवस्थित ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ । यस कार्यबाट गाउँपालिकाका वस्तुगत आवश्यकताहरूलाई सम्बोधन र अवस्था आँकलन गर्न सहज हुन्छ ।

### ४.२.१ भौतिक पूर्वाधार

#### (क) भू-उपयोग

**सबल पक्षहरू**

- डाँडाहरू धेरै भएको र चुनढुङ्गाको राम्रो सम्भाव्यता भएको हुँदा वातावरणीय असरलाई न्यून गर्दै चुनढुङ्गा उत्खनन् क्षेत्र विस्तार गर्न सकिने
- केही स्थानहरूमा कोइलाको सम्भाव्यता रहेको हुँदा व्यवस्थित ढङ्गले उत्खनन् गर्न सकिने

- Quarzite Magnesite जस्ता कडा चट्टानहरू पाइने हुँदा विभिन्न प्रयोजनको लागि ढुङ्गाहरू बेचबिखन गर्न सकिने
- रातो माटो, खरि ढुङ्गाहरू प्रशस्त पाइने हुँदा व्यावसायिक रूपमा चक/पेन्टीङ सामग्रीको रूपमा प्रयोग गर्न सकिने
- यस प्रकारको ढुङ्गाको खानीलाई व्यवस्थित गरी बायोइन्जिनियरिङ आदिमा सडक निर्माण गर्न वा निर्माण कार्यमा प्रयोग गर्न सकिने
- खोलाको किनारमा मलिलो माटो भएको हुँदा उब्जनी राम्रो हुने
- भिरालो पहाडी भूभाग र केही समथर भूभाग हुँदा जैविक विविधताको कारण जडिबुटी लगायत बहुअयामिक ढङ्गले खेतीपाती गर्न सकिने
- कृषि पकेट क्षेत्र, जडिबुटिको पकेट क्षेत्र, वनको विस्तार र ढङ्गा उद्योगहरू सञ्चालन गर्न सकिने
- विविधतायुक्त भू-धरातल रहेको
- नदी, पोखरी तथा नालाहरू एवम् प्रशस्त जलाधार क्षेत्रहरू भएको
- उचाईको आधारमा उच्च भागहरू देखि बेँसी क्षेत्रहरू समेत भएकोले जलवायु तथा पर्यावरणमा विविधता रहेको

### दुर्बल पक्षहरू

- उच्च पहाडी भेगहरू भएकोले सडक निर्माण गर्दा ठूला-ठूला पहरा फुटाउनु पर्ने भएकोले जमिनको स्वरूप बिग्रन सक्ने ।
- पुर्वाधार निर्माण गर्दा वातावरणमैत्री प्रविधि अपनाउन नसके वातावरणमा प्रतिकुल असर पर्न सक्ने
- बाँझो जमिन बढ्दै जाँदा मरुभूमीकरणको जोखिम रहेको
- बाढी, कटान, खडेरी, पहिरोका कारण खेतीयोग्य जमिन मासिदै गएको छ
- पुराना तालहरू, मूलहरू, राजकुलोहरूको संरक्षण नहुँदा पानीका स्रोतहरू सुक्ने सम्भावना बढेको छ
- विभिन्न स्थानमा भू-स्खलन र बाढी, कटान, खडेरी आदीको जोखिम रहेको
- सिँचित क्षेत्रको कमी भएको

### सम्भावना र अवसरहरू

- Critus जातका फलफूलहरू जस्तै कागती, अमिलो, मौसम आदी फलफुलको व्यावसायिक उत्पादन गरी खाली, बन्जर, र बाँझो जमिनको प्रयोग गरी अर्थोपार्जन गर्न सकिने ।
- पोखरीहरू निर्माण गरी माछा पालन र अन्य आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।
- विउ विजन, वेमौसमी तरकारी खेती, कुखुरा फार्म, बाखा पालन, सुङ्गुर/बंगुर फार्महरू सञ्चालन गर्न सकिन्छ ।
- भू-उपयोगको उपयुक्त योजना बनाई वैज्ञानिक भू-उपयोग योजना लागु गर्न सकिने
- बाँझो जमिनमा जडिबुटी उत्पादन गरी व्यापक आय आर्जन गर्न सकिने
- विविधतायुक्त भू-धरातल भएकाले विभिन्न प्रकारका बहुमूल्य जडिबुटी तथा फलफूल उत्पादन गर्न सकिने
- भौगोलिक विविधता साथसाथै प्रशस्त वनजंगल भएकाले व्यापक जडीबुटी उत्पादन, कृषि पर्यटन, पर्या पर्यटन, माछा पालन, घरेलु उद्योगहरूको विकास गर्न सकिने
- भुई घाँसको र वन क्षेत्रको उपलब्धता भएकाले व्यावसायिक पशुपालन अन्तर्गत बाखा पालन गर्न सकिने
- उपयुक्त स्थानहरूको पहिचान गरी सुविधा सम्पन्न एकीकृत वस्ती विकास गर्न सकिने

- वन क्षेत्रको पुनरुत्थान र विस्तार गरी पर्यावरणीय पर्यटन विकास गर्न सकिने
- जमिनको अवस्था अनुसार जलस्रोतको पूर्ण सदुपयोग गरी आर्थिक विकास गर्न सकिने

### चुनौती तथा जोखिमहरू

- धेरै स्थानहरूमा योजना विना सडक सञ्जाल पुऱ्याउँदा दिगो विकासमा नकारात्मक असर परी कृषि भूमि मासिने, प्रकृतिको स्वरूप विग्रने जोखिम रहेको
- भू-स्रोतको अवैज्ञानिक प्रयोग गर्दा पारिस्थितिक पद्दतिमा ह्रास आई भू-स्वरूप विग्रने, पानीको स्रोत सुक्ने, कृषि पद्दतिमा ह्रास आउने, जमिन सुख्खा हुने जोखिम वृद्धि हुन सक्ने
- वर्षातको समयमा बाढी तथा पहिरोले बालुवा, गिट्टी खेतीयोग्य जमिनमा जम्मा गरिदिने र खेतियोग्य जमिनमा क्षति पुग्न सक्ने
- बाढी र भू-क्षयले धनजनको क्षति हुने
- भूकम्पको विनासको उच्च जोखिम रहेको
- नदी क्षेत्रको जमिनलाई वाँध बानी संरक्षण गर्नुपर्ने त्यसको लागि जैविक र वातावरणमैत्री प्रविधि अवलम्बन गर्नु उत्तम हुने
- गाउँपालिकामा रहेका अन्य खोलानालाहरूको नियन्त्रण तथा तटबन्ध गर्न नसक्दा उर्वर र उपयोगी जमिन नष्ट हुन सक्ने

## (ख) आवास

### सबल पक्षहरू

- गाउँपालिकाका छाप्रो/टहराहरू तथा कच्ची घरहरू व्यवस्थापन गरी अर्ध पक्की, पक्की घर निर्माणको थालनी भएको
- व्यक्तिगत जग्गामा प्लटीङ कार्य सञ्चालन भएको
- सुकुम्वासी वस्तीहरू नभएको तर केही बासिन्दाहरू सुकुम्वासी भएको
- पक्की घरहरू निर्माण हुन थालेको
- वडा भवन - वडा नं. २ को खरे पोखरी, ६-भुटनेटा
- कमिलेचौर दाङवाङ, भुटनेटामा सामुदायिक भवन रहेको
- भुर्कुटीमा १ वटा सामुदायिक घर रहेको छ, जसमा ५० जना अट्ने सभाहल रहेको
- हरेक क्षेत्रको विकास निर्माणलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी लिएको
- गाउँपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी अधिकार प्राप्त भएको केही आवास निर्माणको सामग्री जस्तै : ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता भएको
- आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था रहेको

### दुर्बल पक्षहरू

- छरिएर रहेका परम्परागत बस्तीहरूका कारण सेवा प्रवाह जटिल भएको
- अझै पनि धेरै घरहरू कच्ची, झुप्रो/छाप्रो/टहरोको रूपमा रहेको
- आर्थिक अवस्थाले कमजोर समुदायका कारण सबैले पक्की र अर्धपक्की घरहरू बनाउन नसक्ने
- सुरक्षित आवास निर्माण नभएकोले बाढी, पहिरोको कारण धनजनको क्षति भइरहेको
- कच्ची घरहरू, छाप्रो, टहराहरू सुरक्षित नभएको
- एकीकृत र सूरक्षित आवास निर्माणको लागि पर्याप्त बजेट र ठोस कार्ययोजना निर्माण भैनसकेको

- भवन तथा सूरक्षित आवास निर्माणका लागि गाउँमै प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको
- सूरक्षित घर निर्माणको जनचेतना अभाव रहेको
- मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको
- अति विपन्न समुदायका बासिन्दाहरूको सूरक्षित आवास सुनिश्चित हुन नसकेको

**सम्भावना र अवसरहरू**

- पुराना मौलिकतामा आधारित घरहरू, पुराना शैलीहरू हेर्न र अध्ययन गर्न स्वदेशी एवं विदेशी पर्यटन भित्र्याउन सकिने
- स्थानीयबासीको व्यापक जनसहभागिता स्वयं गाउँपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको
- प्रत्येक वडामा रहेका खुल्ला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी व्यवस्थित आवास निर्माण गर्न सकिने
- मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन दिन सकिने
- स्थानीय स्रोत र साधनको प्रयोग गरी सूरक्षित घरहरू बनाउन सकिने
- खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सूरक्षित घडेरी विकास गर्न सकिने
- वर्तमानमा विस्तार भइरहेका बजार केन्द्रलाई सुरक्षित आवास अनुकूल विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- विषम भौगोलिक धरातल भएकाले आवास योजना निर्माण गर्न खर्चिलो र जटिल रहेको
- छरपष्ट रहेका वस्तीहरूलाई एकीकृत गर्न जटिल
- उच्च भूकम्पीय संवेदनशील क्षेत्र रहेको
- भू-स्खलन र बाढी, डुवान, कटान आदीको जोखिम रहेको
- झुपडी, कच्ची र परम्परागत शैलीमा बनेका घरहरू असूरक्षित रहेको
- भू-उपयोग योजनाको व्यवहारिक कार्यान्वयन नभएको
- खोलाका किनारी भागहरूमा रहेका वस्तीहरू वढी जोखिममा रहेको
- पहिरोको जोखिम न्यूनिकरण गर्ने ठोस योजना नभएको

## (ग) सडक तथा यातायात

**सबल पक्षहरू**

- निर्माणाधिन वि.पि. मार्गले वडा नं. ७ र ८ को अधिकांश भाग छोएको जुन घोराही उपमहा-नगरपालिकाको मुलाबारीबाट बङ्गलाचुलीको वडा नं. ८ हुँदै वडा नं. ७ को विर्खे सम्म धेरै स्थानमा ग्राभेल र केही स्थानमा कच्ची सडक पुगेको साथै कालो पत्रे हुने काम भइरहेको
- निर्माणाधिन मदनभण्डारी मार्गले गाउँपालिकाको वडा नं. ३, ४, ५ र ६ लाई झण्डै बिचोबिचबाट छिचोलेर गएको र सो सडक समेत स्तरोन्नती भइरहेको
- वडा नं. ४ मा चुनढुङ्गा उख्खनन् क्षेत्र जोड्ने सडकले मदनभण्डारी मार्गमा जोडिएको
- निर्माणधीन बि.पी मार्ग र मदन भण्डारी मार्गले गाउँपालिका भित्रका प्राय धेरै सडकहरूलाई छोई सडक सञ्जालमा आबद्ध गराउने
- धार्मिक तिर्थस्थल, प्यूठानको स्वर्गद्वारी पर्यटकीय क्षेत्र र विभिन्न गाउँ जोड्ने सडकहरूको स्तरोन्नती गर्ने कार्यको सुरुवात भएको

- गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सडक सुविधाको विकास भइरहेको
- सबै वडाहरूलाई गा.पा. केन्द्रसँग जोड्ने सडक संञ्जाल हरू स्तरोन्नति भईरहेका

### दुर्बल पक्षहरू

- वर्षात्मा चुनढुङ्गा ओसार्ने मालवाहक गाडीहरूले ठूला-ठूला खाडल बनाएर सडकको अवस्था जोखिमयुक्त रहेको
- वर्षातको समयमा रातो माटोका कारण गाडीहरू बिग्रने, चिप्लने जस्ता समस्या रहेको
- कलभर्ट, रिटेनिङ पर्खाल (Retaining wall), कजवे, (Causeway) हरू नहुँदा बाटो छिटो बिग्रने, दुर्घटना हुने, जोखिमयुक्त सडकमा यात्रा गर्नुपर्ने
- बायो इन्जिनियरिङको कामहरूमा जोड दिई दिगो सडक निर्माण हुन नसकेको
- सडक नालीको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको
- सबै सडकहरू साँघुरा रहेका
- सार्वजनिक यातायातको लागि गाडी सङ्ख्या तथा गाडीको रुटको कमी रहेको
- सडकमा कलभर्ट पुल नाली नहुँदा व्यवस्थित पानी निकासको समस्या रहेको
- पहिरो जोखिम रहेका धेरै स्थानहरूमा दिगो सडक सञ्जाल विकासका लागि आवस्यक वृक्षारोपण तथा रिटेनिङ वाल कलभर्ट पुल नाली निर्माण नभएको
- सबैजसो सडकहरू चौडा नभएकाले धेरै साँघुरो घुम्तीहरू रहेका कारण दुर्घटनाको जोखिम उच्च रहेको
- धेरै स्थानहरूमा सहज आवागमनका लागि थप सडक विस्तार कार्य गर्न बाँकी
- सडक खण्डका विभिन्न स्थानहरूमा रहेका खोला र खोल्साहरूमा पुल निर्माण हुन नसकेको

### सम्भावना र अवसरहरू

- निर्माणाधिन मदनभण्डारी मार्ग/बी.पी.मार्गको पुर्णरूपमा निर्माण र स्तरोन्नति हुँदा चुनढुङ्गा उद्योग, पर्यटन उद्योग, कोइला खानीहरू उत्खनन् तथा निर्यात गर्न सकिने साथै कृषि उपज बजारीकरणमा ठुलो सहयोग भई गाउँपालिकाको मुहार फेरिन सक्ने
- सिधैँ प्यूठान, रोल्पासँग व्यापारिक एवं धार्मिक करिडोर निर्माण गरी स्वर्गद्वारी धार्मिक क्षेत्रसँग जोडिन सकिनुको साथै स्वर्गद्वारी धामको प्रमुख प्रवेश विन्दुकोरूपमा विकास गर्न सकिने
- नयाँ ट्र्याकहरू खोली सम्पूण बस्तीलाई सडक सञ्जालमा जोड्न सकिने
- सडकको स्तरोन्नती गरी, कृषि सडक सञ्चालन गरी प्रस्तावीत नयाँ ट्र्याकहरूको विस्तार गरी व्यापार व्यवसाय, शैक्षिक एवं सामाजिक स्तरमा सकारात्मक वृद्धि हुने
- स्थानीय खोलाहरूको नदी किनारलाई करीडोरको रूपमा विस्तार गरी विपत न्यूनिकरण तथा हरियाली प्रवर्द्धन गर्न सकिने
- प्रत्येक मन्दिर, गुम्बा, पिक्निक स्थल, धार्मिक एवं ऐतिहासिक हिसावले महत्वपूर्ण ठाउँ जोड्ने सडकले त्यहाँको प्रचार प्रसार आगमनमा सहयोग गरी रोजगारीको पनि सिर्जना हुने
- पहाडी सडकहरूमा वायोइन्जिनियरिङ र वैज्ञानिक ढङ्गबाट सडक निर्माण गरी दिगो विकास नमूना स्थापित गर्न सकिने
- राष्ट्रिय राजमार्गसँग जोडिएका महत्वपुर्ण रणनीतिक सडकहरूको निर्माण सम्पन्न गर्न सके गाउँपालिकाको कायापलट हुन सक्ने
- आन्तरिक सडक सञ्जालको पुर्णरूपमा विकास हुँदा गाउँपालिकालाई कृषि, पर्यटन र जडिबुटी उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको

- सम्पूर्ण वडाहरूलाई जोड्ने सडकको ट्र्याक खोली कच्ची अवस्थामा सञ्चालनमा आईसकेकाले ती सडकको स्तरोन्नति गरी गाउँपालिकाको बृहत्तर विकासमा ठूलो टेवा पुग्ने
- गाउँपालिकाको दायाँबायाँ हरियाली प्रवर्द्धन गर्न सकिने
- साथै स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने

### चुनौती तथा जोखिमहरू

- योजनाबद्ध ढङ्गले सडक निर्माण नगरी जथाभावी ट्र्याकहरू खोल्दा वातावरण तथा त्यहाँका जीवजन्तुको बासस्थानमा असर पुग्न गई पहिरोको जोखिम वृद्धि हुन सक्ने
- सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा कृषि भुमि मासिने, विभिन्न स्थानमा रहेका तालहरू मासिने र वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ ।
- सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव
- सडक व्यवस्थित गर्न नसक्दा कच्ची सडकका कारण धुलो तथा प्रदुषण वृद्धिको समस्या
- भू-क्षयीकरणको समस्या
- साँघुरा र घुम्तीयुक्त सडकले दुर्घटनाको वा सडक सुरक्षा जोखिम धेरै रहेको
- सडक विस्तारले वन जंगल फँडानी भई हरित क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्ने

## (घ) पिउने पानी

### सबल पक्षहरू

- सबै वडामा विभिन्न उपभोक्ता समितिमार्फत् खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका
- पुठा बचपोखरा लिफ्ट खानेपानी आयोजना हाल सम्म १.५ करोडको लागतमा निर्माण हुँदै गरेको
- रूपला खोला तापा लिफ्टिङ खानेपानी आयोजनाले ४०० घरधुरीहरू लाभान्वित भएका
- ADB-Skim-4 अनुसार पुठा बचपोखरा खानेपानी आयोजनालाई १ वटा ट्याङ्की र खानेपानी आयोजनालाई सहयोग भएको
- लिफ्ट खानेपानीमार्फत् कमिलेचौर र अन्य धेरै स्थानहरूमा खानेपानीको माग पूर्ति गर्न सकिने
- वर्षात्को पानी सङ्कलनको प्रयास भएको जसअनुसार २ लाखमा २५ हजार लिटरको ट्याङ्की मार्फत् २५/३० घरमा पानी आपुर्ति गरिएकोमा हाल बन्द भएको
- निर्माणाधिन बंगलाचुली लिफ्ट खानेपानी आयोजना मार्फत ५०० घरमा पिउने पानी पुऱ्याउने लक्ष्य रहेको
- आकाशे पानी जम्मा गरी प्रयोग गर्न सकिने
- खानेपानीको स्रोतहरू प्रशस्त भएका साथै उपभोक्ताहरूले आफ्नो टोल अनुसार नजिकको स्रोतहरू प्रयोग गरिरहेका
- धेरै मानिसहरूले धारा र मूलको पानी सेवन गर्ने गरेको
- घैंटी ट्याङ्की मार्फत् पिउनेपानी तथा अन्य प्रयोजनको लागि पानीको प्रबर्द्धन गर्न सकिने
- वर्षात्को पानी सङ्कलन गरी विकट क्षेत्रमा पिउने पानीको प्रबन्ध गर्न सकिने
- लिफ्ट प्रविधिको प्रयोग गरी पिउने पानीको प्रबन्ध गर्न सकिने

### दुर्बल पक्षहरू

- मुलतः पहाडी भूभाग भएकोले डिप बोरीङको सम्भाव्यता न्यून रहेको यद्यपि खोलाको नजिक रहेका बस्तीहरूमा भने सम्भावना हुन सक्ने
- प्रशस्त पानीका मुहानहरू भएतापनि पिउने पानीको समस्याको रूपमा नै रहेको
- पानीका यी प्रमुख श्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको
- फोहोर व्यवस्थापन योजना नभएको

### सम्भावना र अवसरहरू

- दुर्गम क्षेत्रहरूमा एक घर एक आकाशे पानी सङ्कलन ट्याङ्की निर्माण गरी खानेपानीको समस्या समाधान गर्न सकिन्छ ।
- निर्माणाधीन लिफ्ट खानेपानी आयोजनाले खानेपानीको समस्या न्यून हुने
- लिफ्टिङ गरिएको पानीलाई विभिन्न स्थानमा ट्याङ्की बनाइ जम्मा गरी वितरण गर्न सकिने
- सबै वडाहरूमा कृत्रिम पोखरी र पुराना पोखरी संरक्षण गरी जिवजन्तुको पानीको आवश्यकता पुर्ति हुनेछ
- शुद्ध मूलको पानीबाट पानी उद्योग सञ्चालनमा ल्याई पानीको व्यावसायिक उत्पादन र वितरण गर्न सकिने
- एकीकृत जलाधार संरक्षणको योजना बनाई उपलब्ध पानीका सम्पुर्ण मुहानहरूको संरक्षण गर्न सकिने
- पानीका वैकल्पिक स्रोतहरूको उपयोग गरी दिगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने ।
- वर्षातको पानी सङ्कलन गरी प्रयोगमा ल्याउने प्रविधि अवलम्बन गर्न सकिने ।
- घर-घरमा पानी सङ्कलन ट्याङ्की राख्न प्रोत्साहन गरेमा दिर्घकालीन हिसाबले पिउनेपानीको समस्या समाधान गर्न सकिने ।

### चुनौती तथा जोखिमहरू

- गाउँपालिकाको आधारभूत आवश्यकताको रूपमा रहेको खानेपानी आयोजनाहरू निर्माण गर्दा धेरै लगानी लाग्ने हुँदा लगानीको स्रोत कठिन र चुनौतिपुर्ण रहेको
- जलस्रोत संरक्षण सम्बन्धी ठोस कार्यक्रम निर्माण नहुँदा पानीका मुहानहरू सुक्ने वा पानी खेर जाने जोखिम रहेको
- पानीका मुहानहरूलाई दिगो रूपमा संरक्षण गर्न बजेटको व्यवस्था, प्राविधिक ज्ञान र कार्यान्वयन संयन्त्र निर्माण गर्नुपर्ने
- फोहोर व्यवस्थापनका लागि व्यवस्थित योजना निर्माण गर्नुपर्ने

## (ङ) सिँचाई

### सबल पक्षहरू

- जलश्रोत र खोलाहरू भएकोले सिँचाइ कुलो र आवश्यक स्थानमा पानी लिफ्टिङ गरी सिँचाई पुऱ्याउन सकिने
- झाँक्री रहदेखी जरे रोकीनडाँडा पाइप सिँचाइको सर्भे प्रदेश सरकारबाट गरिएको
- मानखोला, अरङ खोला र अन्य पानीको स्रोत भएका खोलाहरूले नजिक रहेका खेतहरूमा सिँचाईको सुविधा उपलब्ध रहेको

- केही स्थानमा डिप बोरीङको सम्भाव्यता रहेको ।
- प्रत्येक वडामा खानेपानी आयोजनाहरू, लिफ्ट सिँचाइ परियोजनाहरूको योजना तथा कार्यान्वयनको चरणमा रहेकाले भविष्यमा सिँचाई सहज हुने
- परम्परागत कुलो मर्मत र सुधार गरी आवश्यकता र सम्भाव्यताका आधारमा लिफ्ट सिँचाइलाई प्राथमिकता दिन सकिने
- मुहान, खोलाहरूमा तटबन्ध निर्माण गरी सिँचित क्षेत्र विस्तार गर्ने ।
- प्रशस्त पोखरी, तलाउहरू, मुलहरू भएको ।
- विभिन्न पोखरी, मूलहरूबाट सम्भाव्यता हेरी सिँचाइ गर्न सकिने ।
- गाउँपालिकाभर रहेका जलाधार क्षेत्रको नक्शाकन गरी जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिने

### दुर्बल पक्षहरू

- पहाडी भू-स्वरूप भएकोले धेरै स्थानहरूमा सिँचाइको सुविधा नहर पुऱ्याउन कठिन र बढी लागत लाग्ने सम्भावना भएको
- भूमिगत जलस्रोतको सम्भावना हेरी सदुपयोग गर्न नसकिएको
- गाउँपालिकामा उपलब्ध जलस्रोतको सही सदुपयोग हुन नसकेको
- व्यवस्थित र वैज्ञानिक सिँचाई योजनाको निर्माण हुन नसकेको
- परम्परागत प्रविधिमा आधारित कुलोहरूको मर्मत संभार नियमित हुन नसकेको

### सम्भावना र अवसरहरू

- वर्षातको पानी सङ्कलन गरी सिँचाइ सुविधा नभएको स्थानहरूमा समस्या समाधान गर्न सकिने
- विभिन्न स्थानमा रहेका पोखरीहरूको मर्मत सम्भार गरी माछा पालन र सिँचाइ गर्न सकिने
- गाउँपालिकाका विभिन्न स्थानमा रहेका नदी, खोला, नालाहरू, पोखरीहरू तथा पानीका मुहानहरूलाई संरक्षण गरी सिँचाई योजना निर्माण गर्न सके कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने
- सम्भाव्यता हेरि लिफट सिँचाई आयोजना सञ्चालन गर्न सकिने
- प्रत्येक वडामा रहेका परम्परागत सिँचाई कुलोहरूको मर्मत संभार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने
- प्रत्येक वडामा स्थानमा कृत्रिम जलाशयहरू तथा पोखरी निर्माण गरी जल पर्यावरणीय प्रणालीको विकास गर्न सकिने
- खेतीयोग्य उर्वर क्षेत्रको पहिचान गरी संभाव्य स्थानबाट सिँचाईको प्रबन्ध गर्न सकिने
- थोपा तथा फोहरा सिँचाई प्रणालीको विकास गर्न सकिने

### चुनौती तथा जोखिमहरू

- योजनावद्ध सिँचाइ कार्यक्रम नहुँदा व्यवस्थापनमा समस्या भएको
- जलस्रोतको सही सदुपयोग र व्यवस्थापन हुन नसकेको
- लिफ्ट आयोजना/डिप वोरिङका सामानहरू बिग्रिएमा दक्ष जनशक्तिको अभाव
- सार्वजनिक पोखरी तलाउहरू अतिक्रमणको मारमा परेको
- पानीको स्रोतहरू संरक्षण अभावले सुक्ने जोखिम बढेको
- सिँचाई प्रणाली व्यवस्थित र वैज्ञानिक नहुँदा क्षयीकरण तथा बाढीको जोखिम हुन सक्ने देखिएको
- वैज्ञानिक जलस्रोत संरक्षण योजनाको अभाव रहेको
- सम्पुर्ण जलाधार क्षेत्र तथा पानीका मुहानहरूको नक्साङ्कन हुन नसकेको ।

## (च) विद्युत् तथा ऊर्जा

### सबल पक्षहरू

- वडा नं. २ को पुरुङ छेडामा वैकल्पिक र वातावरणमैत्री वायु उर्जा उत्पादनको लागि परिक्षण सुरु भइसकेको
- वडा नं. ७ र ८ (साविक हाँसीपुरमा) बिजुली बत्ति नपुगे पनि सोलार प्राय सबै घरमा पुगेको
- सुधारिएको चुलो निर्माण गर्ने अभ्यास सुरु भएको
- विद्युत नपुगेको स्थानमा विद्युतीकरणको अभियान सुरु भएको ।
- विद्युत नपुगेको स्थानहरूमा बत्ति बाल्न वैकल्पिक सोलार उर्जा प्रयोगमा आएको
- सौर्य उर्जाको प्रयोग भएको, भुर्की दियालो, पेनलाइट, टुकिबत्ति प्रयोग गरिएको
- खाना पकाउन केही घरहरूमा LPG, Bio Gas को प्रयोग भएको
- प्राय घरपरिवारहरूले भैंसी, गाई, गोरु पालेकोले गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्न सकिने
- वनजंगलमा खेर गइरहेका काठ तथा पात पतिङ्गर आदिको वैज्ञानिक उपयोग गरी जैविक उर्जाकोरूपमा प्रयोग गर्न सकिने

### दुर्बल पक्षहरू

- विद्युत प्रसारण लाईनको कमजोर अवस्थाका कारण आकाशबाट पानी पर्दा, हावाहुरी चल्दा, चट्याङ पर्दा १-२ दिन विद्युत प्रसारण अवरुद्ध हुने
- वडा नं. ७ र ८ मा विद्युतिकरण नभएको साथै वडा नं. २ को वडा कार्यालयमा समेत विद्युत नभएको
- केही स्थानहरूमा ट्रान्सफर्महरू रहेको तर अपुग
- विद्युत पुगेपनि केही घरमा मिटर जडान नभएको
- धेरै घरहरू खाना पकाउन दाउरामै निर्भर हुनुपरेको
- सोलार प्रणाली जडान गर्ने क्षमता नभएका परिवारहरू रहेको
- हालसम्म समेत विद्युतिकरण नभका घरहरूमा मट्टितेल/टुकि मार्फत बत्ति बाल्न बाध्य भएको
- विद्युतका पोलहरू काठको भएका स्थानहरूमा धातु वा सिमेन्टका पक्की पोलहरूले प्रतिस्थापन गर्नुपर्ने र प्रसारण लाईन सुधार गर्नुपर्ने अवस्था रहेको
- Low Voltage को समस्या रहेको
- काठका पोलहरू भिज्दा सर्ट सर्किटिङ् हुने समस्या रहेको
- सार्वजनिक सडक बत्तिहरूको व्यवस्था नभएको
- विद्युतीय उर्जालाई समान ढङ्गले वितरण गर्न विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव रहेको

### सम्भावना र अवसरहरू

- पुरुङ छेडामा वायु उर्जाको परीक्षण सफल भएमा विभिन्न ठाउँमा वायु उर्जा उत्पादन मार्फत गाउँपालिकालाई नै विद्युतीय उर्जामा आत्मनिर्भर बनाउन सकिने ।
- वायु उर्जाको अध्ययन एवं अनुसन्धानको क्षेत्रकोरूपमा गाउँपालिकालाई नमूना बनाउन सकिने
- विद्युत नपुगेको वडा, गाउँ, टोलमा विद्युतीकरण गरी गुणस्तरीय जिवन मापन गर्न मद्धत पुऱ्याउने ।
- प्रस्तावित अर्जुनखोला र चिसवा खोलाको दोभानमा बाँध बाधेर माइक्रो हाइड्रो पावर निर्माण गर्न सकिने
- नविकरणीय उर्जामा लगानी गरी विद्युतीय समस्या समाधान गर्न सकिने । (जस्तै : सौर्य उर्जा, वायू उर्जा, गोबरग्याँस आदि)
- साना विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्न सकिने

#### चुनौती तथा जोखिमहरू

- पूर्वाधार विकासको दरिलो पक्ष विद्युतको आधारभूत विकास अर्थात विद्युतीकरणको प्रारम्भिक कार्य सम्पन्न नभएको र हालको प्रसारण लाईनको अवस्था कमजोर रहेकाले उर्जा क्षेत्रमा व्यापक लगानी गर्नुपर्ने
- पर्याप्त बजेटको अभाव
- अस्थायी प्रकृतिका काठका पोलबाट ट्रान्समिशन लाइन विस्तार गर्दा करेन्ट तथा आगलागीको जोखिमको सम्भावना बढी हुने
- उर्जाको पर्याप्त व्यवस्था नहुँदा बाहय लगानीमा आधारित उद्योगधन्दा आकर्षण गर्न कठिन

### (छ) सञ्चार

#### सबल पक्षहरू

- मोबाइल सेवाको सुविधा भएको
- इन्टरनेट सेवाको सुविधा भएको (बजार क्षेत्रमा)
- एफ.एम रेडियो सुन्ने तथा स्याटलाइट टेलिभिजन हेर्न सकिने
- खबर आदानप्रदान सहज भएको

#### दुर्बल पक्षहरू

- मोबाइलको भरपर्दो सेवाको विस्तारका लागि सम्पूर्ण स्थानमा नेटवर्क कभरेज नभएको
- ईन्टरनेट सेवाको Network Coverage कम हुँदा प्रभावकारिता नभएको र सबै स्थानमा पहुँच नभएको
- सार्वजनिक स्थानहरूमा निशुल्क ध्षष को व्यवस्था नभएको
- राष्ट्रिय दैनिकहरूको उपलब्धता सहज नभएको

#### सम्भावना र अवसरहरू

- Landline/TV Network/Internet सेवा विस्तार भएको खण्डमा संचारको पहुँच गाउँगाउँमा पुग्ने र सञ्चार क्षेत्रले रोजगारी पनि सृजना गर्न सकिन्छ ।
- उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने

#### चुनौती तथा जोखिमहरू

- तीव्ररूपमा शहरी विकास र विस्तार नभएकाले सञ्चार क्षेत्रको विकास र विस्तार गर्न कठिनाई रहेको
- सञ्चार माध्यामको नकारात्मक प्रभावका कारण सामाजिक व्यवहार तथा संरचनामा नकारात्मक असर परेको
- सञ्चार तथा सामाजिक सञ्जालको दुरूपयोग बढ्दै गएको यसले विषेशगरी बालबालिकाहरूलाई असर गरेको

## ४.२.२ सामाजिक पूर्वाधार

### (क) शिक्षा

#### सबल पक्षहरू

- गाउँपालिकामा ५ वटा मा.वि., ६ वटा नि.मा.वि., ३१ वटा प्रा.वि., २ वटा निजी विद्यालयको साथै ५ वटा बाल विकास केन्द्र सञ्चालनमा छन् ।
- धेरै विद्यालयमा खेलमैदानको व्यवस्था भएको

- केही विद्यालयमा पुस्तकालयको व्यवस्था भएको
- विद्यालयमा शौचालयहरू निर्माण भएको
- विगतका वर्षहरूका भन्दा शिक्षाको पहुँचमा सर्वसाधारणहरू पुगेको
- विद्यालयमा भर्नादरमा वृद्धि भएको
- महिला शिक्षामा व्यापक सुधार भएको
- अधिकांश जनतामा शिक्षा जीवनको अपरिहार्य आवश्यकता हो भन्ने जागरण आएको

## दुर्बल पक्षहरू

- प्रत्येक वडामा पर्याप्त सङ्ख्यामा शिक्षण संस्था नभएको
- गुणस्तरीय शिक्षाको कमी रहेको
- धेरै विद्यालयमा शुद्ध पिउने पानी नभएको
- शौचालयहरू निर्माण भएपनि आवश्यक पर्ने पानी, सरसफाइको समस्या देखिएको
- आधारभूत र माध्यमिक शिक्षाको सामान्य सुविधा भएपनि स्नातक वा सो भन्दा माथि उच्च शिक्षाको सुविधा न्यून रहेको
- विद्यालयमा विषयगत शिक्षकको कमी
- विद्यालय तथा विद्यार्थीहरूमाझ स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको
- प्राविधिक शिक्षाको कमी भएको
- प्राय विद्यालयमा भवन कच्ची र असूरक्षित रहेका
- प्राय सबै विद्यालयहरूमा आवश्यक शैक्षिक पूर्वाधारको कमी भएको
- अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकूद सामग्रीको अभाव भएको
- उपयुक्त खेल मैदानको व्यवस्था नभएको
- लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको
- विद्यालयमा स्वच्छ पिउने पानी तथा छात्रा मैत्री शौचालयको प्रवन्ध नभएको

## सम्भावना र अवसरहरू

- स्वर्गद्वारी धामको प्रवेशद्वारकोरूपमा रहेको यस गाउँपालिकामा संस्कृत पाठशालाको स्थापना गरी संस्कृत भाषाको पठन पाठन गरी विद्यार्थीलाई आकर्षण गर्न सकिन्छ ।
- मगर सभ्यताको अध्ययन केन्द्रको रूपमा गाउँपालिकालाई चिनाउन सकिनेछ ।
- कृषि, भेटनरी, जस्ता टेक्निकल विषयहरूको अध्ययन गर्न छुट्टै विद्यालय निर्माण गरी जनशक्ती निर्माण गर्न सकिन्छ ।
- साँस्कृतिक भ्मगअबतष्यल ज्गदको रूपमा विस्तार गर्न सकिन्छ ।
- विभिन्न विषयमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई आफ्नै गाउँपालिकाभित्र अध्ययन अनुसन्धान गर्न आकर्षित गर्ने र तिनीहरूलाई सहयोग गर्ने ।
- आवश्यक मात्रामा थप शैक्षिक संस्थाहरू स्थापना गर्न सकिने
- प्राविधिक शिक्षालयहरू स्थापना गर्न सकिने
- निजी क्षेत्रको सहयोग लिन सकिने
- प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गर्न सकिने
- विद्यमान शिक्षण संस्थाहरूको स्तरोन्नती गर्न सकिने
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनुपर्ने

### चुनौती तथा जोखिमहरू

- आवश्यक आधारभूत शैक्षिक पुर्वाधारहरूको तत्काल व्यवस्था गर्नुपर्ने
- समयमै विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको सम्बोधन नगर्दा राष्ट्रलाई आवश्यक सक्षम, दक्ष, र कर्मठ नागरिक उत्पादन हुन नसक्दा दीर्घकालीन क्षति व्यहोर्नुपर्ने अवस्था हुनसक्ने
- समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधा सम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने
- गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने
- अनुगमन प्रणालीको व्यवस्था गर्नुपर्ने
- शैक्षिक क्यालेण्डर व्यवस्थित गर्नुपर्ने
- शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने
- बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाई पद्धतिको विकास गर्नुपर्ने
- अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने
- हरेक विद्यालय सुचना प्रविधियुक्त बनाउनु पर्ने
- सबैका लागि शिक्षा अभियान सञ्चालन गर्नुपर्ने
- प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवस्था गरिनुपर्ने
- शैक्षिक ऋण तथा छात्रवृतिको व्यवस्था गरिनुपर्ने
- गाउँपालिकाबाट प्राविधिक विषय पढ्न सक्ने विद्यार्थीहरूलाई गाउँमा सेवा गर्ने वातावरण बनाई मापदण्डको आधारमा विशेष सहयोग गर्नुपर्ने
- अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने
- छरिएर रहेका बस्तीहरूको कारण विद्यालयको पहुँच कतिपय स्थानहरूमा टाढा रहेको
- भत्किएका र जीर्ण भवनहरूमा पठनपाठन गराउनुपर्ने वाध्यता

## (ख) स्वास्थ्य

### सबल पक्षहरू

- बोक्ष पोखरा प्राथमिक स्वास्थ्य केन्द्रमा १ जना MBBS डाक्टर सहित ल्याब असिस्टेन्ट, ३ जना सि.एम.ए र २ जना एच.ए को सुविधा रहेको
- वडा नं. १ को बोक्ष पोखरामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न अस्पतालको रूपमा विकास गर्न हाल पाँच करोडको लगानी भईरहेको
- गाउँपालिकाको विभिन्न वडाहरूमा कुल ६ वटा क्लिनिकहरू र २१ वटा खोप केन्द्रहरू रहेको
- वडा नं. २ मा सामुदायिक स्वास्थ्य एकाई बढि पोखरामा स्वीकृत भएको
- वडा नं. ३ कमिलेचौरमा स्वास्थ्य चौकीको साथै बर्थिङ सेन्टर रहेको
- कमिलेचौरमा प्रस्तावित १५ सैयाँको अस्पताल निर्माणको लागि ५० लाख बजेट विनियोजन भएको
- वडा नं. ४ को तापामा सामुदायिक स्वास्थ्य एकाई स्वीकृत भई बन्ने प्रक्रियामा र गहतेरामा सामुदायिक स्वास्थ्य एकाईको संरचना हस्तान्तरण प्रक्रियामा गएको ।
- वडा नं. ५ को मुर्कुटीमा एक एम्बुलेन्सको सुविधा सहित स्वास्थ्यचौकी रहेको
- वडा नं. ६ को भुटनेटामा सामुदायिक स्वास्थ्य एकाई स्वीकृती भएको
- वडा नं. ७ को ल्हापेमा प्राथमिक स्वास्थ्य केन्द्र रहेको
- वडा नं. ८ हाँसीपुरमा स्वास्थ्यचौकी र आर्युवेद अस्पताल सञ्चालनमा रहेको

- वडा नं. १ मा ६ जना, २ मा ६ जना, ३ मा ४ जना , ४ मा ७ जना, ५ मा ७ जना, ६ मा ७ जना, ७ मा ७ जना र ८ मा ७ जना गरी गाउँपालिकामा ५१ जना स्वास्थ्य स्वयम् सेविकाहरूले सेवा पुऱ्याई रहेको
- गाउँपालिकाको प्रत्येक वडाहरूमा ग्रामीण खोप केन्द्रहरू र महिला स्वयंमसेविकाहरू आवस्यकता अनुसार परिचालित रहेको
- विगतका वर्षहरू भन्दा स्वास्थ्य सेवामा केही सुधारहरू भएका
- गाउँपालिकाद्वारा विभिन्न रोगका लागि घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालनको सुरुवात भएको ।
- स्वास्थ्य क्षेत्रमा प्रभावकारी र आवस्यक सेवा सञ्चालन तथा विस्तारको लागि गाउँपालिकाद्वारा योजना निर्माण भएका

**दुर्बल पक्षहरू**

- वर्षेनी झाडापखाला, आउँ, हैजा, आखा पाक्ने, टाइफाइड, लुतो, एलर्जी, निमोनीया आदीबाट मानिसहरू प्रभावित हुने र केहीको ज्यानै जाने गरेको
- अस्पतालको भवन, संरचना, विज्ञ चिकीत्सकहरूको अभाव
- सम्पूर्ण प्रविधियुक्त स्वास्थ्य केन्द्रको अभाव
- विशेषज्ञ चिकित्सकको अभाव
- औषधीको अभाव
- सम्पुर्ण सुविधायुक्त प्रयोगशालाको अभाव
- स्वास्थ्य केन्द्रमा सुरक्षित र फराकिलो भवनहरूको अभाव
- सुविधा सम्पन्न बर्थिङ सेन्टरको अभाव
- सुत्केरी गराउन लैजाने दुरी र सवारी साधनको अभाव
- शौचालय तथा सुरक्षित पिउने पानीको अभाव
- दरबन्दी अनुसार चिकित्सकको अभाव
- भ्याक्सीन फ्रिजको अभाव
- एम्बुलेन्सको अभाव
- आपतकालीन उपचार सेवाको अभाव
- शल्यक्रिया सेवा, रक्तसञ्चार सेवा, डाइग्नोष्टिक (Diagnostic)सेन्टरको अभाव
- सर्जिकल सामग्री, एक्सरे तथा अन्य आवश्यक उपकरणको अभाव
- २४ सै घण्टा उपचार सेवाको अभाव

**सम्भावना र अवसरहरू**

- प्रस्तावित एवं माग गरिएको कार्यक्रमहरू सम्पन्न हुन गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा धेरै सुधार गर्न सक्ने
- प्राथमिक स्वास्थ्य केन्द्र बीच पोखरामा गाउँपालिका र छिमेकी जिल्ला प्यूठानबाट समेत विरामी आउन सक्ने र मानवीय चहपहल बढ्ने
- भएका स्वास्थ्य क्षेत्रहरूको स्तरोन्नती गरी विरामीलाई राम्रो सुविधा दिन सकिने
- प्राकृतिक जडिवुटीहरूको सम्भाव्यता अध्ययन गरी प्राकृतिक चिकित्सालय सञ्चालनमा ल्याउन सकिने
- स्थानीय धामी झाँक्रीहरूलाई आधारभूत तालिम दिई जडिबुटी लगायत वैकल्पिक उपचारमा सहयोग लिन सकिने

- जडीबुटी सङ्कलन, प्रशोधनबाट गाउँपालिकाको आर्थिक अवस्था सुदृढ गर्न सकिन्छ ।
- निजी क्षेत्रलाई स्वास्थ्य सेवा पुऱ्याउन आवश्यक पहल गर्न सकिने
- वैकल्पिक चिकित्सा पद्धति जस्तै : जडिवुटी, होमीयोप्याथी, प्राकृतिक चिकित्सा तथा योग ध्यान केन्द्रको व्यवस्था गर्न सकिने
- विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नती गरी सेवा प्रभावकारी बनाउन सकिने

**चुनौती तथा जोखिमहरू**

- विपन्न अवस्थामा रहेका नागरिकहरको उपचारको उचित प्रबन्ध नगरे ज्यान जोखिममा पर्न गाई आधारभूत अधिकारबाट बञ्चित हुनुपर्ने
- स्वास्थ्य  सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा विरामीको अकालमै ज्यान जान सक्ने
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने
- स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको सहायता गरी सुविधा सम्पन्न बनाउनुपर्ने
- स्वास्थ्य चेतनाका अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने
- आवश्यक सङ्ख्यामा विशेषज्ञ चिकित्सक र कर्मचारीको दरबन्दी कायम गर्ने चुनौती रहेको

## (ग) संस्कृति

**सबल पक्षहरू**

- मगरहरूको बाहुल्यता रहेको हुँदा मगर संस्कृतिको र सभ्यताको अध्ययन गर्न उपयुक्त थलो
- स्थानीय नाचहरू जस्तै : भैले नाच, सोरठी, भजन, लाखे नाच, झ्याउरे नाच, माडी खोले नाच, झाम्रे नाच, चुट्का नाच, धामी नाच्ने (कुल पुजामा), झुर्मा नाच, हुरी खेल्ने, ठाडी भाका, रतौली गीत, फागु गित जस्ता साँस्कृतिक नाच एवं गितहरूले त्यहाँको संस्कृतिको महत्व बढाउँछ साथै यी सम्पदाहरूलाई पर्यटकहरू आकर्षणका लागि सदुपयोग गर्न सकिने
- नयाँ वर्ष मेला, दशै, तिहार, माघेसंक्रान्ति मेला, नागपञ्चमी, होली, क्रिसमस, शिवरात्री मेला, काका पुजा, दुर्गा मेला आदि जस्ता मेलाहरू देख्न सकिन्छ ।
- झाक्री पद्धतिबाट गरिने औषधि उपचारले पनि त्यहाँको संस्कृतिमा विविधता ल्याउँछ ।
- विभिन्न साँस्कृतिक कार्यक्रम विभिन्न नाच आदिले त्यहाँको साँस्कृतिक बहुलता रहेको स्पष्ट छ ।
- गुम्बा, गुफा, मन्दिरहरू देख्न सकिन्छ जुन पर्यटकका लागि विशेष आकर्षण हुन सक्छ ।
- विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसी सांस्कृतिक विविधतामा धनी रहेको ।
- धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म संस्कृतिको परम्परा कायम राखिरहेको ।
- विशेष गरी मगर, दलित आदि जस्ता आदीवासी जनजाति लागयत जातीहरूको मौलिक संस्कृतिहरू रहेको
- यस प्रकारका समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने ।
- आदिवासी जनजातिका सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक संग्रहालय तथा सांस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्न सकिने

### दुर्बल पक्षहरू

- धेरै स्थानमा रोपाइमा गाइने बाली गित अहिले लोप हुँदै गएको
- पुराना भाकाहरूको संरक्षण, सम्वर्द्धनमा जोड दिइएको छैन
- सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको
- सञ्चार माध्यामको नकारात्मक प्रभावका कारण मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेको
- कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको

### सम्भावना र अवसरहरू

- गाउँपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन समेत प्रवर्द्धन गर्न सकिने
- यसका अलावा आदिवासी जनजातिहरूको मुख्य बसोबास भएका क्षेत्रहरूमा होम-स्टेको विकास गर्न सकिने
- गाउँपालिका हुँदै स्वर्गद्वारी जाने पर्यटकहरूलाई यी साँस्कृतिक सम्पदाहरूको माध्यमले गाउँपालिकामा होमस्टे मार्फत रोक्न सकिने

### चुनौती तथा जोखिमहरू

- समुदाय र राज्य दुवैका उदासिनताका कारण यस प्रकारका मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने
- सम्बन्धित समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रर्वद्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने चुनौती रहेको

## (घ) लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल-प्रवाहिकरण

### सबल पक्षहरू

- विगतमा भन्दा महिला जनचेतनामा सुधार आएको
- छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको
- गाउँपालिकामा सांस्कृतिक, धार्मिक सहिष्णुता कायम रहेको
- संचार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मुल प्रवाहीकरण गर्न स्थानीय सरकारमा अधिकार प्राप्त भएको ।

### दुर्बल पक्षहरू

- गाउँपालिकामा उमेर नपुगी विवाह गर्ने प्रवृति हालसम्म कायमै रहेको
- गाउँपालिकामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी भएपनि परम्परागत रूपमा रहेको लैङ्गीक विभेद अन्त्य हुन नसकेको
- जातीय भेदभाव समेत पुर्णरूपमा अन्त्य हुन नसकेको
- सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको
- पछाडि परेका सम्पुर्ण समुदायलाई सामाजिक सुरक्षा र सवलीकरणका ठोस कार्यक्रम लागु गर्न नसकिएको

**सम्भावना र अवसरहरू**

- शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बनेको
- सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिने सम्भावना

**चुनौती तथा जोखिमहरू**

- लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा प्रत्यक्ष नकारात्मक असरको जोखिम रहेको
- महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्ने चुनौती रहेको
- सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्न चुनौती रहेको
- व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाती, अल्पसंख्यक र सीमान्तकृतहरूलाई विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने चुनौती रहेको
- प्रसुती सेवाको व्यवस्था गर्नुपर्ने, प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने
- घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने चुनौती रहेको
- आमा समूहहरू गठन गरी जाँड रक्सीको विकृतिविरुद्ध अभियान चलाउनुपर्ने
- बालविवाहलाई दण्डित गरिनुपर्ने
- पिछडिएका, सीमान्तकृत र विपन्न वर्गको सामाजिक सुरक्षा र सवलीकरणका लागि प्रभावकारी कार्यक्रम कार्यान्वयन तत्काल लागु गर्ने चुनौती रहेको

## (ङ) शान्ति सुरक्षा

## (च) खेलकुद तथा मनोरञ्जन

**सबल पक्षहरू**

- खेलकुदको लागी विभिन्न विद्यालयहरूमा सानो भएपनि खेल मैदान रहेको साथै खाली जग्गामा पनि खेलकुदका क्रियाकलापहरू हुने गरेको
- धुर्चे चौर, पोखरीडाँडा, बाटुली, पोखरी, फाँटा स्कुलमा, बंगलाचुली फेदमा, पखटेछेडा, टोड्के लेकमा, लामपोखरी, तारेचौर (पट्टाखेल्ने डाँडा) मा खेलमैदान प्रस्ताव गरिएको
- खरे पोखरा, भोमेयान नजिक, बाटुले पोखरी जवलीबाध, बंगलाचुली, पोखटाछेडा रातामाटा, हाँसीपुरमा कभर्टहल निर्माण गर्न प्रस्ताव गरिएको
- बोझ पोखरा, बढि पोखरा (सर्भे भएको), तापा चोक, भुर्कुटी, भुटनेटामा सभाहलको प्रस्ताव गरिएको
- बंगलाचुली खेल मैदान जुम्लेपानीमा बन्दै
- रातामाटा (जबरकोटमा) खेलमैदान बन्दै
- ऐतिहासिक पर्यटकीय, एवं धार्मिक महत्वका क्षेत्रलाई पार्क तथा पिकनिकस्थलको रूपमा विकास गर्ने योजना रहेको
- डाँडाहरूमा View Tower निर्माण तथा मन्दिरहरूको व्यवस्थापन गरी मनोरञ्जनका कार्यक्रमहरू गर्न सकिने

#### दुर्बल पक्षहरू

- सम्पूर्ण खेलकुद पूर्वाधारको विकास नभएको
- प्रतिभावान खेलाडीहरूको पहिचान गर्ने संयन्त्र र पद्धति नभएको
- नियमित तालिम र प्रशिक्षणको व्यवस्था नभएको
- खेलकुद सामग्रीको पर्याप्तता नभएको
- खेलाडीहरूलाई प्रोत्साहन नभएको
- नियमित प्रतियोगिता आयोजना भैरहने वार्षिक क्यालेण्डर नभएको
- खेल क्षेत्रप्रति आम सर्वसाधारणहरूको दृष्टिकोण सकारात्मक नरहेको

#### सम्भावना र अवसरहरू

- खेल क्षेत्र र रंगशालाको विकास मार्फत गाउँपालिकालाई खेलकुद प्रतियोगिता स्थलकोरूपमा विकसित गर्न सकिने
- मनोरम प्राकृतिक छटाको दृश्यावलोकन मार्फत मनोरञ्जन लिन सकिने
- सफा, सुन्दर क्षेत्र भएकाले पर्यटकहरू आकर्षित हुन सक्ने
- विभिन्न राष्ट्रिय एवम् स्थानीय खेलहरू मार्फत् स्थानीय प्रतिभाहरूको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा ख्याति प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्न सकिने

#### जोखिम तथा चुनौति

- खेल क्षेत्रको विकासले समेत आर्थिक क्रियाकलाप वृद्धि भई समृद्धि ल्याउँछ भन्ने सोचको विकास गर्ने चुनौति रहेको
- सम्पुर्ण खेलकुद पुर्वाधारको विकास गर्न यथेष्ट लगानी जुटाउने चुनौति रहेको
- खेलकुदमा ख्याति प्राप्त गर्न सक्ने प्रतिभाहरू प्रष्फुटन हुन नसकेको
- खेल क्षेत्रलाई व्यावसायिक बनाउन युवाहरूलाई आकर्षण गर्न चुनौति रहेको

### (छ) शवदाह स्थल तथा चिहान व्यवस्थापन

## ४.२.३ आर्थिक पूर्वाधार

### (क) कृषि

#### सबल पक्षहरू

- गाउँपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा संलग्न रहेका
- बेसार, अदुवाको लागि गाउँपालिकाको सबै स्थानमा सम्भावना हुँदा बेसार उद्योग सञ्चालन गर्न सकिने
- माथि उल्लेख भएअनुसार व्यावसायिक बाख्रा पालन, मौरी पालन, माछा पालन, कुखुरा पालनको प्रशस्त सम्भावना भएको
- कृषि समूहमार्फत बिउविजन वितरण गर्न शुरु गरेको
- सहकारी क्षेत्रबाट केही सहजता भएको
- गाउँपालिकामा जलवायु अनुकुल बालीनाली, फलफूल तथा जडिबुटी उत्पादन गर्न सकिने
- गाउँपालिकामा काउली, बन्दा, टमाटर, भ्यान्टा, खुर्सानी, लौका, फर्सी, करेला, धनिया, पालक, गाजर, मुला, प्याज, धान, मकै, तरुल, गहुँ आदी खेती हुने
- अधिकांश घरपरिवार कृषिमा संलग्न भएको हुँदा गाउँपालिकामा कृषि उत्पादनको लागि पर्याप्त जनशक्ति रहेको

- सिँचाईको लागि उपलब्ध जलस्रोतको पुर्णरूपमा सदुपयोग गर्ने योजना निर्माण गर्न सकिने
- गाउँपालिकाका प्रत्येक वडाहरूमा पालिएका गाई, भैंसी लगायत सम्पुर्ण घरपालुवा जनावरहरूलाई सुरक्षित राख्न H.S.B.Q., F.M.D लगायत विभिन्न भ्याकसिन लगाइएको
- गाउँपालिकाले कृषिलाई प्राथमिकताको साथ प्रबर्द्धन गर्ने नीति लिएको
- रैथाने जातका बालीनालीहरूको प्रर्वद्धन गरी अर्गानिक खेती गर्न सकिने

## दुर्बल पक्षहरू

- कृषिमा बिचौलियाको दवदवा रही बजार मूल्य अस्थिर हुनाले कृषकहरूले उचित लाभ पाउन नसकेको
- सुदृढ कृषि सडकको समस्या रहेको
- बजारको सुनिश्चितता नभएको
- कृषि उपजहरूमा विभिन्न रोगहरू जस्तै- धान (सिन्दुरे), मकै (गुमाउरो, सुकेनास), बाख्रा (पि.पि.आर, भ्यागुत्ते, प्यारालाइसीस आदि)
- पशु चरन क्षेत्र घटेको र व्यवस्थित नभएको
- बिउबिजनको सहज उपलब्धता नभएको
- वैज्ञानिक कृषि विकास गुरुयोजना निर्माण नभएको
- व्यावसायिक खेती नभएको
- सिँचाई सुविधा पर्याप्त नभएको
- प्राविधिकहरूको पर्याप्तता नभएको
- बीउविजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नभएको
- कृषकलाई नियमित तालिम तथा कृषि प्राविधिक र विज्ञहरूको उपलब्धता नभएको
- कृषि बजार मूल्य वैज्ञानिक नभएको
- मलखाद तथा कृषि सामाग्रीको आपुर्तिमा असहजता रहेका
- किटनाशक औषधि, कृषि औजार, आधुनिक प्रविधि, पशु औषधालय तथा कृषि विमाको पर्याप्त व्यवस्था नभएको
- सुलभ र सरल कृषि कर्जाको व्यवस्था नभएको
- गाउँपालिकाका अधिकांश जनता कृषि पेशामा संलग्न रहेता पनि कृषिजन्य उत्पादनको लागत मुल्यमा वृद्धि भई उत्पादन कम भई गाउँपालिका खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको

## सम्भावना र अवसरहरू

- व्यावसायिक बाख्रा, कुखुरा, तरकारी, मौरीपालन गरी स्वरोजगार एवं गाउँपालिकाको आम्दानी बढ्ने प्रचुर सम्भावना रहेको
- व्यावसायिक फलफुल खेती मार्फत रोजगारी सृजना गर्न सकिन्छ।
- गाउँपालिकालाई फलफूल उत्पादन, पशुपंक्षी पालन, मौरीपालन र जडिबुटी उत्पादनमा देशकै नमुना गाउँपालिका बनाउन सकिने
- गाउँपालिकामा ताल, पोखरी बनाएर सिँचाई गर्न सकिने प्रशस्त सम्भावना रहेको
- गाउँपालिकामा दर्ता भएका कृषि समुह तथा सहकारीबाट व्यावसायिक कृषि कर्जा प्रदान गरी कृषि क्षेत्रको विकास गर्न सकिने
- बाख्रापालन र तरकारी खेतिबाट कृषि पर्यटनको केन्द्रकोरूपमा विकास गर्न सकिने

- विशेष अध्ययन र अनुसन्धान गरी विभिन्न प्रजातिका जडिबुटी अर्थात गैह्र काष्ठ जन्य बहुमूल्य वन पैदावारको व्यावसायिक उत्पादन गर्न सकिने
- गाउँपालिकामा उपलब्ध पोखरी तथा जलस्रोतको उपयोग गरी विभिन्न जातका माछा पालन गर्न सकिने
- च्याउ खेती, केरा फर्म, बंगुर फर्म र अदुवाको व्यावसायिक उत्पादन गर्न सकिने
- नगदेवाली र फलफूललाई प्राथमिकता दिन सकिने/कफिको सम्भाव्यता अध्ययन गरी उत्पादन गर्न सकिने
- व्यावसायिक कुखुरा तथा हाँस पालन गर्न सकिने
- विभिन्न सम्भाव्य खेतीयोग्य क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादन वृद्धि गर्न सकिने

### चुनौती तथा जोखिमहरू

- कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन भएकोले कृषि व्यवसायतर्फ आर्कषण गरी कृषकको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सक्ने स्थितिको निर्माण तुरुन्त गर्नुपर्ने
- कृषिलाई पूर्णरूपमा वैज्ञानिकिकरण गरी व्यावसायिक बनाउनुपर्ने
- कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीको अन्त्य गरिनुपर्ने
- रासायनिक मल र किटनाशक औषधिको सन्तुलित प्रयोग गर्नुपर्ने ।
- माटोको उर्वराशक्ति कायम गर्न ठोस कदम चाल्नुपर्ने ।
- सिँचाइको प्रबन्ध गर्नुपर्ने
- कृषि विज्ञ र प्राविधिकको व्यवस्था हुनुपर्ने
- मल, बिउ विजन र औषधिको उपलब्धता हुनुपर्ने
- कृषि बजारीकरण र मूल्य सन्तुलनमा ठोस काम गर्नुपर्ने
- भण्डारणको उचित प्रबन्ध गरिनुपर्ने
- सम्पुर्ण आधारभूत कृषि पूर्वाधारको समूचित विकास गरिनुपर्ने

## (ख) पर्यटन

### सबल पक्षहरू

- प्रस्तावित होमस्टेहरू- कालिमाटी, धनडाँडा, धिमधिमे, दाङवाङ, जुम्लेपानी, मगरग्राम, कोलह र साकिने, मुसुरे, घोरली डाँडा, शिरुखर्क, हाँशिपुर, मगर होमस्टे लामी दीवालीले पर्यटकहरूलाई आकर्षित गर्ने छन् ।
- बंगलाचुली पर्यटकीय क्षेत्रको गुरुयोजना मन्दिर बनाउने, रिङरोड बनाउने, घेरावार गर्ने कामको सुरुवात भैरहेको
- कृषि पकेट क्षेत्रका कारण कृषि पर्यटनको धेरै सम्भावना रहेको
- परम्परागत बाली गीत, मगरको बनघाटी, टेम्की नाँच, टप्पा नाँच, भ्याउरे, लठ्ठी नाँच, सोङ्गी नाँच, घाटु पर्व, जोखीया नाँच, छेको नाँच, झाक्री उपचार विधीको पैया नाँचको माध्यबाट व्यवस्थित सांस्कृतिक महोत्सव राखी प्रचार-प्रसार गरी पर्यटन उद्योग सञ्चालन गर्न सकिने
- Home Stay लाई व्यवस्थित, सफा, सुलभ गरी सेवा प्रदान गर्ने ।
- तिर्थस्थलसम्म ट्रेकिङ रोड, सडक सञ्जालको योजनाबद्ध विकास गर्ने ।
- पर्यटनको सबै प्रकारका सम्भावनाहरू भएको जस्तै : दृश्यावलोकन, पर्यापर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, होमस्टे, ट्रेकिङ, साँस्कृतिक पर्यटन आदीको राम्रो विकास गर्न सकिने

- गाउँपालिकाले पर्यटनलाई प्राथमिकताका साथ विकास गर्ने नीति लिएको
- स्थानीय मौलिक कला र संस्कृतिमा साँस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने
- उपयुक्त जलवायु भएको
- पर्यटनका सबै प्रकारको सम्भावना भएको उदाहरणका लागि रमणीय पहाडी थुम्का र मनोरम दृश्य देखिने, पर्यापर्यटनको सम्भावना, औषधिय पर्यटन, कृषि पर्यटन आदिको प्रचुर सम्भावना भएको
- ट्रेकिङ लगायत अन्य साहसिक पर्यटनको सम्भावना भएको

### दुर्बल पक्षहरू

- सडक यातायात पर्याप्त नभएको साथै अधिकांश कच्ची रहेको
- होटल तथा पर्यटक बस्ने रेष्टुरेन्ट आदिको राम्रो सुविधा नभएको
- पर्यटन सूचना केन्द्र नभएको
- सुरक्षाको उचित प्रबन्ध नभएको
- आपतकालीन उद्धारको उचित व्यवस्था नभएको
- स्वास्थ्य उपचारको सेवा  पर्याप्त नभएको
- पर्यटक पथ प्रर्दशक तथा व्यावसायिक गाइडहरू नभएको (ट्राभल ऐजेन्सीहरू नभएको)
- बैङ्क तथा ए.टि.एम सुविधा नभएको

### सम्भावना र अवसरहरू

- घोड सवार मार्फत सम्पूर्ण पर्यटकीय क्षेत्रहरू घुम्न, दर्शन गर्न सकिने
- धिमधिमेबाट स्वर्गद्वारीमा केवलकारको सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्न सकिने
- गाउँपालिकाका पर्यटकीय क्षेत्रलाई सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गर्न सकिने
- पर्यटकीय क्षेत्र विशेषको नाममा सांस्कृतिक कार्यक्रम, खेलकुद, पुरस्कार राखी प्रचार एवं संरक्षणका कार्यक्रम सञ्चालन गर्न सकिने
- पर्यटनका सम्पूर्ण आयामहरूको विकास र विस्तार गर्न सकिने ।
- सबल पक्षमा उल्लेखित लगायत खेल पर्यटन, जल पर्यटन, क्याम्पिङ, योगा, ध्यान आदिका केन्द्रहरू स्थापना गरी स्वास्थ्य पर्यटनको समेत विकास गर्न सकिने पर्याप्त सम्भावना भएको
- गाउँपालिकाका संभाव्य स्थानहरूमा वनभोज स्थल, शहिद स्मारक, बाल उद्यान तथा अन्य पर्यटकीय पुर्वाधारको विकास गर्न सकिने
- विभिन्न जातजातिहरूको संस्कृति झल्कने साँस्कृतिक संग्रहालय स्थापना गर्न सकिने

### चुनौती तथा जोखिमहरू

- पर्यटन विकासको ठोस कार्यक्रम नभएकोले सामान्यतया सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्नुपर्ने चुनौती (पर्यटन पूर्वाधारहरूको कार्यक्रम खण्डमा उल्लेख भएको )
- निजी क्षेत्रलाई आर्कषण गर्नुपर्ने चुनौती
- व्यापक रूपमा सडक यातायातको विकास गर्नुपर्ने
- बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुने जोखिम
- सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम

## (ग) उद्योग तथा वाणिज्य

### सबल पक्षहरू

- गाउँपालिकामा मह प्रशोधन उद्योग, ब्रिकेट उद्योग, जडिबुटी प्रशोधन एवं सङ्कलन उद्योग, फलफुल प्रशोधन उद्योग, साबुन उद्योग, खोटो सङ्कलन उद्योग, चिउरी डिस्ट्रीलरी खोली व्यावसायिक उत्पादन तथा बिक्री गर्न सकिने ।
- कागज उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सकिने
- नयाँ उद्योगमा फर्निचर, साबुन उद्योगको सम्भावना भएको
- परम्परागत पेशालाई आधुनिक र व्यावसायिक बनाउन सकिने
- गाउँपालिका बजार क्षेत्रभित्र स-साना होटल, पसलहरू रहेका
- सिप विकास तालिममा सिलाईकटाईबाटल महिला सबलीकरणमा सहयोग पुग्ने देखिन्छ ।
- कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता हुन सक्ने
- पर्यटन उद्योगको विकास गर्न सकिने
- बाखापालन व्यावसायिकरूपमा विकास गरी सम्बन्धित उद्योगको विकास गर्न सकिने
- स्थानीय जनशक्तिको सदुपयोग गरी कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने
- जल सम्पदामा आधारित मिनरल वाटर उद्योग स्थापना गर्न सकिने
- पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु/हाड/छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने
- कपडा तथा गलैंचा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने
- गाउँपालिकामा रहेका पोखरीहरू तथा कृत्रिम पोखरी निर्माण गरी व्यावसायिक माछापालन गर्न सकिने
- नदी बगर क्षेत्रमा क्रसर उद्योग, इँटा उद्योग, काष्ठ उद्योग तथा मीलहरूलाई विकास र विस्तार गर्न सकिने

### दुर्बल पक्षहरू

- भौगोलिक विकटता
- औद्योगिक ग्रामीण तथा लघु कर्जामा उद्यमीलाई ऋण पाउन समस्याका साथसाथै व्याजदर चर्को
- कृषि उपज, कृषि सामग्री तथा निर्माण सामग्रीहरूको ढुवानीको समस्या
- उद्योगको प्रचुर सम्भावना भएतापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष, जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको
- निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिएको
- बैङ्क तथा वित्तीय संस्थाहरू पर्याप्त नभएको
- सुरक्षाको पर्याप्तता नभएको
- स्थानीय पुँजी बजारहरूको विकास भै-नसकेको

### सम्भावना र अवसरहरू

- विभिन्न उद्योगहरू, चुनढुङ्गा, कोइला, मह, चिउरी, बिक्रेट, जडिबुटी आदि स्थापना एवं सञ्चालन गरी बेरोजगारीको समस्या समाधान गर्न सकिने
- पर्यटन उद्योगलाई बढावा दिई पर्यापर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन र अन्य पर्यटकिय क्षेत्रको महत्व बढाउन सकिन्छ ।

- औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके गाउँपालिकामा सम्भावना र अवसरहरूको प्रचुरता रहेको
- सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी गाउँपालिकाको विकास गर्न सकिने
- घोराही उप-महानगरपालिका निकट रहेकोले गाउँपालिकाबाट बजारीकरण तथा लगानीको पर्याप्त सम्भावना भएको

### चुनौती तथा जोखिमहरू

- उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता अपराध आदिको वृद्धि हुन सक्ने
- औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढंगले लाग्न चुनौती रहेको
- उद्योग विकासको लागि सडक, यातायात, विद्युत तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने चुनौती रहेको
- विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदुषण वृद्धि हुन सक्ने
- स्थानीय पुँजीलाई पुर्ण सदुपयोग गरी बाह्य लगानी आकर्षण गर्ने चुनौती रहेको

## (घ) बैङ्क, वित्तीय संस्था तथा सहकारी

### सबल पक्षहरू

- वडा नं. १ मा चन्द्रज्योती महिला बचत तथा ऋण सहकारी संस्था-बोझ्पोखरा, जयशिद्धी कृषि सहकारी संस्था-बोझ्ग पोखरा, सगरमाथा बाल क्लब-कालीमाटी, उभ्का मन्दिर व्यवस्थापन समिति-उभ्का, सञ्चालनमा
- वडा नं. २ मा विजय लघुवित्त घोराहीबाट काम गरिरहेको छ भने वडामा सिर्जनशिल महिला समुह, टोल सुधार समुह, विहानी उज्यालो बाल क्लब, मिरमिरे बाल क्लब छन् ।
- वडा नं. ३ मा सिटिजन बैंक कमिलेचौर र कृषि बचत तथा सहकारीहरू रहेको
- वडा नं. ४ मा छिमेकी लघुवित्त, चौतारी लघुवित्त, महिला सामुदायिक लघुवित्तको शाखा अफिस कमिलेचौरमा छन् भने वडामा काभ्रे कृषि सहकारी, कमिलेचौर, होत्ताराज स्मृती उपभोक्ता समिति, कमिलेचौर, महिला बचत तथा ऋण सहकारी, कमिलेचौरमा छन् ।
- वडा नं. ५ मा छिमेकी लघुवित्त मुर्कुटी, महिला सामुदायिक केन्द्र-मुर्कुटी, चौतारी लघुवित्त मुर्कुटीमा छन् भने अन्य सहकारीहरू १९ वटा सहकारीहरू वडा नं. ५ मा रहेको र बचत समुह पनि ९ वटा रहेको
- वडा नं. ६ मा छिमेकी लघुवित्त मुर्कुटी र चौतारी  लघुवित्त मुर्कुटीले काम गरिरहेका छन् भने सुनकेशरी सहकारी संस्था, गाउले कृषि सहकारी, जलकुण्डी युवा क्लब सक्रिय छन् ।
- वडा नं. ७ मा छिमेकी लघुवित्त, हाँसीपुरले काम गरिरहेको छ साथै बृक्ष कृषि सहकारी संस्था, दाव, वडा स्तरीय बाल क्लब, नव चेतन कृषि सहकारी संस्था छन् ।
- वडा नं. ८ मा छिमेक लघुवित्त, हाँसीपुरमा र सहकारी संस्थाहरू कस्तुरी कृषि सहकारी, जनहित महिला बचत तथा ऋण सहकारी, होम स्मृती सहकारी संस्था, रानी थुम्की बाल क्लब सञ्चालनमा रहेका छन् ।
- वडामा आवश्यकता अनुसार आमा समूहहरू सक्रिय रहेका छन् ।
- वडा नं. ६ मा मात्रै सहकर्मी समाजले १५ वटा समुह बनाइ काम गरिरहेको छ ।
- गाउँपालिकामा ऋण तथा कर्जामा विभिन्न कृषि समुहहरू पनि सक्रिय रहेको

**दुर्बल पक्षहरू**

- उद्योग तथा कलकारखानाहरूको स्थापनामा गर्न आवश्यक पूर्वाधार र वातावरण नबनेको
- स्थानीय पूँजीको विकास कमजोर रहेको
- ठूला बैंकहरू छैनन् ।
- सहकारीको स्थापना भएतापनि लगानीको क्षेत्र र दायरा ठूलो हुन नसकेको

**सम्भावना र अवसरहरू**

- उद्योग, कलकारखाना, बजारकेन्द्र, व्यापारिक कारोबारको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको साथै यी क्षेत्रको विकास गर्न सके बैङ्क तथा वित्तीय संस्थाहरूको विकास हुन सक्ने सम्भावना रहेको
- सहकारीको विकास मार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने
- अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने
- स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र विस्तार गर्न सकिने
- सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीति अनुरूप "एक टोल एक सहकारी घर-घरमा रोजगारी" अभियान सञ्चालन गर्न सकिने
- सबल पक्षमा उल्लेखित सम्पूर्ण क्षेत्रलाई व्यापक रूपमा विकास गरी गाउँपालिकाको विकास गर्न सकिने

**चुनौती तथा जोखिमहरू**

- औद्योगिक पूर्वाधार तथा उद्योगहरू, व्यापारिक केन्द्रहरू र स्थानीय पूँजीको विकास गर्ने चुनौती रहेको
- बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतीको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने जोखिम रहेको ।
- सबल सहकारीहरूको संस्थागत विकास नहुँदा स्थानीयहरूको पूँजी वृद्धिमा बाधा हुन सक्ने ।

## ४.२.४ वातावरण तथा विपद् व्यवस्थापन

### (क) वन, जलाधार तथा भू-संरक्षण

**सबल पक्षहरू**

- गाउँपालिकाको कूल क्षेत्रफल २४५.१४ वर्ग कि.मि.मध्ये वनजंगलले १९३.५६ वर्ग कि.मी. र झाडी क्षेत्रले ४.०५ वर्ग कि.मि. भू-भाग जमिन ओगटेको
- सम्पूर्ण भूभाग महाभारत क्षेत्रमा पर्ने
- घना जंगल क्षेत्र भएको
- साना साना पानीका मुहान प्रशस्त भएका
- जडिबुटी, वन्यजन्तु, वनस्पति जस्ता प्राकृतिक सम्पदामा धनी भएको
- प्राकृतिक स्रोतले धनि भएको
- दृश्यावलोकन गर्न विन्दुहरू भिर, पाखा, खोल्सीहरू प्रशस्त रहेका
- घना जंगलका कारण भूसंरक्षणमा राम्रो भूमिका खेलेको
- गाउँपालिकामा सामुदायिक वनहरूको विकास भएको उदाहरणको लागि : वडा नं. १ मा ५ वटा ( गौरीकुण्ड दर्साकोट सा.व., घोर्ले सवरगैरा सा.व., शिव सा.व., शिरूपाटा-जौलेपोखरी सा.व. र वागेश्वरी सा.व.), वडा नं. २ मा ४ वटा (धर्मपानी सा.व., सुनौली सा.व., स्याला छरछरे सा.व, सुनछहरी सा.व.), वडा नं. ३ मा ४ वटा (जनचेतना सा.व., सिस्नेरी सालघारी सा.व., सिद्ध मण्डली सा.व., सरस्वती सा.व.), वडा नं. ४ मा (जुद्धविर सा.व., ल्वाङ्गे, झकुले सा.व., जुम्लेपानी गढी सा.व., गैवालेक सा.व.,

भुमे बराह सा.व. र सिमलपानी सा.व.), वडा नं. ५ मा ५ वटा (लहरेनी सा.व., सम्लेरी सा.व., वंगलाचुली सा.व., खारखोली सा.व., हिमाली लालीगुराँस सा.व.), वडा नं. ६ मा -५ वटा (लालीगुराँस सा.व., वराह सा.व., शिद्धबाबा सा.व., जनकल्याण सा.व., सिउडे), वडा नं. ७ मा ४ वटा सा.व. ( शिर्जना सा.व., देशान्तरी सा.व., खड्क मन्दिर सा.व. र चेतनशील सा.व.) र वडा नं. ८ मा ४ वटा ( गोगन पानी सा.व., ओखलढुंगा सा.व., दैले ढुङ्गा सा.व., न्यूकालीका सा.व.) विभिन्न स्थानमा रहेका

- थुप्रै पुराना परम्मरागत पोखरीहरू विभिन्न स्थानमा रहेका । तिनीहरूको पुननिर्माण गर्न सकिने
- जडिबुटीहरू : टिमुर, अमला, दालचीनी, गढीरे, ढुङ्गेफुल, हर्रो, बर्रो, रिठा, सुगन्धवालको व्यावसायिक उत्पादनको सम्भावना रहेको
- जनावरहरू एवं वनस्पतीले धनि क्षेत्र रहेको । वनस्पतिहरूमा साल, सम्ला, चिउरी, साज, तिजु, चिलाउने, कटुस, राजु आदि छन् भने जनावरमा राते घोरल, बाँदर, दुम्सी, भार्से, कालिज, लुइचे, बँदेल, आदि मुख्य छन् ।
- कमिलेचौरमा न्क्ष्श्त ६० र सा.व.को सहकार्यमा टिमुर सुकाउन प्लाष्टिकको सानो कोठाबनेको ।
- जलवायुको विविधता भएकोले वनस्पति र वन्यजन्तुका विविधता भएको
- उपयुक्त स्थानहरूमा पार्क तथा हरित क्षेत्र विस्तार गर्न सकिने

### दुर्बल पक्षहरू

- बनमारा, कालझार, चुत्रा, बनमासा, काँडे झार जस्ता मिचहा प्रजातिको वृद्धि भएको
- जङ्गलबाट चितुवा लोप भएको मासियो करिब १० वर्ष देखिन छोडेको
- बँदेल, बाँदर, दुम्सीको आतङ्क बढ्दो
- पोखरी र पानीका स्रोतहरू सुकेका र सुक्ने जोखिम बढेको
- बनमाराले बाली र जङ्गलमा असर गरेको
- परम्परागत पोखरीहरूको संरक्षण नहुँदा सुक्दै र मासिँदै गएका
- प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग हुन नसकेको
- जलसम्पदा खेर गैरहेको
- वनलाई उत्पादनमुखी बनाई वैज्ञानिक वन व्यवस्थापन गर्न नसकिएको साथै वन विस्तार हुन नसकेको
- वन तथा सामुदायिक वनहरूलाई आय आर्जनका विशेष कार्यक्रममा आवद्ध गर्न नसकिएको

### सम्भावना र अवसरहरू

- सामुदायिक वन/संरक्षित वनलाई संरक्षण गरी पर्यापर्यटनमा व्यापक विकास गर्न सकिने
- वन-जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी अगाडि बढ्न सकिने
- गाउँपालिकामा रहेका सामुदायिक वनहरूलाई थप विकसित र सबल बनाउन सकिने
- सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणमा जोड्न सकिने
- जलश्रोतको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटनको विकास गर्न सकिने
- पर्या-पर्यटनको विकास गर्न सकिने
- जडिबुटीको व्यावसायिक उत्पादन र प्रशोधन गर्न सकिने
- वैज्ञानिक भू-उपयोग योजना तथा भूसंरक्षण कार्यक्रम लागु गर्न सकिने
- सार्वजनिक जग्गा तथा खाली जमिनमा व्यापक वृक्षारोपण गरी पार्क तथा पिकनिक स्थलको विकास गर्न सकिने ।

### चुनौती तथा जोखिमहरू

- आधारभूत पूर्वाधार तयार नभएको हुँदा पूँजी लगानी, स्रोत र जनशक्तीको अभाव हुन सक्छ।
- बृहत्तर वन, हरित क्षेत्रको विकास, वैज्ञानिक जलाधार तथा भू-संरक्षण तथा व्यवस्थापन कार्यक्रम लागु गर्नुपर्ने चुनौती
- विभिन्न नदी किनार अथवा तटीय क्षेत्र, पोखरी क्षेत्रमा डुबान तथा कटानको जोखिम रहेकोले दीगो रूपमा भू-संरक्षणका कार्यक्रमहरू लागु गर्नुपर्ने।
- प्राविधिक जनशक्तिको अभाव
- वातावरण संरक्षण गर्न नसके प्राकृतिक विपदको उच्च जोखिम रहेको
- पर्यावरणीय असन्तुलनका कारण जीवन कष्टकर हुन सक्ने
- पानीका मुहान संरक्षण गर्न नसके भविष्यमा मुहानहरू सुक्न गई पिउने पानीको चरम अभाव हुन सक्ने
- वनस्पति र वन्यजन्तु लोप हुन सक्ने
- प्रदुषणको नकारात्मक असरहरू देखिन सक्ने ।

## (ख) जलवायु परिवर्तन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

### सबल पक्षहरू

- प्रकोप नियन्त्रणको लागि गाउँपालिकाका विभिन्न स्थानमा बाढी नियन्त्रणको लागि तटबन्धन, पहिरोको लागि चेक ड्याम, टिटेनिङ वालहरू लगाइको छ।
- प्राय जसो घरमा छानो छाउनको लागि सिमेन्टेड पर्खाल उठाइ हावाबाट हुने क्षति कम गरिएको छ।
- आकाशे पानी सङ्कलन गर्न टिनको घरमा पाइप लगाइ पानी सङ्कलन केही घरमा सुरुवात गरिएको छ।
- खाली जमिनमा वृक्षारोपण गरी वातावरण सन्तुलन तथा हरित क्षेत्रको विकास गर्न सकिने
- शहरी क्षेत्रमा जस्तो वातावरण प्रदुषण नभएको
- खाली जमिनमा वृक्षारोपण गरी वातावरण सन्तुलन गर्ने नीति लिएको।
- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न गैर सरकारी संस्थाहरूसँग मिलेर अगाडि बढ्न सकिने
- विपद् व्यवस्थापन कोष स्थापना गर्ने निर्णय गरिएको।
- जलाधार संरक्षण गर्न एक वडा एक पोखरी कार्यक्रम लागु गर्ने नीति रहेको।

### दुर्बल पक्षहरू

- डँडेलो तथा आगोलागीको समस्या बढ्दो छ।
- मिचाहा प्रजातिको वनमारा बढेको र तितेपाती लोप हुन लागेको
- वर्षातको कम हुन थालेको र पानी पर्न कमी भएको
- जलवायु परिवर्तनले अति वृष्टि, अनावृष्टि, तापक्रम वृद्धि, मौसम परिवर्तन आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर (पात्रो) परिवर्तन हुन थालेको
- बालीनाली उत्पादनमा नकारात्मक प्रभाव देखिएको
- बाढी तथा कटानको समस्या भएको (विशेषगरी, भिरालो क्षेत्र, नदी किनारहरूतर्फ)
- रोग किराको समस्या देखिएको
- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार नभएको
- भूकम्पीय उच्च जोखिम रहेको
- वर्षेनी वर्षात्को समयमा नदी कटान तथा डुबानको समस्याक हुने गरेको।

### सम्भावना र अवसरहरू

- वडागत हिसाबले परम्परागत पुराना पोखरीहरूको मर्मत संभार र नयाँ पोखरीहरू निर्माण गरीव्यवस्थित गरे आगलागीको समयमा प्रयोग गर्न सकिने ।
- सम्भावित विपत क्षेत्रहरूको अध्ययन गरी व्यवस्थापन गर्न सकिने ।
- बढि विपद् हुने क्षेत्रहरू छुट्याई बस्ती स्थानान्तरण गरी कम लागतमा एकिकृत नमुना बस्ती निर्माण कार्य गर्न सकिने ।
- इन्जिनियरिङ तथा वायोइन्जिनियरिङलाई वैज्ञानिक ढंगबाट अध्ययन र विस्तार गरी इन्जिनियर, जियोलोजिस्ट एवं भ्रमण गर्न आउने मानिस संस्थाको आकर्षण बढी रिसर्च हवको रूपमा विस्तार गर्न सकिन्छ साथै त्यहाँको जोखिम न्यूनिकरण गर्न सकिन्छ ।
- पानीको गुणस्तर मापन गरी स्वस्थ पानी सेवन र पानी उद्योग सञ्चालन गर्न सकिन्छ ।
- हरियाली विस्तार गरी पोखरी, तलाउ, नदी सफा एवं संरक्षित बनाउनुपर्ने ।
- गाउँपालिकाले एकिकृत विपद् व्यवस्थापन योजना बनाइ सो अनुरूप काम गर्न सकिने
- जलवायु अनुकूलन कार्यक्रमलाई वैज्ञानिक तरिकाले लागु गर्न सकिने
- विपद् व्यवस्थापन योजना तथा प्रतिकार्यका लागि स्थानीय सरकारले ठोस योजना निर्माण गर्न सक्ने
- स्थानीय स्तरमा तथा विद्यालयहरूमा जलवायु परिर्वतन तथा विपद्सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिने ।

### चुनौती तथा जोखिमहरू

- विपद् व्यवस्थापनको काम गर्न ठूलो खर्च हुने हुँदा लगानी व्यवस्थापनको समस्या हुन सक्छ ।
- विपद् व्यवस्थापन तथा न्यूनीकरणका योजना लागु नगर्दा ठूलो जनधनको क्षती हुन सक्ने ।
- दक्ष जनशक्तिको व्यवस्था नभएको ।
- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागु गर्ने चुनौती रहेको ।

## (ग) फोहरमैला व्यवस्थापन

### सबल पक्षहरू

- वि.सं. २०७३ सालमा खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको
- घरको फोहोर घरमै व्यवस्थापन गर्ने र बाहिरको फोहोरलाई खाल्डो खन्ने वा जलाउने गरेको ।
- वि.सं. २०७४ फागुनमा वडा नं. ५ पूर्ण सरसफाई घोषणा भएको
- वडा नं. ५ मा प्रत्येक घरमा दुई वटा खाल्डो खनिएको छ जसमा कुहिने र नकुहीने फोहोर छुट्याउन र सार्वजनिक स्थानमा खाडल पनि बनाइएको छ ।
- गाउँपालिका कार्यालय, वडा कार्यालय, बजार, चोकहरूमा सार्वजनिक शौचालय बनाउने प्रस्ताव गरिएको
- सघन शहरी इलाकाहरूको विकास नभइसकेकोले फोहर व्यवस्थापन जटिल नभएको ।
- उपयुक्त स्थल हेरेर फोहोर व्यवस्थापन गर्न सकिने
- फोहरलाई उपयोग गरी जैविक उर्जा लगायत अन्य उत्पादनशील क्षेत्रमा परिणत गर्ने प्रविधि भित्र्याउन सकिने

#### दुर्बल पक्षहरू

- सिसाजन्य फोहरछुट्टै सङ्कलन गरिएको छैन ।
- ढलको व्यवस्थापन गर्न नसक्दा ढलहरू सिधै खोलामा मिसिन गएको अवस्था,
- प्लाष्टिकहरू जलाउने गरेको
- धेरै वडामा डम्पीङ साइट नभएकोले फोहोर यत्रतत्र छरिएको
- फोहर व्यवस्थापन सम्बन्धी ठोस योजना नभएको
- फोहर व्यवस्थापन सम्बन्धी जनचेतना अभाव भएको
- क्रमश विकास भैरहेका ग्रामीण बजारहरूमा फोहर उत्सर्जन भई व्यवस्थापन योजना नबनेको ।
- सिसाजन्य र अन्य प्लाष्टिक जन्य फोहर जथाभावी फ्याँकदा भू-प्रदुषण वृद्धि हुन थालेको ।
- वर्षात्को पानीको व्यवस्थित निकास नभएको ।
- पुर्नप्रयोग गर्न सकिने फोहरको पुर्नप्रयोग योजना नभएको ।
- सम्पुर्ण सडकहरूमा नाला व्यवस्थापन हुन नसकेको
- प्लाष्टिक जन्य फोहर जलाउँदा वायु प्रदुषण हुने गरेको ।

#### सम्भावना र अवसरहरू

- हालसम्म फोहर व्यवस्थापनको विषय जटिल भै नसकेकोले व्यवस्थित योजना बनाइ दीर्घकालीन हिसाबले समस्या समाधान गर्न सकिने
- ल्याण्डफिल साइटको सम्भावना अध्ययन गरी फोहर व्यवस्थित गर्न सकिने ।
- फोहरमैला व्यवस्थापन सम्बन्धी व्यापक जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरी स्थानीयवासीलाई नै फोहर व्यवस्थापन गर्न प्रोत्साहन गर्नुपर्ने ।
- पानीको प्राकृतिक बहावअनुसार ढल निकासको व्यवस्था गर्न सकिने ।
- ग्रामीण इलाका भएकोले कुहिने जैविक फोहरलाई कम्पोष्ट मलमा परिणत गर्न सकिने ।

#### चुनौती तथा जोखिमहरू

- फोहर व्यवस्थापनको ठोस योजना नबन्दा दीर्घकालीन हिसाबले विशेषगरी बजार क्षेत्रमा जटिलता श्रृजना हुन सक्ने ।
- फोहरको उचित व्यवस्थापन नहुँदा प्रदुषण वृद्धि भई विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने ।
- सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य जोखिममा पर्न सक्ने ।
- गाउँपालिकाको सुन्दरतामा नकारात्मक असर पर्न सक्ने ।
- छरिएका वस्तीहरू भएकाले एकीकृत फोहर व्यवस्थापन गर्न जटिल
- जनचेतनाको अभाव
- पर्याप्त बजेट तथा ठोस योजना निर्माणको चुनौती

## ४.२.४ संस्थागत विकास

### (क) संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

#### सबल पक्षहरू

- गाउँपालिकाको सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको ।
- जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको
- विभिन्न विषयगत शाखा प्रशाखाको व्यवस्था भएको

- न्यायिक समितिको व्यवस्था भएको
- महिला जनप्रतिनिधि, दलित, जनजाति लगायत सीमान्तकृत वर्गहरूको प्रतिनिधित्व भएको ।
- सूचना प्रणालीको विकास भएको
- लेखा र प्रशासन, सञ्चालनार्थ विभिन्न क्यातधबचभ हरूको विकास भएको ।
- क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था भएको ।
- भ्रष्टाचारका शून्य सहनशिलताको नीति अवलम्बन गर्न सकिने
- कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्न सकिने
- आवश्यक गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको ।
- कर शिक्षा कार्यक्रम लागु गर्ने नीति लिइएको ।
- स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको ।
- व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लैजान सकिने
- गुनासो तथा सुझाव सङ्कलनको  व्यवस्था भएको ।
- कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको ।
- सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको ।
- सूचना अधिकारीको व्यवस्था गरिएको ।
- युवा स्वरोजगारलाई प्राथमिकतामा राखिएको ।
- सामुहिक सुरक्षालाई प्राथमिकतामा राखिएको ।
- दीर्घरोगी र विपन्न वर्गका बासिन्दालाई विशेष सहयोगको व्यवस्था भएको ।
- सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना रहेको ।

### दुर्बल पक्षहरू

- लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ संघीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको ।
- संघीयताको अभ्यास तथा अनुभव नभएको ।
- स्थानीयवासीमा राजनैतिक चेतनाको स्तर माथि उठीनसकेको ।
- संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको ।

### सम्भावना र अवसरहरू

- सबल पक्षमा उल्लेखित सम्पूर्ण आयामको आधारभूत तहबाट विकास गर्न सकिने ।
- भनयखभचलबलअभ को सुरुवात गर्न सकिने
- स्वायत्त स्थानीय सरकार भएका कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने ।
- विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने ।
- जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताको मन जित्न सकिने ।
- आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागु गर्न सकिने ।
- नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र सूरक्षा निकायलाई आवश्यकता अनुसार विस्तार गर्न सकिने
- संचार माध्यम मार्फत सूचना तथा गाउँपालिकाका काम र विकास निर्माणका योजना सुसुचित गर्न सकिने
- बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्ने नीति लिन सकिने ।

### चुनौती तथा जोखिमहरू

- जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने ।
- भ्रष्टाचार वृद्धि हुन सक्ने ।
- राजश्व अपचलन हुन सक्ने ।
- जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाई हुन सक्ने ।
- जनउत्तरदायी शासन प्रणालीको विकास गर्ने चुनौती रहेको ।

## (ख) राजश्व सङ्कलन तथा परिचालन

### सबल पक्षहरू

- राजश्व सङ्कलनको अधिकार स्थानीय सरकारमा निहित भएको ।
- गाउँको वस्तुगत अवस्था र स्थानीय करदाताको कर तिर्ने क्षमता हेरेर कर ल्याउन सकिने ।
- गाउँपालिकाले कर तिर्ने प्रणाली र अभिलेखीकरणलाई सहज र सरल बनाउन डिजिटल प्रविधि अबलम्बन गर्न सकिने ।
- करको दायरा बढाउने तथा सबै प्रकारका व्यवसाय करलाई वैज्ञानिक तवरले लागु गर्ने नीति लिइएको
- राजश्व परिचालनको समग्र प्रणालीलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गराउने नीति लिईएको

### दुर्बल पक्षहरू

- राजश्व सङ्कलनको अवस्था कमजोर रहेको
- ग्रामीण भेग भएकोले करदाताहरूको आर्थिक स्थिति सबल नभएको ।
- आर्थिक क्रियाकलापहरूको क्षेत्र सीमित भएको ।
- ठूला करदाताहरू नभएको ।
- सघन बजार केन्द्रहरूको विकास नभएको
- ठूला उद्योग तथा कलकारखानाहरू नभएको
- राजश्व परिचालन प्रणालीको संस्थागत विकास नभइसकेको
- करदाताको पूर्ण अभिलेखीकरण नभएको
- करका श्रोतहरूको पूर्णरूपमा पहिचान नभएको

### सम्भावना र अवसरहरू

- आर्थिक क्रियाकलापहरूको बढोत्तरीका लागि उपयुक्त वातावरण निर्माण तथा समस्त पूर्वाधार विकास गर्न सकिने ।
- कर तिर्ने करदातालाई सम्मान र नतिर्नेलाई निरुत्साहित गर्ने नीति लिन सकिने
- उद्योग-कलकारखाना तथा विकसित बजार केन्द्रहरूको विकास गरी राजश्व सङ्कलनलाई विकास र विस्तार गर्न सकिने ।
- कर शिक्षा कार्यक्रम लागु गर्न सकिने
- कर शिक्षा लागु गरी हरेक करदातालाई कर तिर्न प्रोत्साहन गर्न सकिने
- कर प्रणालीलाई पारदर्शी बनाई करको पूर्ण सदुपयोग भई जनतालाई प्रत्यक्ष लाभ भएको सुनिश्चित गरी कर तिर्ने वातावरण निर्माण गर्न सकिने ।

- स्थानीय अवस्था र वस्तुस्थितिको अध्ययन गरी सोही अनुरूप कर प्रणालीको विकास गर्न सकिने ।
- कर तथा राजश्वको अभिलेख चुस्तदुरुस्त राख्न क्यातधबचभ र सुचना प्रविधिको व्यवस्था गर्न सकिने

### चुनौती तथा जोखिमहरू

- करदाताहरूलाई कर तिर्न उत्साहित बनाउने चुनौती रहेको
- कर प्रणालीलाई सहज, सरल र प्रभावकारी बनाउने चुनौती रहेको
- कर प्रणाली व्यवस्थित नहुँदा करदातामा निराशा उत्पन्न भई कर छल्ने प्रवृत्ति विकसित हुन सक्ने जोखिम रहेको
- कर तथा समग्र राजश्व प्रणाली चुस्त-दुरुस्त नहुँदा राजश्वको दुरूपयोग हुन सक्ने ।

## ४.३ स्थानिक विश्लेषण (Spatial Analysis)

वस्तुगत धरातलीय विश्लेषणका आधारमा बंगलाचुली गाउँपालिका नेपालको मध्य पहाडी श्रृङ्खलाको एक सानो अंश भएतापनि विशाल दाङ उपत्यका निर्माण गर्ने चुरे र महाभारत पहाडहरू मध्ये सबैभन्दा पूर्वतर्फको महाभारत र चुरे पहाडको संयोजनले बनेको छ । यसको उचाइको विविधता हेर्दा समुन्द्र सतहबाट ३६० मी. देखि १८०० मी सम्म रहेको छ । गाउँपालिकामा रहेका खोलाहरू जस्तै : कैन खोला, मसुरे खोला, वेद खोला, दाङवाङ खोला, हल्दे खोला, भित्रि खोला, गनाह खोला, टोड्के खोला, अरङ खोला, टिकुरी खोला जस्ता खोलाहरूले निर्माण गरेको तटीय वेशी क्षेत्र लगायत खोँच, भीर, पाखा र अधिकांश चट्टानयुक्त भू-बनोट र पहाडी थुम्की र पठारहरूले बनेको छ ।

### ४.३.१ पहुँच (Accesibility)

घोराही उपमहानगरपालिकाबाट सुरु भई प्यूठान जोड्ने प्रस्तावित मदन भण्डारी मार्ग भालुवाङ-लिवाङ सडकमा जोडिने र सो सडक प्यूठानकोको सौतामारेमा सालझुण्डीबाट ढोरपाटन जोडिने सडकमा जोडिन पुग्दा ढोरपाटन हुँदै गण्डकी प्रदेश को कास्की पोखरा समेत पहुँच स्थापित हुन सक्दछ तसर्थ यो सडक अत्यन्त महत्पुर्ण सडक भएकाले यसले गाउँपालिकाको पहुँचलाई राष्ट्रिय बृहद सडक सञ्जालमा जोड्दछ ।

भौतिक विकासको प्रमुख आधारशिलाको रूपमा रहेको सडको अवस्था हेर्दा गाउँपालिकामा रहेको कुल ५८९.३७ कि.मी सडक मध्ये जम्मा ४०.५० कि.मी सडक मात्र ग्राभेल छन् भने २५५.६९ कि.मी. पैदलमार्ग र २९३.१८ कि.मी. कच्ची अवस्थामा रहेका छन् । यसको अर्थ केही ग्राभेल सडकहरू बाहेक सम्पुर्ण सडकहरू Fair Weather सडकहरू हुन् । जुन वर्षातको समयमा नाजुक अवस्थामा पुगी अवरुद्ध समेत हुन सक्छन् । यसर्थ गाउँपालिकाको प्रमुख Life line सडककोरूपमा रहेको घोराही उप-महानगरपालिका देखि प्यूठान स्थित भालुवाङ-लिवाङ सडक खण्डमा जोडिन पुग्ने प्रस्तावित मदन भण्डारी ४ लेनको सडक निर्माण सम्पन्न हुँदा बंगलाचुली गाउँपालिका अधिकांश वडाहरू छोएर जाने यो सडकले गाउँपालिकाको मुहार फेर्न सक्छ । किनकी यो सडकले निकटवर्ती ठुलो शहर घोराही उपमहानगरपालिका सम्म गाउँपालिकाको पहुँच निकै सहज हुन जान्छ भने अन्य शहरहरू जस्तै : नेपालगञ्ज र प्रदेश मुकाम बुटवल सम्मको पहुँच समेत सुदृढ हुन्छ ।

### ४.३.२ भू-उपयोग (Landuse)

क्षेत्रफको हिसाबले वडा नं. ८ सबैभन्दा ठुलो वडा हो यसको क्षेत्रफल ५६.११ वर्ग कि.मी. रहेको छ । यस वडामा धेरै क्षेत्र वनजंगलले ओगटेको पाईन्छ । त्यसैगरी सानो वडाहरूमा वडा नं.२ र १ क्रमश १८.०६ वर्ग कि.मी. र २३.५० वर्ग कि.मी. क्षेत्रफलमा रहेका छन् । वडा नं. ३, ४, ५, ६, ७ ले क्रमश २८.७३ वर्ग कि.मी., २८.४३ वर्ग कि.मी., २७ वर्ग कि.मी., २६.९४ वर्ग कि.मी. र३६.३६ वर्ग कि.मी. क्षेत्रफल ओगटेको पाईन्छ ।

वर्तमान भू-धरातलीय अवस्थालाई विश्लेषण गर्दा सबै वडाहरूमा पहाडी भिरालो जमिनको बाहुल्यता र समथर जमिनको कमी रहेको छ। खेतिपातीको हिसाबले उपयुक्त जमिनको अनुपात भने उल्लेख्य पाईंदैन। यसको अलावा यो गाउँपालिकामा प्रशस्त वनजंगल भएकाले सोही वनजंगलको वैज्ञानिक व्यवस्थापन तथा जलवायू अनुकुलका जडिबुटीहरूको व्यापक प्रर्वद्धन गर्न सके गाउँपालिकाले विकासमा उल्लेख्यरूपमा फड्को मार्न सक्ने सम्भावना रहेको छ। खेतियोग्य जमिन र वनजंगलले क्रमश : १७.२४ प्रतिशत र ७८.९६ प्रतिशत भू-भाग ओगटेको छ। गाउँपालिकाको मुल आर्थिक आधार यही वन तथा बुट्यान क्षेत्रको वैज्ञानिक व्यवस्थापन र दिगो सदुपयोगलाई नै बनाउनु पर्दछ। उत्पादकत्व कम भएको तर खेर गैरहेका समथर र प्राकृतिक हिसाबले सुरक्षित क्षेत्रहरूको आधार नक्शा मार्फत पहिचान गरी भविष्यमा यस्ता क्षेत्रहरूलाई आधारभूत पुर्वाधार विकास पश्चात आवासीय क्षेत्रकोरूपमा विकसित गर्दै लैजानुपर्दछ। यस प्रकारका क्षेत्रहरूमा सबै वडाहरूमा रहेका टार, बेशी तथा पहाडी थुम्काहरू पर्दछ। परम्परागत हिसाबाले विकास भएका छरपष्ट वस्तीहरूलाई दिर्घकालीन हिसाबले एकीकृत वस्तीकोरूपमा विकास गर्दा विकास कम खर्चमा हासिल गर्न सकिने मात्र नभई राज्यप्रदत सेवा सुविधा प्रवाहमा सहजता आउँछ। वन जंगल र झाडी बुट्यान क्षेत्रमा जमिनको पुर्ण सदुपयोग गर्न वन विस्तार, वृक्षारोपण र व्यावसायिक फलफुल खेति गर्न सकिन्छ। यसरी भू-बनोटलाई आधारमा बनाएर तयार गरिएको गाउँपालिकाको गुरुयोजना अन्तर्गत बनेको आधार नक्साको आधारमा भविष्यमा विकास निर्माणका संरचनाहरू तयार गर्दै लैजानु उपयुक्त देखिन्छ।

### ४.३.३ माटोको बनावट (Soil Type)

गाउँपालिकाको भौगर्भिक संरचना महालङ्गुर हिम श्रंखला (क्रिष्टलाइन) निर्माण हुँदाका बखत भएको हो। यद्यपि धरातलीय Profile हेर्दा माटो र चट्टानहरूको स्वरूपमा विविधता पाइन्छ। यसको कारण भू-धरातलमा निरन्तर भैरहने प्राकृतिक प्रकृयाहरू जस्तै मौसम तथा ऋतु परिवर्तन, भूक्षय, वायुमण्डलीय चाप, वर्षा, शीत, हिमपात, पहिरो, भूकम्प आदी हुन्। तथापि यस गाउँपालिकाको माटो र चट्टान नेपालको मध्य पहाडी श्रृङखला अन्तर्गत पाइने आग्नेय (Igneous Rock) तथा पत्रे चट्टान (Sedimentry Rock) को मिश्रण वा तिनिहरूमा भौतिक र रासायनिक परिर्वतन हुँदै जाँदा बन्ने परिवर्तित चट्टान (Metamorphic Rock) टुक्रिँदै जाँदा बनेको छ। सामान्यतया नदीको किनारातर्फको भागमा वा बेशी क्षेत्रमा बर्षौंदेखि नदीले बगाएर ल्याएको ढुङ्गा, गिट्टी, बालुवा र पाँगो मिश्रित माटोको बाहुल्यता छ। केही स्थानहरूमा रातो माटोको तह समेत रहेको छ। जुन उर्वराशक्तिका हिसाबले तुलनात्मकरूपमा कमजोर हुन्छ अर्कोतर्फ तल्लो चुरे क्षेत्रमा Conglomerates को बाहुल्यता रहेको छ।

### ४.३.४ जमिनको भिरालोपन (Slope)

गाउँपालिकामा भू-धरातलको भिरालोपनलाई विश्लेषण गर्दा ०°देखि १४° सम्मको मात्र भिरालोपन भएको क्षेत्र १४.९१ प्रतिशत अर्थात ३६.५४ वर्ग कि.मी. र १४° देखि २३ °सम्म भिरालोपन भएको क्षेत्र २७.५७प्रतिशत अर्थात ६७.५९ वर्ग कि.मी. रहेको छ। २३°देखि ३१ सम्मको भिरालोपन भएको क्षेत्र सबैभन्दा धेरै २८.४९ प्रतिशत अर्थात ६९.८५ वर्ग कि.मीं रहेको छ। ४०°देखि ७२°सम्मको भिरालोपन भएको भिर पहराहरू समेत ७.९८ प्रतिशत अर्थात १९.५६ वर्ग कि.मी. रहेकाले गाउँपालिकामा समथर जमिन निकै कम र पहाडी पाखापखेरा अत्याधिक रहेका छन्। जमिनको भिरालोपन सम्बन्धी विवरण तालिका तथा आधार नक्शामा उतारिकएको छ।

**तालिका नं. ५१ :** जमिनको भिरालोपन सम्बन्धी विवरण

| क.सं. | भिरालोपन (डिग्रीमा) | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | ० देखि १४ | ३६.५४ | १४.९१ |
| २ | १४ देखि २३ | ६७.५९ | २७.५७ |
| ३ | २३ देखि ३१ | ६९.८५ | २८.४९ |
| ४ | ३१ देखि ४० | ५१.६० | २१.०५ |
| ५ | ४० देखि ७२ | १९.५६ | ७.९८ |
| **जम्मा** | | २४५.१४ | १००.०० |

### ४.३.५ जमिनको मोहडा (Aspect)

अर्को तर्फ मोहडाको विश्लेषण गर्दा दक्षिण पूर्वी मोहडा सबैभन्दा बढी १४.३५ प्रतिशत अर्थात ३५.१९ वर्ग कि.मी र दोस्रोमा दक्षिण मोहडा १४.३० प्रतिशत अर्थात ३५.०५ वर्ग कि.मी. रहेको छ । उत्तरी मोहडा १३.६७ प्रतिशत अर्थात ३३.५२ वर्ग कि.मी. क्षेत्रफल मात्र रहेकाले बाँकी अन्य मोहडामा कुनै न कुनै समयमा धाम लाग्ने भएकाले जलवायुका हिसाबले उपयुक्त नै छन् । दक्षिण र दक्षिण पुर्वी मोहडा भने पहारिलो क्षेत्र भएकाले जलवायु, खेतिपाती र बसोबासका हिसाबले सर्वोत्तम मानिन्छ । मोहडा अनुसार विभिन्न वालीनाली तथा फलफूल र जडिबुटी उत्पादनको सम्भाव्यता अध्ययन गरी आर्थिक क्रान्ति गर्न सकिन्छ । विस्तृत विवरण तालिका तथा आधार नक्शामा उतारिएको छ ।

**तालिका नं. ५२ :** जमिनको मोहडा सम्बन्धी विवरण

| क.सं. | मोहडा | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | समथर मोहडा | ०.०१ | ०.०० |
| २ | उत्तरी मोहडा | ३३.५२ | १३.६७ |
| ३ | उत्तर पूर्वी मोहडा | २७.१४ | ११.०७ |
| ४ | पुर्वी मोहडा | २७.५० | ११.२२ |
| ५ | दक्षिण पुर्वी मोहडा | ३५.१९ | १४.३५ |
| ६ | दक्षिण मोहडा | ३५.०५ | १४.३० |
| ७ | दक्षिण पश्चिमी मोहडा | ३०.३८ | १२.३९ |
| ८ | पश्चिमी मोहडा | २९.३१ | ११.९६ |
| ९ | उत्तर पश्चिमी मोहडा | २७.०४ | ११.०३ |
| **जम्मा** | | २४५.१४ | १००.०० |

## ४.४ आर्थिक विश्लेषण

बंगलाचुली गाउँपालिकाको आ.व. २०७५/७६ बजेटको आय र व्ययको अध्ययनबाट यो प्रष्ट हुन्छ कि गाउँपालिकाका ठुला ठुला विकास योजनाहरू सञ्चालनका लागि संघबाट प्राप्त हुने अनुदानमा नै भर पर्नु परेको छ । गाउँपालिकाको आ.व. २०७५/७६ को बजेट अनुसार आयका प्रमुख श्रोतहरूमा संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा शसर्त अनुदान एवं कर तथा सेवाशुल्कहरू पर्दछन ।

२०७४/७५ को बजेट अनुसार आर्थिक वर्ष २०७५/०७६ का लागि कुल २२ करोड ९९ लाख १६ हजार आय र व्यय प्रस्ताव गरिएको छ । यसका लागि आन्तरिक आयबाट ६३ लाख ३१ हजार प्राप्त हुने अनुमान गरिएको छ । संघीय सरकारबाट वित्तीय समानीकरण र सर्शत अनुदान वापत क्रमशः ६ करोड र ८ करोड २९ लाख प्राप्त भएको छ भने प्रदेश सरकारबाट वितीय समानीकरण र सर्शत अनुदान वापत क्रमशः ४० लाख ५१ हजार र ९६ लाख प्राप्त हुने अनुमान गरिएको छ । साथै संघीय सरकार राजश्व बाँडफाँड वापत ४ करोड ९० लाख ८५ हजार प्राप्त हुने अनुमान गरिएको छ भने प्रदेश सरकारको राजश्व बाँडफाँड वापत ३९ लाख ४९ हजार प्राप्त हुने अनुमान गरिएको छ । त्यसै गरि गत आ व २०७४/७५ को बजेटको खर्च गर्न नसकेको १ करोड ४० लाख समेत यो बजेट मा समावेश गरिएको छ ।कूल बजेट सीमाबाट अनुदान बापतको कूल रकम रु.९ करोड २५ लाखघटाउँदा कायम हुन आउने रकम रु.१३ करोड ६८ लाख ८६ हजार मध्य चालु खर्च बापत ४ करोड ९१ लाख ७५ हजार बाँकी ८ करोड ७७ लाख ११ हजार पूँजीगत खर्च बापत बिनियोजन गरिएको छ ।

आ व २०७४।७५ को बजेटको अनुमान अनुसार खर्च गर्न नसकेकोले सरकारको व्यय क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ। त्यसै गरि आन्तरिक आम्दानीको स्रोत पनि निकै कमि देखिन्छ। यसको लागि अन्य स्रोतहरूको खोजि गर्ने र करका दायरा लाई बढाउने तर्फ लाग्नु पर्ने देखिन्छ । आ व २०७५।७६ को बजेट अनुमान निकै चुनौती पूर्ण छ । आम्दानीका स्रोतहरू केवल समानीकरण र सशर्त नै मुख्य हुन् ।विनियोजित बजेट नै खर्च नभएको अवस्थामा बजेटको रकम खर्च गरेर विभिन्न भौतिक पुर्वाधारहरू निर्माण गर्न सकेको खण्डमा अवस्य पनि त्यसबाट रोजगारका अवसर सिर्जना गर्न टेवा पुग्ने देखिन्छ।रोजगार र आम्दानिका अवसरहरू सिर्जना गरी जनताको जीवनस्तर उकास्नु गाउँपालिकाको प्रमुख उद्देश्य हो । उद्योग, व्यापार, होटेल, एवं पर्यटन क्षेत्रमा निजी स्तरको लगानी आकर्षित गर्नु फलदायी हुन्छ । जनताको आर्थिक अवस्था उकास्नकोलागि क्षमता र अवसरहरू दुवै हुनु आवश्यक छ । त्यस बाहेक सीप तथा क्षमताको विकास, चेतनाको विकासले पनि उद्यमशीलताको विकास हुन्छ । लगानीका लागि चाहिने भौतिक संरचना एवं लगानीयोग्य वातावरणनिर्माणका लागि बजेटमा व्यवस्था गर्न सकियो भने समग्र आर्थिक स्तर अभिवृद्धि हुन जान्छ । तुलनात्मक लाभ बढी हुने लगानी योग्य क्षेत्रको पहिचान रत्यसको व्यापक प्रचार प्रसार गर्दै निजि क्षेत्रलाई आकर्षण गर्नु आवश्यक हुन्छ ।

स्थानीय सरकारको प्रभावकारी सञ्चालनका लागि वित्तीय स्वस्थता अपरिहार्य हो । वित्तीय स्वस्थता भनेको खर्च र आम्दानीका सबै अवयवहरू सुचारु रूपमा चल्नु हो । जबसम्म कुनै पनि स्थानीय सरकारले चालु खर्चकालागि चालु आन्तरिक राजश्वका स्रोतहरू जुटाउन सक्दैन तबसम्म स्थानीय सरकार सक्षम भएको मान्न सकिन्न । कुनै पनि स्थानीय निकाय दिगो र दरिलो हुनाकालागी आर्थिक संकटका बखत पनि जनतालाई आवश्यक सेवाहरू प्रदान गर्न सक्ने, अर्थतन्त्रका दीर्घकालीन परिवर्तनलाई समायोज़न गर्न सक्ने एवं भविष्यको आवश्यकता लाई परिपूर्ति गर्ने साधन र स्रोतहरूको विकास गर्न सक्ने हुन् आवश्यक देखिन्छ ।

## ४.५ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण

मानवीय गतिविधिहरू, आर्थिक क्रियाकलाप, सेवा क्षेत्र तथा बसोबासका हिसाबले हेर्दा बंगलाचुली गाउँपालिकाको मुकाम रहेको कमिरेचौर, वडा नं. १ को बोक्ष पोखरा, पिपलडाँडा, लकुरी, हार्मु, वडा नं. २ को मर्वेश, टाकुरा, खाडा, पुरुङ छेडा, वडा नं. ३ को कमिलेचौर, मुलावारी, ढाङ्वाडा, सिरुवारी, तापा, वडा नं. ४ को जुम्लेपानी, पुरानो हुलाक, पन्त टोल, तापा पोखरा डाँडा, पुरुङ, गहतराको डाबर, वडा नं. ५ को मुर्कुटी, झेल्नेटा, म्यालडाँडा, लोहरपानी, वडा नं. ६ को भुटनेटा, रिभान, तिमिले, टोड्के, वडा नं. ७ को जबरकोट, विर्खे, आमडाँडा, कोइराले, डोटे, म्हापे, ढाप, छापडाँडा, फाँट खेत, धारेचौर, वडा नं. ८ को हाँसीपुर, रानीवास, गोठीवन, पाँचपोखरी, स्याहला, हंशपुर, स्वामीघाट, लामीखोली, टिकुली, दमार आदी क्षेत्रहरूलाई व्यापार व्यवसायको विकास र बजार केन्द्रकोरूपमा विस्तार गर्न सकिन्छ । भविष्यमा बस्ती विकास र व्यवस्थित व्यापारिक र औद्योगिक केन्द्रकोरूपमा विकास गर्न यी मध्ये सम्भावित क्षेत्र पहिचान गरी विकास गर्न सकिन्छ भने विकसित भईरहेका क्षेत्रहरूलाई थप पूर्वाधारयुक्त र सुविधा सम्पन्न बनाउन सकिन्छ । यसरी बस्ती विकास गर्दा हाल सडक यातायातको राम्रो पहुँच तथा अन्य पुर्वाधारहरू जस्तै पिउनेपानी, विद्युत, सञ्चार, सुरक्षा, शिक्षा, स्वास्थ्य आदिको विकास भईसकेका क्षेत्रहरूलाई प्राथमिकता दिएर विकास गर्दा विकास निर्माण सहज र कम खर्चिलो हुन जान्छ । गाउँपालिकामा उपलब्ध नभएका सेवाहरू जस्तै : शिक्षामा (उच्च शिक्षा, प्राविधिक, व्यावसायिक) स्वास्थ्य (सुविधा सम्पन्न अस्पताल), व्यापार र अन्य व्यवसायको लागि गाउँपालिकाबासीहरू घोराही, लमही, भालुवाङ, प्रदेश मुकाम बुटवल वा नेपालगञ्ज जाने गर्दछन् । पहाडी विषम भूधरातल भएकाले वडा केन्द्रबाट गाउँपालिका केन्द्र पुग्न समय लाग्ने र यातायातको यथेष्ठ विकास नभएकाले आवागमन असहज रहेको छ । यसका साथसाथैदीर्घकालीन विकासका दृष्टिकोणले गाउँपालिकाका विकट वस्तीहरूमा सेवा पुऱ्याउन जटिल र खर्चिलो हुने भएकाले क्रमश: स्थानान्तरण गरी एकीकृत र सुविधा सम्पन्न आवास क्षेत्र निर्माण गर्ने चुनौति रहेको छ ।

गाउँपालिकाभर प्रशस्त साना र ठुला पानीका मुहानहहरू भएतापनि पिउनेपानीको समस्या समाधान भएको देखिँदैन । यसकालागि मुहान संरक्षण, व्यवस्थापन र पिउने पानी वितरणका दिगो प्रणालीहरूको विकास गर्नुपर्ने देखिन्छ । हाल सञ्चालनमा रहेका पिउनेपानी प्रणालीको स्तरोन्नति, दिगो संरक्षण तथा एकिकृत व्यवस्थापन मार्फत खानेपानीको समस्यालाई दीर्घकालीन हिसाबले सम्बोधन गर्न सकिन्छ । समग्र भौतिक पूर्वाधारहरू जस्तै सडक, शिक्षा, खानेपानी र स्वास्थ्य क्षेत्रको पूर्णत विकास गर्न धेरै काम गर्नुपर्ने भएको र पूर्वाधार विकासको प्रारम्भिक बिन्दुमै रहेकाले गाउँपालिकाले आधारभूत तहबाटनै विकास योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्नुपर्दछ । स्थानिक विश्लेषणको महत्वपूर्ण पाटो गाउँपालिकाको आधार नक्शा भएकाले थप जानकारी गाउँपालिकाको आधार नक्साबाट लिन सकिन्छ ।

गाउँपालिकाको सरकारी सेवा प्रवाहको अवस्थालाई हेर्दा प्रशासनिक सेवा प्रदान गर्ने काम गाउँपालिकाको मुकाम कमिलेचौरर सबै वडास्तरमा वडा कार्यालयहरूबाट भैरहेको छ । शान्ति सूरक्षाको अवस्था हेर्दा वडा बोक्षमा मु पोखरा प्रहरी चौकी, खरे पोखरा प्रहरी चौकी, ईलाक प्रहरी कार्यालय कमिलेचौर, भुटनेटा प्रहरी चौकी, जवरकोट प्रहरी चौकी, हाँसीपुर प्रहरी चौकीले यहाँ शान्ति सुरक्षा प्रदान गरिरहेको देखिन्छ । सुरक्षा सेवालाई थप प्रभावकारी बनाउन यथासक्य शिघ्र नगर प्रहरीको गठन र परिचालन गर्नुपर्ने देखिन्छ भने सूरक्षा निकायका इकाईहरूलाई प्रत्येक वस्ती तथा वडाहरूमा विस्तार गरी जनताको सूरक्षाकोग्यारेन्टी गुर्नपर्ने देखिन्छ ।

स्वास्थ्य क्षेत्रको अवस्था हेर्दा सबै वडामा स्वास्थ्य चौकीहरू रहेका छन् । यसका साथै खोप केन्द्रहरू पनि रहेका छन् । यि स्वास्थ्य केन्द्र तथा खोप केन्द्रहरूबाट सामान्य प्राथमिक उपचार सेवाहरू, खोप, क्षयरोग, कुष्ठरोग, परिवार नियोजन सेवा, प्रजनन् सेवा प्रदान गरिँदै आएको छ । बोभ्ह पोखरामा प्राथमिक स्वास्थ्य केन्द् समेत रहेको छ । यसमा १६ चिकित्सक तथा स्वास्थ्यकर्मीको दरबन्दी रहेपनि दरबन्दी अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी नहुँदा सेवा प्रभावित भएको छ । त्यस्तै हाँसीपुरमा एक आयुर्वेद अस्पताल रहेको छ । उक्त अस्पतालबाट समेत स्वास्थ्य सेवा प्रवाह भईरहेको छ । भुटनेटामा रहेको बर्थिङ सेन्टरबाट प्रजनन् सेवा प्रवाह हुँदै आएको छ । यसका अलावा विभिन्न वडाहरू स्वास्थ्य स्वयंसेविकहरू मार्फत पनि प्रभावकारी सेवा प्रवाह हुँदै आएको भएतापनि गम्भीर रोगहरू लागेमा ती रोगहरूको परीक्षण तथा उपचारका लागि सुविधा सम्पन्न अस्पताल नहुँदा गाउँपालिकाबासीहरू घोराही, तुल्सीपुर, नेपालगञ्ज, काठमाडौ, बुटवल लगायत भारतका विभिन्न शहरहरूमा समेत उपचारको लाग जान बाध्यता रहेको छ । यसकारण न्युनतम स्वास्थ्य सेवा समेत प्रबन्ध गर्नुपर्ने अवस्था रहेको छ ।

शिक्षा क्षेत्रको अवस्था हेर्दा गाउँपालिकामा गाउँपालिकामा ५ वटा मा.वि., ६ वटा नि.मा.वि., ३१ वटा प्रा.वि., २ वटा निजी विद्यालयको साथै ५ वटा बाल विकास केन्द्रले शिक्षा सेवा पुर्‍याई रहेकाछन् । तथापि प्राविधिक तथा उच्च शिक्षाको लागि घोराही, तुल्सीपुर, नेपालगञ्ज, बुटवल लगायत काठमाडौ जस्ता शहरहरूमा निर्भर हुनुपर्ने अवस्था छ । अर्कोतर्फ विकट बस्तीहरूमा विद्यालयको पहुँच एकदमै कम छ । यसका साथै दलित, विपन्न र सिमान्तकृत समुदायका बालबालिकाहरूलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ४.६ माग विश्लेषण तथा प्रक्षेपण

सामान्यतया गाउँपालिकाको जनसङ्ख्या क्रमशः वृद्धि हुँदा हाल रहेका भौतिक, सामाजिक तथा अन्य पूर्वाधारहरूले भविष्यको वृद्धि भएको जनसङ्ख्यालाई नपुग हुन सक्दछ । तसर्थ भविष्यमा वृद्धि हुन सक्ने जनसङ्ख्याको प्रक्षेपणका आधारमा उक्त वृद्धि भएको जनसङ्ख्याले माग गर्ने अत्यावश्यकिय वस्तुहरूको पूर्वानुमान तथा त्यसको जनसङ्ख्या निकट प्रक्षेपणलाई नै माग विश्लेषण र प्रक्षेपण भनिन्छ । यसप्रकारका मागहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, बत्ती, चर्पी, संचार, मनोरञ्जन जस्ता आधारभूत विषयहरू पर्दछन् ।

बंगलाचुली गाउँपालिकाको सन्दर्भमा पूर्वाधार विकासको हिसाबले अत्यन्तै नगण्य अवस्थामा रहेकोले विद्यमान अवस्थामै आधारभूत मागहरू पूरा गर्न नसकिएकोले सर्वप्रथम ती मागहरू सम्बोधन गर्ने विकास निर्माणका योजनाहरू निर्माण गर्नु अत्यावश्यक छ । साथै भविष्यको माग अनुमानका आधारमा हाल सोका लागि तयार गर्न समेत आवश्यक हुन्छ । यसरी माग विश्लेषण पश्चात्को प्रक्षेपण नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको Planning Norms and Standard 2015 अनुसार तयार गरिएको छ । साथै सो Norms and Standard विशेषतः शहरी विकासका लागि तयार गरिएको भएतापनि त्यसलाई गाउँपालिकाको वस्तुगत अध्ययनका आधारमा गाउँपालिका सुहाउँदो बनाउन आवश्यक परिमार्जन गरी प्रमुख आधार भने सोही Norms / Standard लाई नै बनाइएको छ ।

### ४.६.१ Social Infrastructure Demand Analysis

| | | Physical Infrastructure | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **Road** | **Water Supply** | | **Sanitation/ sewerage system/Storm Water** | | | **Solid waste management** | | **Electricity** | | **Telecommunication** |
| **Norms** | | Motorable | Quantity( MLD) | Storage | | | Storm water | Collection point | Landfill site | 100% of the household is covered by electricity | Alternative energy | House connection |
| **Standard's** | | All or 90% of houses are within 2 km from motorable roads | 60-80 lpcd | 25% of the total treatment capacity | | | 100% of road will have side drain | Communal collection( collection point@200m radius) | Small size greater than 1 and less than 25 tins peer day | | 40-100 watt solar home system | |
| **Year** | Population | | | | | | | | | | | |
| **2018** | **16,223** | | **1.14** | **0.28** | | | | | **1** | | **3817** | |
| **2019** | 16,398 | | **1.15** | **0.29** | | | | | 1 | | **3858** | |
| **2020** | 16,576 | | **1.16** | **0.29** | | | | | 1 | | **3900** | |
| **2021** | 16,757 | | **1.17** | **0.29** | | | | | 1 | | **3943** | |
| **2022** | 16,940 | | **1.19** | **0.30** | | | | | 1 | | **3986** | |
| **2023** | 17,126 | | **1.20** | **0.30** | | | | | 1 | | **4030** | |
| **2028** | 18,094 | | **1.27** | **0.32** | | | | | 1 | | **4257** | |
| **2033** | 19,132 | | **1.34** | **0.33** | | | | | 1 | | **4502** | |

| | | Social Infrastructure | | | | | | | | | | | Economical | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **Education** | | | **Library** | **Security** | **Fire station** | **Health Institution** | | **Open Space/Disaster management** | | | **Hall** | **Vegetable Market** | **Parking space** |
| **Norms** | | Basic Level | Higher Secondary | Graduate | City Level | Police Post | 100 % Coverage | Sub Health POst | Health post | Neighborhood Park | Local Park(1 @ 10000 population ) | Community Park(1 @ 10000 population ) | Multi Purpose | Neighborhood level | Parking space |
| **Standard's** | | 1 Per 3000 | 1 per 7500 | 1 per 25000 | 1 per 7500 | 1 per 10000 | 1 per 25000-75000 | 1 per 1000 | 1 per 5000 | (1 @ 8000 population) | 1 per 10000 | 1 per 10000 | 1 per 40000 | 1 vegetable/meat market with cold store | At least 1 parking lot |
| **Year** | Population | | | | | | | | | | | | | | |
| **2018** | **16,223** | 5 | 2 | 1 | 2 | 2 | 1 | 16 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2019** | 16,398 | 5 | 2 | 1 | 2 | 2 | 1 | 16 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2020** | 16,576 | 6 | 2 | 1 | 2 | 2 | 1 | 17 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2021** | 16,757 | 6 | 2 | 1 | 2 | 2 | 1 | 17 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2022** | 16,940 | 6 | 2 | 1 | 2 | 2 | 1 | 17 | 3 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2023** | 17,126 | 6 | 2 | 1 | 2 | 2 | 1 | 17 | 3 | 2 | 2 | 2 | 1 | 1 | |
| **2028** | 18,094 | 6 | 2 | 1 | 2 | 2 | 1 | 18 | 4 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |
| **2033** | 19,132 | 6 | 3 | 1 | 3 | 2 | 1 | 19 | 4 | 2 | 2 | 2 | 1 | 1 | 1.00 |

उपरोक्त Population Projection Analysis,Spatial Analysisर SWOT Analysisको आधारमा नेपाल सरकारबाट स्वीकृत Planning Norms and standards 2015 अनुसार विश्लेषण गर्दा निम्न बमोजिम प्रक्षेपण गरिएको छ ।

## ४.६.२ Physical Demand Analysis

| Types | Norms | Standards | | | | | Unit | Existing Infrastructure | Supply Forecast 2033 | Deficit | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Road** | 20% of total buitup area | | | | | | Sq.km | 5% of buildable area | 20% | 15 | |
| | 5 km/sq.km | | ROW | Setback | Footpath | Cycle Track | Km/sq.Km | 2.020074284 | 5 | **2.9799257** | **road density deficit by 2.79 km/sqkm** |
| | Express way , Arterial, Sub Arterial, Collector street and Local Street | Total | | | | | Km | 35.6 | 35.6 | **0** | **New construction not required at present but household conncetivity in not proper** |
| | | Arterial | 50 | 1 | 2 | 2 | As per MTMP | | | | |
| | All or 90% of household are within 0.5km from motor able road | Sub Arterial | 30 | 1 | 2 | 1.5 | Km | 171.84 | 186.65 | **1481%** | **All roads are earthen except arterial roads** |
| | | Collector | 20 | 1 | 2 | 1.5 | | | | | |
| | | Local | 10 | 1 | 2 | | | | | | |
| | 100% coverage | | | | | | | | | | |
| **Water Supply System (with storage and treatment facilities)** | Metered house connection and distribution | Quantity: 70 lpcd | | | | | Lpcd | 15 | 70 | **55** | **Identify sources** |
| | Storage capacity | | | | | | MLD | 0 | 1.54 | **1.54** | **source and new project to be planned** |
| | Treatment Plant | 2 ha per site (2 No) | | | | | No | 0 | 2 | **2** | |
| **Sanitation (Sewerage System)** | Full coverage by public sewer system Sewage Pumping Station | Min diameter of trunk line: 200mm 0.01 ha – 0.02 ha per site (SPS) | | | | | Km | 0 | 239.12 | **239.12** | **New planned** |
| | Treatment plant | 5 ha – 7 ha per site (TP) (1 No) | | | | | No | 0 | 1 | **1** | **Plan and Design** |
| | Provision of public latrines | | | | | | No | 1 | 10 | **9** | **Plan and design** |
| **Drainage** | Storm water drainage | Storm water drain and safely disposal (km) | | | | | | 0 | 186.5 | **186.5** | **Plan and Design** |
| **Integrated Solid Waste Management** | Transfer Station | 1 Transfer Station for 1 city if the final disposal is within a distance of 10 km | | | | | No | 0 | 1 | **1** | **Planned in ward no 3** |
| | Sanitary Landfill Site | Sanitary Landfill Site: Medium (> 25 and< 500 tons per day) | | | | | No | 0 | 1 | **1** | |
| **Electricity** | Alternate energy (panels, battery 400 AH) | Power access to 100% coverage. Electric Sub Station: 66/33KV | | | | | % | 90% | 100% | **10%** | **Promote solar energy in all building through bye laws** |
| | | Transmission Tower : 3 ha per site Distribution Tower: 80-100 sq.m | | | | | | | | | |
| | | 150-200 Watt Solar Home System | | | | | No | | | | |

### ४.६.३ Social Demand Analysis

| Types | Norms | Standards | Existing Infrastructure | Supply Forecast 2036 | Deficit/surplus | Remarks |
|---|---|---|---|---|---|---|
| **Educational Institution** | Primary | 1 per 3000 population at a distance of 0.4–0.8 km – 0.4 ha per site | 5 | 8 | **3** | |
| | Higher Secondary | 1 per 7500 population at a distance of 30min in public transportation – 1.60 ha per site | 3 | 3 | **0** | **Design and construct** |
| | Graduate/Post Graduate | 1 per 25,000 population at a distance of 45min in public transportation | 1 | 1 | **0** | |
| | University | 1 per 40,000 population at a distance of 1hr in public transportation | 0 | 0 | 0 | |
| | | 1 per 10,000 population (2-5 beds) | 3 | 23 | 28 | **sub health post** |
| **Health Institution** | Primary health care center/ District level hospital | 1 per 20000 population (5 – 15 beds) | 0 | 5 | **5** | **health post** |
| | | 1 per 50000 population (25 – 50 beds) | 0 | 1 | **1** | |
| **Open space: Parks** | Neighborhood Park | 1 @ 10000 population (1 ha per site) | 0 | 3 | 3 | |
| | Local Park | 1 @ 20000 population (1.5 ha per site) | 0 | 2 | **2** | **New to be planned** |
| | Community Park | 1 @ 10000 population (2.5 ha per site) | 3 | 2 | **-1** | **Maintain and care** |
| | Parade Ground | 1 @ each city (15000 seats) | 0 | 1 | **1** | **Construct new** |
| **Library** | National/central | 1 | 0 | 1 | **1** | **Construct new** |
| **Fire Stations** | City level service, 100% coverage | 1 fire station @ 1,00,000 population (1 ha per site) | 0 | 1 | **1** | **Design New** |
| **Religious Institutions** | Incineration /cremation areas | 0.4 ha per site | 0 | 5 | **5** | **elecricial incernation required, Improvise infrastructure of existing cremation areas** |
| **Museum** | City level | 0.5 ha per site | 0 (No museum) | 1 | **1** | **Design new** |
| **Old age home, orphanage,** | city and community level | 1 per 20,000 population (0.3 ha per site) | 0 | 1 | **1** | **Propose New** |
| **Security** | Police Post | 1 per 10,000 population (0.1 ha per site) | 2 | 2 | **0** | **plan and Construct** |
| | Police Station | 1 per 40,000 population (0.5 ha per site) | 0 | 1 | **1** | |

# खण्ड ५ : विषयक्षेत्रगत गाउँपालिका विकास योजना

## ५.१ भौतिक विकास योजना

नेपालजस्तो पूर्वाधार विकासका हिसाबले पछाडि परेको देश त्यसमा पनि ग्रामीण पहाडी परिवेशमा रहेको बंगलाचुली गाउँपालिकाका लागि भौतिक विकास योजना अत्यन्त आधारभूत र पहिलो अनिवार्य आवश्यकता हो । सामाजिक तथा आर्थिक विकासका समग्र आयामहरूको विकास सर्वप्रथम भौतिक विकासको चरण सम्पन्न भएपश्चात् मात्र सम्भव हुने भएकोले आधारभूत तहबाट भौतिक विकासलाई उच्च प्राथमिकता दिएर विकास योजना निर्माण गर्नु जरुरी हुन्छ । यो भौतिक विकास योजनाले निम्न उपक्षेत्रहरूलाई समेटेको छ ।

- ✓ भू-उपयोग
- ✓ आवास
- ✓ सडक
- ✓ यातायात
- ✓ पिउने पानी
- ✓ सिँचाइ
- ✓ विद्युत तथा उर्जा
- ✓ संचार

### ५.१.१ सोच, लक्ष्य र उद्देश्यहरू

| | |
|---|---|
| **सोचः** | बंगलाचुली गाउँपालिकालाई सम्पूर्ण आधारभूत भौतिक पूर्वाधारमा सम्पन्न बनाउने । |
| **लक्ष्यः** | गाउँपालिकाबासीलाई सुखी र समृद्ध बनाइ दिगो विकासमा अग्रसर हुने । |

**उद्देश्यहरूः**

भौतिक विकास योजनाले लिएका उद्देश्यहरू निम्नानुसार छन् :

- ✓ विकासमा प्राथमिक रूपमा आधारभूत आवश्यकता, जनसहभागिता र जनचासो सम्बोधन गरी अगाडि बढ्ने
- ✓ पूर्ण पूर्वाधारयुक्त गाउँपालिका निर्माण गरी गाउँपालिका बासीहरूको भौतिक जीवनस्तरमा व्यापक सकारात्मक सुधार ल्याउने
- ✓ "हाम्रो पूर्वाधार हामी आफैं बनाउँछौ" कार्यक्रमलाई अभियानकोरूपमा विकास गर्ने
- ✓ जे जस्तो अवस्थामा भएपनि उपलब्ध जमिनको वैज्ञानिक र दिगोरूपमा सदुपयोग गर्ने ।
- ✓ खेर गैरहेको जमिनको उच्चतम उपयोग हुने गरी वैज्ञानिक भू-उपयोग नीति अनुरूप व्यवस्थापन गर्ने ।
- ✓ आवास जस्तो अत्यावश्यकीय पूर्वाधारलाई विकास गरी विपन्न जनतालाई प्राथमिकतामा राखी सुरक्षित र सुविधा सम्पन्न एकीकृत आवासको सुनिश्चितता गर्ने
- ✓ आवास विहीन जनतालाई मध्यनजर गरी यथासक्य शिघ्र दिगो र सुरक्षित आवास निर्माण गर्ने
- ✓ गाउँपालिकाका सम्पूर्ण महत्वपूर्ण सडकको स्तरोन्नति, विकास र विस्तार गरी सहज र सुरक्षित आवागमनको व्यवस्था मिलाउने

- ✓ राष्ट्रिय राजमार्ग प्रणालीमा गाउँपालिकाको सडक सञ्जाललाई सहजरूपमा जोड्ने गरी विकास गर्न विद्यमान प्रमुख सडकहरूको स्तरोन्नती गर्ने
- ✓ गाउँपालिकामा माग भए बमोजिमको यातायात सेवा प्रदान गर्न सार्वजनिक यातायातलाई भरपर्दो र सुविधा सम्पन्न बनाउन आवश्यकताअनुसार नयाँ रुट निर्माण, निजी क्षेत्रसँग साझेदारी साथै गाउँपालिकाले समेत लगानी गर्ने ।
- ✓ गाउँपालिका केन्द्रदेखि वडा कार्यालयसम्मको सडकलाई प्राथमिकतामा राखी पक्की तथा स्तरोन्नती गर्ने
- ✓ "सडक यातायात, कृषि, वन र पर्यटन पूर्वाधार बंगालचुली समृद्धिको आधार" भन्ने नारालाई साकार तुल्याउने ।
- ✓ सबै गाउँपालिकाबासीहरूलाई घरघरमा सफा र सुरक्षित पिउने पानीको प्रबन्ध गर्ने ।
- ✓ जलाधार संरक्षणका वैज्ञानिक योजना सहित परम्परागत कुलो मर्मत तथा नयाँ सिँचाइ प्रणालीको निर्माण गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र वैकल्पिक सिँचाइका उपायहरू अवलम्बन गर्न प्रविधिको खोज तथा कार्यान्वयन गर्ने ।
- ✓ बढी चहलपहल हुने सार्वजनिक स्थानहरूमा सौर्यबत्ती जडान गर्ने ।
- ✓ गाउँपालिकाभर पूर्ण विद्युतीकरण गरी वितरण प्रणाली सुदृढ बनाउने ।
- ✓ "सडक यातायात गुरु योजना" निर्माण गरी लागु गर्ने ।
- ✓ प्रत्येक घरधुरीलाई विद्युत र वैकल्पिक उर्जा मार्फत पर्याप्त उर्जायुक्त पूर्ण उज्यालो गाउँपालिकामा परिणत गर्ने ।
- ✓ माग अनुसार आवश्यक भोल्टेज परिपुर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गर्ने ।
- ✓ सौर्य उर्जा र अन्य वैकल्पिक उर्जाको विकास र प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ✓ क्रमश दाउराको प्रयोगलाई वैकल्पिक उर्जाले पूर्ण रूपमा विस्थापन गर्ने ।
- ✓ बजार क्षेत्रहरूमा फोहरको सदुपयोग गरी उर्जामा परिणत गर्ने जैविक प्रविधिको प्रयोग गर्ने ।
- ✓ ग्रामीण जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि निजी क्षेत्र तथा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्ने ।
- ✓ वर्तमान विश्वमा सहज उपलब्ध सूचना तथा संचार प्रविधिको विकास र विस्तार गरी घर-घरमा इन्टरनेट, टेलिफोन, स्याटेलाइट टी.भी. आदि सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने ।

### ५.१.२ योजना तथा कार्यक्रमहरू

#### (क) सडक

गाउँपालिकाको सडक सञ्चाललाई हेर्दा सबै वडाहरू जोड्ने सडकहरूको ट्र्याक खुलेको भएतापनि सडकको स्तर भने अत्यन्त कमजोर अवस्थामा रहेको छ । निर्माणाधिन घोराही देखि प्यूठान जोड्ने सडक खण्डहरूको केहि मात्रामा स्तरोन्नतीको काम भएतापनि यि सडकहरू समेत वर्षातमा पहिरोको कारण अबरुद्ध हुन्छ । तसर्थ आंशिक रूपमा मात्र यी मुख्य सडकहरू बाहेक अन्य सबै सडकहरू Fair Weather सडकको रूपमा रहेका छन् । बंगलाचुली सडक यातायात गुरुयोजना सम्पन्न हुँदा भविष्यमा स्तरोन्नति गर्नुपर्ने र पूर्वाधार विकासका हिसाबले सबैभन्दा महत्वपूर्ण सडकहरूलाई प्राथमिकतामा राखेर वर्गीकरण गर्नेछ । तसर्थ दिगो सडक पूर्वाधार विकासका लागि सडक यातायात गुरुयोजना अनुरूप सडकहरूको विकास र स्तरोन्नति गर्नु उत्तम देखिन्छ ।



शहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको Planning Norms and Standard 2015 ले गाउँपालिका स्तरमा ९० प्रतिशत वा सोभन्दा बढी घरधुरीहरू मोटरबाटोको २ कि.मी. भित्रको पहुँचमा हुनुपर्ने उल्लेख गरेको छ । प्रतिहजार जनसङ्ख्यामा सडकको घनत्व हिसाब गर्दा १३.७६ कि.मि. हुन आउँछ भने प्रतिवर्ग किलोमिटर क्षेत्रभित्र १.३६ कि.मि. सडक पर्न आउँछ । यो तथ्याङ्क शहरी विकास रणनीतिले तोकेकोभन्दा बढी हो । (MTMP को Report बाट राख्ने) तर विडम्बना त के भने रणनैतिक सडकहरू बाहेक सम्पूर्ण सडकको गुणस्तर अत्यन्त कमजोर अवस्थामा रहेकोले सबै सडकहरूलाई All Weather सडकमा परिणत गर्नु गाउँपालिकाको मुख्य चुनौती रहेको छ । बंगलाचुलीसडक यातायात गुरुयोजनाका अनुसार कूल ५८९.३७ कि.मी. सडक मध्ये ४०.५० कि.मी ग्राभेल, २५५.६९ कि.मी पैदल मार्ग र बाँकी २९३ कि.मी सडक धुले वा कच्ची रहेका छन् ।

बंगलाचुली गाउँपालिकालाई आगामी १५ वर्षमा भौतिक पूर्वाधारका हिसाबले पूर्ण गाउँपालिका बनाउन गर्नु पर्ने प्रमुख काम नै गाउँपालिका भित्रको सडक सञ्जालको स्तरोन्नति गरी राष्ट्रिय मापदण्ड अनुरूप विकास गरी सम्पूर्ण सडकहरू कालोपत्रे गर्नु हो । यसका लागि घोराही देखि गाउँपालिका हुँदै प्यूठान जोड्ने रणनैतिक सडकहरूलाई यथाशिघ्र स्तरोन्नती गरी दोस्रो प्राथमिकतामा गाउँपालिका केन्द्रलाई वडा केन्द्र सम्म जोड्ने सडकहरूलाई पूर्णरूपमा पक्की गर्नु आवश्यक छ ।

सडक विभाग र शहरी विकास तथा भवन निर्माण विभागले देशका सडकहरूलाई दुई प्रकारले वर्गीकरण गरेका छन् ।

### (क) प्रशासनिक हिसाबले गरेको वर्गीकरण

- राष्ट्रिय राजमार्ग 50m ROW अंग्रेजी 'H' अक्षरले चिनिने
- फिडर सडक 30 m ROW अंग्रेजी 'F" अक्षरले चिनिने
- शहरी सडक : स्थानीय नगरपालिका वा गाउँपालिकाभित्र रहेका सडकहरू, बंगलाचुली गाउँपालिका सडक यातायात गुरुयोजनाले गाउँपालिका भित्रका सडकहरूलाई “क”, “ख”, “ग” र “घ” वर्गमा विभाजन गरेको छ ।

### (ख) सवारी चापका हिसाबले गरेको वर्गीकरण

यस अन्तर्गत सडकहरूलाई ADT (Average Daily Traffic का हिसाबले “क”, “ख”, “ग”, “घ” अर्थात् I, II, III, IV वर्गमा बाँडिएको छ ।

भविष्यमा सडक यातायात गुरुयोजनाले तय गरी गाउँ परिषद्ले अनुमोदन गरेका सडकहरूलाई प्राथमिकताको आधारमा क्रमशः स्तरोन्नति गर्दै कालोपत्रे गर्नु उत्तम हुन्छ । साथै सडक यातायात विकासको लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- गाउँपालिकामा रहेका खोलाहरूमा करिडोर निर्माण कार्य वा निर्माणकालागि सम्भाव्यता अध्ययन गर्ने
- आवश्यकता हेरी गाउँपालिका सडक सञ्जाललाई पूर्णता दिन थप नयाँ ट्र्याक खोल्न सकिने ।
- बंगलाचुली चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी सो कार्य अगाडि बढाउने
- आगामी १५ वर्षमा सडक गुरुयोजनाले तय गरे बमोजिम सडक कालोपत्रे र स्तरोन्नति गर्ने ।
- उच्च Gradient भएका र Gradient घटाउन नसकिने क्षेत्रहरूमा बलियो Reinforcement निर्माण गर्ने ।
- करिडोर सेरोफेरोमा पर्यटकीय आकर्षण युक्त पार्क निर्माण गर्ने ।
- भवन निर्माण मापदण्ड अनुरूप सम्पूर्ण सडककोROW (Right of Way) कायम गर्ने ।
- प्रत्येक पर्यटकीय क्षेत्रमा पुग्ने सडक निर्माणलाई प्राथमिकता दिने ।

**आवश्यकता र प्राथमिकताअनुसार निम्न स्थानहरूमा पुलहरू निर्माण गर्ने :**

तालिका नं. ५३ : झोलुङ्गे पुल निर्माण गर्न प्रस्तावित स्थानहरू

| वडा नं. | झोलुङ्गे पुल निर्माणको लागि प्रस्ताव गरिएको स्थान |
|---|---|
| १ | झेलनेटा डाँडा देखि पिङडाँडा जानकी मन्दिर जोड्ने |
| ४ | रूपला खोला, गहतेरा |
| ७ | रुनेखोला मसान घाट, लाहापे सिरुखर्क लुगा धुने घाट, घारीचौर गासी जोड्ने |
| ८ | ज्यामुरे देखि जाबुने, धारापानीबाट झिगा, गोठीवनबाट घारीचौर |

तालिका नं. ५४ : पक्की पुल निर्माण गर्न प्रस्तावित स्थानहरू

| वडा नं. | पक्की पुल निर्माणको लागि प्रस्ताव गरिएको स्थान |
|---|---|
| १ | हर्जा - विरोमा |
| ४ | मान खोला, सुका खोला र रिभान |

## (ख) यातायात



सडक यातायातका दृष्टिकोणले बंगलाचुली गाउँपालिका विकासको प्रारम्भिक र कमजोर अवस्थामा रहेको छ। पहाडी जोखिमयुक्त भू-धरातल र कच्ची सडक सञ्जालको भर्खरै मात्र विकास भएका कारण विशेषतः वर्षायाममा यी सडकहरूमा पहिरो जाने, हिलो बढ्ने र खाल्डा खुल्डी बढ्ने हुँदा आवागमन नै अवरुद्ध हुन जान्छ । अर्कोतर्फ यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था समेत कमजोर रहेको छ। यसर्थ समग्र यातायात क्षेत्रको सुधारका लागि सर्वप्रथम सडकको स्तर उन्नती गरी कालोपत्रे गर्ने त्यस पश्चात् सार्वजनिक यातायात सञ्चालन हुने रुट तय गरी आवश्यक सङ्ख्यामा सवारी साधनहरू थप गरी यातायात नियमित गर्न गाउँपालिकाले निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने देखिन्छ । सार्वजनिक यातायातलाई व्यवस्थित गर्न गाउँपालिकाको निम्न स्थानहरूमा बसपार्क निर्माण गर्नुपर्ने देखिन्छ।

**तालिका नं. ५५ :** प्रस्तावित बसपार्कहरूको विवरण

| वडा नं. | बसपार्क प्रस्ताव गरिएको स्थान |
|---|---|
| १ | बोझ पोखरा |
| २ | पुरुङछेडा |
| ३ | भेडी खोर (कमिरेचौर) |
| ४ | झुले डाँडा |
| ५ | घोडा लोटे डाँडा |
| ६ | पोखरा छेडा |
| ७ | तिरतिरे पुठा खोला, विर्खे |
| ८ | रानी थुम्की, गोठीवन चौपारी |

साथै भविष्यमा रोप-वे को विकास गर्न सकिने सम्भावनायुक्त साना तथा ठूला पहाडी थुम्काहरू प्रशस्त रहेकोले विभिन्न स्थानमा केवलकारको सम्भाव्यता अध्ययन गर्न सकिन्छ भने हवाइ यातायातको सम्भावना न्यून भएपनि विभिन्न उपयुक्त स्थानहरूमा आकस्मिक सेवाका लागि हेलीप्याडहरूको निर्माण गर्नुपर्ने देखिन्छ। यसका लागि गाउँपालिकाको केन्द्र रहेको कमिरेचौर लगायत प्रत्येक वडामा सडकको पहुँच भएका स्थानहरूपहिचान गरी हेलीप्याड निर्माण गर्न सकिन्छ। यसबाट भविष्यमा उद्धार तथा आकस्मिक सेवा प्रदान गर्न सजिलो पर्दछ। यसबाहेक गाउँपालिकाका निम्न स्थानहरूमा उपयुक्त स्थान हेरि हेलिप्याट निर्माण गर्ने :

सार्वजनिक यातायातको रुट तय गर्दा निम्न विषयमा ध्यान पुऱ्याउनु पर्दछ

- ✓ रुटमा चल्ने सवारी साधनहरूको प्रकार (जस्तै बस, मिनीबस, जीप, माइक्रोवस आदि) अनुसारका रुटहरू निर्धारण गर्ने
- ✓ रुटको बीच बीचमा आवश्यक बस स्टप, रिफ्रेसिङ सेन्टर, सार्वजनिक शौचालय, बस बे यात्रु प्रतिक्षालयहरू सामान्यतया प्रत्येक २ कि.मि. पछि बसस्टप राख्दा हुने भएतापनि स्थानीय आवश्यकता अनुसार निर्धारण गर्न सकिने
- ✓ रुट सुरु हुने र अन्त्य हुने स्थानहरूमा बस टर्मिनलहरूको निर्माण गर्ने
- ✓ विभिन्न स्थानका सडक संकेतहरू र माइलस्टोनहरूको व्यवस्था गर्ने
- ✓ आवश्यकता अनुसार ट्राफिक प्रहरी युनिटहरूको व्यवस्था गर्ने
- ✓ सडकको जोखिम क्षेत्रहरू तथा सडकको अवस्था बारे डिजिटल डिस्प्लेको व्यवस्था गर्ने

गाउँपालिका केन्द्र कमिरेचौरबाट घोराही उपमहानगरपालिका जोड्ने प्रस्तावित मदन भण्डारी मार्ग प्यूठानको माण्डवी स्थित झोलुवाङ-लिवाङ सडकमा जोडिन पुग्छ। सो भालुवाङ लिवाङ सडक बंगलाचुली लगायत प्यूठानलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने प्रमुख रणनैतिक सडक हो। अर्कोतर्फ प्रस्तावित मदन भण्डारी राजमार्ग घोराही-चकचके-प्युठानको निर्माण सम्पन्न हुँदा बंगलाचुलीको समग्र क्षेत्रको विकासमा कोशेढुङ्गा सावित हुन सक्छ। भालुवाङ, लिवाङ सडक खण्डको चकचकेबाट गुल्मी, अर्घाखाँची र प्युठानको सिमानामा पर्ने सौतामोर जोडिने सडकले सालझुण्डी-सन्धीखर्क पुर्कोट दह हुँदै ढोरपाट जोड्ने सडकलाई छुने भएकाले सो सडक विकास हुँदा बंगलाचुली गाउँपालिका घोराही उपमहानगरपालिकाबाट महत्वपुर्ण क्षेत्रहरू जोड्नेएक प्रवेशद्वारकोरूपमा विकास हुन सक्दछ। ढोरपाटन सडक प्रसिद्ध पर्यटकीय क्षेत्र पोखरासँग जोडिन्छ। यी रणनैतिक सडकहरूको स्तरोन्नतिलाई प्राथमिकतामा राखेर सडक यातायात गुरुयोजनाले तय गरेका सडकहरूको प्राथमिकताका आधारमा स्तरोन्नति गर्नु श्रेयष्कर देखिन्छ।

### (ग) आवास

आगामी १५ वर्षमा बंगलाचुली गाउँपालिकाको जनसङ्ख्यामा उल्लेख वृद्धि हुने देखिँदैन। विगतको वृद्धिदरको उतार चढावलाई हेर्दा औसत्मा ०.६७ प्रतिशतको वृद्धिदर रही सन् २०३३ सालमा २८,०८१ पुग्ने अनुमान गर्न सकिन्छ। आवास योजना निर्माण गर्दा यो जनसङ्ख्यालाई पर्याप्त हुने आवासको जोहो गर्नुपर्ने देखिन्छ। यसरी आवास योजना निर्माण गर्दा मुख्यतया दुई तरिका अवलम्बन गर्नुपर्ने हुन्छ।

(क) हाल रहेका वस्ती वरपर थप आवास विस्तार कार्यक्रम सञ्चालन गर्ने जसले गर्दा पूर्वाधार विकास भैसकेका क्षेत्ररूमा थप लगानी गर्नु पर्ने रकमलाई अन्य विकास क्षेत्रमा प्रयोग गर्न सकियोस।

(ख) एकीकृत आवासका योजना निर्माण गरी नयाँ स्थानहरूमा आवास क्षेत्र विकास गर्ने । यस्ता क्षेत्रहरूमा सम्पूर्ण मानवीय, सुविधाहरू केन्द्रित गर्ने । भू-उपयोग वर्गीकरणमा हाल व्यावसायिक र आवासक्षेत्रभित्र रहेका प्रमुख बजार केन्द्रबाट सुगम हुनेगरी प्राकृतिक विपद्को जोखिम न्यून रहेका क्षेत्रहरूमा एकीकृत आवास योजना निर्माण गर्न सकिन्छ ।

आवास योजना निर्माण गर्दा गाउँपालिकामा

(क) एकल परिवार बसोबास इकाई (Single Family Dwelling Unit)

(ख) होचो आवास संरचना निर्माण (Low Rise Housing 5 storey) गरी अपार्टमेन्ट प्रणालीमा समेत जान सकिन्छ ।

## १. एकल परिवार बासोबास इकाई

जम्मा जनसङ्ख्या = २४२४५

६० प्रतिशत जनसङ्ख्या एकल परिवार बसोबास इकाईमा व्यवस्थापन गर्दा

$$२४२४५ \text{ को } ६० \text{ प्रतिशत} = २४२४५ \times \frac{६०}{१००} = १४५४७ \text{ जना}$$

एकल परिवार बसोबास इकाईमा प्रति परिवार ५ जना बसोबास गर्दछन् भन्ने मान्दा,

$$= \frac{१४५४७}{५} = २९०९ \text{ परिवार}$$

१ ओटा एकल परिवार बसोबास इकाईको लागि आवश्यक क्षेत्र = ८० वर्ग मि. + ३० प्रतिशत खुला क्षेत्र
= १०४ वर्ग मि.

२९०९ परिवारको लागि आवश्यक क्षेत्र = २९०९ × १०४ = ३०२,५३६ वर्ग मि.
= ३०.२५ हेक्टर

अब

## २. होचा आवास संरचना निर्माण (Low rise housing - 5 stories)

४० प्रतिशत जनसङ्ख्या होचा आवास व्यवस्थापन गर्दा

$$२४२४५ \text{ को } ४० \text{ प्रतिशत} = २४२४५ \times \frac{४०}{१००} = ९६९८ \text{ जना}$$

१ ओटा २ शयनकक्ष (bedrooms) भएको अपार्टमेन्ट = ६० वर्ग मि.

१ तल्ला (floor) मा २ ओटा अपार्टमेन्ट हुँदा = ६० × २ = १२० वर्ग मि.

३० प्रतिशत खुला क्षेत्र छुट्टयाउँदा,

१२० + १२० को ३० प्रतिशत = १२० + ३६ = १५६ वर्ग मि.

आवश्यक जग्गाको क्षेत्रफल = १५६ वर्ग मि.

१ ओटा होचा आवास भवनमा ५ तल्लाको मान्दा = १५६ × ५ = ७८० वर्ग मि.

१ ओटा यस्तो  आवासमा = ५ × २ = १० इकाई

१ इकाईमा ५ जनाको परिवार बसोबास गर्दा = १० × ५ = ५० जना

जम्मा आवश्यक होचा आवास भवनमा = $\frac{९६९८}{५०}$ = १९४ अपार्टमेन्ट

जम्मा आवश्यक जग्गाको क्षेत्रफल = १९५ × १५६ = ३०२६४ वर्ग मि. = ३.०२६ हेक्टर


नयाँ आवास योजना निर्माण गर्दा एकिकृत, सुविधा सम्पन्न र सूरक्षित आवासका योजना निर्माण गर्न जरुरी छ । यसका अलावा विद्यमान आवासको अवस्थालाई मध्यनजर गरी भविष्यमा छुट्टिएर पूर्वाधार र सुविधा विहिन अवस्थामा रहेका वस्तीहरूलाई सूरक्षित र पूर्वाधारयुक्त आवासको क्षेत्रहरूमा स्थानान्तरण गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

### (घ) गाउँपालिकाको प्रस्तावित भू-वर्गीकरण

गाउँपालिकाको स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा विद्यमान भू-धरातलीय स्थिति र भू-आवरणको वर्तमान अवस्थालाई हेर्दा कुल २४५.१४ वर्ग कि.मी. क्षेत्रफल मध्ये सबैभन्दा बढी जंगलले ओगटेको क्षेत्रफल १९३.१८ वर्ग कि.मी., कृषि क्षेत्रले ओगटेको क्षेत्रफल ४२.०४ वर्ग कि.मी., अवासिय क्षेत्र ४.४६वर्ग कि.मी. र नदी खोला ताल वा पोखरीले ओगटेको क्षेत्रफल २.६३ रहेको र अन्य क्षेत्रहरूमा जस्तै व्यावसायिक क्षेत्र, संस्थागत क्षेत्र, खानी तथा खनिज, पर्यटन क्षेत्र क्षेत्र, ल्याण्डफिल वा पार्क क्षेत्र नगण्य क्षेत्रफलमा फैलिएर रहेका छन् । भविष्यमा गरिने भू-उपयोग योजना वर्तमान भू-आवरणका आधारमा नै हुने भएकाले गाउँपालिकाको विभिन्न वडाहरूमा निम्नानुसार क्षेत्रहरूमा विद्यमान भू-आवरणलाई वर्गीकरण गरी प्रस्तावित भू-उपायोग योजनाको नक्साङ्कन गरी नक्शामा उतारिएको छ । यस नक्साले भविष्यमा सम्पन्न गरिने विकास निर्माणका योजनाहरूलार्य वैज्ञानिक रूपमा कार्यान्वयन गर्न मद्दत मिल्दछ ।

**तालिका नं. ५६ :** प्रस्तावित भू-उपयोग सम्बन्धी विवरण

| जमिनको प्रकार | जम्मा क्षेत्रफल | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | ४२.०४ | १७.१५ |
| व्यावसायिक क्षेत्र | ०.९६ | ०.३९ |
| वनजंगल | १९३.१८ | ७८.८० |
| संस्थागत क्षेत्र | ०.२५ | ०.१० |
| ल्याण्डफिल क्षेत्र | ०.१२ | ०.०५ |
| खानि तथा खनिज | १.१६ | ०.४७ |
| अवासीय क्षेत्र | ४.४६ | १.८२ |
| नदी तथा ताल (जल क्षेत्र) | २.६३ | १.०७ |
| पर्यटकीय क्षेत्र | ०.३५ | ०.१४ |
| **जम्मा** | २४५.१४ | १००.०० |




## १) वन जंगल क्षेत्र



गाउँपालिकाको कूल भू-भागको झण्डै ८० प्रतिशत भू-भाग वनजंगलले ढाकिएकाले यो गाउँपालिका जंगल नै जंगलले भरिएको गाउँपालिका जस्तो प्रतीत हुन्छ । यसरी जंगलको भू-भाग हेर्दा सबै वडाका अधिकांश

क्षेत्रमा पुर्णत जंगलमात्र भएजस्तो लाग्दछ । त्यसमा पनि वडा नं. ८ र वडा नं. ७ मा जंगलको भू-भाग भनै बढी रहेको छ । यो क्षेत्रलाई जंगल क्षेत्र नै कायम राखी हाल रहेको प्राकृतिक अवस्थाको जंगललाई वैज्ञानिक वन व्यवस्थापन मार्फत स्याहार संभार गरी पूर्णरूपमा उत्पादन र प्रतिफलमुखी बनाई गाउँपालिकाको दिगो विकास र समृद्धिमा सदुपयोग गर्नु उपयुक्त हुन्छ । थप विवरण तालिका र नक्शामा प्रस्तुत गरिएको छ ।

### २) कृषि क्षेत्र



गाउँपालिकाको कृषि क्षेत्र प्रत्येक वडामा असंगठितरूपमा छरिएर रहेको जमिन भएतापनि दोस्रो ठुलो क्षेत्र ओगटेको भू-भाग नै कृषि क्षेत्र हो । विशेषत गाउँपालिकाको उत्तर पश्चिमी क्षेत्र र पुर्वी क्षेत्रमा रहेका खोलाका किनारहरू, पहाडी थुम्काहरू र पठारहरूमा यो क्षेत्र केही सघन देखिन्छ । यी क्षेत्रहरू वडा नं. ७ र ८ का दक्षिणी क्षेत्र बाहेक सबै वडाहरूमा रहेका छन् । परम्परागत हिसाबले गरिने निर्वाहमुखी खेतिपातिले गर्दा सो कृषि क्षेत्रको पूर्ण सदुपायोग हुन सकेको छैन भने जग्गा खण्डीकरण हुनु सिँचाईको भरपर्दो नहुनु र वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न नसक्दा यो क्षेत्रबाट पूर्ण प्रतिफल प्राप्त गर्न सकिएको छैन । यस क्षेत्रलाई तत्काल प्रतिफलमुखी बनाउने एक मात्र आधार भनेकै कृषक घरधुरी लक्षित वैज्ञानिक र सघन कृषि कार्यक्रमहरू सञ्चालन गरी बाँझो जग्गा राख्ने परिपाटीलाई पुर्णरूपमा निरुत्साहित गर्ने र खाली र बाँझो जग्गाहरू गाउँपालिकाले भाडामा लिएर युवा कृषक तथा ईच्छुक कृषि समुहलाई प्रदान गर्ने परिपाटी मिलाउनु नै हो ।

### ३) आवासिय क्षेत्र:

सदियौदेखि यस मध्य पहाडी भेगमा गाईवस्तु पाल्न उपयुक्त, खोरिया खनि सामान्य मकै, कोदो, फापर तथा तरकारी बाली लगाउन मिल्ने जमिन र केहि पानीको श्रोत भएका क्षेत्रमा आफ्नो पायक हेरी वस्ती बसाल्ने परिपारी रहेको थियो । यस प्रकारका क्षेत्रहरू भनेको पहाडी थुम्का, थुम्की, स-साना पठारहरू, टार वा बेसी क्षेत्रहरू हुन् । यो गाउँपालिकामा समेत परम्परागत हिसाबले असंगठित रूपमा छरिएर रहेका वस्तीहरू सबै वडामा रहेका छन् । विस्तारै विकसित भैरहेका गाउँपालिका तथा वडा केन्द्रहरू र स्थानीय बजारहरू यस्ता आवासिय क्षेत्रमा पर्दछन् । भविष्यमा यसरी छरिएर रहेका वस्तीहरूलाई प्रत्येक वडाका उपयुक्त हुन्छ । यसले राज्यद्वारा प्रदान गरिने सुविधा समेत सहज र प्रभावकारी हुन जान्छ भने वस्तीहरूको विकास काम खर्चिलो र सूरक्षित हुन जान्छ। यस्ता क्षेत्रहरूमा वडा नं. १ को खैरधारा क्षेत्र र बचपोखरा, वडा नं. २ को दार्मा र वडा नं. ४ दार्मादेखि फाँटासम्म फैलिएको क्षेत्र, वडा नं. ४ को पूर्वी क्षेत्रमा रहेको मूलतपा, वडा नं. ३ मा प्रस्तावित मदन-भण्डारी लोकमार्गको उत्तरतर्फ फैलिएको दाङवाङ र शिरुवारी क्षेत्र वडा नं. ४ को तिल्केनदीखि उत्तरपूर्वमा रहेको क्षेत्र, वडा नं. ३ को जेमुरे, रातमाटा र मूलावारी क्षेत्र, वडा नं. ५ को काल्चेगैरादेखि पश्चिम र सकिन्ने क्षेत्र, वडा नं. ७ को घारीचौर क्षेत्र, वडा नं. ८ को हाँसीपुर र वडा नं. ६ को खमारे क्षेत्रहरू पर्दछन् । विस्तृत विवरण नक्सामा उतारिएको छ ।

### ४) व्यावसायिक क्षेत्र

उद्योग धन्दा र व्यापारिक तथा व्यावसायिक कृयाकलापहरू वृद्धि हुन सक्ने क्षेत्रमा प्रस्तावित मदन भण्डारी लोकमार्गको दायाँबायाँका कमिरेचौर, मुर्कुट्टी, काल्चेगैरा, लोहारपानी जस्ता क्षेत्र लगायत वडा नं. ८ को हाँसीपुर, वडा नं. २ र ४ को सीमाना दार्मा, वडा नं. १ को बचपोखरा जस्ता क्षेत्रहरू पर्दछन् ।

### ५) संस्थागत सेवा प्रवाह क्षेत्र

यी क्षेत्रहरूमा प्रत्येक वडा केन्द्रहरू वरपर विकसित भैरहेका बजार केन्द्रहरू र गाउँपालिका केन्द्र रहेको कमिरेचौर क्षेत्र पर्दछ ।

### ६) खानी तथा खनिज क्षेत्र :

यस क्षेत्रमा वडा नं. २ को मर्वेश र फलिलडे क्षेत्र, वडा नं. १ को कल्लेरीदेखि पूर्व र पश्चिम क्षेत्र, वडा नं. ४ को पूर्वी सीमानामा फैलिएको क्षेत्र पर्दछन् ।

### ७) जल तथा नदी क्षेत्र:

गाउँपालिकामा छरिएर रहेका खोला तथा ताल र पोखरीले ओगटेको क्षेत्र यो क्षेत्रमा पर्दछ यस्ता खोलाहरूमा गनाह खोला, अरङ खोला, दरबान खोला, सादी खोला, रूपला खोला आदि पर्दछन् ।

### ८) पर्यटकीय क्षेत्र:

यस्ता क्षेत्रहरूमा प्रत्येक वडामा रहेका पर्यटकिय क्षेत्रहरूले ओगटेको क्षेत्रहरू पर्दछन् । गाउँपालिकाबाट दृश्यावलोकन गर्न सकिने डाँडाहरू लगायत मठ मन्दिर, गुफा तथा सुन्दर प्राकृतिक जंगलहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ ।

### ९) ल्याण्डफिल्ड क्षेत्र:

वडा नं. २ को गर्ज्याङ क्षेत्रलाई ल्याण्ड फिल्ड साइटको रूपमा उपयोग गर्न सकिने देखिन्छ ।

## १०) वर्षातको पानी निकास प्रणाली

पहाडी क्षेत्रको गाउँपालिका भएकोले यो भौगोलिक हिसाबले बढी क्षयीकरण र पहिरोको जोखिम भएको क्षेत्रमा पर्दछ । यस्तो सतहमा पानीको प्राकृतिक निकास सहज नै हुने भएतापनि व्यवस्थित गर्न नसके व्यापक रूपमा क्षयीकरण हुने र पहिरो जाने जोखिम रहन्छ । त्यसमा पनि ट्र्याक खोलेर व्यवस्थित गर्न नसकेका सडकहरूले क्षयीकरण र पहिरोका हिसाबले थप जोखिमपूर्ण स्थिति श्रृजना भएको देखिन्छ । तसर्थ सडकको दायाँबाँया नाला निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणा अनुरूप अगाडि बढ्नु पर्ने देखिन्छ । यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोलाहरूमा निकास गर्ने प्रणाली विकास गर्नु पर्दछ । यसरी नालाको कामको थालनी गर्दा सर्वप्रथम पहिरोग्रस्त क्षेत्र, पहिरोको जोखिमयुक्त क्षेत्र, कमजोर भू-धरातल र माटो भएको क्षेत्र बढी भिरालोपन भएको क्षेत्रहरूलाई प्राथमिकतामा राख्नु पर्दछ ।

## (ङ) सिँचाई

पहाडी भू-धरातल भएतापनि बंगलाचुली गाउँपालिकाको १७.२४ प्रतिशत जमिनमा एक वा अर्को तरिकाले खेती गर्न सकिन्छ । यस गाउँपालिकामा धान, मकै, कोदो, गहुँ, अदुवा, आलु, तोरी, बदाम साथै दलहन र तरकारीबालीहरू उत्पादन गर्न सकिने प्रबल सम्भावनाहरू रहेका छन् । तर कृषकहरूले परम्परागत हिसाबले स्थानीय प्रविधिमा निर्माण गरेका स-साना कुलोहरू बाहेक वैज्ञानिक हिसाबले आधुनिक प्रविधियुक्त नहर तथा सिँचाइ प्रणालीको विकास नभएको र सिंचित तथा असिंचित क्षेत्रको वस्तुगत तथ्याङ्कहरू समेत नभएकोले कृषि उत्पादनका लागि अपरिहार्य सिँचाइ प्रणालीको आधारभूत तहबाट नै विकास गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रममा उत्पादनमुखी विकासलाई विशेष महत्व दिई कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको साथै आर्थिक क्रान्तिको आधारको रूपमा दीर्घकालीन विकासका दृष्टिकोणले कृषि क्षेत्रको विकासको नै अहम भूमिका हुने भएकोले सिँचाइलाई समेत कृषि विकासको अभिन्न अंगको रूपमा लैजानुपर्ने हुन्छ अर्कोतर्फ गाउँपालिकाले निर्यातमुखी कृषि प्रर्वद्धनलाई केन्द्रमा रहेकोले सिँचाईलाई प्राथमिकता साथ विकास गर्नुपर्ने भएकाले गाउँपालिकाको सिँचाई प्रणाली विकासका लागि निम्नानुसारका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- ✓ गाउँपालिकाभर रहेका पानीका मुख्य श्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने ।
- ✓ मुख्यतया गाउँपालिका भएर बग्ने मुख्य खोला र तिनका जलाधार क्षेत्रसम्मको (Inventory Profile) तयार गर्ने ।
- ✓ प्रत्येक खोलाका मुहानहरू संरक्षण गर्ने वस्तुगत योजना निर्माण गर्ने ।
- ✓ मुहान संरक्षण तथा खोलाहरूको संरक्षणका लागि स्थानीयबासीहरूको सहभागिता सुनिश्चित गर्ने ।
- ✓ ती खोला तथा पानीका मुहानहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भे गर्ने
- ✓ हाल संचालित कूलो र सिँचाई प्रणालीको वस्तुगत प्रोफाइल तयार गर्ने ।
- ✓ हाल सञ्चालनमा रहेका परम्परागत कूलोहरूको समयमै मर्मत सम्भार गर्न प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने

- ✓ प्राथमिकताका आधारमा नयाँ सिँचाइ प्रणालीको निर्माण गर्न DPR तयार पार्ने
- ✓ समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गर्ने
- ✓ वैकल्पिक सिँचाई जस्तै थोपा सिँचाइ, फोहरा सिँचाइ, लिप्ट प्रविधि, वर्षातको पानी सङ्कलन प्लाष्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी वर्षातको पानी सङ्कलन गर्ने उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने

गाउँपालिकामा सञ्चालनमा रहेका निम्न कुलोहरूको मर्मत, स्तरोन्नति तथा निर्माण गर्ने साथै आवश्यकता अनुसार थप सिँचाई कुलो तथा लिफ्ट सिँचाई प्रणालीको सम्भाव्यता अध्ययन गरी परियोजना अगाडि बढाउने ।

## (च) विद्युत तथा उर्जा

२०६८ सालको जनगणना अनुसार कुल ४,७३० घरधुरीहरू मध्ये ८४४ घरधुरी अर्थात १७.८४ प्रतिशत घरघुरीहरूमा विद्युतिकरण भएको तथ्याङ्कले ग्रामीण विद्युतिकरणका हिसाबले बंगलाचुली गाउँपालिकाको अधिकांश स्थानमा विद्युतिकरण गर्नुपर्ने अवस्था रहेको देखिन्छ । विशेषत दुर्गम क्षेत्रका विपन्न घरहरूमा विद्युतिकरण नभएका स्थानहरूमा विद्युतिकरण विस्तार गर्ने योजनालाई प्राथमिकता राख्नुपर्ने देखिन्छ । तथापि प्रशारण लाइनको सुदृढीकरणका लागि भने प्रसस्त काम गर्नुपर्ने देखिन्छ । विद्युत प्रशारण लाईन सुधारमा सर्वप्रथम काठका पोलहरू पक्की वा फलामका पोलहरूले विस्थापन गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युत सेवा बाहेक वैकल्पिक र नविकरणीय उर्जा प्रर्वद्धनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । निरन्तर हावा बगिरहने अग्ला पहाडहरू भएको यो गाउँपालिकामा वायुउर्जाको राम्रो सम्भावना रहेको छ । पशुपालन हुने क्षेत्रमा गोबरग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा सौर्य उर्जा जडान गर्न सके त्यसबाट उर्जाको नियमित आपुर्ति हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई उर्जाको सदुपयोग मार्फत गति दिन सकिन्छ । सौर्य उर्जाबाट लिफ्ट सिँचाई खानेपानी आयोजना सञ्चालन गर्न वा ग्राहस्थ उपभोगका निम्ति प्रयोग गरी बढी भएको उर्जालाई राष्ट्रिय प्रशारण लाइनमा विक्रि समेत गर्न सकिन्छ ।

सामान्तया एउटा सामान्य परिवारले दैनिक २ किलो वाटविद्युत खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्युन हुन्छ । १७.६ वर्ग फिटको सोलार pannel ले २५० वाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट 250 watt X 6.8 hours गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ । १.७K.W X ३० दिन गर्दा महिनामा ५१ कि.वा.विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} = १७३८\text{कि.वा.}$$

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यउर्जा जडान गर्दा सो घरलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ । यद्यपि ग्रामीण घरहरू सौर्य उर्जा उत्पादन मैत्री बनाउनुपर्ने हुन्छ । अर्कोतर्फ पानीका सदाबहार स्रोतहरू भएको र जलाशयमा आधारित विद्युतको समेत सम्भावना अध्ययन गरी लघु विद्युत योजनाहरू सञ्चालन गर्न सकिन्छ । यसरी उत्पादित विद्युत बढी भएको खण्डमा राष्ट्रिय प्रशारण लाइनमा बेच्न

सकिन्छ । हालसम्म समेत काठदाउरालाई खाना पकाउने मुख्य इन्धनकोरूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकाले काठदाउरा विस्थापन गर्न विद्युत तथा सौर्य उर्जाले सहयोग पुऱ्याउन सक्दछ । यसबाट वातावरण संरक्षणमा समेत टेवा पुग्दछ । तसर्थ गाउँपालिकाका विभिन्न वडामा विद्युत प्रशारण लाईन मर्मत संभार तथा सुधार, ट्रान्सफर्मर जडान, वैकल्पिक तथा नविकरणीय उर्जा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### (छ) सूचना तथा सञ्चार

ल्याण्डलाईन टेलिफोनको सुविधा नभएतापनि सामान्यतया वस्तीहरू बाक्लो भएका क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले मोबाइल फोन सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएतापनि गाउँपालिका Network Coverage को हिसाबले कमजोर रहेको छ । इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । स्थानीय एफ.एम तथा निकटवर्ती शहरहरूबाट प्रशारण हुने रेडियोको पहुँच र स्याटलाईट टेलिभिजन च्यानलको पुहँच राम्रो छ । यसमा Dish Home लगायतका कम्पनीहरूले सेवा प्रदान गरिरहेका छन् । सूचना र सञ्चारको विकासको लागि निम्न कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

- Optical Fiber विस्तार
- ल्याण्डलाईन टेलिफोन सेवाको विस्तार
- इन्टरनेट प्रदायक कम्पनीहरूलाई आकर्षण
- स्थानीय एफ.एम सञ्चालन
- राष्ट्रिय दैनिकहरू समयमा नै गाउँपालिका पुग्ने संयन्त्रको विकास
- सुचनाकेन्द्रको स्थापना
- मोबाइल Network Coverage को थप विकास र विस्तार गर्न पहल
- गाउँपालिकाका वस्ती केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा गाउँपालिकाका केन्द्रमा Free Wifi को व्यवस्था
- स्थानीय पत्रिका प्रकाशन गर्न पहल

## ५.१.३ भौतिक विकास योजनाको Logical Framework Approach (LFA)

**लक्ष्य**

गाउँपालिकालाई आगामी १५ वर्ष भित्र भौतिक पूर्वाधार विकासका दृष्टिकोणले पूर्ण बनाउने

**उद्देश्य**

गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याई सहज, सुखी र सम्पन्न जीवनयापन गर्न सक्ने स्तरमा पुऱ्याउने

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ गाउँपालिकाका समग्र बस्तीहरू जोड्ने पक्की कालोपत्रे सडक सञ्जालको विकास भएको हुनेछ । | **वि.सं. २०८० सालसम्म**<br>▪ **RMTMP** ले तोकेको प्राथमिकताका आधारमा करिब | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ समग्र गाउँपालिका सहज ढङ्गले राष्ट्रिय राजमार्ग प्रणालीमा जोडिएको हुनेछ ।<br>▪ सार्वजनिक यातायातको सहज र नियमित आवागमन हुने अवस्था बन्नेछ ।<br>▪ सम्पूर्ण वस्तीलाई सहज हुने गरी सार्वजनिक यातायातको रुट तय भई यातायात सञ्चालन भएको हुनेछ ।<br>▪ सवारी साधनहरूको पर्याप्तता हुनेछ । आवश्यक सम्पूर्ण स्थानमा पुलहरूको निर्माण हुनेछ ।<br>▪ यातायात सूरक्षित र न्युन जोखिमयुक्त हुनेछ ।<br>▪ सम्पूर्ण गाउँबासीहरूलाई सूरक्षित आवासको सुनिश्चितता हुनेछ ।<br>▪ भूमिहीन विपन्न तथा आवास विहीन जनता तथा परिवारलाई आवासको प्रबन्ध भएको हुनेछ ।<br>▪ उपलब्ध जमिनको वैज्ञानिक भू-उपयोग नीति अनुरूप सदुपयोग गरी दिगो विकासको अवधारणा अनुरूप अगाडि बढेको हुनेछ ।<br>▪ **"सडक, कृषि, वन र पर्यटन पूर्वाधार,बंगलाचुलीको समृद्धिको आधार"** भन्ने नारा साकार भएको हुनेछ ।<br>▪ "एक घर एक धारा" अभियानको रूपमा सफल भई हरेक नागरिकलाई स्वच्छ र सुरक्षित पिउनेपानीको प्रबन्ध भएको हुनेछ ।<br>▪ गाउँपालिकाभर रहेका पानीका श्रोत तथा मुहान र खोला तथा जलाधार क्षेत्रको वस्तुगत Profile तयार भई मुहान संरक्षणका ठोस कार्यक्रमहरू लागु भएको हुनेछ ।<br>▪ गाउँपालिकाका सम्पूर्ण सडक सञ्जालमा आवश्यक नाला निर्माण तथा व्यवस्थापन भएको हुनेछ ।<br>▪ सत् प्रतिशत खेतीयोग्य जमिनमा एक वा अर्को तरिकाले सिँचाइ सुविधा पुगेको हुनेछ । | २५ प्रतिशत सडकहरू कालो पत्रे भएको<br>▪ समग्र गाउँपालिका राष्ट्रिय राजमार्ग प्रणालीमा वैकल्पिक सडकहरू तथा कालोपत्रे सडक सहित जोडिसकिएको<br>▪ सार्वजनिक यातायातका मुख्य बस्ती जोड्ने रुट तयार भैसकेको र यातायात सञ्चालन सुरु भएको<br>▪ सो रुटहरूमा सवारी साधनको पर्याप्तता भएको<br>▪ विपन्न तथा आवास विहिन परिवारको पहिचान गरी उनीहरूको आवासको प्रबन्ध भएको<br>▪ वैज्ञानिक भू-उपयोग योजना पूर्ण रूपमा लागु भई क्षेत्रहरू स्पष्ट छुट्टिएको<br>▪ करिब ६० प्रतिशत घरधुरीमा खानेपानी आयोजना मार्फत सुरक्षित पिउने पानी पुगेको ।<br>▪ गाउँपालिकाभर रहेका सम्पूर्ण पानीका श्रोतहरूको प्रोफाइल तयार भई ३० प्रतिशत श्रोतहरूको संरक्षण योजना लागु भईसकेको<br>▪ सडक यातायात गुरुयोजनाले तय गरेका "क" वर्गका सडकहरूमा नाला निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ सिँचाई नपुगेका कम्तीमा करिब ३० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ पुगेको हुनेछ ।<br>▪ सम्पूर्ण घरमा विद्युतिकरण तथा प्रसारण लाइनको सुधार भएको हुनेछ ।<br>▪ खाना पकाउन काठको प्रयोग अन्य उर्जाले प्रतिस्थापन गरेको हुनेछ ।<br>▪ सबै घरमा मोबाइल, इन्टरनेट, रेडियो, टेलिभिजनको पहुँच पुगेको हुनेछ ।<br>▪ आवश्यक स्थानहरू मध्ये प्राथमिकताका आधारमा करिब ४० प्रतिशत पुल तथा झोलुङ्गे पुलहरूको निर्माण भएको<br>**वि.सं. २०८५ सालसम्म**<br>▪ गाउँपालिका यातायात गुरुयोजनाले तोकेका र स्थानीयबासीको प्राथमिकतामा परेका करिब ५० प्रतिशत सडकहरू कालोपत्रे र स्तरोन्नती | तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट | हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ हरेक घरमा विद्युतको पहुँच वा अन्य वैकल्पिक उर्जाको पहुँच पुगेको हुनेछ ।<br>▪ आवश्यकता अनुसार वैकल्पिक उर्जा उत्पादन हुनेछ ।<br>▪ खाना पकाउन प्रयोग हुने काठ, दाउरा वा गुँइठाको पूर्ण रूपमा विस्थापन भएको हुनेछ ।<br>▪ मोबाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका, रेडियो र टेलिभिजनको पहुँच सम्पूर्ण जनतामा सूनिश्चित हुनेछ ।<br>▪ "उज्यालो बंगलाचुलीको हाम्रो खुसी" नारा साकार भएको हुनेछ । | भएको हुने ।<br>▪ सार्वजनिक यातायातका सम्पूर्ण बस्ती जोड्ने रुट सञ्चालनमा आएको हुने ।<br>▪ सडक सुरक्षा तथा यातायातको साधनहरूको पर्याप्तता भएको हुने ।<br>▪ सत् प्रतिशत घरधुरिमा सुरक्षित पिउनेपानीको उपलब्धता भएको हुने ।<br>▪ "एक घर एक धारा" अभियान सम्पन्न भएको हुने<br>▪ गाउँपालिकाभर रहेका ७० प्रतिशत पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षण योजना पूर्णरूपमा कार्यान्वयन भएको<br>▪ सडक यातायात गुरुयोजनाले तय गरेका "ख" वर्गका सडकहरूमा नाला निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ सिँचाई नपुगेका खेतियोग्य जमिन मध्ये करिब ७० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ पुगेको<br>▪ सम्पूर्ण भूमिहिन, आवास विहीन र विपन्न नागरिकहरूलाई सुरक्षित आवासको व्यवस्था भएको<br>▪ करिब ७० प्रतिशत पुलहरूको निर्माण भएको<br>**वि.सं. २०९० सालसम्म**<br>▪ गाउँपालिका यातायात गुरुयोजनाले तोकेका र स्थानीय बस्तीहरू जोड्ने सम्पूर्ण सडकहरू पक्की र कालोपत्रे भएको हुने<br>▪ गाउँपालिकाभर रहेका सम्पूर्ण पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षण भई आधार वर्षको तुलनामा २ गुणाले पानीको आयतन बढेको हुने ।<br>▪ सडक यातायात गुरुयोजनाले तय गरेका आवश्यक सबै प्रकारका सडकहरूमा नाला निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ गाउँपालिकाको सम्पूर्ण वनजंगल क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ गाउँपालिकाको सत् प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइको सुविधा पुगेको हुनेछ । | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| **(क)** | **सडक** | | |
| **RMTMPले तय गरेका निम्न सडकहरूको स्तरोन्नति र कालोपत्रे तथा पक्की गर्ने** | | | |
| **१.** | **शाखा सडक (Class 'A')** | | |
| ▪ | वडा नं २, ४, ३, ६ र ५ हुँदै जाने सिस्नेखोला - पुरुङ्गछेडा -श्रीवारी - भूटनेटा - मसुरे -मुकुटी सडक (अजयभरत कृषि मार्ग) | | |
| ▪ | वडा नं. ५, ७ र ८ हुँदै जाने मुर्कुटी - छापडाँडा - हाँसीपुर - करँगे - सिसहनिया सडक (गणतन्त्र मार्ग) | | |
| ▪ | वडा नं. ८, ३ र ४ हुँदै जाने लामिदिवाली - मुलावारी - बाघखोर - तापा - अरङखोला सडक (शहिद - प्रदीप - वासु मार्ग) | | |
| ▪ | वडा नं. २ र १ हुँदै जाने मसिना - मार्पेस - धिमधिमे - वाचपोखरा - अरङ्खोला सडक | | |
| ▪ | वडा नं. ४, ३, ६, ५, ८ र ७ हुँदै जाने सुकाखोला - मुलावारी- झिंगा - कोइराले सडक (थापाराना मार्ग) | | |
| ▪ | मसिना-मार्वेस-पाखापानी-पुरुङ-हार्नाक सडक (धिमधिमे पर्यटक सडक) | | |
| ▪ | प्रस्तावित वडा २ को कार्यालयको बाटो | | |
| ▪ | कालमाटी-रङजाङ गाउँ-प्याराधारा-गुनाचौर | | |
| ▪ | छिप्पन-जरुवा | | |
| ▪ | सिस्नै खोला-टाकुरा-पुरुङ छेडा-छिप्पन-जरुवा | | |
| ▪ | पुरुङ लाकुरेबोट-फाँटा-सल्लेरी जुम्लेपानी-पुरानो हुलाक | | |
| ▪ | डबर-गतेरा-अर्जा-जाउलेबद-केउरेपानी-मद्रानी-लेखपाटा | | |
| ▪ | लेखपाटा-थाटीचौर | | |
| ▪ | जरुवा-तुसारेपानी-स्यूजा डाँडा | | |
| ▪ | जाउलेबद-जुम्लेपानी-गदारी-जरुवा | | |
| ▪ | सिउजा-झेङनेटा-भोजपोखरा-पिपलडाँडा-घोर्सेचौर-चमेरेगुफा-बाह्रबिसे-अराङ खोला | | |
| ▪ | केउरेपानी-म्यालडाँडा-लेखतापा-थाटीचौर-अरङखोला | | |
| ▪ | लाकुरी छेडा-स्यूजा डाँडा-उजा पैया खडा | | |
| ▪ | बाघखोर-पाखापानी-वली टोल-सानो दाङवाङ-दिपपोखरी | | |
| ▪ | दिप पोखरी-मसारी-भुटनेटा बजार- झेलनेटा मा.वि | | |
| ▪ | झेलनेटा मा.वि. बाटा-झेलनेटा बजार | | |
| ▪ | भुटनेटा बजार-जयडाँडा-गदारी-गुइ खोला | | |
| ▪ | गुइ खोला-झेलनेटा बजार | | |
| ▪ | शहीद शर्मिला मार्ग : झुलनेटा-भुटनेटा-सेउडे-अमरे | | |
| ▪ | अमरे मसुरे खोला | | |
| ▪ | घ्यालडाँडा-कुँडुले-सकिने-ठूलोखोला (प्यूठान जिल्ला सिमा, सिद्धनाथ मार्ग) | | |
| ▪ | लहापे थुम्का-लहपे | | |
| ▪ | ओक्रास-लहपे थुम्का | | |
| ▪ | मूलाबारी-स्याङ्ला-लहपे-कोइराले-सरुमारानी गाउँपालिका (प्यूठान जिल्ला) | | |
| ▪ | गोठीबान-स्याहाला-स्वामीघाट-लामी द्ववाली भिर-लमही नगरपालिका (दाङ) कृषि सडक | | |
| ▪ | मुर्कट्टी बजार-हाम्पाल-तारीवाङ | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| २. | **शाखा सडक (Class 'B')** | | |
| ▪ | वडा नं. ४ र १ हुँदै जाने गहतेरा - जुम्लेपानी - गदारी - जरुवा -ऊजा मन्दिर सडक | | |
| ▪ | वडा नं. ५ र ८ हुँदै जाने भेल्नेटा - कोल - रोकिनेडाँडा - भिंगा सडक ( शहिद पुष्प - बन्दना मार्ग) | | |
| ▪ | वडा नं. १ हुँदै जाने बोभपोखरा -प्यारधारा -त्रिवेणी सडक | | |
| ▪ | वडा नं. ५ र ६ हुँदै जाने भेल्नेटा - भुटनेटा - अमारे सडक | | |
| ▪ | वडा नं. २ र १ हुँदै जाने हर्नोक - बडिपोखरा - छिप्पन - जरुवा सडक | | |
| ▪ | वडा नं. ४, ३, ६, ५ र ८ हुँदै जाने गहतरा - चिउरीडाँडा - जरे भिंगा सडक | | |
| ▪ | वडा नं. ८ हुँदै जाने पूर्व पाँचपोखरी - भुण्डी - घोसखोला सडक | | |
| ▪ | वडा नं. ८ हुँदै जाने रानीवास - डाङडुङ्गे खोला - तिसुवा खोला सडक ( गुरिल्ला मार्ग) | | |
| ▪ | वडा नं. ५ हुँदै जाने मुर्कुटी - सेतोपहरा प्यूठान सडक | | |
| ▪ | वडा नं.  ३ र ६ हुँदै जाने बचनी - टोउके चिउरी - मूलावारी सडक | | |
| ▪ | स्याल्ला नयाँ गाउँ-बम्ला खोला सडक | | |
| ▪ | पोखरी डाँडा-ढोडेनी | | |
| ▪ | खडा-ढोडेनी | | |
| ▪ | मार्बेस, कालिका मन्दिर चोक-कैन गैर-बम्ला | | |
| ▪ | भ्याप्ले खोला-खिरावा कुटी-जरुवा-गोठीबन-उजा पैयाखाडा | | |
| ▪ | छिप्पन-भेङनाटा-भ्याप्ले खोला | | |
| ▪ | भ्याप्ले खोला-कालिमाटी-बचपोखरा | | |
| ▪ | पिपलडाँडा-छाप-रापधारा-रङजाङ | | |
| ▪ | गदारी-गोठीवन-उर्जा पैयाखाडा-जोगीवन-अराङ खोला | | |
| ▪ | जोगीवन-रूपा खोला | | |
| ▪ | रूपला खोला-पिपलडाँडा-थापागाउँ | | |
| ▪ | मन्द्रान-ठाटीगैरा-पोखरी डाँडा-टपालीटार-अराङ खोला | | |
| ▪ | पुरुङछेडा-भानुकुले (पर्यटक सडक)-पुरुङछेडा-भौबालेक-गढीलेक-पुरानो हुलाक-वनकुले, गाउँपालिका | | |
| ▪ | थाटी गैरा-तल्लो काभ्रे-लुङ्गेला | | |
| ▪ | मसरी-रिभान | | |
| ▪ | रिभान-जलुके-सिम्ले | | |
| ▪ | बंगलाचुली डाँडा-माथिल्लो लोहरपानी | | |
| ▪ | धामीचौर-रुमाले-माइकुटी-दुधेपानी-ल्वाङ खोला | | |
| ▪ | दाङवाङ-ठूलो बाछेनी | | |
| ▪ | पन्त टोल-शिरुबारी-श्याम खोला गाउँ | | |
| ▪ | श्याम खोला गाउँ-पाखापानी-दाङवाङ | | |
| ▪ | सिरुबारी दाङवाङ दिप खाँडा/शहिद अजय भरत कृषि मार्ग | | |
| ▪ | बचीनी-धाकोट-टोड्के खोला | | |
| ▪ | भट्ट छहरे-मिसुरे | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | मुर्कट्टी बजार-तल्लो मुर्कट्टी | | |
| ▪ | झेलनेटा-फलिदे-कोलाहा-जरे-रोकिनडाँडा-अजुर्नखोला (पुष्प बन्दना मार्ग) | | |
| ▪ | भेडाबारी-गडाकाट खोला | | |
| ▪ | गडाकाट खोला-तिखि चुली-भेडाबारी-धबेरी-काब्जा खेतान | | |
| ▪ | गहतेरा-माना खोला | | |
| ▪ | माना खोला-तिखि चुली-भेडाबारी-धाबेरी-काब्जा खेतान | | |
| ▪ | टिकुली दमार-कल्यान पानी-पैयापानी घाट | | |
| ▪ | माथिल्लो रनबास-सिर्जना प्रा.वि, हंशपुर-सितले डाँडा-लामीदिवाली | | |
| ▪ | बगरखुट्टी-उत्तर सिम्ले-सालबास-घोरल भिर | | |
| ▪ | दह-जाबुने-बगरखुट्टी | | |
| ▪ | कोइराला गाउँ-बिर्खे-गणतन्त्र मार्ग | | |
| ▪ | पाँचपोखरी बि.पि. मार्ग, बिर्खे-भैंसीकुटी-सरुमारानी गाउँपालिका (प्यूठान)-ददेरी प्यूठान | | |
| ▪ | पाँचपाखरी-झुलेवाङ-चौकेढेङ्गा (पर्यटकिय गन्तव्य)-प्यूठान | | |
| ▪ | घारी चौर-बेलौते | | |
| ▪ | गोठीबान-घारी चौरे | | |
| ▪ | घारी चौर सडक | | |
| ▪ | आमडाँडा-कोइराला गाउँ | | |
| ▪ | धुल डाँडा-सिस्नेरी-बसही | | |
| ▪ | आनमारे-अमिले-तल्लो सुँडे | | |
| ▪ | ल्हापे-शिरुखर्क-प्यूठा दरबार(प्यूठान) | | |
| **३.** | **सहायक सडक (Group 'C')** | | |
| ▪ | बारा चौर-सिर्प डाँडा टोला-जम्मु डाँडा | | |
| ▪ | जामुरडाँडा-बतासेडाँडा-ढोडेनी पोखरी-पिपलडाँडा | | |
| ▪ | पोखरी डाँडा सडक | | |
| ▪ | मार्बेस स्कुलबाट उत्तर जाने बाटो | | |
| ▪ | पोखरी डाँडा-गोठिबन-ढोडेनी | | |
| ▪ | छिपन डाँडा-बाम्ला गाउँ | | |
| ▪ | मार्वेश-ग्रज्याङ-टाकुरा-पुरुङछेडा | | |
| ▪ | पाखापानी-टाकुरा | | |
| ▪ | टाकुरा पिङ डाँडा-तल्लो टाकुरा-धरमपानी | | |
| ▪ | लाकुरी डाँडा-ज्यामिरे | | |
| ▪ | टाकुरा जमारी-धरमपानी | | |
| ▪ | पुरुङ छेडा-फाँटा | | |
| ▪ | फाटा-गदरी खानेपानी ट्याङ्क-चुनढुङ्गा खानी-गदारी | | |
| ▪ | ठूलो पोखरा-फाटा-बियानखर्क | | |
| ▪ | गैरेधारा-गनारी | | |
| ▪ | गनारी-मसानघर-गदारी | | |
| ▪ | धिमधिमे-ब्रह्मचारी-वाचपोखरा मार्ग | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ मौरीकाटे चौर-काउले पानी-रापधारा | | |
| ▪ रजराङ गाउँ-डाँडा गाउँ | | |
| ▪ प्यारधारा गाउँ सडक | | |
| ▪ धनचरे-चपुर-छाप कल्लेरी-गुनाचौर | | |
| ▪ लाकुरी छेडा सडक | | |
| ▪ खडा पिपल डाँडा-हार्जा-पाता गाउँ | | |
| ▪ हार्जा-उजापैया खडा | | |
| ▪ पिपलडाँडा-अैजरे-अराङ खोला | | |
| ▪ महेन्द्र मा.वि. स्कूल जाने बाटो | | |
| ▪ लेखयापा-चौतारा-मुलटापा | | |
| ▪ लेखटापा-अराङ खोला | | |
| ▪ जुम्लेपानी-जुके खोलागाउँ | | |
| ▪ कुइरेपानी-जुम्लेपानी-तल्लो पोखरा | | |
| ▪ मूलपानी पोखरी सडक | | |
| ▪ ल्वाङ्गे चोक-लोठ पोखरी-ल्वाङखोला खाने पानी ट्याङ्की | | |
| ▪ गाउँपालिक-बुढिपोखरा सडक-गाउँपालिका कार्यालय, हुक्ला-घिनडाँडा-थाटीगैरा-भ्यालडाँडा-बुढीपोखरा | | |
| ▪ थाटी गैरा-चुन खानी जाने बाटो | | |
| ▪ सिवारी-साखेला चौर | | |
| ▪ कमिरेचौर-गाउँपालिका कार्यालय-बाघखोर | | |
| ▪ फूलबारे टोल-सानो दाङवाङ | | |
| ▪ सानो दाङवाङ-बजाङ्गा खोला | | |
| ▪ दिप-दाङवाङ सडक | | |
| ▪ गौरा चोक-वल्लो रिभान-भिखार चौतारा-टोड्के | | |
| ▪ भुटनेटा बजार-जलजला-देवी मन्दिर चोक, गदारी | | |
| ▪ टिमिले चोक-जलजला | | |
| ▪ टोड्के-वडा ६ को कार्यालय, भुटनेटा बजार | | |
| ▪ मुर्कटी बजारबाट पश्चिम-पशु पन्क्षी सहकारी जाने बाटो | | |
| ▪ मुर्कटी बजारबाट बंगलाचुली प्रा.वि जाने बाटो | | |
| ▪ मुर्कटी-अैलाबास-सिस्नेरी खोला-घारी चौर | | |
| ▪ पाखापानी-कर्जेनी वन हुँदै पूर्व सिमानासम्म | | |
| ▪ धुम पोखरा-मातडाँडा-लामाटोल लहापे | | |
| ▪ लामाटोल लहापे-सिरुबारी | | |
| ▪ आमडाँडा-धैरे खप्टे | | |
| ▪ लहापे-फाँटखेत | | |
| ▪ रानीबास-हंशपुर-भरभरे | | |
| ▪ हाँशीपुर स्वास्थ्य चौकी सडक | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | हाँशीपुर स्वास्थ्य चौकी -वडा कार्यालय सडक | | |
| ▪ | रानीथुम्की-हाँसीपुर सालबास(पर्यटकिय सडक) -करङ्गे-देउखुरी (दाङ) | | |
| ▪ | रानीबास-हंशपुर-भरभरे | | |
| ▪ | बेधार्नी-पैयपानी | | |
| ▪ | बैधार्नी-पैयपानी-डाँगीबारी | | |
| ▪ | कोल पिपा छेडा-रोकिन डाँडा-गल्छेडा | | |
| ▪ | बाघखोर-कुइजा-सिके | | |
| ▪ | तिखाचुली-खर्क-मुलाबारी-अर्जुन खोला दोभान | | |
| ▪ | गहेतारा-तिल्केनी | | |
| ▪ | गहेतारा-टिकुली दमार-राइस मिल | | |
| ▪ | पश्चिम पोखरा-तिल्केनी-भालीचिरा | | |
| ▪ | गहेतारा-धनौरी-तिल्केनी-भिँउदार | | |
| ▪ | दाङवाङ दिपचौर | | |
| ▪ | स्वामीघाट - स्याला - गोठीवन (८) | | |
| ▪ | लोहारपानी - साकिने (५) | | |
| ▪ | पोखरडाँडा - लेखतापा - अरङखोला (३) | | |
| ▪ | जुम्लेपानी - गढीलेक - बढिपोखरा (४) | | |
| ▪ | पैयारवाडा - सपला - अरङखोला (१) | | |
| ▪ | लाहापे - जवरकोट (७) | | |
| ▪ | कोइराले - विर्खे (७) | | |
| ▪ | लापे - सिरुखर्क - सल्लीकुना (७) | | |
| ▪ | जोरठाँटी - चिउरीडाँडा(६) | | |
| ▪ | विर्खे - हल्दे - जावुने (७) | | |
| ▪ | दाब - छेकुवा - चौके ढुँगा (७) | | |
| ▪ | मर्पेस - टाकुरा (२) | | |
| ▪ | मुर्कुटी - वंगलाचुली (५) | | |
| ▪ | रानीवास - हंसपुर - घोरलभीर (८) | | |
| **४.** | **टोल सडक (Group 'D')** | | |
| ▪ | खडा-बाराचौर | | |
| ▪ | गोठीबन सडक | | |
| ▪ | मार्पेस डाँडा सडक | | |
| ▪ | पाखापानी-फलिदे-सिस्नेरी कोइला खानी | | |
| ▪ | धिमधिमे-वडा सिमानासम्म | | |
| ▪ | फलिदे-धिमधिमे-वडा सिमानासम्म | | |
| ▪ | तल्लो छिप्पन सडक | | |
| ▪ | बच पोखराबाट अस्पताल जाने बाटो | | |
| ▪ | काउलेपानी छाप | | |
| ▪ | हर्जा-सिसुवा-अराङ खोला | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | उजा-पुइया खडा-ढाछेड चौर-सपला | | |
| ▪ | ढाछेड चौर-पर्दे चौर | | |
| ▪ | पोखरेल टोल सडक | | |
| ▪ | गदरी गाउँ सडक | | |
| ▪ | फाँटा सडक | | |
| ▪ | केवर सोटा गाउँ सडक | | |
| ▪ | ज्यामिरे गाउँ सडक | | |
| ▪ | ल्वाङ्गे खोला-टिमिला चौर | | |
| ▪ | टिमिलाचौर सडक | | |
| ▪ | जुम्लीपानी सडक | | |
| ▪ | टिमिलाचौर सडक | | |
| ▪ | कुइरेपानी बाट-राता पोखरी जाने बाटो | | |
| ▪ | अजय भरत मार्ग चोक बाट-हिले हुँदै-रातापोखरी | | |
| ▪ | तल्लो काभ्रे-गागली | | |
| ▪ | थापा चोक-भालु गुफा सडक | | |
| ▪ | ल्वाङ चोक-मुर्कट्टी | | |
| ▪ | कुइरेपानीबाट हिल टप स्कूल | | |
| ▪ | काभ्रे गाउँ सडक | | |
| ▪ | खात डाँडा सडक | | |
| ▪ | पाखापानी सडक | | |
| ▪ | माटनेटा-टापा चुन ढुङ्गा खानी जाने बाटो | | |
| ▪ | रिभान गाउँ-सुधा प्राथमिक विद्यालय | | |
| ▪ | रिभान गाउँ बाट कुखुरा फार्म हुँदै के.सी. स्टोर जाने बाटो | | |
| ▪ | सानो दाङवाङ सडक | | |
| ▪ | लामपोखरी-सानो बचेनी | | |
| ▪ | सानो बचेनीबाट उत्तर जाने बाटो | | |
| ▪ | उपल्लो उर्जा-तल्लो उर्जा सडक | | |
| ▪ | ज्यामिरेबाट खोला जाने बाटो | | |
| ▪ | मुलबारी मा.वि. बाट अर्जुन खोला जाने बाटो | | |
| ▪ | भालुचिरा-देवि मन्दि हंशपुर | | |
| ▪ | तिखाचुली-कात्तिके-सिके | | |
| ▪ | ठूलो चौर-सोटी खोला-चिउरी डाँडा | | |
| ▪ | हंशीपुर-गुँरासे खोला मुहान | | |
| ▪ | पत्ता खेल्ने डाँडा सडक | | |
| ▪ | गोठिवन-वलीखर्क-छापडाँडा | | |
| ▪ | झल खोला जाने बाटो | | |
| ▪ | कोछाप रोड | | |
| ▪ | तिनघरे-कोछाप-गासी | | |
| ▪ | गासिको छाप सडक | | |
| ▪ | गुँरासे डाँडा सडक | | |
| ▪ | घाम टारी-टोड्के पोखरी | | |
| ▪ | मदन भण्डारी राजमार्ग बाट-टोड्के | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ ठूल पोखरा सडक | | |
| ▪ काल्चेगैरा सडक | | |
| ▪ पोखरा छेडा-जय डाँडा सडक | | |
| ▪ सापकोटा टोल सडक | | |
| ▪ टिम्ले चोकबाट उत्तर पूर्व जाने बाटो | | |
| ▪ गदरी-लापदिप | | |
| ▪ गदारी बाल शिक्षा जाने बाटो | | |
| ▪ सिउडे-बाजागाउँ | | |
| ▪ अमरे रा.वि. जाने बाटो | | |
| ▪ तल्लो मुर्कट्टी सडक | | |
| ▪ मुर्कट्टी बजार-डमदने-म्याल डाँडा | | |
| ▪ झेलनेटा बजार-सानो बसाइ | | |
| ▪ तल्लो कुडुले-तुसरानी खोला | | |
| ▪ कुडुले-सुँडे भिर-सिस्नेरी खोला | | |
| ▪ कुडुले-माटडाँडा | | |
| ▪ लहापे-अदुर खोला-ठूलो खर्क-सिद्धनाथ डाँडा | | |
| ▪ जबरकोट मा.वि. जाने बाटो | | |
| ▪ हल्दे डाँडा सडक | | |
| **वडा नं. १** | | |
| ▪ हार्जा -खवारीपाटा - जैवाङ - अरङखोला | | |
| ▪ पिपलडाँडा - छाप | | |
| ▪ झुल्पेटा - ट्याङ्ट्याङ खोला | | |
| ▪ लाकुरीछेदा - स्यूजाडाँडा | | |
| ▪ ट्याङट्याङ खोला - बोजपोखरा | | |
| **वडा नं. २** | | |
| ▪ खाडा जम्बुडाँडा - ढोडेनीपोखरा - पोखराडाँडा - भर्षेस | | |
| ▪ तल्लो छिप्पन - डिग्रीवन | | |
| ▪ गोठीवन रिङरोड | | |
| ▪ पाखापानी - धिमधिमे | | |
| ▪ बारपोखरी - धिमधिमे | | |
| **वडा नं. ३** | | |
| ▪ दाङवाङ - दिपचौर | | |
| ▪ लेखतापा - दारिमचौर - सिम्ले - जलुके | | |
| ▪ पाखापानी - दिप | | |
| ▪ बाघखोर - दाङवाङ | | |
| ▪ बाघखोर - पाखापानी | | |
| ▪ विजुलीडाँडा - हुक्लाचोक | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ धनडाँडा - गोगनपानी | | |
| ▪ लामपोखरी - आलेटोल - गोगनपानी | | |
| ▪ बचनी - गोगनपानी - दाङवाङ | | |
| ▪ आधारभूत विद्यालय दाङवाङ - सानो दाङवाङ | | |
| ▪ लेखतापा - डुब्रिङ | | |
| ▪ पारटोल - लेखतापा | | |
| ▪ दाङवाङ - भित्ती सडक | | |
| ▪ तरा - रातामाटा - मूलावारी | | |
| ▪ पुल्चोक - ज्यामिरे (भित्री सडक) | | |
| ▪ भेडावाटी - मूलावारी (भित्री सडक) | | |
| **वडा नं ४** | | |
| ▪ जौलेवास डोटे - धामीचौर | | |
| ▪ पुरुङ - फाँटा - जुम्लेपानी पुरानो हुलाक | | |
| ▪ कमिरेचौर - हुक्ला - म्यालडाँडा - जवरखोला | | |
| ▪ कालीमाटी प्रा.वि. - उपल्लो गहतेरा | | |
| ▪ ल्वागेखोला - मैकुटी - ठाँटी गैरा | | |
| ▪ कोलडाँडा - ल्वाँगेखोला - जुम्लेपानी | | |
| ▪ कमिरेचौर - हुक्ला - म्यालडाँडा | | |
| ▪ लाँकुरीछेडा - लोक पोखरी - हुक्ला | | |
| ▪ तितेगैरा - खेल मैदान | | |
| ▪ गहतेरा - रिङरोड | | |
| **वडा नं. ५** | | |
| ▪ मुर्कुटी - हामपाल | | |
| ▪ मुर्कुटी - नुनथला | | |
| ▪ मुर्कुटी - सिस्नेचौर | | |
| ▪ मुर्कुटी - माटो खन्ने | | |
| ▪ मुर्कुटी - महराटोल - भेल्नेटा महरा टोल (रिङरोड) | | |
| ▪ भेडाबान्ने चौर - गहुँवारी - ढबरास | | |
| ▪ पोखराडाँडा - धुमपोखरा - लापे | | |
| ▪ मुर्कुटी - औलावास - सिस्नेरी खोला | | |
| ▪ हामपाल - विजुली खम्बा - बुदिचौर | | |
| ▪ कुडुले - बुढिचौर - वंगलाचुली खा.पा. मुहान | | |
| ▪ कुडुले - तेर्छे - ढाँडा | | |
| **वडा नं. ६** | | |
| ▪ पाखापनी - प्रा.वि. रिभान | | |
| ▪ रिभान - जलकुण्डी गुफा | | |
| ▪ मसुरी खोला - अमारे - ठाटीचौर | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | घामटारी - टोड्के - फलिदे | | |
| ▪ | टोड्के - भुटनेटा | | |
| ▪ | गदारी - लामदिप | | |
| ▪ | पोखराछेडा - डाँडाटोल - तिमिले | | |
| ▪ | बचनी - अजयभरत कृषि मार्ग (दिप) | | |
| **वडा नं. ७** | | | |
| ▪ | गणतन्त्र मार्ग - गाँसीकोछाप - हाइकोट | | |
| ▪ | धरिचौर भित्री सडक | | |
| ▪ | ढाव - जेल्वाङ - पाँचपोखरे | | |
| ▪ | कोइराले - पुढाखोला | | |
| ▪ | पुढाखोला - सुँगुर पोखरी | | |
| **वडा नं. ८** | | | |
| ▪ | पूर्व पाँच पोखरी - गनाहखोला | | |
| ▪ | हाँसीपुर - गुराँसे | | |
| ▪ | तल्लो रानीवास - हँसपुर | | |
| ▪ | कैयनपानी - वैधारेनी सडक | | |
| ▪ | कालापानी - कैयनपानी सडक | | |
| ▪ | पश्चिम पाँचपोखरे - भालुचिरा सविरा | | |
| ▪ | हँसपुर - पधैंर चिरा | | |
| ▪ | हाँसीपुर - रानीथुम्की | | |
| ▪ | स्याला - हाँसीपुर (वडा कार्यालय जोड्ने सडक) | | |
| ▪ | रानीवास - ढाव | | |
| ▪ | भालुचिरा - हँसपुर | | |
| **५.** | **जिल्ला सडक** | | |
| ▪ | स्युहा-साइघा-धर्मा | | |
| ▪ | दबार-मुलाबारी-रानीबास-गोठीवन | | |
| ▪ | मूलाबारी-टोड्के-छापडाँडा | | |
| ▪ | मुर्कट्टी-घेलखोला-गोठीवन-पञ्चपोखरी-सिम्ले | | |
| **(ख)** | **यातायात** | | |
| ▪ | हाल सञ्चालनमा रहेका प्रमुख सार्वजनिक यातायातका रुटहरूमा आवश्यक सङ्ख्यामा बस स्टप, यात्रु प्रतिक्षालय सार्वजनिक शौचालय, सडक संकेत, माइलस्टोनको व्यवस्था गर्ने | 1000 | ST |
| ▪ | अल्पकालीन, मध्यकालीन र दिर्घकालीन हिसाबले तय गर्न विभिन्न सार्वजनिक यातायातका नयाँ रुटको अध्ययन गरी प्रतिवेदन तयार पार्ने | 10 | ST |
| ▪ | आवश्यकता अनुसार सवारी साधनको सङ्ख्या बढाउन र सार्वजनिक यातायातलाई नियमित र भरपर्दो बनाउन यातायात व्यवसायी वा निजी क्षेत्रसँग गाउँपालिकाले समन्वय गरी आवश्यक परेमा लगानी गर्ने | 100 | MT |
| ▪ | गाउँपालिकामा आवश्यकताको आधारमा विभिन्न स्थानमा ट्राफिक यूनिट स्थापना गर्न पहल गर्ने | 50 | ST |
| ▪ | सडकको अवस्था स्पष्ट हुने गरी मुख्य चोकमा अर्थात मुख्य प्रस्थान विन्दुहरूमा | 5.50 | ST |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| | डिजिटल डिस्प्ले जडान गर्ने | | |
| ▪ | वडा नं. १ को बोभ्ग पोखरामा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ को पुरुङछेडामा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ३ को भेडी खोर (कमिरेचौर) मा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ४ को भुले डाँडामा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ को घोडा लोटे डाँडामा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ६ को पोखरा छेडामा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ७ को तिरतिरे पुठा खोला, विर्खेमा बसपार्क निर्माण गर्ने | | |
| ▪ | वडा नं. ८ को रानी थुम्की, गोठीवन चौपारीमा बसपार्क निर्माण गर्ने | | |
| **(ग)** | **भू-उपयोग** | | |
| ▪ | बंगलाचुली गाउँपालिका विकास गुरुयोजनाले तय गरेको भू-उपयोग योजनाको नक्सा गाउँपालिकामा सबैले देख्ने गरी टाँस गर्ने र वैज्ञानिक भू-उपयोग योजना लागु गर्ने | 7 | ST |
| **(घ)** | **आवास** | | |
| **आवास तथा सार्वजनिक निर्माण** | | | |
| ▪ | विपन्न, सुकुम्बासी र सुरक्षित आवास विहिन घरपरिवारहरूलाई प्रत्येक वडामा एउटा सस्तो, सुरक्षित र सुविधायुक्त नमूना एकिकृत वस्ती निर्माण गरी निश्चित मापदण्डको आधारमा हस्तान्तरण गर्ने । | | MT |
| ▪ | स्थानीय श्रोत र साधनको सदुपयोग गरी प्रत्येक वडामा एक-एक वटा नमूना बहुउद्देशीय सभाहल वा सामुदायिक भवन निर्माण गर्ने । | | MT |
| ▪ | प्रत्येक वडामा एक - एक वटा सूचना प्रविधि मैत्री पुस्तकालय वा वाचनालय भवन निर्माण गर्ने । | | |
| ▪ | प्रत्येक वडामा एक - एक वटा जेष्ठ नागरिक सत्संग केन्द्र भवन निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकाको पायक पर्ने केन्द्र क्षेत्रमा एक बालगृह निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकाको पायक पर्ने केन्द्र क्षेत्रमा उक जेष्ठ नागरिक मिलनकेन्द्रको निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकाको पायक पर्ने स्थल अध्ययन गरी एक नाट्य घर वा नाचघर (Theatre) निर्माण गर्ने । | | |
| ▪ | सुविधा सम्पन्न गाउँपालिका केन्द्र भवन तथा आवश्यक विषयगत शाखा कार्यालयहरू निर्माण गर्ने । | | |
| ▪ | प्रत्येक वडामा आफ्नै वडा कार्यालय भवनहरू निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकामा एक राष्ट्रियस्तरको सम्मेलन हल निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिका केन्द्रमा एक सुविधा सम्पन्न अस्पताल भवन निर्माण गर्ने । | | |
| ▪ | हरेक वडामा एक आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ८ को हाँसीपुरमा एक आयूर्वेद तथा प्राकृतिक चिकित्सालय भवन निर्माण गर्ने । | | |
| ▪ | प्रत्येक वडामा गाउँघर क्लिनिक सञ्चालन गर्न भवनहरू भवनहरू निर्माण गर्ने । | | |
| ▪ | प्रत्येक बजारकेन्द्रमा एक-एक वटाको दरले सुविधायूक्त सार्वजनिक शौचालय निर्माण गर्ने । | | |
| ▪ | प्रत्येक वडामा पिउने पानीको प्रवन्ध र एक-एक वटा वृक्ष सहित नमूना परम्परागत चौतारी निर्माण गर्ने । | | |
| ▪ | चमेरे गुफा व्यवस्थापन तथा आवश्यक निर्माण गर्ने (वडा नं. १) | | |
| ▪ | शिद्धगुफा मन्दिर निर्माण तथा व्यवस्थापन गर्ने (वडा नं. १) | | |
| ▪ | मर्पेस शिवालय निर्माण गर्ने (वडा नं. १) | | |
| ▪ | वडा नं. १ स्थित रामजानकी मन्दिर निर्माण तथा व्यवस्थापन | | |
| ▪ | प्रत्येक वडामा एक प्रहरी चौकी भवन निर्माण गर्ने | | |
| ▪ | शहिद बन्दता स्मृती भवन निर्माण वडा नं. ५ | | |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | हरेक वडामा एक महिला सामुदायिक भवन निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा आवश्यक सङ्ख्यामा प्रारम्भिक बाल विकास केन्द्र भवन निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा एक-एक वटा योग तथा ध्यान केन्द्र भवन निर्माण गर्ने | | |
| ▪ | गाउँपालिका प्रवेश गर्ने मुख्य सडकका विन्दुहरूमा प्रवेशद्वार तथा महत्वपूर्ण सूचना युक्त डिजिटल डिस्प्ले निर्माण | | |
| ▪ | गाउँपालिकामा दुई वडामा एक वटाको दरले कृषि उपज सङ्कलन केन्द्र भवन निर्माण गरी सोही क्षेत्रलाई हाट बजारको रूपमा विकास गर्न सकिने | | |
| ▪ | वडा नं. २ को बढीपोखरा र पुरुङ छेडामा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ३ को कमिरेचौर, मुलावारी, तापा, धनडाँडा, गढीलेकमा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ४ को ठाँटी गैरा, पुरानो हुलाक, तापा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ को लोहारपानी, मुर्कुटी , झेलनेटा, पोखराडाँडा, बंगलाचुलीमा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ६ को भुटनेटामा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ७ को तिरतिर, लापे र विर्खेमा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ८ को रानीथुम्की फेदीमा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. १ को  बोझ पोखरख, उर्झा मन्दिर, धिमधिमे डाँडा, शिवालय मन्दिर र हर्जापाटामा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ को बढीपोखरा, पुरङछेडा र मर्वेसमा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ३ को धनडाँडा, कमिरेचौर, मुलावारी र तापामा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ४ को जौले बाँध, पुरानो हुलाक, ठाँटी गैरामा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ को मुर्कुटी, लोहारपानी, झेलनेटा, पोखराडाँडामा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ६ को अमारे, भुटनेटा, सिउडेमा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ७ को ल्हापे, घारीचौर, तिरतिरे, तारे दह, चौकेढुङ्गा प्रतिक्षालय निर्माण गर्ने | | |
| ▪ | वडा नं. ८ को रानीथुम्की र गोठीवनमा प्रतिक्षालय निर्माण गर्ने | | |
| **(ङ)** | **पिउनेपानी** | | |
| ▪ | प्रत्येक वडामा रहेका पानीका मूहानहरूको Inventory निर्माण गर्ने । | **20** | **MT** |
| ▪ | प्रत्येक खानेपानीका मूहानहरूको नक्साङ्कन गरी एकिकृत संरक्षण कार्यक्रम सञ्चालन गर्ने । | **10** | **ST** |
| ▪ | प्रत्येक मूहानको Profile निर्माण गरी पानीको आयतन अनुमान गर्ने । | **100** | **MT** |
| ▪ | उपलब्ध पानीको आयतन वृद्धि गर्न प्रत्येक मूहानको संरक्षण तथा विस्तार कार्यक्रम अन्तर्गत वृक्षारोपण, वर्षातको पानी सङ्कलन, पोखरी निर्माण गर्ने । | **10** | **ST** |
| ▪ | प्रत्येक वडामा कम्तीमा २ वटाको दरले आगामी ५ वर्षमा नमूना पोखरी निर्माण गरी वर्षातको पानी सङ्कलन गर्ने । | **10** | **ST** |
| ▪ | प्रत्येक वडामा एक नमूना वर्षातको पानी सङ्कलन, प्रशोधन तथा वितरण प्रणाली निर्माण गर्ने । | **10** | **ST** |
| ▪ | निम्न खानेपानी आयोजना सम्पन्न, स्तरोन्नती तथा मर्मत संभार गर्ने । | **10** | **ST** |
| ▪ | वडा नं. १ मा ज्यामुरे बागेश्वरी मन्दिर लिफ्ट खानेपानी योजना | **10** | **ST** |
| ▪ | वडा नं. १ मा हार्जा जकेपानी खा.पा.आ. तथा लिफ्ट | **10** | **ST** |
| ▪ | वडा नं. १ को रातापानी खानेपानी आयोजना अन्तर्गत कालीमाटीमा ट्याङ्की | **10** | **ST** |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| | निर्माण गर्ने । | | |
| ▪ | दानसिङ खोला खानेपानी आयोजना निर्माण गर्ने (वडा नं. १) | **10** | **ST** |
| ▪ | पुठा बचपोखरा खा.पा. आयोजना (वडा नं. १) | **10** | **ST** |
| ▪ | गर्ज्याङ खोला लिफ्ट खा.पा. आयोजना (वडा नं. १) | | |
| ▪ | कइनरखोला चेनडाँडा लिफ्ट खा.पा. आयोजना (वडा नं. २) | **30** | **MT** |
| ▪ | बढीखोला मौवालेक लिफ्ट खानेपानी आयोजना (वडा नं. २) | **30** | **MT** |
| ▪ | ठूलाखोला कमिरेचौर लिफ्ट खानेपानी आयोजना सम्पन्न गर्ने (वडा नं. ३) | **30** | **MT** |
| ▪ | अरङ खोला तापा लिफ्ट खानेपानी आयोजना, वडा नं. ३ | **30** | **MT** |
| ▪ | छहरेखोला-बचनी खानेपानी आयोजना, वडा नं. ३ | **30** | **MT** |
| ▪ | वडा नं. ४ स्थित पुठापातल गधारी खानेपानी आयोजना सम्पन्न गर्ने | **30** | **MT** |
| ▪ | वडा नं. ४ को जुम्ले पानी पैपयागैरा खानेपानी आयोजना निर्माण गर्ने | **30** | **MT** |
| ▪ | केनखोला मुर्कुटी लिफ्ट खानेपानी आयोजना निर्माण गर्ने वडा नं. ५ | **30** | **MT** |
| ▪ | ठूलोखोला, भड्डाँडा, झँक्रीरह, जरे खानेपानी आयोजना (वडा नं. ५) | **30** | **MT** |
| ▪ | वडा नं. ५ मा मसुरे खानेपानी आयोजना निर्माण गर्ने | **30** | **MT** |
| ▪ | जारे गेल लिफ्ट खानेपानी आयोजना निर्माण गर्ने वडा नं. ६ | **30** | **MT** |
| ▪ | दुर्गम क्षेत्रहरूमा उक घर एक घैटी ट्याङ्की कार्यक्रम सञ्चालन गर्ने । | **30** | **MT** |
| ▪ | वडा नं. ७ मा जअरे कुइरे छापडाँडा, गोठीवन रातामाटा खानेपानी आयोजना निर्माण गर्ने । | **30** | **MT** |
| ▪ | गदेघाटको हल्देमा खानेपानी ट्याङ्की निर्माण गर्ने । वडा नं. ७ | **30** | **MT** |
| ▪ | खेतचौर - रानीथुम्की लिफ्ट खानेपानी आयोजना निर्माण गर्ने । वडा नं. ८ | **30** | **MT** |
| ▪ | वडा नं. ८ को जइरेकुइरे पाँचपोखरी-गोठीवन खानेपानी आयोजना निर्माण गर्ने । | **30** | **MT** |
| ▪ | गुरुङवास खानेपानी आयोजना, वडा नं. ८ निर्माण गर्ने । | **30** | **MT** |
| **(च)** | **सिँचाइ** | | |
| ▪ | गाउँपालिकाभर रहेका सिँचाइका मुख्य श्रोतहरू तथा जलाधार क्षेत्रको विस्तृत नक्साङ्कन गरी त्यसको अभिलेख तयार पार्ने । | **10** | **ST** |
| ▪ | मुख्यतया गाउँपालिका भएर बग्ने मुख्य खोला र तिनका जलाधार क्षेत्रको(Inventory Profile)तयार गर्ने । | **5** | **ST** |
| ▪ | प्रत्येक खोलाका मुहानहरू संरक्षण गर्ने वस्तुगत योजना निर्माण गर्ने । | **5** | **MT** |
| ▪ | मुहान संरक्षण तथा खोलाहरूको संरक्षणका लागि स्थानीयबासीलाई वडास्तरमा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | **5** | **LT** |
| ▪ | ती खोला तथा पानीका मुहानहरूले सिंचित गर्न सक्ने सम्भाव्य खेतीयोग्य क्षेत्रफलको सर्भे गर्ने | **10** | **MT** |
| ▪ | हाल संचालित सिँचाई प्रणालीको वस्तुगत प्रोफाइल तयार गर्ने । | **5** | **ST** |
| ▪ | हाल सञ्चालनमा रहेका परम्परागत कूलोहरूको क्रमशः मर्मत सम्भार गर्ने | 30 | MT |
| ▪ | प्राथमिकताका आधारमा सम्भाव्य सिँचाइ प्रणालीको निर्माण गर्न DPR तयार पार्ने | 75 | MT |
| ▪ | समुदायले छनोट गरेका प्राथमिकता प्राप्त सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गर्ने | 30 | MT |
| ▪ | वैकल्पिक सिँचाई जस्तै थोपा सिँचाइ, फोहरा सिँचाइ, लिप्ट प्रविधि, वर्षातको पानी सङ्कलनको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याउने | 15 | MT |
| ▪ | प्रत्येक वडामा नमूनाको रूपमा प्लाष्टिक पोखरी निर्माण गर्ने । | 20 | MT |
| ▪ | वडा नं. १ मा दानसिङ खोलाबाट सिँचाइ आयोजना सञ्चालन गर्ने । | 20 | MT |
| ▪ | वडा नं. १ मा अरङ खोलाबाट सिँचाइ आयोजना सञ्चालन गर्ने । | 25 | MT |
| ▪ | वडा नं. २ मा झाक्रीखोला-खाडा सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ मा वदिखोला ज्यामिरे सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ मा वदिखोला दारमा सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ मा छिमछिमे ट्याक निर्माण गर्ने | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ वडा नं. ३ मा कब्जा-मुलाबारी-ज्यामिरे सिचाई कुलो पक्की गर्ने | | |
| ▪ वडा नं. ३ मा तरा-राताामाटा पक्की सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ३ मा हुकुस - ठाटीचौर सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ४ मा बसेरी खोला म्यूडर सिँचाइ कूलो निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ४ मा छहरे खोला फाँट सिँचाइ कूलो निर्माण गर्ने । | 25 | MT |
| ▪ वडा नं. ४ मा जुलकेनी गदारी सिँचाइ कूलो निर्माण गर्ने । | 25 | MT |
| ▪ वडा नं. ४ मा मानाखोला गहतेरा सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ४ मा मानाखोला तल्लो गहतेरा सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ५ मा कैनखोला मुर्कुटी लिफ्ट सिँचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ५ मा मसुरे खोला लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ५ मा झाक्रीदहदेखि रोकिनसम्म सिंचाइ कूलो निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ५ मा डाँडा-पाइप सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ५ मा टोड्केलेख ट्र्याक निर्माण गर्ने | | |
| ▪ वडा नं. ५ मा मटडाँडा पोखरी निर्माण गर्ने | | |
| ▪ वडा नं. ५ मा केवरे-भदहरे-मसुरे सिँचाइ कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ५ मा छेत्रेखोला-मसुरे सिचाई कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ६ मा मानेवजङ- रिभान सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ६ मा मसुरे खोला- अमारे सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ६ मा चिसापानी - अमारे सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ६ मा मान्द्रे वजङ्गे रिमान सिँचाइ कुलो निर्माण गर्ने | | |
| ▪ वडा नं. ६ को टोड्केलेकको पँधेरामा सिँचाइ पोखरी निर्माण गर्ने | | |
| ▪ वडा नं. ७ मा वेद खोला - मसानघाट रैनिबास सिंचाइ कूलो निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ७ मा झाक्रीथान - घडिचौर सिंचाइ कूलो निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ७ मा चौकेबाट विर्खे वृहद लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ७ मा घोस खोलाबाट जावुन/हल्दे सोलार लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 20 | MT |
| ▪ वडा नं. ७ मा घोस खोलाबाट बगरखुट्टी सोलार लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | | |
| ▪ वडा नं. ८ मा घोरल भिर लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा अर्जुन खोला पाकुरे लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा डाङडुङे सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा लोरेखोलाबाट वेलखोला सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा अर्जुन खोला सिस्नेरीदेखि स्वामीघाट सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा चर्तीचौर घोसखोला लिफ्ट सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा पँधेरा चिरा सिंचाइ कूलो (जुरेढुङ्गामा बाँध बानेर) निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा घोसखोला-सिम्ले लिफ्ट सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ३ मा अरङ खोलाबाट तापा लिफ्ट सिंचाइ प्रणाली निर्माण गर्ने । | 15 | ST |
| ▪ प्रत्येक वडामा आवश्यकताको आधारमा प्लाष्टिक पोखरी निर्माण गर्ने । | 15 | ST |
| ▪ रिपाखेत-पानीमिल-खैरेनी सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ३ र ६ मा कब्जाखोला सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ४ मा माना खोला उपल्लो कूलो स्तरोन्नती गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा बैधर्नि डाँडा सिंचाइ पक्की पोखरी निर्माण । | 15 | ST |
| ▪ वडा नं. ८ मा टिकुलीदमार सिंचाइ कूलो स्तरोन्नती गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा गुँरासे खोला चेकड्याम निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा जाबुने सिंचाइ कूलो स्तरोन्नती गर्ने । | 15 | ST |
| ▪ वडा नं. ८ मा गोगनपानी मल्लचौर सिंचाइ प्रणाली सम्पन्न गर्ने । | 15 | ST |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ वडा नं. ७ मा जरुवादेखि बेलौते सिंचाइ कूलो निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ७ मा कालो ढुङ्गादेखि नयाँबस्ती सिंचाइ कुलो स्तरोन्नती र विस्तार गर्ने । | 15 | ST |
| ▪ वडा नं. ६ मा गदारीखोला-बेलडाँडा गदारी सिंचाइ कूलो स्तरोन्नती गर्ने । | 15 | ST |
| ▪ वडा नं. ४ मा तल्लो काभ्रे सिंचाइ परियोजना निर्माण गर्ने । | 15 | ST |
| ▪ वडा नं. ४ मा ल्वाडे खोला चेकड्याम निर्माण गर्ने । | 15 | ST |
| ▪ कल्टुङ-चिसापानी पाउने हुडा हार्जापाटा सिँचाइ योजना | | |
| **विद्युत र उर्जा** | | |
| ▪ प्रत्येक वडामा विद्युत प्रसारण लाइन सुधार गर्ने र पूर्ण विद्युतीकरण गर्ने | 100 | ST |
| ▪ कमिरेचौरमा विद्युत वितरण शाखा स्थापना गने | | |
| ▪ स्थानीय नदी तथा खोलाहरूमा साना (लघु जलविद्युत निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने) | 20 | ST |
| ▪ कम्तीमा दुईवटा ठूला चौपाया रहेका घरहरूमा गोबर ग्याँस सञ्चालन गर्न प्रोत्साहन अनुदान दिने | 50 | MT |
| ▪ आवश्यक स्थानमा ट्रान्सफर्मर जडान गर्न विद्युत प्राधिकरणको सहयोगमा अध्ययन गर्ने | 10 | ST |
| ▪ सौर्य उर्जाको विकल्पमा जाने परिवारलाई अनुदान दिने | 100 | MT |
| ▪ प्रत्येक गा.पा. वडा कार्यालयमा सौर्य उर्जा जडान गर्ने | 360 | ST |
| ▪ क्रमश आवश्यक स्थानमा ट्रान्सफर्मर जडान गर्दै जाने | 50 | MT |
| ▪ वडा नं. १ को खाडामा Voltage थप गर्न ट्रान्सफर्मर जडान गर्ने । | | |
| ▪ वडा नं. १ का विद्युत नपुगेका सम्पूर्ण घरहरूमा विद्युतिकरण गर्ने । | | |
| ▪ तत्काल विद्युतिकरण गर्न अधिक खर्चिलो स्थानहरूमा सौर्य उर्जामा अनुदान दिने । | | |
| ▪ प्रत्येक वडाका सम्भाव्य स्थानहरूमा वायु उर्जाको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ प्रत्येक वडामा विद्युतिकरण नभएका घरधुरीको लागत तयार गरी आगामी ५ वर्षमा वैकल्पिक वा जलविद्युत मुख्या प्रसारण जुनबाट सम्भव छ पूर्ण विद्युतिकरण गर्ने । | | |
| ▪ अर्जुनखोला र तिसुवाखोलामा लघु जलविद्युत्को सम्भाव्यता अध्ययन गरी सम्भाव्यताका आधारमा लगानी आकर्षण गर्ने । | | |
| **सूचना तथा संचार** | | |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा Optical Fiber विस्तार गर्ने | 100 | LT |
| ▪ नेपाल टेलिकमसँगको समन्वयमा ल्याण्डलाईन टेलिफोन सेवाको विस्तार गर्ने | 50 | MT |
| ▪ इन्टरनेट प्रदायक कम्पनीहरूलाई आकर्षण गर्न अन्तरक्रिया तथा सम्भाव्यता अध्ययन गर्ने | 10 | ST |
| ▪ "बंगलाचुली सामुदायिक एफ.एम." सञ्चालन गर्ने | 50 | LT |
| ▪ राष्ट्रिय दैनिकहरू समयमा नै गाउँपालिका पुग्ने संयन्त्रको विकास गर्ने | 5 | ST |
| ▪ सम्पूर्ण पूर्वाधारयुक्त गाउँपालिका सूचना केन्द्रको स्थापना गर्ने | 100 | MT |
| ▪ मोबाइल Network Coverage को थप विकास र विस्तार गर्न पहल गर्ने | 20 | |
| ▪ गाउँपालिकाका वस्ती केन्द्र, वडा कार्यालय तथा गाउँपालिकाका केन्द्रमा Free WiFi को व्यवस्था गर्ने | 30 | ST |
| ▪ एक गाउँपालिका स्तरिय पत्रिका प्रकाशन गर्न पहल गर्ने | 50 | MT |
| ▪ वडा नं. १ ढिकाटे पिपल डाँडामा Ntc Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. २ को मौवालेक डाँडामा Ncell Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ८ को हाँसीपुरको उपयुक्त स्थानमा Ntc Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ३ को उपयुक्त स्थामा Ntc Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ४ को ल्वाडे भतकूले (तिल्केनी) मा NTC Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ५ को दक्षिण भेगमा र बंगलाचुलीको उत्तरी भेगमा Ntc Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ६ को टोड्के लेकमा NTC Tower स्तरोन्नती गर्ने । | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ वडा नं. ७ को सोलीघोप्टे डाँडामा NTC Tower निर्माण गर्नुपर्ने । | | |
| ▪ वडा नं. ८ को रानीकोट डाँडा, रानीथुम्कीमा NTC Tower निर्माण गर्नुपर्ने । | | |

### ५.१.४ Summary of Physical Development Plan Implementation

## ५.२ आर्थिक विकास योजना

विकासका प्रमुख आयामहरू मध्ये आर्थिक विकास कुनैपनि स्थानको विकासका लागि एक केन्द्रिय स्तम्भ हो जसको सहयोगमा विकासका अन्य स्तम्भहरू सबल हुन सक्छन् । हुन त कुनै पनि स्थानको समग्र विकासका लागि आर्थिक क्षेत्र पूर्णत बलियो भएर मात्र पुग्दैन किनकि आर्थिक सम्पन्नताले मानसिक सुख, सामाजिक सौहार्दता वा सांस्कृतिक सम्पन्नता सुनिश्चित हुन्छ भन्न सकिँदैन । तथापि आर्थिक सम्पन्नताको जगमा उभिएर मात्र विकासका अन्य आयामहरू जस्तै सामाजिक, सांस्कृतिक, वातावरणीय, जातीय, लैङ्गीक, संस्थागत विकास गर्न सम्भव हुन्छ । आर्थिक विपन्नतामा अन्य विकास गर्न प्राय: असम्भव नै हुन्छ ।

आर्थिक सम्पन्नताको सूचकको रूपमा रहेका आम रूपमा प्रयोग गरिने सूचकहरू मध्ये वार्षिक प्रतिव्यक्ति आय (Per Capita Income), कुल ग्राहस्थ उत्पादन (GDP) र समग्रता सूचकमा मानव विकास सूचकाङ्क (HDI), सम्पन्नता (Property Index) सूचकाङ्क आदि हुन् । यी सबै सूचकाङ्कका केन्द्रिय भागमा आर्थिक उर्पाजन तथा उत्पादन र जनसाधारणको त्यसमा रहेको पहुँच नै रहेका छन् । आर्थिक उपार्जन र उत्पादन वृद्धिका लागि कृषिको विकास, उद्योग तथा कल-कारखानाको स्थापना, रोजगारी श्रृजना, निर्यात प्रर्बद्धन, पर्यटन विकास र व्यापार तथा वाणिज्यको विकास साथै मानवीय सेवा क्षेत्रहरूको व्यापक विकास गर्नु अत्यन्त जरुरी छ । आर्थिक विकासका यी सैद्धान्तिक आधारमा रहेर गाउँपालिकाको समग्र आर्थिक विकास गर्न निम्न क्षेत्रलाई समेटी तत् तत् क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिइएको छ ।

- ✓ कृषि
- ✓ पर्यटन
- ✓ उद्योग तथा वाणिज्य
- ✓ बैङ्क वित्तीय संस्था तथा सहकारी

| | |
|---|---|
| **सोच:** | "भविष्यको बंगलाचुली शुन्य उच्च आर्थिक समृद्धिको चुली" |
| **लक्ष्य:** | आगामी १५ वर्षमा बंगलाचुली गाउँपालिकाका बासिन्दाहरूलाई आर्थिक हिसाबले विश्वका मध्यम आय भएको मुलूकका बासिन्दाको स्तरमा पुऱ्याउने । |

### उद्देश्यहरू

- ➢ **"निर्यातमुखी रोजगार आर्थिक समृद्धिको आधार"** भन्ने नारालाई साकार बनाउने ।
- ➢ उत्पादन वृद्धि गर्न स्थानीय श्रोत र साधनहरूमा जल, जमिन, जंगल, जडिबुटी र जलाधारको उच्चतम उपयोग गरी स्थानीय जनताको समृद्धिको सपनालाई साकार बनाउने ।
- ➢ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको पूर्ण सदुपयोग सुनिश्चित गर्न एकीन तथ्याङ्क निकाल्ने ।
- ➢ खेतीयोग्य जमिनलाई बाँझो राख्ने परिपाटीलाई पूर्णत निरुत्साहित गरी निश्चित मापदण्डका आधारमा जरिवाना गर्ने र सदुपयोग गर्ने किसान वा जग्गाधनीलाई प्रोत्साहन र अनुदान प्रदान गर्ने ।

- सिँचाइको सम्भावना भएको खेतीयोग्य जमिनहरूमा तथ्याङ्क तयार पारी आगामी दश वर्षमा पूर्णत सिँचाइको प्रबन्ध गर्न सिँचाइ आयोजनाहरू सञ्चालन गर्ने (विस्तृत विवरण सिँचाई खण्डमा प्रस्तुत गरिएको) ।
- स्थानीय जलवायु अनुकूल बालीनाली छनौट गरी तिनीहरूको उत्पादन प्रर्बद्धन गर्ने ।
- कृषि व्यवसाय प्रबर्द्धन कोष स्थापना गरी कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकिकरण र व्यवसायिकिकरण गर्न अनुदान र प्रोत्साहनको व्यवस्था गर्ने ।
- **"कृषिमा उद्यमशिलता आजको आवश्यकता"** भन्ने नारालाई साकार बनाउन कृषि पकेट क्षेत्रहरू, जोन तथा सुपरजोन घोषणा गरी कृषिलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।
- गाउँपालिकास्तरीय एक बीज बैङ्कको स्थापना गर्ने
- जटिबुटीको सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको जलवायु अनुकूल उत्पादन हुन सक्ने जडिबुटीको एकिन गरी तिनीहरूको व्यावसायिक उत्पादन गर्न स्थानीय उद्योगी तथा बाह्य व्यवसायीहरूलाई प्रोत्साहन गर्ने रणनीति तयार पार्ने ।
- स्थानीय प्रजातीका मौलिक बालीनालीको पहिचान गरी तिनीहरूको संरक्षण र उत्पादनमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- अर्गानिक खेतीलाई प्रर्बद्धन गर्न प्रत्येक वडामा कम्तीमा एक अर्गानिक खेती क्षेत्र निर्माण गरी छुट्टै अर्गानिक उत्पादन सङ्कलन केन्द्र स्थापना गरी निर्यात प्रर्वद्धन गर्ने ।
- अर्गानिक उत्पादनको गुणस्तर मापन केन्द्रहरूको स्थापना गर्ने ।
- विभिन्न वडाहरूलाई सम्भाव्यताको आधारमा फलफूल पकेट क्षेत्र घोषणा गर्ने ।
- आगामी पाँच वर्षभित्र हरेक वडामा एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम विस्तार गर्ने ।
- कृषिबाली र पशुधन बीमा कार्यक्रमलाई अनिवार्य प्रभावकारी र विस्तारित बनाउने ।
- **"एक वडा एक कृषि बजार"** अभियानलाई साकार बनाउने ।
- प्रत्येक घरधुरीलाई निश्चत सङ्ख्यामा फलफूलको विरुवा निशुल्क वितरण गर्ने अभियानलाई सञ्चालन गर्ने
- जलवायु अनुकूल माछापालन व्यवसायलाई प्रबर्द्धन गर्ने ।
- कृषि बजारीकरण सुनिश्चित गर्ने, बजारिकरणका लागि निकटवर्ती शहरका व्यापारीहरूसँग नियमित सम्पर्क स्थापना गर्ने ।
- आवश्यक सङ्ख्यामा वैज्ञानिक भण्डारण तथा चिस्यान केन्द्रको व्यवस्था गर्ने ।
- कृषि सडकलाई उच्च प्राथमिकतामा राखेर स्तरोन्नति गर्ने ।
- पशुपालन व्यवसायलाई उच्च प्राथमिकता दिने । विशेषगरी बाखापालन व्यवसायलाई प्राथमिकता दिने ।
- गाउँपालिकाको मौलिक उत्पादनको पहिचान स्थापित गर्न सक्ने फलफूल बालीनाली वा तरकारीको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा ब्राण्डिङ गर्ने
- पशुजन्य उत्पादनको निर्यात प्रबर्द्धन गर्ने ।
- पंक्षी उत्पादन अर्थात लोकल कुखुराको व्यवसायलाई उच्च प्राथमिकता दिने ।
- पंक्षीजन्य उत्पादनको निर्यात प्रवर्द्धन गर्ने ।
- पशुरोग नियन्त्रणका लागि पशु अस्पताल र औषधालयको व्यवस्था गर्ने ।
- घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

- गाउँपालिकालाई आकर्षक पर्यटन गन्तव्य स्थलको रूपमा विकास गर्ने ।
- पर्यटन व्यवसायका प्रकारको सम्भाव्यता अध्ययन गरी होम स्टे, साहसिक पर्यटन, ट्रेकिङ आदिको विकास गर्ने ।
- पर्यटक सूचना केन्द्रको स्थापना गर्ने । यसको लागि छिमेकी गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाहरूसँग समन्वय गर्ने ।
- पथ प्रर्दशक तालिम तथा पर्यटन व्यवसाय तालिमहरू सञ्चालन गर्ने ।
- होटल तथा रेष्टुरेन्ट स्थापनाका लागि निजी क्षेत्र, उद्योगी व्यवसायीहरूसँग चरणबद्ध छलफल गर्ने ।
- स्थानीय श्रोतमा आधारित साना तथा मझौला उद्योगहरूको विकासलाई उच्च प्राथमिकता दिने ।
- महिलाहरूको सिपमा आधारित उद्योगहरूको विकास गर्ने ।
- मौलिकतामा आधारित हस्तकला, काष्ठकला तथा ललितकला उद्योगहरूको प्रबर्द्धन गरी युवा स्वरोजगार श्रृजना गर्ने ।
- स्थानीय उत्पादनहरूको प्याकेजिङ, लेबलिङ, गुणस्तर नियन्त्रण तथा ब्राण्डिङ गर्ने ।
- सीमान्तकृत र विपन्न वर्गलाई व्यवसाय सञ्चालन गर्न विशेष अनुदानको प्रबन्ध गर्ने ।
- उपभोक्ता हित संरक्षण गर्न बजार अनुगमनलाई कडाइ गर्ने ।
- कालो बजारी तथा कृत्रिम अभाव नियन्त्रण गर्ने ।
- ठूलो स्तरका सञ्चालन गर्न सकिने उद्योगहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी गाउँपालिकाले बाह्य लगानी आर्कषित गर्न लगानी सम्मेलनको आयोजना गर्ने ।
- लगानीकर्ताहरूसँग नियमित अन्तरक्रिया गर्ने ।
- बैङ्किक क्षेत्रलाई आर्कषण गर्न वातावरण निर्माण गर्ने र सोको लागि प्रत्येक व्यक्तिको बैङ्क खाता र आर्थिक गतिविधि प्रर्वद्धन कार्यक्रमहरू सञ्चालन गर्ने ।
- "एक टोल एक सहकारी, घर-घरमा रोजगारी" अभियानलाई साकार बनाउने ।
- कृषि सहकारीहरूलाई बढावा दिई कृषि बजारीकरण र कृषि विकासमा लगानी वृद्धि गर्न सहकारीको सहयोग लिने ।

### ५.२.१ योजना र कार्यक्रमहरू

#### (क) कृषि जडिबुटी तथा पशुपंक्षी पालन

बंगलाचुली गाउँपालिकाको कूल २४५.१४ वर्ग कि.मी. क्षेत्रफल मध्ये १७.२४ प्रतिशत जमिन खेतीयोग्य भएको र गाउँपालिकाका अधिकांश जनता नै कृषिमा निर्भर रहेकोले कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर योजना कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । धेरैजसो जनसङ्ख्या कृषिमा संलग्न हुनु तर उत्पादकत्वका हिसाबले कृषिको योग्दान कमई आयात गरी खाद्यान्न आपुर्ति गर्नुपर्ने अवस्थाले यस गाउँपालिकामा व्यापकरूपमा अदृष्य बेरोजगारी रहेको स्पष्ट छ। यस प्रकारको बेरोजगारी अन्त्य गर्न उच्च प्रतिफलमुखी कृषि विकासको योजना कार्यान्वयन गर्नु आवश्यक रहेको छ । समग्र कृषि क्षेत्रको बृहत्तर विकासका लागि कृषि पूर्वाधारहरू जस्तै :

- ✓ कृषि प्रविधि
- ✓ वैज्ञानिक भूमी व्यवस्थापन
- ✓ कृषि सडक स्तरोन्नति
- ✓ मल, बिउविजन, कृषि औजार

- ✓ कृषि बजार
- ✓ दक्ष जनशक्ति
- ✓ भण्डारण प्रणाली (चिस्यान केन्द्रहरू)
- ✓ रोग तथा किरा नियन्त्रण
- ✓ कृषि कर्जा
- ✓ कृषि विमा आदिको समुचित प्रबन्ध गर्नु जरुरी छ ।

गाउँपालिकाले "गाउँपालिका कृषि प्रर्बद्धन ऐन जारी गरी कृषि विकासको सन्दर्भमा माथि उल्लेखित सम्पूर्ण आयामहरूको विकास र प्रबन्ध गर्न स्थानीय बासीको व्यापक सकृयतामा कृषि क्षेत्रमा उच्च प्रगति हासिल गर्न सक्छ ।

साथै कुनैपनि देश वा स्थानीय निकाय आर्थिक हिसाबले सम्पन्न हुन देशभित्रै वा गाउँपालिका भित्रै उत्पादन वृद्धि गरी त्यसको निर्यात गर्न सक्नु पर्दछ । निर्यात मार्फत व्यापार घाटा सन्तुलन गरी नाफा आर्जन गर्न सकिन्छ । तसर्थ विकासका क्रियाकलापहरू उत्पादनमुखी हुनुपर्दछ । गाउँपालिकाको वस्तुगत अवस्था हेर्दा अन्य क्षेत्रमा भन्दा कृषि क्षेत्रमा तत्काल उत्पादन प्रर्बद्धनमा जान सकिने देखिन्छ । यद्यपि माथि उल्लेखित कृषि पूर्वाधारको व्यवस्थापन हुनु भने अत्यावश्यक छ । कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू संक्षेपमा निम्नानुसार छन् ।

- ✓ माथि उल्लेखित सम्पूर्ण कृषि पूर्वाधारहरूको क्रमशः विकास गर्दै लैजाने
- ✓ पहाडी क्षेत्र भएकोले घाँस र डाले घाँसको उपलब्धता हुने भएकोले पशुपालन अन्तर्गत बाखा पालन, भेडा पालन, गाई भैँसी पालनलाई व्यावसायिक बनाउने
- ✓ स्थानीय जातका लोकल कुखुराको व्यापक उत्पादन गरी छिमेकी नगरपालिका, उपमहानगरपालिका लगायत देशका प्रमुख शहर र राजधानी उपत्यकामा निर्यात गर्ने ।
- ✓ सुङ्गुर तथा बङ्गुरको व्यावसायिक पालन गर्ने ।
- ✓ लेकाली क्षेत्रमा सम्भाव्यता हेरी व्यावसायिक टिम्मुर उत्पादन गर्ने ।
- ✓ अदुवा र च्याउको व्यावसायिक उत्पादन गर्ने ।
- ✓ मौरीपालनलाई व्यावसायिक रूपमा लैजाने ।
- ✓ कृषि पकेट क्षेत्रमा खेतीपातीलाई सघन बनाई विस्तार गर्ने ।
- ✓ ट्राउट माछा र जलवायु अनुकूल अन्य जातका माछा उत्पादन गर्ने ।
- ✓ सुन्तला तथा Critus जातका फलफूलहरूको खेतीको अध्ययन गरी व्यावसायिक उत्पादन गर्ने ।
- ✓ कागतीको व्यावसायिक खेती गर्ने
- ✓ हर्रो, बर्रो, अमला, क्यामुन लगायत अन्य व्यावसायिक जडिबुटीहरूको अध्ययन गरी व्यावसायिक उत्पादन गर्ने ।
- ✓ गाउँपालिकाको वेशी क्षेत्रमा आँप तथा लिचीको व्यावसायिक उत्पादन गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने ।
- ✓ मासको व्यावसायिक उत्पादन गर्ने
- ✓ दुध उत्पादनलाई व्यावसायिक बनाई उत्पादन वृद्धि गरी निर्यात गर्ने
- ✓ दुग्धजन्य पदार्थको उत्पादन सङ्कलन तथा बिक्रि केन्द्र स्थापना गर्ने

- ✓ समग्र उत्पादनको भण्डारण तथा बजारीकरणको प्रबन्ध गर्ने
- ✓ कृषिलाई प्रविधिमैत्री र आधुनिक बनाई खाद्य तथा पोषण सुरक्षाका भरपर्दा कार्यक्रमहरू सञ्चालन गर्ने
- ✓ स्थानीय जातका वालीनालीको संरक्षण र उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी स्थानीय पहिचान कायम गर्ने
- ✓ प्रत्येक वडामा सम्भाव्यता हेरी अर्गानिक उत्पादन क्षेत्रको विकास गर्ने
- ✓ कृषि उत्पादन सङ्कलन केन्द्रको विकास गरी कृषि सडकद्वारा केन्द्रसम्म किसानको पहुँच सुनिश्चित गर्ने
- ✓ हरेक सामुदायिक वनमा सम्भाव्यता हेरी जडिबुटी र फलफूल उत्पादनलाई जोड दिने

### (ख) पर्यटन

घोराही उपमहानगरपालिकासँग जोडिएको र घोराहीबाट बंगलाचुली हुँदै प्यूठान जोड्ने सडकले दुवैतर्फबाट पुर्वपश्चिम राजमार्गसम्म सम्पर्क स्थापित गर्नुको साथै नजिकमा नेपालगञ्ज, बुटवल, कोहलपुर जस्ता ठुला शहरहरू भएको कारण प्रशिद्ध स्वर्गद्वारी लगायत गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूलाई पर्यटन पुर्वाधारले सम्पन्न बनाउन सके प्राकृतिक सम्पदाहरूले सम्पन्न यो गाउँपालिका एक उत्कृष्ट पर्यटकीय गन्तब्यस्थल बन्न सक्दछ । कृषि योग्य क्षेत्र समेत कम रहेकाले गाउँपालिकामा कालान्तरमा पर्यटन नै आर्थिक विकासको प्रमुख आधारशिला बन्न सक्दछ । गाउँपालिकालाई स्वर्गद्वारीको एक प्रमुख द्वारकोरूपमा विकसित गर्न सकिनुको साथै गाउँपालिकाभित्र रहेका प्रमुख पर्यटकीय क्षेत्रहरूलाई पर्यटन पूर्वाधार सम्पन्न बनाउन सकिन्छ ।

पर्यटन विकासको दृष्टिले हेर्दा सम्भावना नै सम्भावनाको बीचमा रहेको यो गाउँपालिकामा पूर्वाधार विकासमा भने आधारभूत तहबाट नै लाग्नुपर्ने देखिन्छ । गाउँपालिकाको २०७५/०७६ को निती तथा कार्यक्रमले गाउँपालिकालाई पयर्टनको एक आर्कषक गन्तव्यस्थलको रूपमा विकसित गर्ने योजना तय गरेको सन्दर्भमा पर्यटन विकासको सम्भावनालाई स्पष्ट रूपमा हृदयङ्गम गरेको देखिन्छ । गाउँपालिकालाई पर्यटनको उत्कृष्ट गन्तव्यस्थल निर्माण गर्न सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूलाई संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छ ।

सर्वप्रथम पर्यटन अन्तर्गत पर्ने निम्न पूर्वाधारको विकास गर्ने :

- ✓ गन्तव्यस्थलहरूसम्म पुग्ने सुविधायुक्त सडकहरू
- ✓ होटल तथा रेष्टुरेन्टहरू
- ✓ स्थानीय उत्पादनहरू जसले पर्यटकहरूलाई आर्कषण गर्दछन् त्यस्ता वस्तुको उत्पादन प्रर्वद्धन गर्ने
- ✓ पर्यटक सूचना केन्द्रहरू/नक्साहरू
- ✓ तालिम प्राप्त पथ प्रर्दशकहरू
- ✓ स्थानीय जातिका कला संस्कृति, भेषभूषा र रहनसहनहरूको संरक्षण र सम्बर्द्धन
- ✓ आकस्मिक सेवा तथा स्वास्थ्य केन्द्रहरू
- ✓ उद्धार संयन्त्रहरू
- ✓ बैङ्क तथा बैङ्कीङ सेवाहरू
- ✓ संचार (इन्टरनेट, मोबाइल, टेलिफोन)

- ✓ अतिथि सत्कारको सभ्यता तथा तालिम(Hospitality Trainning)
- ✓ स्थानीय स्तरमा गर्न सकिने पर्यटन क्रियाकलापहरू अर्थात मनोरञ्जनात्मक क्रियाकलापहरूको प्रबन्ध
- ✓ परिकारका मेनुहरू
- ✓ पुरातात्विक, ऐतिहासिक, धार्मिक, प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास सम्बन्धी कार्यक्रमहरू
- ✓ पर्यटन गतिविधि तथा पर्यटक स्थलहरूको विभिन्न संचारको माध्यामहरूद्वारा व्यापक प्रचार प्रसार गर्ने र विशेषगरी बंगलाचुलीमा आउने पर्यटकहरूको प्रस्थान विन्दुहरूमा प्रचार प्रसार सामग्री ब्रोसर, लिफलेट, श्रव्यदृष्य सामग्रीको व्यवस्था गर्ने
- ✓ इन्टरनेट मार्फत सामाजिक संजालमा प्रचार प्रसार गर्ने
- ✓ गाउँपालिकाको आधिकारीक वेबसाइटमा Tourism Section राखी प्रचार प्रसारको व्यवस्था मिलाउने
- ✓ यी लगायत स्थान विशेष कार्यक्रमहरू Logical Framework Approach मा उल्लेख गरिएको छ ।

### (ग) उद्योग तथा वाणिज्य

हालको अवस्थामा गाउँपालिकामा उल्लेखनिय उद्योग तथा कलकारखानाहरू रहेका छैनन् । यो गाउँपालिका चुनढुङ्गामा सम्पन्न भएकाले घोराही उपमहानगरपालिकामा रहेका सिमेन्ट उद्योगहरूमा चुनढुङ्गा निर्यात भैरहेको छ । यस बाहेक यस गाउँपालिकामा कोइला, ब्रिकेट तथा कृषिजन्य उद्योगहरू सञ्चालन गर्न सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् साथै साना, मझौला तथा ठूला प्रकृतिका उद्योगहरू स्थापना गर्न सक्ने यथेष्ट आधारहरू रहेका छन् । उद्योग तथा कलकारखाना विकासका लागी सर्वप्रथम औद्योगिक पूर्वाधारहरू जस्तैः

- ✓ सडक यातायात
- ✓ श्रमशक्ति (सीपयुक्त तालिम सहित दक्ष जनशक्ति)
- ✓ औद्योगिक कच्चा पदार्थहरू
- ✓ पूँजी
- ✓ लगानीमैत्री वातावरण
- ✓ प्रविधि
- ✓ उर्जा
- ✓ औद्योगिक सुरक्षा र
- ✓ उपभोक्ता बजार आदिको विकास गर्नु जरुरी छ ।

यस पश्चात् बंगलाचुली गाउँपालिकाले कृषि, जडिबुटी र पशुपंक्षीमा आधारित साना र मझौला उद्योगहरूलाई उच्च प्राथमिकता दिई स्थानीय पूँजीको संरक्षण गरी ठूला उद्योगहरूको लागि बाह्य लगानी आर्कषण गर्नुपर्दछ । यसका लागि विशेष पहल गरी स्थानीय स्तरमा रोजगारी श्रृजना हुन गई ग्रामीण जीवनस्तर माथि उठ्न व्यापक सहयोग पुग्दछ । यी समग्र उद्योगको विकासका लागि माथि उल्लेखित पूर्वाधार निर्माण तथा विकास भने अपरिहार्य शर्तहरू हुन् । उद्योग विकास मार्फत स्थानीय तथा बाह्य बजारको विकास हुन गई बाणिज्य र व्यापारको स्वतः विकास हुन जान्छ । व्यापारमा निर्यात प्रबर्द्धन गरी

आर्थिक वृद्धिदरमा उच्च अंक कायम गर्न सकिन्छ । उद्योग विकासका लागि संक्षेपमा निम्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

- ✓ साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न स्थानीय स्तरका उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगलाई जोड दिने
- ✓ ठूला उद्योगहरूको सम्भाव्यता अध्ययन तथा लगानी सम्मेलन गर्ने
- ✓ खनिजको सम्भाव्यता अध्ययन गर्ने
- ✓ गाउँपालिकामा रहेका चुनढुङ्गा र कोइला खानीको वैज्ञानिक उत्खनन् गर्ने
- ✓ उद्योगलाई गरीबी निवारणसँग जोडी महिना तथा सीमान्तकृत वर्गलाई अनुदान तथा तालिम दिने ।
- ✓ युवा स्वरोजगार प्रबर्द्धन गर्न सहुलियत कर्जा तथा तालिमको व्यवस्था गर्ने ।
- ✓ व्यावसायिक तालिम केन्द्रहरूको स्थापना गर्ने ।
- ✓ स्थानीय जडिबुटी जस्तै : चिउरी, हर्रो, बर्रो, अमला आदिमा आधारित उद्योगहरू स्थापना गर्ने ।
- ✓ जलस्रोतमा आधारित उद्योगहरू जस्तै मिनरल वाटर आदिको स्थापना गर्ने ।
- ✓ कृषिमा आधारित डेरी उद्योग, मासु, जुस, अचार, सस, छाला उद्योगहरूलाई प्राथमिकता दिने ।
- ✓ मौलिकतामा आधारित काष्ठकला, मुर्तिकला, ललितकला आदिलाई प्रोत्साहन गर्ने र सो सम्बन्धी तालिम सञ्चालन गर्ने

### (घ) बैङ्क वित्तीय संस्था तथा सहकारी

बैङ्किङ कारोबारमा विस्तार गर्न स्थानीय स्तरमा पूँजी व्यापकरूपमा प्रवाह भैरहने वातावरण निर्माण हुनुपर्दछ । हाल गाउँपालिका अत्यन्त ग्रामीण परिवेशमा रहेको र पूँजी बजारको विकास पर्याप्त नभएकोले बैङ्का शाखाहरू खुलेका छैनन् । वडा नं. ३ को कमिलेचौरमा सिटिजन बैङ्को शाखा रहेको छ । यसका अलावा केही लघुवित्त तथा सहकारीहरूले वित्तिय सेवा प्रदान गरिरहेका छन् । छिमेकी लघुवित्तले गाउँपालिकामा राम्रो कारोबार गरेको देखिन्छ । तसर्थ बैङ्क र वित्तीय क्षेत्रको विकास गर्न उद्योग, कलकारखाना, बजार र व्यापारको सघन रूपमा विकास हुनुपर्ने भएकोले गाउँपालिकामा सो स्थिति श्रृजना हुनसक्ने देखिन्छ ।

अर्कोतर्फ यस प्रकारको ग्रामीण परिवेशमा सहकारी संस्थाको विकास भने उपयुक्त हुने भएकोले सहकारीलाई सहकारी नीति र ऐन बमोजिम थप विकसित बनाउँदै लैजान सकिन्छ । त्यसैगरी सहकारी क्षेत्रलाई कृषि र औद्योगिक विकासमा लगानी गर्न सक्ने गरी उत्पादनशिल क्षेत्रमा सदुपयोग गर्न सकिन्छ । यस सन्दर्भमा गाउँपालिकाले “एक टोल एक सहकारी, घर-घरमा रोजगारी” भन्ने नारालाई सार्थक बनाउनु सान्दर्भिक भएकोले सोहि अनुसार अगाडि बढ्नुपर्ने देखिन्छ ।

## ५.२.२ आर्थिक विकास योजनाको Logical Framework Approach

**सोच**

**“भविष्यको बंगलाचुली, उच्च आर्थिक सम्बृद्धिको चुली”**

**लक्ष्य**

**आगामी १५ वर्षमा बंगलाचुली गाउँपालिका बासीलाई आर्थिक हिसाबले विश्वका मध्यम आय भएका मुलुकका बासिन्दाको स्तरमा पुऱ्याउने ।**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
| --- | --- | --- | --- |
| **कृषि**<br>▪ निर्यातमुखी रोजगार आर्थिक समृद्धिको आधार भन्ने नारा साकार हुनेछ ।<br>▪ जल, जमिन, जंगल, जडिबुटी र जलाधार स्थानीय जनताको समृद्धिको आधार भन्ने नारा साकार भएको हुनेछ ।<br>▪ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क प्राप्त हुनेछ ।<br>▪ खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ ।<br>▪ सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।<br>▪ सर्वत्र वैज्ञानिक कृषि प्रणाली लागु भएको हुनेछ ।<br>▪ व्यावसायिक कृषिको प्रवर्द्धन भएको हुनेछ ।<br>▪ स्थानीय जलवायु अनुकुल जडिबुटीको उत्पादन भई औषधिय पर्यटन तथा आयुर्वेदिक औषधि उद्योगको स्थापना भएको हुनेछ ।<br>▪ स्थानीय प्रजातीका बालीनालीको संरक्षण तथा उत्पादन भई स्थानीय पहिचान कायम हुनेछ ।<br>▪ प्रत्येक वडामा सम्भाव्यताको आधारमा अर्गानिक खेती क्षेत्रको विकास हुनेछ ।<br>▪ प्रत्येक घरमा | **वि.सं. २०८० सम्म**<br>▪ प्रत्येक वडामा कम्तीमा एक वटाका दरले स्थानीय जल, जमिन, जंगल र जडिबुटीमा आधारित साना र मझौला स्तरका उद्योगहरू सञ्चालनमा आउनेछन् ।<br>▪ गाउँपालिकाभर एउटा ठूलो स्तरको उद्योग स्थापनाका लागि समग्र प्रक्रिया पूरा भई लगानीका साथ स्थापना गर्ने वातावरण बन्नेछ ।<br>▪ गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको वैज्ञानिक तथ्याङ्क सहितको Profile तयार हुनेछ (सिंचित र असिंचित क्षेत्रफल र स्थान सहित)<br>▪ करिब ४० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ पुगेको हुनेछ ।<br>▪ कृषि यान्त्रिकिकरण र वैज्ञानिकिकरण अन्तरगर्त प्रत्येक वडामा उपयुक्त कुनै एक नयाँ प्रविधि भित्रिइसकेको हुनेछ ।<br>▪ बाखापालन र लोकल कुखुराको व्यावसायिक पालन भई निर्यात सुरु हुनेछ ।<br>▪ दूध उत्पादनमा हालको वार्षिक अनुपातमा न्यूनतम २० गुणाले वृद्धि भई निर्यात सुरु हुनेछ ।<br>▪ गाउँपालिकाको कम्तीमा ४ स्थानमा स्थानीय प्रजातीका बालीनाली, तरकारी, फलफूल वा जडिबुटीको नमुना उत्पादन सुरु भएको हुनेछ ।<br>▪ “प्रत्येक घरमा फलफूलको विरुवा वितरण” अभियान व्यावसायिक भैसकेको हुनेछ ।<br>▪ एक विशेष कृषि पकेट क्षेत्रको सम्भाव्यताका आधारमा प्रत्येक वडामा विस्तार भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कृषि बाली र पशुधन बीमा कार्यक्रमको सुरुवात भएको हुनेछ ।<br>▪ “एक वडा एक कृषि बजार” स्थापना भई हालका प्रमुख बजार केन्द्रहरू कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।<br>▪ सार्वजनिक खरिद प्रक्रिया |

| | | | |
|---|---|---|---|
| फलफूलको विरुवा अनुदान दिने अभियान व्यावसायिक फलफूल खेतीको रूपमा परिणत भएको हुनेछ।<br>▪ प्रत्येक वडामा एक विशेष कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ।<br>▪ कृषि बाली र पशुधन बीमा कार्यक्रम प्रभावकारी रूपमा लागु भएको हुनेछ।<br>▪ "एक वडा एक कृषि बजार" अभियान साकार भएको हुनेछ।<br>▪ स्थानीय जलवायु अनुकूल व्यवसायीक माछापालन व्यवसायबाट कृषकहरू लाभान्वीत भएका हुनेछन्।<br>▪ प्रत्येक वडामा कृषि उत्पादन सङ्कलन केन्द्रको रूपमा कृषि बजारहरूको विकास भएको हुनेछ।<br>▪ प्रत्येक वडामा कृषि उत्पादन भण्डारण गर्न आवश्यक सङ्ख्यामा चिस्यान केन्द्रहरूको स्थापना भएको हुनेछ।<br>▪ मुख्य कृषि क्षेत्रलाई समेटेर कृषि सडकको विकास र स्तरोन्नती भएको हुनेछ<br>▪ पशुपालन क्षेत्रको विकासले पूर्ण व्यावसायिकता हासिल गरेको हुनेछ<br>▪ बाख्रापालन, लोकल कुखुरा पालन, सुँगुर/बङ्गुर पालनको सुपरजोनको रूपमा विकास भई कृषि पर्यटन तथा अध्ययनको नमुना गन्तव्य स्थलको रूपमा विकास भएको हुनेछ।<br>▪ पशुरोग, बालीनाली रोग तथा किरा नियन्त्रणका जैविक र प्रभावकारी संयन्त्रको स्थापना भएको हुनेछ।<br>**पर्यटन**<br>▪ गाउँपालिका एक | विकास भएका हुनेछन्।<br>▪ प्रत्येक सम्भाव्य जलस्रोतको उपलब्धता भएका वडामा कम्तीमा एक माछापोखरीले माछा उत्पादन सुरु गरेको हुनेछ।<br>▪ गाउँपालिकाको कम्तीमा २ वटा प्राथमिकता प्राप्त वडाहरूमा चिस्यान केन्द्रको स्थापना भएको हुनेछ।<br>▪ प्रत्येक वडामा कृषि सडकको पहुँच र स्तरोन्नती भएको हुनेछ।<br>▪ पशुरोग नियन्त्रण गर्न प्रत्येक वडामा घुम्ती शिविर र एक उपयुक्त स्थानमा पशु अस्पताल स्थापना भएको हुनेछ।<br>**पर्यटन**<br>▪ पूर्वाधार विकास अन्तर्गत प्रत्येक पर्यटक गन्तव्य स्थलसम्म सडक यातायात पुगेको हुनेछ<br>▪ पर्यटक सङ्ख्याको आधारमा ति गन्तव्य स्थलहरूमा कम्तीमा ती पर्यटकको ५० प्रतिशतलाई पूर्ण बास बस्ने होटलको स्थापना भएको<br>▪ कम्तीमा सम्भाव्य सबै ट्रेकिङ रुटहरूको पहिचान भएको हुनेछ।<br>▪ प्रत्येक गन्तव्य स्थलमा, भोजनालय तथा खाजा घरको स्थापना भएको हुनेछ।<br>▪ कमिरेचौरमा एउटा सम्पूर्ण सुविधायुक्त पर्यटक सूचना केन्द्रको स्थापना भएको हुनेछ।<br>▪ सम्पूर्ण पर्यटन गन्तव्यस्थलको पूर्ण विवरण सहित Profile तयार भएको हुनेछ।<br>▪ सम्पूर्ण पर्यटन गन्तव्यस्थल र त्यहाँ गर्न सकिने पर्यटकिय क्रियाकलापको विस्तृत विवरण सहित प्रचार सामाग्रीहरूको व्यापक प्रचार प्रसार भएको हुनेछ।<br>▪ पर्यटक सुरक्षा र उद्धारको उचित प्रबन्ध भएको हुनेछ।<br>▪ परिकार मेनुहरूको तयारी भएको हुनेछ (मूल्यसूची सहित)<br>**उद्योग तथा वाणिज्य**<br>▪ गाउँपालिकाका सम्पूर्ण युवाहरू स्वरोजगार तथा रोजगार भैसकेका हुनेछन्।<br>▪ बेरोजगारलाई भत्ताको व्यवस्था गरिएको हुनेछ।<br>▪ महिला, दलित, जनजाति, सीमान्तकृत र विपन्न वर्गको जीवनस्तरमा उल्लेख्य सुधार भई गरिबी ३० प्रतिशतले घटेको हुनेछ।<br>▪ गाउँपालिकाको कम्तीमा ४ स्थानमा | | सरल र प्रभावकारी हुनेछ। |

| | | | |
|---|---|---|---|
| आकर्षक पर्यटन गन्तव्यको रूपमा विकास भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा होमस्टे सञ्चालन भई स्थानीय रितिरिवाजको संरक्षण हुनेछ ।<br>▪ साहसिक पर्यटन, औषधिय पर्यटन, कृषि पर्यटन, पर्यावरणीय पर्यटन, धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको विकास भएको हुनेछ ।<br>▪ पर्यटनका माथि उल्लेखित सम्पूर्ण पूर्वाधारहरूको विकास भएको हुनेछ ।<br>**उद्योग**<br>▪ कृषि तथा स्थानीय स्रोत र साधनमा आधारित उद्योगहरूको विकास भएको हुनेछ ।<br>▪ स्थानीय मौलिकतामा आधारित काष्ठकला, प्रस्तर कला, मूर्तिकला, ललितकला आदिमा आधारित उद्योगको स्थापना भएको हुनेछ ।<br>▪ युवा स्वरोजगार श्रृजना हुनेछ ।<br>▪ महिला, दलित, जनजाति, सीमान्तकृत तथा विपन्न वर्गको जिवनस्तरमा व्यापक सुधार हुनेछ ।<br>▪ ठूला स्तरको उद्योगको सम्भाव्यता अध्ययन सम्पन्न भई स्थापना भएका हुनेछन् ।<br>▪ व्यापार र वाणिज्यको विस्तार भई उपभोक्ता हित र उत्पादित सामानहरूको गुणस्तर कायम भएको हुनेछ ।<br>**बैङ्क तथा वित्तीय क्षेत्र**<br>▪ "एक टोल एक सहकारी घरघरमा रोजगारी" अभियान साकार हुनेछ ।<br>▪ सहकारीलाई आर्थिक क्षेत्रको महत्वपूर्ण खम्बाको रूपमा स्थापित गरिएको हुनेछ ।<br>▪ उद्योग बजार केन्द्र, उपभोक्ता तथा वित्तीय | स्थानीय मौलिकतामा आधारित साना तथा मझ्यौला उद्योगहरूको स्थापना भएका हुनेछन् ।<br>**बैङ्क तथा सहकारी**<br>▪ "एक टोल एक सहकारी घर-घरमा रोजगारी" अभियान ५०% सफल भएको हुनेछ ।<br>▪ कम्तीमा थप २ वडाहरूमा अन्य बैङ्कका शाखाहरू स्थापना भएका हुनेछन् ।<br>**वि.सं. २०८५ सम्म**<br>▪ प्रत्येक वडामा कम्तीमा १ वटाको दरले स्थानीय श्रोतमा आधारित साना तथा मझ्यौला उद्योगहरू स्थापना हुनेछन् ।<br>▪ गाउँपालिकामा एउटा ठूलो स्तरको उद्योग सञ्चालनमा आउनेछ ।<br>▪ करिब ७० प्रतिशत जमिनमा सिँचाई पुगेको हुनेछ ।<br>▪ व्यावसायिक कृषिकर्म अन्तर्गत सबै क्षेत्रमा यान्त्रिकिकरण र उपलब्ध वैज्ञानिक कृषि लागु भएको हुनेछ<br>▪ पशुपंक्षी पालन अन्तर्गत थप सुङ्गुर/बङ्गुर पालन, भेडापालन (उनका लागि र मासुका लागि) कार्यक्रम विस्तार भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कम्तीमा एक बालीको पकेट क्षेत्रको रूपमा विकास भैसकेको हुनेछ ।<br>▪ गाउँपालिकामा कम्तीमा २ स्थानमा चिस्यान केन्द्रको स्थापना भएको हुनेछ ।<br>▪ गाउँपालिकाको कम्तीमा १ स्थानमा पशु अस्पतालको स्थापना भएको<br>**पर्यटन**<br>▪ पर्यटन गन्तव्य स्थलसम्मका सम्पूर्ण सडकहरू कालोपत्रे भैसकेका<br>▪ प्राथमिकताको आधारमा गाउँपालिकाका कुनै ४ स्थानमा पर्यटक सूचना केन्द्रको स्थापना गरिएको<br>▪ विभिन्न वडाका उपयुक्त स्थानमा हेलिप्याडको निर्माण भएको<br>▪ कम्तीमा कुनै पाँच प्रमुख राष्ट्रियसतरका बैंकहरूले विभिन्न उपयुक्त र मानवीय गतिविधि बढी हुने स्थानमा ATM सेवा सञ्चालनमा ल्याइएका<br>▪ कम्तीमा एक ३ स्टार होटलको स्थापना भईसकेको<br>▪ सम्भाव्य एक स्थानमा केबलकार सेवा सुरुवात भएको<br>▪ पहिचान भएका ट्रेकिङ रुटमा आधारभूत पर्यटकीय सेवाको विस्तार भएको हुनेछ ।<br>▪ कम्तीमा २ स्थानमा ध्यान केन्द्रको | | |

| | | | |
|---|---|---|---|
| कारोबार वृद्धि हुँदा थप बैङ्कहरूको शाखाहरू विस्तार भएका हुनेछन् । | स्थापना भएको<br>▪ पर्यटकको सम्भावनाकोरूपमा लैजाने Curio (क्युरियो) उत्पादन गर्ने व्यवसायीहरूले व्यावसायिक उत्पादन गरेका<br>▪ पर्यटकको आकस्मिक स्वास्थ्य उपचारकालागि सम्पूर्ण साधन सहितको स्वास्थ्य केन्द्रको स्थापना भएको<br>▪ गन्तव्य स्थलसम्म पुग्न यातायातका साधनहरूको उपलब्धता भएको<br>**उद्योग तथा वाणिज्य**<br>▪ विपन्न, महिला, दलित, सीमान्तकृत वर्गहरूमा७० प्रतिशतले गरिबी निवारण भएको<br>▪ गाउँपालिकाका प्रत्येक वडामा स्थानीय मौलिकतामा आधारित कम्तीमा १ वटा साना तथा मझौला उद्योगको स्थापना भएको<br>▪ गाउँपालिकाका कम्तीमा २ वटा वडाहरूमा बैकिङ्ग सेवा विस्तार भएको<br>**वि.सं. २०९० साल सम्म**<br>▪ प्रत्येक वडामा कम्तीमा २ वटाको दरले साना तथा मझौला उद्योगहरूको स्थापना भएको<br>▪ गाउँपालिकामा कम्तीमा १ वटा ठूला स्तरका उद्योगहरूको स्थापना भएको<br>▪ गाउँपालिकाको सतप्रतिशत जमिनमा सिँचाई सेवा पुगेको<br>▪ गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा एउटा चिस्यान केन्द्रको स्थापना भएको<br>▪ गाउँपालिकाभर कम्तीमा ३ स्थानमा पशुअस्पतालको स्थापना भएको<br>▪ गाउँपालिकाको प्रत्येक वडामा पर्यटन सूचना केन्द्रको स्थापना भएको<br>▪ विपन्न, महिला, दलित, सीमान्तकृत वर्गहरू गरिबीबाट पूर्णरूपमा मुक्त भई शुन्य गरिबीको अवस्थामा पुगेको<br>▪ सबै नागरिकहरू रोजगार हुनेछन् र बेरोजगार भए भत्ता प्राप्त गरेका<br>▪ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा कम्तीमा एक वा अर्को बैङ्किङ सेवाको विस्तार भएको हुनेछ । | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| **(क)** | **कृषि** | | |
| ▪ | समग्र कृषि विकासको लागि एकीकृत कृषि विकास गुरुयोजना तयार गर्ने (माटो परिक्षण सहित) | | |
| ▪ | कृषियोग्य जमिनको सिँचाई पुगेको र नपुगेको एकीन तथ्याङ्क तयार पार्ने | | |
| ▪ | कृषकहरूलाई मलखादमा अनुदान दिने (निश्चित मापदण्डका आधारमा) | | |
| ▪ | कृषकलाई बिउविजनमा अनुदान दिने (निश्चित मापदण्डका आधारमा) | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ कम्पोष्ट मल बनाउने र जैविक विषादी निर्माण सम्बन्धी तालिम दिने | | |
| ▪ पशु आहार तथा आधुनिक गोठ सुधार सम्बन्धी तालिम सञ्चालन गर्ने | | |
| ▪ स्थानीय सञ्चार माध्यमबाट कृषि कार्यक्रम सञ्चालन गरी कृषि सम्बन्धी बहुउपयोगी जानकारीहरू नियमितरूपमा प्रदान गर्ने | | |
| ▪ कृषि उपजको मूल्य निर्धारण गर्ने संयन्त्र निर्माण गरी त्यसको अनुगमन र नियमन गर्ने | | |
| ▪ पशु खोप कार्यक्रम प्रत्येक वडामा सञ्चालन गर्ने | | |
| ▪ लोकल कुखुरा पाल्ने कृषकलाई सम्पूर्ण प्रविधि श्रोत र साधन सम्बन्धी नियमित तालिम सञ्चालन गर्ने | | |
| ▪ उन्नत जातका बोका वितरण गर्ने | | |
| ▪ व्यवसायी बाख्रापालन गर्ने कृषकलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने | | |
| ▪ निजी क्षेत्रको सहयोगमा प्रत्येक वडामा भेटनरी स्थापना गर्ने | | |
| ▪ बाली तथा कृषि बिमाको व्यवस्था गर्ने | | |
| ▪ माछापालन सम्बन्धी तालिम सञ्चालन गर्ने | | |
| ▪ बेरोजगार तथा अन्य कृषकलाई कृषि सुलभ कर्जाको व्यवस्था गर्ने | | |
| ▪ बेमौसमी तरकारीबालीलाई व्यावसायिकरूपमा प्रर्वद्धन गर्न किसानहरूले तयार गरेको रु ५ लाखसम्मको परियोजनाको लागि ५० प्रतिशतसम्म अनुदान दिने | | |
| ▪ न्युनतम ५ देखि १०० वटा फलफूलको विरुवा लगाउने किसानलाई ५ लाखसम्मको परियोजना विकास गर्न ५० प्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउने | | |
| ▪ बेमौसमी तरकारी खेती गर्ने कृषकलाई प्लाष्टिक टनेलमा अनुदान दिने | | |
| ▪ कृषि औजार (Harverstor, Ratavator, Thresserहाते ट्र्याकटर आदि तथा यन्त्रमा अनुदान दिने (प्रत्येक वडामा आवश्यकताको आधारमा) | | |
| ▪ कृषक पाठशाला सञ्चालन गर्ने (प्रत्येक वडामा) | | |
| ▪ प्रत्येक वडामा पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ प्रत्येक वडामा घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने | | |
| ▪ कम्तीमा २ वटा पशु अस्पताल सञ्चालन गर्ने | | |
| ▪ खेर गएका जमिन तथा वन जंगल जस्ता क्षेत्रको अभिलेख तयार गरी गाउँपालिकाको पहलमा फलफूल खेती वा अन्य सम्भावित बालीहरू लगाई बेरोजगारलाई रोजगारी दिने | | |
| ▪ खेती नगर्ने जग्गा धनीको जग्गा लिजमा लिई गाउँपालिकाले बेरोजगार युवालाई खेती गर्न दिने | | |
| ▪ प्रत्येक वडालाई सम्भावित कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गर्ने | | |
| ▪ वडास्तरमा सञ्चालनमा रहेका महिला, दलित, जनजाति, सीमान्तकृत र विपन्न वर्गका कृषक समूहलाई अनुदान दिने (निश्चित मापदण्डको आधारमा) | | |
| ▪ प्रत्येक वडामा आवश्यकताको आधारमा एक चिस्यान केन्द्र स्थापना गर्ने | | |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा दुध डेरी स्थापना गर्ने | | |
| ▪ प्रत्येक वडामा निजी क्षेत्रको सहयोगमा कृषिमा आधारित साना तथा मझ्यौला उद्योग स्थापना गर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | प्रत्येक वडामा कृषि हाट बजार तथा कृषि उपज सङ्कलन केन्द्रको विकास र व्यवस्थापन गर्ने | | |
| ▪ | प्रत्येक वडामा कृषि सेवा केन्द्रका इकाईहरूको विस्तार गर्ने | | |
| ▪ | **"एक घर एक करेसाबारी"** कार्यक्रम सञ्चालन गर्न वडास्तरमा तालिम सञ्चालन गर्ने | | |
| ▪ | खाद्यान्न बाली बीज वृद्धि कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | गाउँपालिका स्तरीय अदुवा-बेसार पकेट कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | विपन्न र दलितहरूका लागि खाद्यान्न बाली किट वितरण गर्ने | | |
| ▪ | खाद्यान्न बालीको उत्पादन वृद्धि सम्बन्धी तालिम सञ्चालन गर्ने | | |
| ▪ | **"एक घर, एक बगैंचा कार्यक्रम"** सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक वडामा एउटा नमुना यूवा स्वरोजगार कार्यक्रम सञ्चालन ( सामुहिक कृषि) गर्ने | | |
| ▪ | व्यावसायिक किसान पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | पावर ट्रेलर, फट स्प्रेयर तथा डिजिटल तराजुमा ५० प्रतिशत अनुदान दिने | | |
| ▪ | बृहद नर्सरी व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | Citrus जातका फलफूलका बेर्नाका लागि नर्सरी व्यवस्थापन गर्ने | | |
| ▪ | आलु प्रिपियस दाना विउ उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | व्यावसायिक कृषकहरूका लागि च्याउ विउ वितरण कार्यक्रम ( आवश्यकताका आधारमा ढुवानी समेत) सञ्चालन गर्ने | | |
| ▪ | आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | मकै खेती सम्बन्धी ३ दिने तालिम (पालिका स्तरीय) सञ्चालन गर्ने | | |
| ▪ | धान दिवस सञ्चालन गर्ने (प्रत्येक वर्ष ) | | |
| ▪ | घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन (वडा स्तरीय) गर्ने | | |
| ▪ | युवा स्वरोजगार कृषक जागरण तथा तालिम कार्यक्रम सञ्चालन गर्ने सञ्चालन गर्ने | | |
| ▪ | पशुपंक्षीका लागि घुम्ती खोप कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | घाँस विउ तथा डालेघाँस वेर्ना वितरण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | कृत्रिम गर्भाधान समाग्री खरिद गर्ने | | |
| ▪ | मासु पसल सुधार अनुदान प्रदान गर्ने (वडास्तरमा) | | |
| ▪ | मासु पसल सुधार अनुगमन गर्ने | | |
| ▪ | पशु औषधी खरिद कार्यक्रम सञ्चालन गर्ने सञ्चालन गर्ने | | |
| ▪ | भकारो सुधारतथा गोठ व्यवस्थापन कार्यक्रम  सञ्चालन गर्ने | | |
| ▪ | वडा नं. १ को सुझी पोखरामा कृषि हाट बजार स्थापना गर्ने । | | |
| ▪ | स्यूजा, खाडा वडा नं. १ मा शीतभण्डार स्थापना गर्ने । | | |
| ▪ | वडा नं. २ को वदिपोखरामा कृषि हाटबजार स्थापना गर्न । | | |
| ▪ | गाउँपालिकामा कम्तिमा एउटा कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने । | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | वडा नं. २ को पुरुङछेजामा शीतभण्डार निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकामा स्तरीय बीज बैंक स्थापना गर्ने । | | |
| ▪ | प्रत्येक वडामा एक नमूना नर्सरी स्थापना गर्ने । | | |
| ▪ | वडा नं २ को पुरुङछेजामा शीतभण्डार स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ३ को दाङवाङमा शीतभण्डार निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ४ को जम्लेपानीमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ४ को काभ्रे फाटामा शीतभण्डार स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ५ को मुर्कट्टीमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ६ को भुटनेटामा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को फाँट खेतमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ८ को हाँसीपुरमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ८ लाई व्यावसायिक फलफूल पकेट क्षेत्र घोषणा गर्न अध्ययन गर्ने । | | |
| ▪ | प्रत्येक वडामा एक पशुहाट बजार सञ्चालन गर्ने । | | |
| ▪ | प्रत्येक वडामा कम्तिमा महिनामा एक पटक घुम्ति कृषि तालिमा सञ्चालन गर्ने । | | |
| ▪ | जैविक विषादी प्रयोगलाई व्यापक प्रोत्साहन गर्न प्रत्येक वडामा नियमित तालिम सञ्चालन गर्ने । | | |
| ▪ | ६ महिनामा एक पटक गाउँपालिका स्तरीय कृषि मेला आयोजना गर्ने । | | |
| ▪ | घुम्ती वाली उपचार शिविर सञ्चालन गर्ने । | | |
| ▪ | प्लाष्टिक पोखरी निर्माणका लागि निश्चित मापदण्डका आधारमा अनुदान दिने । | | |
| ▪ | पशु खोर तथा भकारी सुरक्षाका लागि निश्चित मापदण्डका आधारमा अनुदान दिने । | | |
| ▪ | छनोटका आधारमा नियमित कृषक अध्ययन भ्रमण सञ्चालन गर्ने । | | |
| ▪ | पशुपन्क्षी तथा कृषि उत्पादनमा आधारित वार्षिक कृषि प्रोफाइल तयार पार्ने । | | |
| ▪ | आकस्मिक पशुपन्क्षी उपचार तथा र्‍यापिड रेस्पोन्स टोली (Rapid Response Team)तयार गर्ने | | |
| ▪ | नश्ल सुधार कार्यक्रम वडागत रूपमा सञ्चालन गर्ने । | | |
| **(ख)** | **पर्यटन** | | |
| ▪ | गाउँपालिकाको समग्र पर्यटन विकास गुरुयोजना निर्माण गर्ने | | |
| ▪ | गाउँपालिकाको सम्पूर्ण पर्यटकीय क्षेत्रको विवरण समेटेको Brochure तयार गरी वितरण गर्ने | | |
| ▪ | गाउँपालिकाको website मा पर्यटन सम्बन्धी सम्पूर्ण सूचना राख्ने | | |
| ▪ | स्थानीय सञ्चार माध्यमका साथै राष्ट्रिय सञ्चार माध्यममा पर्यटनको नियमित प्रचार गर्ने | | |
| ▪ | स्थानीय परिकारका मेनु सहित बसोबासको प्रबन्ध र यातायातको रुटको व्यवस्था सहित संभाव्य पर्यटकीय क्षेत्रको विवरण र मूल्य सूची सहित पुस्तिका तयार गरी प्रंकाशन गर्ने | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ जल पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन अन्तरगंत :Cycling, Paragliding, पर्यापर्यटन, योगा ध्यान आदि सञ्चालन गर्न निजी क्षेत्रसँग नियमित अन्तरक्रिया गर्ने | | |
| ▪ निजी क्षेत्रसँग साझेदारी गरी ती स्थानहरूमा आउने पर्यटक सङ्ख्याको कम्तीमा ५० प्रतिशतलाई बन्दोवस्ती हुनेगरी होटल तथा लजको स्थापना गर्ने | | |
| ▪ स्थानीय कला संस्कृति झल्कने उत्पादन सम्बन्धी २ वटा विक्री केन्द्र स्थापना गर्ने | | |
| ▪ पर्यटक सूरक्षा र उद्धार संयन्त्रको विकास गर्ने | | |
| ▪ गाउँपालिकाका प्रमुख पहिचान भएका ट्रेकिङ रुटहरूमा क्रमश पूर्वाधार विकास गर्ने | | |
| ▪ गाउँपालिकाका प्रत्येक वडाहरूमा पर्यटक सूचना केन्द्रको स्थापना गर्ने | | |
| ▪ कम्तीमा एउटा ३ स्टार होटल खोल्न पहल गर्ने | | |
| ▪ गाउँपालिकाभर सञ्चालन हुन सक्ने ट्रेकिङ रुटको अध्ययन गर्ने | | |
| ▪ बृहद बंगलाचुली पर्यटन विकास योजना निर्माण गर्ने | | |
| ▪ मगरहरूको वस्ती सघन भएका क्षेत्रहरूमा Home Stay को प्रबन्ध गरी सञ्चालन गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ मुख्य पर्यटकीय स्थलहरूमा वार्षिकरूपमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूको क्यालेन्डर निर्माण गरी प्रचारप्रसार गर्ने | | |
| ▪ राष्ट्रिय पर्व तथा अवसरमा विभिन्न संस्कृति झल्कने झाँकीहरू प्रर्दशन गर्ने | | |
| ▪ वडा नं. १ कालीमाटी, धनडाँडामा होमस्टे सञ्चालन गर्न तालिम तथा पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. १ को मन्दिर डाँडामा View Tower र मन्दिर निर्माण गर्ने । | | |
| ▪ वडा नं. २ को धिमधिमेमा होमस्टे सञ्चालन गर्न तालिम र पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ३ को टाउकेमा पार्क तथा View Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ३ को दाङवाङमा होमस्टे संचालित गर्न तालिम र पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं ४ को जुम्लेपानीमा होमस्टे सञ्चालन गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ५ को मगरग्राम र मुसुरे-क्षेत्री ग्राम होमस्टे सञ्चालन गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ६ को टोड्के लेकमा View Tower निर्माण गर्ने । | | |
| ▪ वडा नं. ६ को भोटनेटा डाँडामा मन्दिर निर्माण गर्ने । | | |
| ▪ वडा नं. ६ को घोरली डाँडामा होमस्टे सञ्चालन गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ७ को शिरुखर्कमा होमस्टे सञ्चालन गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ८ को हाँसीपुरमा होमस्टे सञ्चाल गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ वडा नं. ८ को लामदीवालीमा होमस्टे सञ्चालन गर्न पूर्वाधार विकास गर्ने । | | |
| ▪ माथि उल्लेखित सम्भावित होमस्टेहरूमा आउने सम्भावित पर्यटक सङ्ख्या र पर्यटक उद्गमस्थलहरूको शुक्ष्म अध्ययन गरी वस्तुगत तथ्याङ्क सहित प्रतिवेदन तयार गर्ने । | | |
| ▪ धिमधिमे लेक एकिकृत पर्यटकिय गुरुयोजना निर्माण गर्ने । | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | गढिलेक वृहद पर्यटकिय गुरुयोजना निर्माण गर्ने । | | |
| ▪ | बंगलाचुलीमा शहिद स्मारक निर्माण गर्ने । | | |
| ▪ | वृहद रानीथुम्की हाँसीपुर पर्यटकिय पूर्वाधार विकास योजना निर्माण गर्ने । | | |
| ▪ | सम्पूर्ण पर्यटकीय तथा होमस्टे सञ्चालन हुने क्षेत्रको वस्तुगत पहिचान गरी भविष्यमा प्राप्त हुने लाभ आंकलनका आधारमा मौलिक र परम्परागत शैलीका सुरक्षित घरहरू निर्माण गर्न निश्चित मापदण्डका आधारमा अनुदान तथा सहुलियत प्रदान गर्ने । | | |
| ▪ | धिमधिमे लेकबाट स्वर्गद्वारीसम्म केवलकार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | पर्यटकिय स्थलहरूबीचको रुट तय गरी पर्यटकहरूलाई घोडामार्फत घुमाउन सम्भाव्यता अध्ययन गर्ने । | | |
| **(ग)** | **उद्योग** | | |
| ▪ | स्थानीय श्रोत र साधनमा आधारित उद्योगहरूको सम्भावना अध्ययन गर्न उद्योग वाणिज्य क्षेत्र सम्मिलित समुहसँग नियमित छलफल र गोष्ठी सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक वडामा साना तथा मझौला उद्योग खोल्न चाहने व्यवसायी र उद्यमीहरूसँग नियमित अन्तरक्रिया गरी लगानी मैत्री वातावरण बनाउन पहल गर्ने | | |
| ▪ | महिला, दलित, सीमान्तकृत तथा विपन्न परिवार वा समूहलाई ५ लाख बराबरको उद्यम सञ्चालन गर्न ५० प्रतिशतसम्म अनुदान दिने | | |
| ▪ | सहकारी क्षेत्रलाई उद्योगमा लगानी गर्न तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने | | |
| ▪ | स्थानीय कला संस्कृति मौलिकतामा आधारित उद्योग सञ्चालन गर्न सूलभ कर्जाको व्यवस्था गर्ने | | |
| ▪ | वार्षिक स्थानीय औद्योगिक तथा व्यापारिक मेला र प्रर्दशनी आयोजना गर्ने | | |
| ▪ | बेरोजगार युवालाई उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्न प्रमाणपत्रको आधारमा ऋण तथा सहुलियत कर्जा प्रदान गर्ने | | |
| ▪ | ठूला स्तरका उद्योग सञ्चालन गर्न सम्भाव्यता अध्ययन साथै लगानी सम्मेलन गर्ने | | |
| ▪ | जडिबुटीमा आधारित साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न ३० प्रतिशत अनुदान दिने | | |
| ▪ | कृषिमा आधारित उद्योग खोल्न किसान तथा उद्यमीलाई प्रोत्साहन गर्न ३० प्रतिशतसम्म अनुदान दिने | | |
| ▪ | प्रत्येक वडामा खुलेका उद्योगहरूबाट उठेको करको निश्चित अंश उद्योगको पूर्वाधार विकासमा खर्च गर्ने | | |
| ▪ | व्यापार र वाणिज्यको विकास गर्न हाल विकास भइरहेका बजार केन्द्रहरूमा स्थानीय उपज सङ्कलन केन्द्र स्थापना गर्न आवश्यक सेड तथा भवन निर्माण अगाडि बढाई सस्तो बहाल विटौरी कर लागु गर्ने | | |
| ▪ | वडा नं. १ का काउलेपानी, स्यूजा, जरुवा, गोठीवाङ, र रापधारामा चुनढुङ्गा खानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. १ को कालापानीमा कोइलाखानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. १ को तारेढुङ्गामा ब्रिकेट उद्योग स्थापना गर्ने । | | |
| ▪ | सुजी पोखरा वडा नं. १ मा फलफूलको जुस प्रशोधन तथा सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. २ को टाकुरा, छिप्पन र मदेरामा कोइला खानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. २ को पुरुङछेडामा जडिबुटी सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने । | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | वडा नं. ३ को कुइजामा चुनढुङ्गा खानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. ४ को गदारी, कैनपानी र ओखलढुङ्गामा चुनढुङ्गा खानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. ४ को भरते, फाटा, सरेनी र खजुरामा कोइलाखानीको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. ५ मा अदुवा, बेसार र मह प्रशोधन, प्याकेजिङ, लेबलिङ र ब्रान्डिङ उद्योग स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ५ मा चिउरी तेल मिल स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ५ मा काउलोबाट अगरबत्ती बनाउने उद्योगको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. ६ को धाकोट, अमारे, तिमिलेमा चुनढुङ्गा उद्योगको सम्भाव्यता अध्ययन गर्ने । | | |
| ▪ | वडा नं. ६ को अमारेमा जडिबुटी सङ्कलन तथा प्रशोधन उद्योग स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को शिरुखर्कमा साबुन र चिउरी प्रशोधन उद्योग स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को जवरकोटमा खोटो सङ्कलन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को बिर्खेमा फलफूल सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को शिरुखर्कमा मह प्रशोधन उद्योग स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को हाँसीपुरमा चिउरी प्रशोधन केन्द्र स्थापना गर्ने । | | |
| **(घ)** | **बैंक, वित्तीय संस्था तथा सहकारी** | | |
| ▪ | "एक टोल एक सहकारी घरघरमा रोजगारी" अभियानलाई सफल बनाउन प्रत्येक टोलमा समिति गठन गरी सहकारी सम्बन्धी नियमित तालिम र अन्तरक्रिया सञ्चालन गर्ने | | |
| ▪ | कृषिमा आधारित सहकारीलाई विशेष अनुदानको प्रबन्ध गर्ने | | |
| ▪ | उद्योगमा लगानी गर्ने सहकारीलाई विशेष प्रोत्साहन गर्ने (दर्ता तथा कर छुट) | | |
| ▪ | बैङ्कहरूको शाखा विस्तारमा सहयोग पुऱ्याउन मुख्य बजार केन्द्र र सो वरपरका घरधुरीहरूलाई बैङ्कमा खाता खोल्न घुम्ती अभियान सञ्चालन गर्ने | | |
| ▪ | गाउँपालिकाका प्रत्येक घरधुरीको अनिवार्य बैङ्क खाता खोल्न प्रबन्ध गाउँपालिकाले मिलाउने | | |

### ५.२.३ Summary of Economic Development Plan Implementation

## ५.३ सामाजिक विकास योजना

कुनैपनि स्थानको सम्पूर्ण भौतिक पूर्वाधारको विकास सम्पन्न भई आर्थिक समृद्धि समेत हासिल भैसकेको अवस्थामा समेत सामाजिक बेमेल, अपराध, अनैतिकता थिचोमिचो वा भेदभाव विद्यमान छ भने त्यस्तो समाजलाई सुखी र सम्पन्न समाज भनेर परिभाषित गर्न सकिदैन । नेपाल सरकार राष्ट्रिय योजना आयोगले २०७५ मा तयार पारेको "नेपालको दिर्घकालीन सोच, २१०० (वि.सं. २०४३)" विषयक अवधारणा पत्रमा उराटा एट अल (२०१२) लाई उद्धृत गर्दै कुल राष्ट्रिय सुखी (Gross National Happiness) को बारेमा उल्लेख गरेको छ । (GNH) सुचकाङ्कमा सुखका ९ वटा आयाम : मनोवैज्ञानिक स्वस्थता (Psychological Wellbeing) स्वास्थ्य, समयको प्रयोग, शिक्षा, सांस्कृतिक विविधता तथा उत्थानशीलता सुशासन, सामुदायिक क्रियाशिता (Vitality) पर्यावरणीय विविधता तथा उत्थानशीलता र जीवनस्तर) र अन्य थप

३३ वटा सूचकहरूको प्रयोग र परिभाषा गरिएको छ । त्यसैगरी भुटानले विकासको स्तरमापन गर्न यो सूचकाङ्क प्रयोग गर्दै आएको छ। त्यसैगरी विश्व सुखीपना प्रतिवेदन (World Happiness Report (2017) ले प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन, सामाजिक सहयोग, स्वस्थ अपेक्षित आयु, जीवनका छनौटको स्वतन्त्रता, सहयोगी भावना, भ्रष्टाचार प्रतिको अनुभूति लगायतका सूचकका आधारमा विश्वका मुलुकहरूको सुखीपनाको मापन तथा क्रम निर्धारण गरेको छ। सो अनुसार सन् २०१८ मा नेपाल १०१ औं स्थानमा रहेको छ। (हेलिबेल, लयार्ड र स्याक्स, २०१८)

सुखीपनाको सन्दर्भ कुनैपनि स्थानको सामाजिक विकाससँग प्रत्यक्ष रूपमा जोडिन्छ । यसमा वैयक्तिक विकास, शान्ति, स्वतन्त्रता, मेलमिलाप र सहयोग र यी पक्षहरूले श्रृजना गरेको परिस्कृत र सभ्य समाजको परिकल्पना गरिएको हुन्छ । हरेक समाज विविधतायुक्त हुन्छ । हरेक व्यक्ति आफैमा फरक प्रकृतिको हुन्छ। त्यसमा समाजले श्रृजना गरेका जात, वर्ग, समुदाय, सम्प्रदाय लैङ्गिकता आदि आयामहरू हुन्छन् । यस्ता फरकपना बीच व्यक्ति-व्यक्ति वा सामाजिक इकाइहरू मिलेर बस्नुपर्ने हुन्छ । सामाजिक विकासले यस प्रकारको मेलमिलापयुक्त सामाजिक सौहार्दता कायम गर्दछ । समग्र विकासको यो अहम् पाटो हो। यस गाउँपालिकाको सामाजिक विकास योजनाले निम्न उप-क्षेत्रहरूलाई समेटेको छ।

- ✓ शिक्षा
- ✓ स्वास्थ्य
- ✓ संस्कृति
- ✓ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण
- ✓ शान्ति सुरक्षा
- ✓ खेलकूद तथा मनोरञ्जन
- ✓ शवदाह स्थल तथा चिहान व्यवस्थापन

| | |
|---|---|
| **सोचः** | "बंगलाचुलीको सामाजिक सभ्यता, सुख, शान्ति र सामाजिक सौहार्दता" |
| **लक्ष्यः** | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गर्दै विविधताबीचको एकता, सामाजिक र सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई कायम एवं प्रर्बद्धन गर्न, वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका भेदभावको अन्त्य गरी समानता र सामाजिक न्यायमा आधारित सुखी समाजको निर्माण गर्ने । |

**उद्देश्यहरू**

- ✓ सम्पूर्ण सामाजिक पूर्वाधारयुक्त समाजको निर्माण गर्ने ।
- ✓ शिक्षा क्षेत्रमा आगामी १५ वर्षमा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने स्तरको नागरिकहरू तयार पार्ने ।
- ✓ निरक्षरता पूर्णरूपमा उन्मूलन गर्ने ।
- ✓ शैक्षिक हिसाबले आधारभूत देखि विश्वविद्यालय स्तरसम्मको सुविधा गाउँपालिकामै उपलब्ध गराउने ।
- ✓ संविधानले सुनिश्चित गरेको सबैका लागि शिक्षा भन्ने अवधारणालाई साकार बनाउने ।
- ✓ स्वस्थ नागरिक उत्पादन गर्न आधारभूत साथै विषेशज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार र विकास गर्ने ।

- ✓ सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य सुदृढ गर्न स्वास्थ्य शिक्षा तथा नागरिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ✓ पोषण सुरक्षा, नियमित खोप, प्रजनन स्वास्थ्य, वृद्धवृद्धाको स्वास्थ्यलाई सुदृढ बनाउन आवश्यक कदम चाल्ने।
- ✓ सम्पूर्ण पूर्वाधार तथा विशेषज्ञयुक्त स्वास्थ्य संस्था वा हस्पिटलको स्थापना गर्ने ।
- ✓ सबै धर्म, सम्प्रदाय, जातजातीको मौलिक सम्पत्तिको संरक्षण गर्ने ।
- ✓ सांस्कृतिक विविधता बीच सामाजिक एकता कायम गर्ने ।
- ✓ सम्पूर्ण बौद्धिक सम्पदाको संरक्षण गरी गाउँपालिकाका मौलिक सम्पदाको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने ।
- ✓ लैङ्गिक विभेद मुक्त समाजको निर्माण गर्ने ।
- ✓ जातीय भेदभाव मुक्त समाजको निर्माण गर्ने ।
- ✓ अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहिकरण गर्ने ।
- ✓ सामाजिक न्यायपूर्ण समाजको निर्माण गर्ने ।
- ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमन चयन कायम गर्ने ।
- ✓ खेलकूद क्षेत्रको विकास गरी खेलाडी र खेल प्रवर्द्धन गर्ने ।
- ✓ समाजलाई आवश्यक उचित मनोरञ्जन स्थलको व्यवस्था गर्ने ।
- ✓ शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने ।

### ५.३.१ योजना तथा कार्यक्रमहरू

#### (क) शिक्षा

विकासको प्रमुख संवाहक मानव संसाधन हो । दक्ष र विवेकशिल मानव संसाधनको पूर्ण विकास भएको स्थान मरुभूमि भएपनि विकास भएको र मानव संसाधन अदक्ष र कमजोर भएको स्थानमा अपार प्राकृतिक श्रोत र सम्पदाहरू भएपनि चरम गरिबी र विषम राजनैतिक अस्थिरताका बीचमा गुज्रनु परेको यर्थाथ हामी विश्वमा पाउँछौ । प्राकृतिक सम्पदाको हिसाबले सम्पन्न भएपनि कमजोर मानव संसाधनका कारण पछि पर्नु परेको अवस्था नेपालको पनि हो । मानव संसाधन विकासको पहिलो आधारभूत शर्त नै वैज्ञानिक र समय सापेक्ष उचित शिक्षा हो । समय, अवस्था र देशको माग अनुसारको जनशक्ति तयार गर्न सोहि अनुरूपको शिक्षा दिनु आवश्यक छ । द्रुत विकासको आजको युगमा समेत यस गाउँपालिकाको साक्षरता प्रतिशत ६०.२४ मात्र रहेकोले गाउँपालिको निरक्षरता उन्मूलन लगायत दक्ष, जनशक्ति उत्पादनगर्न समयमै अत्यन्त प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

सर्वप्रथम शिक्षा क्षेत्रको विकासका लागि गाउँपालिकाले समग्र शैक्षिक पूर्वाधारहरूको विकास गर्नुपर्दछ । शैक्षिक पूर्वाधार अन्तर्गत निम्न विषयहरू पर्दछन् ।

- ➢ विद्यालयहरू (सुरक्षित विद्यालय भवनहरू)
- ➢ बालमैत्री वातावरणमा बाल शिक्षा
- ➢ पुस्तकालय तथा पुस्तकको उपलब्धता
- ➢ कापी कलम लगायत अन्य शैक्षिक सामग्रीहरूको प्रबन्ध
- ➢ उपयुक्त शिक्षण पद्धती
- ➢ पोसिलो आहार (खाजा)
- ➢ विद्यालयसम्मको पहुँच
- ➢ विद्यार्थीहरूको घर निकटमा विद्यालयहरू
- ➢ स्वच्छ पिउनेपानी
- ➢ बाल, छात्रा तथा अपाङ्गमैत्री, शौचालयहरू

- दक्ष शिक्षक र शिक्षिका
- खेलकुद मैदान र खेल सामग्रीहरू
- नियमित कक्षा सञ्चालन
- विज्ञान प्रयोगशाला
- कम्प्युटर ल्याब
- इन्टरनेट सेवा
- अतिरिक्त क्रियाकलापहरू
- प्राथमिक उपचार सामग्री
- विद्यार्थी मैत्री वातावरण
- शान्ति सुरक्षा
- बाल अधिकार

शैक्षिक विकासका लागि गाउँपालिकाले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू संक्षेपमा

- निरक्षरतालाई शुन्यमा झार्न (प्रौढ तथा अनौपचारिक शिक्षा मार्फत)
- विद्यार्थी भर्नादरलाई सतप्रतिशत पुऱ्याउने ।
- विद्यालय छोड्ने कारण पत्ता लगाई त्यसलाई शुन्यमा झार्ने ।
- विद्यालय र विद्यार्थी अनुपात हेरी नपुग विद्यालयहरू थप्ने साथै विद्यार्थी कम भएका नजिकका विद्यालयहरूलाई गाभ्ने ।
- सम्पूर्ण विद्यालयहरू प्राथमिकताकासाथ भौतिक पूर्वाधार सम्पन्न बनाउने ।
- विद्यालयमा नियमित कक्षा सञ्चालन सुनिश्चित गर्ने ।
- दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने (आवश्यक दरबन्दी कायम गर्ने)
- शैक्षिक क्यालेण्डर व्यवस्थित गरी पूर्ण रूपमा लागु गर्ने ।
- विपन्न नागरिकका छोराछोरीहरूलाई पूर्ण रूपमा निशुल्क पठन-पाठनको व्यवस्था मिलाउने (विशेष छात्रवृत्तिको व्यवस्था गर्ने)
- विद्यार्थी मैत्री वातावरण सुनिश्चित गर्ने ।
- उच्च शिक्षाको प्रबन्ध गर्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज खोल्न सामुदायिक र निजी क्षेत्रबाट पहल गर्ने ।
- आवश्यकताका आधारमा शिक्षण पद्धतिलाई प्रविधि मैत्री बनाउने
- प्रौढ तथा अनौपचारिक शिक्षा लागु गर्ने ।
- निजी क्षेत्रलाई नियमन गरी सहकार्य गर्ने (संस्थागत विद्यालय)
- प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालयहरू स्थापना गर्ने ।
- समय सापेक्ष पाठ्यक्रम तयार गरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक स्तर कायम गर्ने ।
- "समान र गुणस्तरिय शिक्षा आजको आवश्यकता" भन्ने नारालाई साकार बनाउने ।
- राष्ट्रियता नैतिकता तथा व्यवहार साथै शिष्टाचार सम्बन्धी शैक्षिक प्याकेज लागु गर्ने
- गाउँपालिकाबाट जेहेन्दार विद्यार्थीले MBBS वा इन्जिनियरिङ जस्ता विषय पढ्न सक्ने हुँदा तयारी कक्षामा विशेष छात्रवृत्तिको व्यवस्था गरी गाउँमा सेवा गर्ने प्रावधान राख्ने ।
- कृषि शिक्षा लागु गर्ने ।
- कृषक पाठशाला सञ्चालन गर्ने ।
- विद्यालयलाई शान्ति क्षेत्र कायम गर्ने ।
- नैतिक शिक्षा लागु गर्ने ।

- दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई निश्चित विद्यालयमा पूर्वाधार विकास गरी आवासीय शिक्षाको प्रबन्ध मिलाउने
- पुर्वीय दर्शन र सभ्यता सबन्धी अध्ययन केन्द्र स्थापना गर्ने
- गुम्बाहरूमा पठनपाठन व्यवस्थित गर्ने
- विद्यालयका शैक्षिक उपलब्धिको आधारमा पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्ने
- शिक्षक-शिक्षिकाहरूको नियमित तालिमको व्यवस्था गर्ने
- आवश्यक सङ्ख्यामा बाल विकास केन्द्रहरूको स्थापना गर्ने
- नीजि क्षेत्रसँग साझेदारी गर्ने
- हरेक विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम लागु गर्ने
- नियमित अनुगमन मार्फत प्रतिफलमुखी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने
- वैज्ञानिक मूल्याङ्कन प्रणाली लागु गर्ने
- नियमित अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि वार्षिक क्यालेण्डर निर्माण गर्ने

### (ख) स्वास्थ्य

स्वस्थ नागरिक विना कुनैपनि समाजको विकासको परिकल्पना गर्न सकिदैन । स्वास्थ्य मानव संसाधन विकासको उत्तिकै महत्वपूर्ण पाटो हो । स्वास्थ्यले शारीरिक मात्र नभएर मानसिक र सामाजिक रूपमा स्वस्थ नागरिक भन्ने बुझाउँछ । तसर्थ समग्र स्वास्थ्यको विकासको लागि सर्वप्रथम स्वास्थ्य सम्बन्धी आधारभूत पूर्वाधारको विकास हुनु जरुरी छ । गाउँपालिकाको समग्र स्वास्थ्य सेवाको अवस्था अत्यन्त कमजोर अवस्थामा छ । सामान्य स्वास्थ्य चौकी बाहेक यहाँ पूर्वाधार, स्वास्थ्य सामग्री र विशेषज्ञयुक्त स्वास्थ्य संस्था वा अस्पताल छैनन् । यसर्थ गाउँपालिकाको स्वास्थ्य स्थिति सुधार गर्न आधारभूत तहबाटै काम गर्नुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रको विकासको लागि संक्षेपमा निम्न कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

**पूर्वाधार विकास तथा विकास कार्यक्रमहरू**

- आवश्यक सङ्ख्यामा स्वास्थ्य चौकी तथा अस्पताल स्थापना गर्ने ।
- स्वास्थ्य सामग्री र उपकरणहरूको प्रबन्ध गर्ने ।
- निशुल्क वितरण गर्ने औषधिहरूको नियमित आपूर्ति गर्ने ।
- दक्ष चिकित्सक तथा चिकित्साकर्मीहरूको व्यवस्था गर्ने ।
- आवश्यक औषधिहरूको आपूर्ति व्यवस्था मिलाउने ।
- स्वास्थ्य शिक्षालाई अनिवार्य गर्ने ।
- Radiology and Diagonstic सेवा सञ्चालन गर्ने
- प्याथोलोजी सेवा सञ्चालन गर्ने ।
- स्वास्थ्य चौकी तथा अस्पतालको लागि भूकम्प प्रतिरोधी भवनहरू निर्माण गर्ने ।
- स्वास्थ्य स्वयं सेविकाहरूलाई नियमित तालिम दिने ।
- आकस्मिक सेवालाई यथाशिघ्र व्यवस्था गर्ने ।
- वैकल्पिक उपचार पद्धतिलाई विकास गर्ने (आर्यूवेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी)
- नियमित खोपको प्रबन्ध गर्ने ।
- नियमित स्वास्थ्य जाँच गर्न जनचेतना फैलाउने ।
- स्थानीय लामा, वैद्य, झाँक्रीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तालिम दिने ।

- स्वास्थ्य बीमालाई क्रमश सबै परिवारमा अनिवार्य गर्दै लैजाने ।
- सुडेनीहरूलाई तालिम दिने ।
- नसर्ने र सरुवा रोग सम्बन्धी जनचेतना फैलाउने ।
- प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवालाई प्रभावकारी बनाउने ।
- पोषण स्वास्थ्य सम्बन्धी तालिमहरू सञ्चालन गर्ने (विद्यालय तथा समुदायमा)
- पिउने पानी निर्मलीकरणका उपायहरूको प्रचार प्रसार गर्ने ।
- स्थानीय संचार माध्यामहरूमा स्वास्थ्य चेतना संचारका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- एम्बुलेन्स सेवालाई सबै वडामा सुनिश्चित गर्ने
- नवजात शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मुत्युदरलाई उल्लेख्य रूपमा घटाउने ।
- प्रत्येक वडामा नमूना योग तथा ध्यान केन्द्र स्थापना गर्ने
- गाउँपालिकामा एक दुर्व्यसन पुनस्थापना केन्द्र स्थापना गर्ने
- लागु पदार्थ दुर्व्यसन विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- मध्यपान विक्रि वितरणलाई समय तोकी नियमन गर्ने
- घरेलु मदिरा विक्रि वितरणलार्य कड नियमन गर्ने
- सार्वजनिक स्थानमा धुम्रपान गर्ने कार्यमा कडा प्रतिबन्ध लगाउने
- Telemedicine कार्यक्रम सञ्चालन गर्ने ।
- शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारे जनचेतना फैलाउने ।
- धुम्रपान र मध्यपान नियन्त्रणका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यालयमा यौनशिक्षा लागु गर्ने ।
- गाउँपालिकामा कम्तीमा एउटा मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना गर्ने
- सामान्य शल्यक्रिया र २४ सै घण्टा भरपर्दो प्रसुती सेवाको यथाशिघ्र व्यवस्था मिलाउने ।
- बाल स्वास्थ्य यूटिनको स्थापना गर्ने ।
- वृद्धवृद्धालाई नियमित र निशुल्क स्वास्थ्य जाँचको व्यवस्था मिलाउने ।
- खाद्य सुरक्षा र पोषणको गुणस्तर कायम राख्न बजार अनुगमन र नियमन गर्ने ।
- ताजा र घरेलु उत्पादन प्रयोग गर्न जनचेतना फैलाउने ।
- बजारमा पाईने जङ्क Food राख्न निरुत्साहित गर्ने जनचेतना फैलाउने
- यी कार्यक्रमहरू सञ्चालन गर्दा व्यक्तिगत स्वास्थ्य, पारिवारिक स्वास्थ्य सामुदायिक स्वास्थ्य, प्राथमिक स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रजनन् स्वास्थ्यलाई सन्तुलिन ढंगले सम्बोधन गर्ने गरी गर्ने ।

### (ग) संस्कृति

कुनैपनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रितीरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदाय पिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रितिरिवाज र परम्पराहरू हुन्छन् । ति फरक रितीरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकोले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । बंगलाचुली गाउँपालिका यस्ता मौलिक परम्परा र सांस्कृतिक विविधतामा धनी गाउँपालिका हो । यहाँ २०६८ सालको जनगणना अनुसार कुल जनसङ्ख्याको ४२.८५ प्रतिशत मगरहरू, २९.३१ प्रतिशत क्षेत्रीहरू १०.६० प्रतिशत कामीहरू, ५.२१ प्रतिशत सार्कीहरू, ३.०३ प्रतिशत ब्राह्मणहरू त्यस्तै अन्यमा सन्यासी, ठकुरी र अन्य छन् । मगर जातिहरू

यहाँका रैथाने समुदायहरू हुन् । उनीहरूका बेग्लै पहिचान र रीतिरिवाज छन् । यस्तो विविधता बीच धार्मिक र साँस्कृतिक सहिष्णुता भने कायमै रहेको छ । साँस्कृतिक विकासका लागि अवलम्बन गर्नुपर्ने कार्यक्रमहरू संक्षेपमा निम्नानुसार छन् ।

- गाईजात्रा, जनैपूर्णिमा, माघेसंक्रान्ती, ल्होसार, नयाँ वर्ष, बुद्ध पूर्णिमा, ईद जस्ता चाडबाडमा विभिन्न समुदायले मनाउने जात्रा, मेला तथा रितिरिवाजलाई संरक्षण गर्न गुठी वा सम्प्रदायलाई प्रोत्साहन गर्न अनुदान तथा सहयोग गर्ने
- विभिन्न अवसरमा सांस्कृतिक कार्यक्रम तथा झाँकीहरू आयोजना गर्ने
- विद्यालय तथा समुदायस्तरमा साँस्कृतिक र साहित्यिक कार्यक्रम तथा अर्न्तक्रियाहरू सञ्चालन गर्ने
- बाल प्रतिभाहरूलाई प्रोत्साहन गर्न विद्यालय स्तरिय लोकगीत, लोक नृत्य, अभिनय तथा सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने
- सबै धर्म र समुदायका लोक संस्कृतिहरू तथा अमूर्त साँस्कृतिक सम्पदा (Intangible Cultural Heritages ) ICH को पूर्ण अभिलेख तयार पार्ने
- स्थानीय संचार माध्याम तथा सामाजिक सञ्जाल मार्फत् स्थानीय गीत नृत्य तथा संस्कृति झल्कने भिडियो डकुमेन्ट्रीहरू तयार पारी प्रचार प्रसार गर्ने
- प्रत्येक मगर गाउँमा एक होमस्टे कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यक तालिम तथा पूर्वाधार विकास गर्ने ।
- गाउँपालिकाले सञ्चालन गर्ने विशेष औपचारिक कार्यक्रममा कार्यपालिका सदस्यहरूले आफ्नो मौलिकता झल्कने पोशाक अनिवार्य लगाउने व्यवस्था गर्ने ।
- विभिन्न अवसरमा मेला तथा सामुहिक भोज भत्तेरको आयोजना गर्ने ।
- देउसी, भैलो, ल्होसार, माघी, बुद्ध पूर्णिमा, इद, त्रिसमस साउने संक्रान्तिजस्ता पर्वहरूमा मौलिक संस्कृति झल्कने लोक नृत्य, लोक गीत तथा लोक बाजासम्बन्धी हर्षोल्लास कार्यक्रमहरू आयोजना गर्न समुदायस्तरमा समितिहरू गठन गर्ने
- गाउँपालिकाका मुख्य पर्यटकीय गन्तव्यहरू जस्तै : धिमधिमे लेक, चमेरे गुफा, उझा मन्दिर, टोड्के लेक, बराहथान, शिरुखर्क, दाङवाङ, जुम्लेपानी, रानी थुम्का, कोट डाँडा, गढी लेक, शिवालय मन्दिर, सिद्ध गुफा मन्दिर, रामजानकी मन्दिर, मर्पेस शिवालय, बंगलाचुली क्षेत्र, बढी पोखरा जस्ता क्षेत्रहरूलाई व्यापक विकास गरी विशेष अवसरमा यि क्षेत्रहरूमा साँस्कृतिक कार्यक्रम र झाँकीहरू प्रस्तुत गर्न तत् क्षेत्रका सांस्कृतिक समितिहरू गठन गर्ने ।
- यी साँस्कृतिक समितिहरूसँग अन्तरक्रिया गरी ती क्षेत्रका समस्याहरू सम्बोधन गर्ने ।

### (घ) लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण

नेपालमा विगतदेखि व्याप्त जातीय भेदभाव, लैङ्गिक, वर्गीय, क्षेत्रीय, भाषिक तथा सबै प्रकारका भेदभावको कारण सामाजिक हिसाबले पिछडिएको अवस्था छ । हरेक समाजमा हालसम्म पनि सबै प्रकारका भेदभावहरू एक वा अर्को प्रकारले व्याप्त रहेका छन् । समानतामा आधारित सामाजिक न्यायपूर्ण समाज स्थापनाका लागि सबै प्रकारका भेदभावलाई जरैदेखि अन्त्य गरी सबैलाई, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु जरुरी छ । यस गाउँपालिकामा संघीय संविधानले व्यवस्था गरेका समानता, सामाजिक न्याय र भेदभाव विरुद्धको हकलाई स्थापित गर्न निम्न कार्यक्रमहरू सञ्चालन गर्ने :

- महिला शसक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने ।

- बृद्धबृद्धाहरू लक्षित सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- “एक वडा एक बाल उद्यान, एक वडा एक बृद्ध बृद्धा योग आश्रम” कार्यक्रमलाई साकार बनाउने ।
- युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा शसक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- एकल महिलाहरूलाई समाजमा सहज ढंगले स्थापित हुन विशेष कार्यक्रम सञ्चालन गर्ने र रुढीवादको अन्त्य गर्ने ।
- जेष्ठ नागरिकहरूलाई निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- बालश्रमको अन्त्य गर्ने ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति, कानून र सन्धीबमोजिम महिला तथा बालबालिकाहरूको संरक्षणका लागि नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- छुवाछुत मुक्त समाज निर्माण गर्न विभिन्न पर्व र सार्वजनिक समारोहहरूमा सामाजिक अन्तरघुलन कार्यक्रमहरू सञ्चालन गर्ने ।
- यौनीक अल्पसंख्यकहरूका समस्याहरू सम्बोधन गर्ने ।
- अपाङ्गता भएका सबैको लगत तयार गरी अपाङ्गता परिचयपत्र वितरण गर्ने ।
- अपाङ्गता भएकाहरूको अपाङ्गताको आधारमा सामाजिक सूरक्षा सुनिश्चित गर्ने ।
- गाउँपालिकामा एक अपाङ्गता पुर्नस्थापना केन्द्रको स्थापना गर्ने ।
- गाउँपालिकामा एक अपाङ्गता सरोकार केन्द्र तथा सहयाता केन्द्रको स्थापना गर्ने ।
- दुर्व्यसन मुक्त समाजका लागि पुर्नस्थापना केन्द्रहरू सञ्चालन गर्ने ।
- अनाथ र जोखिममा परेका बालबालिकाको लागि बालगृहहरू सञ्चालन गर्ने
- सामाजिक कु-संस्कारको रूपमा रहेका बालविवाह, बहुविवाहको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिला हिंसा अन्त्य गर्न र पिडकलाई कानुनी दायरामा ल्याउन महिला सेलको गठन गर्ने ।
- स्थानीय न्यायिक समितिका काम कारवाहीहरूलाई प्रभावकारी बनाउने ।
- महिला उद्यमीहरूलाई पहिचान गरी उनीहरूको वृत्ति विकासमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सीमान्तकृत र अल्पसंख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिला, दलित, अल्पसंख्यक, जनजाति, विपन्न वर्ग तथा सीमान्तकृत समुदायका छात्रछात्राहरूलाई शिक्षामा पूर्ण प्राथमिकता दिई विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

### (ङ) शान्ति सुरक्षा

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका आपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ । यसर्थ गाउँपालिकाले गाउँमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै गाउँ/नगर प्रहरीको गठन गरी शान्ति सूरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ । यसका लागि गाउँपालिकाले निम्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

- गाउँपालिकाको प्रत्येक वडामा एक प्रहरी चौकी स्थापना गर्ने ।

- नगर प्रहरी गठन गर्ने
- नियमित गस्ती टोलीलाई गाउँपालिकाभर परिचालन गर्नुपर्ने
- आपतकालीन सेवामा टेलिफोन सम्पर्कका माध्यमले तुरुन्त परिचालन हुन सक्ने संयन्त्र निर्माण गर्ने
- मदिरापान, होहल्ला, झैझगडा, बलात्कार, जुवातासको समस्या भएकोले तत्काल नियन्त्रण गर्ने प्रबन्ध मिलाउने ।
- सशस्त्र प्रहरी वा नेपाली सेनाको एक विशेष उद्धार टोली गाउँपालिकामा तयारी अवस्थामा रहने व्यवस्था मिलाउनु पर्ने ।
- गाउँपालिकाका अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी अस्थायी प्रहरी चौकी स्थापना गर्ने
- मानवीय गतिविधि बढी हुने क्षेत्रमा CCTV जडान गर्ने ।
- "विद्यार्थीसँग प्रहरी" कार्यक्रम नियमित सञ्चालन गरी बलात्कार, ललाईफकाई अपहरणजस्ता सामाजिक अपराध विरुद्ध नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- चेलीबेटी बेच विखन तथा बलात्कार विरुद्ध नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### (च) खेलकूद तथा मनोरञ्जन

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धनमार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । खेलकूद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । बंगलाचुली गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ । खेलकुद विकासको लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

- बालबालिकाको शारीरिक र मानसिक विकासका लागि विद्यालयस्तरबाट नै खेलकुद विकास गर्न अनिवार्य खेलमैदानहरूको व्यवस्था गर्ने ।
- हरेक विद्यालयमा कम्तीमा एक जना खेल प्रशिक्षकको प्रवन्ध गर्ने ।
- हरेक विद्यालयमा एक खेल मैदान निर्माण गर्ने ।
- हरेक विद्यालयमा आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गर्ने ।
- गाउँपालिकामा खेलकुद विकास समितिको निर्माण गर्ने ।
- नियमितरूपमा खेलकुद प्रतियोगिता आयोजना गर्ने ।
- अध्यक्ष कप खेल प्रतियोगिता नियमित आयोजना गरी अन्तर गाउँपालिकाबीचको सम्बन्धमा नयाँ आयाम थप्ने ।
- गाउँपालिकाको वडा नं. ४ मा एक गाउँपालिकास्तरीय खेल मैदान निर्माण गर्ने ।
- वडा नं. १ को धुर्चेचौरमा खेल मैदान निर्माण गर्ने
- वडा नं. २ बढीपोखरामा खेल मैदान निर्माण गर्ने ।
- वडा नं. ३ को बाटुले पोखरीमा खेल मैदान निर्माण गर्ने ।
- वडा नं. ४ को फाँटा विद्यालयमा खेल मैदान निर्माण गर्ने गर्ने ।
- वडा नं. ५ को बंगलाचुली फेदमा खेल मैदान निर्माण गर्ने ।
- वडा नं. ६ को तिमिले पोखरा छेडामा खेल मैदान निर्माण गर्ने ।

- वडा नं. ७ को पोखरा छेडामा कर्वडहल निर्माण गर्ने ।
- वडा नं. ८ को तारेचौरमा खेल मैदान निर्माण गर्ने ।
- गाउँपालिकास्तरीय बहुउद्देश्यीय खेलकुद हल निर्माण गर्ने
- खेलाडी उत्पादनको लागि विशेष संयन्त्रको विकास गरी विद्यालयस्तरबाट राम्रा खेलाडी छनोट गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन प्रोत्साहन गर्ने ।
- खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने ।
- गाउँपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने ।
- क्रिकेटको विकासको लागि खेलमैदानको सम्भाव्यता अध्ययन गरी निर्माण अगाडि बढाउने ।
- स्थानीय खेलकुदमा युवा क्लवहरूलाई खेल प्रवर्द्धनमा सक्रिय बनाउन प्रोत्साहनका कार्यक्रमहरू वडास्तरमा सञ्चालन गर्ने ।

### (छ) शवदाह स्थल तथा चिहान व्यवस्थापन

हरेक गाउँपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो । भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्वोधन गर्नुपर्दछ । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । तसर्थ यसको व्यवस्थापनको लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

- प्रत्येक वडामा कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने ।
- परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको थप वैज्ञानिक व्यवस्थापन गर्ने ।
- प्रत्येक वडामा किरियापुत्री घर निर्माण गर्ने
- आवश्यकता हेरी चिहान व्यवस्थापन निर्माण गर्ने ।
- जातजाति र प्रचलन अनुसार अन्तिम संस्कारको प्रबन्ध गर्न व्यवस्था मिलाउने

## ५.३.२ सामाजिक विकासका लागि (Logical Framework Approach)

**सोच**

**"बंगलाचुलीको सामाजिक सभ्यता सुख, शान्ति र सामाजिक सौहार्दता"**

**लक्ष्य**

**वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, लैङ्गिक र सबै प्रकारका विभेदको अन्त्य गरी समानता र सामाजिक न्यायमा आधारित सुखी र सम्बृद्ध समाजको निर्माण गर्ने**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ सम्पूर्ण सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगार, समानता, संस्कृति, सामाजिक सुरक्षाको उचित | **वि.सं. २०८० सम्म**<br>▪ गाउँपालिकाका शैक्षिक संस्थाहरूबाट दिक्षित कम्तीमा १० प्रतिशत विद्यार्थीहरूले विश्व बजारमा अध्ययन वा रोजगारी गरिरहेका हुनेछन् । | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| प्रबन्ध भएको न्यायपूर्ण समाजको निर्माण हुनेछ ।<br>▪ विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन हुनेछ ।<br>▪ निरक्षरता पूर्ण रूपमा उन्मूलन हुनेछ ।<br>▪ आधारभूत देखि विश्वविद्यालय तहसम्मको शिक्षा गाउँपालिकामै उपलब्ध हुनेछ ।<br>▪ शिक्षाबाट कुनैपनि वर्ग वा समुदायका कुनैपनि व्यक्तिहरू बञ्चित हुने छैनन् ।<br>▪ आधारभूत स्वास्थ्य सेवाबाट कोहि पनि बञ्चित हुने छैनन् ।<br>▪ सम्पूर्ण पूर्वाधारयुक्त स्वास्थ्य सेवा गाउँ घरमै प्राप्त हुनेछन् ।<br>▪ स्वास्थ्य चेतना पूर्ण रूपमा वृद्धि भई स्वस्थ व्यवहारहरू अभ्यासमा आएका हुनेछन् ।<br>▪ आगामी १५ वर्षमा गाउँपालिकामा सम्पूर्ण सुविधायुक्त एक हस्पिटलको स्थापना भैसकेको हुनेछ ।<br>▪ मौलिक संस्कृति र सम्पदाहरूको संरक्षण भई सांस्कृतिक विविधता गाउँपालिकाको पहिचान र गहनाको रूपमा विकसित भएको हुनेछ ।<br>▪ लैङ्गिक, जातीय, वर्गीय, भाषिक, क्षेत्रीय भेदभाव मुक्त समाजको निर्माण भएको हुनेछ ।<br>▪ शान्ति र न्यायपूर्ण समाजको निर्माण भएको हुनेछ ।<br>▪ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा | ▪ गाउँपालिकालाई आवश्यक सम्पूर्ण पूर्वाधारयुक्त सामुदायिक माध्यामिक विद्यालयहरू कम्तीमा प्रत्येक वडामा एक वटाको दरले नमुनाको रूपमा विकास गरिने छ ।<br>▪ प्रत्येक वडामा एक एक वटा सार्वजनिक पुस्तकालयको स्थापना गरी इन्टरनेट सुविधा साथै WiFi को व्यवस्था गरिनेछ ।<br>▪ आगामी ५ वर्षमा निरक्षरता शुन्यमा झरेको हुनेछ ।<br>▪ गाउँपालिका भरमा कम्तीमा एक विश्वविद्यालयस्तरको अध्यापन हुने कलेजको स्थापना हुनेछ ।<br>▪ प्रत्येक वडामा कम्तीमा सम्पूर्ण आधारभूत पूर्वाधारयुक्त स्वास्थ्य चौकीको स्थापना हुनेछ जहाँबाट समग्र एकीकृत स्वास्थ्य सेवा प्राप्त हुनेछ ।<br>▪ स्थानीय संचार माध्यम पत्रपत्रिका तथा सडक नाटक र विद्यालय शिक्षा मार्फत स्वास्थ्य सूचना संचार कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा नियमित खोप कार्यक्रम सञ्चालन भएको हुनेछ ।<br>▪ खाद्य सुरक्षा तथा सन्तुलित भोजनसम्बन्धी सचेतना वृद्धि भई कुपोषणको दर आधार वर्ष भन्दा ७० प्रतिशतले घटेको हुनेछ ।<br>▪ बाल मृत्यु दर, शिशु मृत्यु दर, मातृ मृत्युदर आधार वर्षको तुलनामा ५० प्रतिशतले घटेको हुनेछ ।<br>▪ गाउँपालिकामा सम्पूर्ण पूर्वाधारयुक्त अस्पताल स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा भएको हुनेछ ।<br>▪ सम्पूर्ण, रगत, दिशा, पिसाब, खकार जाँच गर्ने कम्तीमा एउटा प्याथोलोजी ल्याबको स्थापना भएको हुनेछ ।<br>▪ गाउँपालिकामा एउटा रेडियोलोजि सेवाको स्थापना भएको हुनेछ ।<br>▪ रक्तसञ्चार सेवाको प्रबन्ध हुनेछ ।<br>▪ पूर्ण Diagnostic सेवाको प्रबन्ध हुनेछ । | जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट | प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।<br>▪ सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| अमन चयन कायम भएको हुनेछ ।<br>▪ खेलकूद क्षेत्रको विकास गरी खेलाडी र खेल प्रवर्द्धन भएको हुनेछ ।<br>▪ शवदाह स्थल तथा चिहानको उचित व्यवस्थापन भएको हुनेछ । | ▪ निशुल्क वितरण गर्ने औषधिको आपूर्ति सहज भएको हुनेछ ।<br>▪ चौबिसै घण्टा प्रसुति सेवाको सुविधा कम्तीमा ४ स्थानमा विस्तार भएको हुनेछ ।<br>▪ गाउँपालिकाको स्वास्थ्य केन्द्रमा सामान्य शल्य चिकित्सा सेवा र आकस्मिक सेवाको सुविधा भएको हुनेछ ।<br>▪ प्रत्येक वडालाई समेट्ने गरी कम्तीमा ८ वटा एम्बुलेन्स सेवा सञ्चालन भएको हुनेछ ।<br>▪ वैकल्पिक उपचार पद्धती अन्तर्गत एक आर्यूवेद उपचार केन्द्रको स्थापना भएको हुनेछ ।<br>▪ वैकल्पिक उपचार पद्धती अन्तर्गत एक प्राकृतिक चिकित्सा केन्द्रको स्थापना भएको हुनेछ ।<br>▪ हरेक वडामा योगाभ्यास केन्द्रको विकास भएको हुनेछ ।<br>▪ निर्मलीकरण गरेर पानी पिउने घरपरिवारको सङ्ख्या न्यूनतम ७० प्रतिशत पुग्नेछ ।<br>▪ गाउँपालिकाको केन्द्रस्थित स्वास्थ्य केन्द्रमा एउटा पूर्ण सुविधायुक्त प्रजनन् तथा परिवार नियोजन यूनिटको स्थापना भएको हुनेछ ।<br>▪ स्थानीय लामा, वैद्य, झाँक्रीको पहिचान गरी सबैलाई आधारभूत स्वास्थ्य चेतना तालिम प्रदान गरिसकिएको हुनेछ ।<br>▪ प्रत्येक वडामा एक-एक वटा व्यायाम केन्द्रको स्थापना भएको हुनेछ ।<br>▪ सार्वजनिक स्थलमा धुम्रपान र मध्यपान गर्ने कार्य पूर्णत नियन्त्रण भएको हुनेछ ।<br>▪ संस्कृति प्रबर्द्धन गर्न प्रत्येक वडामा सांस्कृतिक विकास समितिहरू गठन भई काम थालनी गरिसकेका हुनेछन् ।<br>▪ कम्तीमा एक धर्म संस्कृति अन्तर्गत सम्भाव्य क्षेत्रमा एक होम स्टे नमुनाको रूपमा सञ्चालनमा आएका हुनेछन् ।<br>▪ प्रत्येक पर्यटकिय क्षेत्रमा कम्तीमा वर्षमा एउटा सांस्कृतिक कार्यक्रम वा झाँकी प्रस्तुत गर्ने कार्यको थालनी भैसकेको हुनेछ ।<br>▪ कार्यपालिकाको विशेष | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | कार्यक्रममा कार्यपालिका सदस्यहरूले आफ्नो मौलिक पोशाक लगाउन थालनी गरिसकेका हुनेछन् ।<br>▪ समुदाय र विद्यालयस्तरीय लोक नृत्य, लोक बाजा र लोक गीत प्रतियोगिता नियमित रूपमा सञ्चालन भैसकेका हुनेछन् ।<br>▪ महिलाहरू सत् प्रतिशत साक्षर भई बाल विवाह पूर्ण रूपमा निर्मूल हुनेछ ।<br>▪ हरेक वडामा कम्तीमा ५ जना नमुना महिला उद्यमीहरूले उद्यम सुरु गरिसकेका हुनेछन् ।<br>▪ एकल महिलालाई सवलीकरण गर्न विशेष अनुदानको व्यवस्था गरिएको हुनेछ ।<br>▪ प्रत्येक वडाका जेष्ठ नागरिकहरूलाई नियमित घुम्ती शिविर मार्फत् स्वास्थ्य जाँचको प्रबन्ध भएको हुनेछ ।<br>▪ बालश्रमलाई शुन्यमा झारिनेछ ।<br>▪ सामाजिक अन्तरघुलन अन्तर्गत अन्तर जातीय विवाह गर्दा गाउँपालिको प्रोत्साहन रकमको व्यवस्था गरेको हुनेछ ।<br>▪ गाउँपालिकामा कम्तीमा एउटा दुर्व्यसन सुधार गृहको स्थापना हुनेछ ।<br>▪ गाउँपालिकामा एउटा अनाथ बाल गृहको स्थापना भएको हुनेछ ।<br>▪ गाउँपालिकामा एउटा वृद्धाश्रमको स्थापना भएको हुनेछ ।<br>▪ महिला हिंसा न्यूनीकरण गर्न एउटा शसक्त महिला सेलको स्थापना भएको हुनेछ ।<br>▪ महिला, अल्पसंख्यक विपन्न, सीमान्तकृत वर्गका छात्र छात्राहरूका लागि प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोष स्थापना गरिनेछ ।<br>▪ समाजमा शान्ति सुव्यवस्था कायम गर्न सबै वडामा प्रहरी बिट स्थापना भएको हुनेछ ।<br>▪ वडा नं. ४ स्थित खेलकूद रंगशालाको निर्माण अन्तिम चरणमा पुगेको हुनेछ ।<br>▪ गाउँपालिकालाई आवश्यक शवदाह स्थल तथा चिहानको व्यवस्थापन कार्य सम्पन्न भएको हुनेछ । | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | **वि.सं. २०८५ सम्म**<br>▪ विश्व बजारमा गाउँपालिकाबाट दिक्षित कम्तीमा ३० प्रतिशत विद्यार्थीहरूले अध्ययन वा रोजगार प्राप्त गरेका हुनेछन् ।<br>▪ प्रत्येक वडामा २ वटाको दरले सम्पूर्ण पूर्वाधार युक्त विद्यालयको स्थापना हुनेछन् ।<br>▪ प्रत्येक वडामा २ वटाको दरले सार्वजनिक पुस्तकालय वा वाचनालयको स्थापना हुनेछन् ।<br>▪ गाउँपालिकाभर कम्तीमा १ वटा विश्वविद्यालय स्तरको अध्यापन हुने कलेजहरूको स्थापना हुनेछन् ।<br>▪ कुपोषणको दर शुन्यमा झर्नेछ ।<br>▪ बाल मृत्युदर, शिशु मृत्युदर र मातृ मृत्युदर आधार वर्षको तुलनामा ७० प्रतिशतले घटेको हुनेछ ।<br>▪ गाउँपालिकामा एउटा सम्पूर्ण पूर्वाधारयुक्त अस्पतालको स्थापना भएको हुनेछ ।<br>▪ गाउँपालिकाभर कम्तीमा ४ वटा सम्पूर्ण रोग डाइगोन्सिस सेवा दिने प्याथोलोजी सेवा सञ्चालनमा आएका हुनेछन् ।<br>▪ प्रत्येक वडामा चौबिसै घण्टा प्रसुती सेवा सञ्चालनमा आएका हुनेछन् ।<br>▪ प्रत्येक वडालाई समेट्ने गरी ८ वटा एम्बुलेन्स सेवा सञ्चालनमा आउने छन् ।<br>▪ निर्मलीकरण गरेर पानी पिउने परिवारको सङ्ख्या सत् प्रतिशत हुनेछ ।<br>▪ प्रत्येक वडामा प्रजनन् स्वास्थ्य र परिवार नियोजन सम्बन्धी सेवा विस्तार भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा एउटा मौलिक संस्कृतिमा आधारित नमुना होमस्टे सञ्चालनमा आएको हुनेछ ।<br>▪ महिला हिंसा न्यूनीकरण गर्न प्रत्येक वडामा एउटा महिला सेलको गठन भएको हुनेछ ।<br>▪ समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रत्येक वडामा प्रहरी बिट स्थापना भएको हुनेछ ।<br>▪ वडा नं. ४ स्थित खेलकूद रंगशालाको सञ्चालन भैसकेको हुनेछ ।<br>**वि.सं. २०९० सम्म** | | |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ गाउँपालिकाका सम्पूर्ण विद्यालयहरू न्युनतम पूर्वाधारले सम्पन्न भएका हुनेछन् ।<br>▪ प्रत्येक वडामा आवश्यक सङ्ख्यामा सार्वजनिक पुस्तकालय तथा WiFi Free Zoneस्थापना भएका हुनेछन् ।<br>▪ गाउँपालिकामा विद्यार्थी अनुपातको आधारमा आवश्यक सङ्ख्यामा उच्च शिक्षा अध्ययन गर्ने कलेजको स्थापना हुनेछन् ।<br>▪ बाल मृत्युदर, शिशु मृत्युदर र मातृ मृत्युदर आधार वर्षको तुलनामा ५ प्रतिशतमा झरेको हुनेछ ।<br>▪ गाउँपालिकामा कम्तीमा १ वटा सम्पूर्ण पूर्वाधार युक्त अस्पतालको स्थापना हुनेछ ।<br>▪ प्रत्येक वडामा एक एक वटा प्याथोलोजी सेवाको विस्तार भएको हुनेछ ।<br>▪ एक वडामा कम्तीमा एक होमस्टे सञ्चालनमा भएको हुनेछ । | | |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| (क) | **शिक्षा** | | |
| ▪ | विद्यार्थी भर्ना अभियानलाई सत् प्रतिशत पुर्‍याउन हरेक वर्षको चैत महिनाभर घर घरमा घुम्ती भर्ना टोली खटाउने | | |
| ▪ | विद्यालयमा रहेका विद्यार्थी अनुपात र दुरीको आधारमा विद्यालयहरू गाभ्न र थप गर्न अध्ययन टोली गठन गरी अध्ययन गर्ने | | |
| ▪ | आवश्यक सङ्ख्यामा सम्पुर्ण विद्यालय भवनहरूको निर्माण गर्ने र आधारभूत सुविधा सम्पन्न बनाउने | | |
| ▪ | प्रत्येक मा.वि. लाई आवासीय विद्यालय बनाइ होस्टेलको व्यवस्था गर्ने | | |
| ▪ | विपन्न, दलित, सीमान्तकृत र अल्पसंख्यक समुदायका छात्र-छात्राहरूलाई प्रत्येक विद्यालयमा अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्ने | | |
| ▪ | प्रत्येक वडामा प्रौढ तथा अनौपचारिक कक्षा सञ्चालन गर्ने ( निरक्षरता पूर्णरूपमा निर्मूल गर्ने) | | |
| ▪ | प्रत्येक वडामा एउटा नमूना कृषक पाठशाला सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक विद्यालयका शिक्षक-शिक्षिकाहरूका लागि नियमित विषयगत तालिम सञ्चालन गर्ने | | |
| ▪ | कक्षा १२ को अन्तिम परीक्षा सम्पन्न गरी बसेका छात्रछात्राहरूलाई स्थानीय विषयगत कार्यालयमा इन्टर्नशिपको प्रबन्ध गर्ने | | |
| ▪ | हरेक महिनाको अन्तिम शुक्रबार “विद्यार्थीसँग स्थानीय सरकार” कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | **“एक विद्यालयमा एक स्वास्थ्यकर्मी”** अभियान सञ्चालन गर्ने | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ हरेक माध्यामिक विद्यालयमा Internet सुविधायुक्त सूचना ल्याबको स्थापना गर्ने | | |
| ▪ दिवा खाजा कार्यक्रम सबै विद्यालयमा लागु गर्ने | | |
| ▪ ४०० भन्दा बढी विद्यार्थी भएको विद्यालयमा एक सहायक प्रधानाध्यापकको व्यवस्था गर्ने | | |
| ▪ सिमान्तकृत समुदाय लक्षित एक लोकसेवा तथा अन्य सरकारी सेवा तयारी कक्षा सञ्चालन गर्ने | | |
| ▪ थप गर्नुपर्ने र गाँभ्नु पर्ने विद्यालयका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने । | | |
| ▪ वडा नं. ६ को अमारेमा आधारभूत विद्यालय स्थापना गर्ने | | |
| ▪ सम्पूर्ण विद्यालयमा विषयगत शिक्षक र दरबन्दीको अध्ययन गरी दरबन्दी थप-घट गर्ने | | |
| ▪ व्यवस्थित शैक्षिक क्यालेण्डर निर्माण गरी अनिवार्य लागु गर्ने | | |
| ▪ गाउँपालिकामा कम्तीमा एक प्राविधिक तथा व्यावसायिक शिक्षालय स्थापना गर्ने । | | |
| ▪ MBBS र इन्जिनियरिङ विषय अध्ययनका १ छात्र र १ छात्राका लागि विशेष कोषको स्थापना गर्ने । | | |
| ▪ गाउँपालिकाका १५ प्रतिशत विद्यालयमा आधारभूत कृषि शिक्षा लागु गर्ने । | | |
| ▪ दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि गाउँपालिकामा कम्तीमा २ वटा आवासिय विद्यालय स्थापना गर्ने | | |
| ▪ हरेक विद्यालयमा शैक्षिक उपलब्धि मापन गर्न वैज्ञानिक मूल्याङ्कन प्रणाली लागु गर्ने | | |
| ▪ प्रत्येक वडामा १/१ वटाका दरले सार्वजनिक पुस्तकालय रWifi Free Zoneको स्थापना गर्ने | | |
| ▪ प्रत्येक वडामा एउटा नमुना माध्यमिक विद्यालय स्थापना गर्ने । श्रीवारीबाट सुरुवात गर्ने । | | |
| ▪ गाउँपालिकाको झेल्नेटामा एक कृषि प्राविधिक विद्यालय स्थापना गर्ने | | |
| ▪ हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न शिक्षकको व्यवस्था गर्ने | | |
| ▪ सम्पूर्ण विद्यालयहरूको भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारको तथ्याङ्क सङ्कलन गरी न्यूनतम पूर्वाधारका लागि आवश्यक कार्यक्रम अगाडि सार्ने | | |
| ▪ गाउँपालिकामा कलेज स्थापना गर्न अध्ययन टोली गठन गरी प्रतिवेदन तयार पार्ने र स्थापनार्थ आवश्यक प्रक्रिया अगाडि बढाउने | | |
| ▪ प्रत्येक विद्यालयलाई न्यूनतम शैक्षिक पूर्वाधार सम्पन्न बनाउने | | |
| ▪ उत्कृष्ट विद्यार्थी, विद्यालय, शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई वार्षिकरूपमा पुरस्कृत गर्न कोष निर्माण गर्ने | | |
| ▪ प्रारम्भिक बाल विकास शिक्षा सम्पूर्ण विद्यालयमा लागु गर्ने | | |
| ▪ कक्षा ५ सम्म सम्पूर्ण विद्यालयमा अंग्रेजी माध्यामबाट पठनपाठनको व्यवस्था गर्ने | | |
| ▪ स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा पाठ्यक्रम परिमार्जन गर्दै लैजाने | | |
| ▪ लक्षित सिमान्तकृत समुदायका विद्यार्थीहरूलाई पुस्तकालयबाट प्रदान गर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| | पाठ्यपुस्तकहरूको व्यवस्थापन गर्न अनुदान दिने | | |
| ▪ | प्रत्येक विद्यालयमा रहेका विपन्न वर्गका सम्पुर्ण विद्यार्थीहरूको शिक्षामा हक सुनिश्चित गर्न विशेष छात्रवृत्ति व्यवस्था गर्ने | | |
| ▪ | सामुदायिक अध्ययन केन्द्र तथा वाचनालयको स्थापना गर्ने (प्रत्येक वडामा कम्तीका एउटा) | | |
| ▪ | सम्पुर्ण विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री सुविधायुक्त शौचालयको निर्माण गर्ने | | |
| ▪ | सम्पुर्ण वडाहरूमा आवश्यकताको आधारमा प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गर्ने | | |
| ▪ | प्रत्येक विद्यालयमा Book Corner को स्थापना गर्ने | | |
| ▪ | उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कार तथा अनुदान थप गर्ने | | |
| ▪ | शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई वृद्धि गर्न प्रत्येक विद्यालयमा सामाग्री खरिद गर्ने (कम्प्युटर, प्रोजेक्टर लगायत) | | |
| ▪ | प्रत्येक माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला निर्माण गर्ने | | |
| ▪ | वडा नं. १ को महेन्द्र मा.वि. बोझपोखरालाई कलेज स्तरको अध्यापन हुने संस्थामा परिणत गर्ने । | | |
| ▪ | वडा नं. २ को मर्वेश आधारभूत विद्यालयलाई कक्षा १२ सम्म स्तरोन्नती गर्ने । | | |
| ▪ | प्रा.वि बदी पोखरा वडा नं. २ लाई आधारभूत विद्यालयमा स्तरोन्नती गर्ने । | | |
| ▪ | वहरा प्रा.वि. वडा नं. २ लाई आधारभूत विद्यालयमा स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ३ को महेन्द्र मा.वि. श्रिवारीलाई नमूना विद्यालयको रूपमा विकास गरी कक्षा १२ सम्म स्तरोन्नती गर्ने | | |
| ▪ | वडा नं. ४ को महेन्द्र आधारभूत विद्यालयलाई कक्षा १२ सम्म स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ४ का प्रा.वि. महतेरा र फाटालाई आधारभूत विद्यालयमा स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ५ को सुधा मा.वि. लाई प्राविधिक धारतर्फको कलेजस्तरको अध्यापन हुने विद्यालयका रूपमा स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ६ को टोड्के लेकमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ६ को भुटनेटामा कक्षा १२ सम्म अध्यापन हुने विद्यालय स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ७ को सरस्वती मा.वि. जवरकोटलाई १२ कक्षासम्म स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ७ को बालज्योती विद्यालयलाई सुविधासम्पन्न आधारभूत विद्यालय परिणत गर्ने । | | |
| ▪ | वडा नं. ८ को खड्ग मन्दिर विद्यालयलाई कक्षा १२ सम्म स्तरोन्नती गर्नुपर्ने । | | |
| ▪ | वडा नं. ८ को कालिका प्रा.वि.लाई आधारभूत विद्यालयमा स्तरोन्नती गर्ने । | | |
| ▪ | वडा नं. ८ को सालवासमा एक आधारभूत विद्यालय स्थापना गर्ने । | | |
| ▪ | वडा नं. ५ को सुधा मा.वि.लाई एक बहु प्राविधिक शिक्षालयमा | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| | रूपान्तरण गर्ने । | | |
| **(ख)** | **स्वास्थ्य** | | |
| ▪ | प्रत्येक वडामा नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने | | |
| ▪ | निशुल्क वितरण गर्ने औषधि नियमित खरिद गर्ने | | |
| ▪ | स्वास्थ्य स्वयं सेविकाहरूको नियमित तालिम सञ्चालन गर्ने | | |
| ▪ | स्थानीय लामा, झाँक्री तथा वैद्यहरूलाई आधारभूत स्वास्थ्य तालिम दिने | | |
| ▪ | हरेक विद्यालयमा नियमित रूपमा सन्तुलित आहार र पोषण सम्बन्धी कक्षा सञ्चालन गर्ने | | |
| ▪ | समुदाय र विद्यालयस्तरमा पानी शुद्धीकरण साथै हात धुने तरिका सिकाउने | | |
| ▪ | समुदायस्तरमा सुरक्षित मातृत्वसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने ( प्रत्येक वडामा) | | |
| ▪ | स्थानीय संचार माध्यामबाट स्वास्थ्य चेतना संचार कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | शारीरिक व्यायाम र स्वस्थ जीवनशैली बारेमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | धुम्रपान तथा मध्यपान नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने (वडा स्तरमा) | | |
| ▪ | विद्यालयमा यौन शिक्षा लागु गर्ने (माध्यमिक स्तरमा) | | |
| ▪ | वृद्धवृद्धाहरूलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने | | |
| ▪ | गाउँपालिकाका केन्द्र कमिरेचौरमा एक सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा २४ सै घण्टा प्रसुती सेवा विस्तार गर्ने | | |
| ▪ | प्रत्येक वडामा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी युनिट स्थापना गर्ने | | |
| ▪ | गाउँपालिकामा कम्तीमा एक मानसिक स्वास्थ्य परामर्श केन्द्र स्थापना गर्ने | | |
| ▪ | प्रत्येक वडामा बाल स्वास्थ्य युनिट स्थापना गर्ने | | |
| ▪ | पोषण गुणस्तर र खाद्य सुरक्षा कायम गर्न नियमित बजार अनुगमन र नियमन गर्ने | | |
| ▪ | प्रत्येक वडाका स्वास्थ्य चौकीहरूलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सुविधा सम्पन्न स्वास्थ्य केन्द्रमा विकसित गर्ने | | |
| ▪ | प्रत्येक स्वास्थ्य चौकीमा अत्यावश्यक उपकरण तथा स्वास्थ्य सामग्री थप गर्दै लैजाने | | |
| ▪ | चिकित्सक तथा स्वास्थ्य कर्मीको दरबन्दी हेरी आवश्यक थपघट गर्ने | | |
| ▪ | प्रत्येक वडामा प्याथोलोजी सेवा स्थापना गर्ने | | |
| ▪ | प्रत्येक आवश्यक स्वास्थ्य चौकीमा भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा आकस्मिक सेवा विस्तार गर्ने | | |
| ▪ | एउटा आर्युवेद स्वास्थ्य केन्द्र स्थापना गर्ने | | |
| ▪ | एउटा प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्ने | | |
| ▪ | सबै वडामा एम्बुलेन्स सेवा विस्तार गर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | सुरक्षित मातृत्व कायम गर्न बर्थिङ सेन्टरहरूलाई व्यवस्थित बनाउने | | |
| ▪ | रक्तसञ्चार सेवा Blood Bank को स्थापना गर्ने | | |
| ▪ | प्रत्येक वडामा एउटा नमुना योग तथा ध्यान केन्द्र स्थापना गर्ने | | |
| ▪ | गाउँपालिकामा एक दुर्व्यसन पुर्नस्थापना केन्द्र स्थापना गर्ने | | |
| ▪ | लागुपदार्थ, धुम्रपान तथा मध्यपान विरुद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | | |
| ▪ | मध्यपान बिक्रि वितरणलाई समय तोकी नियमन गर्ने | | |
| ▪ | घरेलु मदिरा विक्रीलाई कडारूपमा नियमन गर्ने | | |
| ▪ | सार्वजनिक स्थानमा धुम्रपान गर्नेलाई कडा प्रतिबन्ध र दण्डित गर्ने | | |
| ▪ | गाउँपालिकामा वडास्तरीय स्वास्थ्य व्यवस्थापन समिति गठन गर्ने | | |
| ▪ | स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (Public Health Severlance) को व्यवस्था गर्ने | | |
| ▪ | स्वास्थ्य मापदण्ड अनुरूप भौतिक संरचना, मेडिकल औजार तथा औषधीहरूको व्यवस्थापन गर्ने | | |
| ▪ | गाउँपालिकाका प्रत्येक वडामा अनिवार्य स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | महामारी/प्रकोपयुक्त रोगहरूको व्यवस्थापनको लागि विशेष स्वास्थ्य समितिको गठन गर्ने | | |
| ▪ | महामारीकोरूपमा फैलने रोगहरू नियन्त्रणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | निशुल्क स्वास्थ्य सेवाको लागि विपन्न र लक्षित समुहरूको पहिचान गरी परिचयपत्र वितरण गर्ने | | |
| ▪ | क्षयरोग, हेपाटाइटिस बी., यौनजन्य रोगहरू, एच.आई.भी./एड्स जस्ता रोग लागेर लुकेर बसेका विरामीहरूलाई उपचार सम्म ल्याउने विशेष कार्यक्रमहरू सञ्चालन गर्ने | | |
| ▪ | स्थानीय स्तरमा स्वास्थ्य सुचना प्रणाली व्यवस्थापन गर्ने | | |
| ▪ | किशोर किशोरी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | गाउँपालिकामा रहेका सम्पुर्ण विद्यालयहरूमा किशोरीहरूको महिनावारी स्वास्थ्य समस्या सम्बन्धी अभिमुखीकरण तथा सेनेटरी प्याड वितरण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता र दिगोपनाको लागि गा.पा. खोप समन्वय समिति गठन गर्ने | | |
| ▪ | गाउँपालिकाको १० प्रमुख रोगहरू पहिचान गरी ती रोगहरू न्युनिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा भएका विरामीहरूको लागि कम्तीमा ३ महिनामा विशेष शिविर र क्याम्प आयोजना गर्न स्वास्थ्य निकायसँग समन्वय गन (INGO, NGO, Gvt., Private) | | |
| ▪ | रक्तसञ्चार सेवा Blood Bank को स्थापना गर्ने | | |
| ▪ | वडा नं. १ को पिपलडाँडा र पैयारखाडामा खोप केन्द्र भवन निर्माण गर्ने । | | |
| ▪ | वडा नं. २ मा एउटा स्वास्थ्य चौकी निर्माण गर्ने । | | |
| ▪ | वडा नं. २ को बढीपोखरामा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| गर्ने । | | |
| ▪ वडा नं. ३ मा १५ सैय्याको अस्पताल निर्माण कार्य शिघ्र सम्पन्न गर्नुपर्ने । | | |
| ▪ वडा नं. ३ को मूलवाटीमा स्वास्थ्य चौकी र बर्थिङ सेन्टर निर्माण गर्ने । | | |
| ▪ वडा नं. ३ को तापामा सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण गर्ने । | | |
| ▪ वडा नं. ४ को फाटामा स्वास्थ्य चौकीको स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउने । | | |
| ▪ वडा नं. ५ को मुर्कुटी स्वास्थ्य चौकीको स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउने । | | |
| ▪ वडा नं. ६ को भूटनेटामा स्वास्थ्य चौकी भवन, खोप केन्द्र र बर्थिङ सेन्टर निर्माण गरी सुविधा सम्पन्न बनाउनुपर्ने । | | |
| ▪ वडा नं. ६ को अमोर, चिउरीडाँडा र रिभानमा खोप केन्द्र निर्माण गर्ने । | | |
| ▪ वडा नं. ७ को जवरकोटको पिपलछेडामा एक आयुर्वेद तथा प्राकृतिक चिकित्सालय निर्माण गर्ने । | | |
| ▪ वडा नं. ७ को विर्खेमा खोप केन्द्र निर्माण गर्ने । | | |
| ▪ वडा नं. ८ को झुण्डिमा गाउँघर क्लिनिक स्थापना गर्ने । | | |
| ▪ वडा नं. ८ को लामी दिवाली, स्याहाला र झुण्डीमा खोप केन्द्र स्थापना गर्ने । | | |
| **(ग) संस्कृति** | | |
| ▪ गाउँपालिकाका विभिन्न स्थानमा वार्षिकरूपमा नियमित सांस्कृतिक अन्तरक्रिया र गोष्ठी सञ्चालन गर्ने | | |
| ▪ सबै धर्म, संस्कृति र समुदायको पूर्ण अभिलेख तयार पार्ने | | |
| ▪ कला, धर्म, संस्कृति संरक्षणका लागि ब्रोसर तथा डकुमेन्ट्री तयार पारी राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने | | |
| ▪ अमूर्त साँस्कृतिक सम्पदाको पूर्ण Inventory तयार गर्ने | | |
| ▪ कार्यपालिका सदस्यहरूलाई आफ्नो संस्कृति अनुसारको पोशाक लगाई औपचारिक कार्यक्रममा प्रस्तुत हुन पहिलो पटक पोशाक भत्ताको व्यवस्था गर्ने | | |
| ▪ प्रत्येक समुदायमा प्रचलनमा रहेका सांस्कृतिक निधिहरू जस्तै लोक नृत्य, बाजा, गित, पहिरन, जात्रा, मेला संरक्षण गर्न एक संस्कृति संरक्षण कोषको स्थापना गर्ने | | |
| ▪ विद्यालयहरूमा बाल प्रतिभा संरक्षण गर्न पुरस्कारको लागि विशेष कोषको स्थापना गर्ने | | |
| ▪ गाउँपालिकाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रमा हरेक वर्षमा एक पटक विशेष झाँकी तथा मेलाको आयोजना गर्ने र सोका लागि समिति गठन गर्ने | | |
| ▪ "एक वडा एक होमस्टे" कार्यक्रमलाई संस्कृति प्रवर्द्धनसँग गाँसेर अगाडि बढाउने | | |
| ▪ गाउँपालिकाको विभिन्न जातजाति र सम्प्रदायका समुदायहरूलाई उनीहरूले विभिन्न चाडपर्व र जात्रा आदि मनाउन संगठित गुठी मार्फत निश्चित मापदण्डका आधारमा अनुदान र सहयोग प्रदान गर्ने । | | |
| ▪ हरेक विद्यालयमा आफ्नो संस्कृति र रितीरिवाज सम्बन्धी पाठ्यक्रम प्याकेज निर्माण गरी अध्यापन गराउने । | | |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | वार्षिक क्यालेण्डर निर्माण गरी हरेक विद्यालयमा साहित्यिक तथा सांस्कृतिक प्रतियोगितात्मक कार्यक्रम आयोजना गर्ने । | | |
| ▪ | गाउँपालिकाको लगानीमा हरेक जाती जनजाति र सांस्कृतिक समूहको बारेमा भिडियो डकुमेन्ट्री निर्माण गरी सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने । | | |
| ▪ | गाउँपालिकाको प्रमुख धार्मिक मठ मन्दिर तथा मुख्य पर्यटकिय क्षेत्रहरूलाई समेटेर वर्षको एकपटक विशेष अवसरमा सांस्कृतिक मेला आयोजना गर्ने र सो का लागि तत् तत् क्षेत्रका समितिहरू गठन गर्ने । | | |
| ▪ | देउसी, भैलो, माघि, बुद्धपूर्णिमा तथा ल्होसार जस्ता चाडबाडमा हर्षोल्लास पूर्ण सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने । | | |
| ▪ | प्रत्येक वडामा कम्तिमा एक सांस्कृतिक मण्डली तयार गर्ने (नाचगान, वाद्य वाद्यन, नाटक सम्बन्धी) | | |
| ▪ | प्रत्येक सांस्कृतिक मण्डलीहरूलाई संस्थागत गर्न समिति गठन गरी सहयोग र अनुदान प्रदान गर्ने । | | |
| (घ) | **लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूल प्रवाहीकरण** | | |
| ▪ | प्रत्येक वर्ष कम्तीमा २ पटक प्रत्येक वडामा महिला शसक्तीकरण सम्बन्धी तालिम सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक वडामा वृद्ध वृद्धाको लागि सामाजिक सुरक्षा कोषको स्थापना गर्ने | | |
| ▪ | प्रत्येक वडामा वर्षमा २ पटक विपन्न सीमान्तकृत, दलितहरूलाई लक्षित गरी शसक्तिकरण र आय आर्जन सम्बन्धी उद्यमशील तालिम सञ्चालन गर्ने । | | |
| ▪ | "एक वडा एक बाल उद्यान, एक वडा एक योगाश्रम" अभियान साकार बनाउने | | |
| ▪ | एकल महिलालाई सामाजिक कुण्ठाबाट मुक्त बनाउन प्रोत्साहन तथा शसक्तीकरणका तालिम तथा परामर्शका कार्यक्रमहरू हरेक वर्षमा १ पटक सञ्चालन गर्ने | | |
| ▪ | सामाजिक अन्तरघुलनका लागि वर्षमा एक पटक सार्वजनिक समारोह तथा भोजभत्तेरको आयोजना गर्ने | | |
| ▪ | विधवा विवाह र अन्तर जातीय विवाहलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने | | |
| ▪ | यौनिक अल्पसंख्यकको पहिचान गरी उनीहरूकै नेतृत्वमा परामर्श केन्द्र स्थापना गर्ने | | |
| ▪ | दुर्व्यसन पूर्नस्थापना केन्द्र स्थापना गर्ने (एक वटा) | | |
| ▪ | गाउँपालिकामा एउटा अनाथालयको स्थापना गर्ने | | |
| ▪ | गाउँपालिकामा एउटा वृद्धाश्रमको स्थापना गर्ने | | |
| ▪ | बाल विवाह र बहु विवाह उन्मुलन गर्न नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक वडामा महिला हिंसा विरुद्ध महिला सेल गठन गर्ने | | |
| ▪ | स्थानीय न्यायिक समितिलाई न्याय सम्पादन सम्बन्धी तालिम सञ्चालन गर्ने | | |
| ▪ | प्रत्येक वडाबाट नव महिला उद्यमीहरूको पहिचान गरी विशेष उद्यमशिल तालिम सञ्चालन गर्ने | | |
| ▪ | महिला, दलित, अल्पसंख्यक, जनजाति र विपन्न समुदायका छात्र-छात्राहरूलाई विशेष कोष सञ्चालन गरी छात्रवृत्ति प्रदान गर्ने | | |
| ▪ | अपाङ्गता भएका सबैको लगत तयार गरी अपाङ्गता परिचयपत्र वितरण गर्ने | | |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | अपाङ्गता भएकाहरू सबैलाई सामाजिक सुरक्षाभत्ता प्रदान गर्ने (अपाङ्गताको अवस्थाको आधारमा) | | |
| ▪ | गाउँपालिकामा एक अपाङ्गता पुनस्थाना केन्द्रको स्थापना गर्ने | | |
| ▪ | गाउँपालिकामा एक अपाङ्गता सरोकार तथा सहायता केन्द्रको स्थापना गर्ने | | |
| ▪ | स्थानीय सञ्चार माध्यमहरू तथा पर्चा पम्पलेट र सडक नाटकमार्फत महिला विरुद्ध हुने सबै प्रकारका घरेलु हिंसा र असमानता विरुद्ध जनचेतनामूलक कार्यक्रम नियमति सञ्चालन गर्ने । | | |
| ▪ | प्रत्येक तीज तथा नारी दिवसको अवसरमा महिला जागरण, शसक्तिकरण, नेतृत्व विकास तथा उद्यमशिलता केन्द्रित विशेष अन्तरकृया कार्यक्रम तथा प्रतियोगिता संचालित गर्ने । | | |
| ▪ | विपन्न र गरिवीको रेखामूनी रहेका वर्गहरूलाई उद्यमशिल विकास कार्यक्रम सम्बन्धी तालिम तथा अनुदान प्रदान गर्ने (निश्चित कार्यविधि निर्माण गरी ) | | |
| ▪ | गाउँपालिकालाई पूर्णरूपमा बालमैत्री बनाउन अभियान सञ्चालन गर्ने । | | |
| ▪ | विपन्न, दलित र महिलाहरू मध्ये असहायहरूलाई निशुल्क कानूनी सेवा प्रदान गर्न न्यायिक समितिमार्फत विशेष व्यवस्था गर्ने । | | |
| ▪ | स्थानीय न्यायिक समितिलाई सक्षम तुल्याउन नियमित तालिम सञ्चालन गर्ने । | | |
| ▪ | सम्पूर्ण असहाय जेष्ठ नागरिकहरूलाई संरक्षण गर्न गाउँपालिकाले विशेष व्यवस्था गर्ने । | | |
| ▪ | प्रत्येक वडामा बालक्लब गठन गरी उनीहरूको नेतृत्व विकासका नियमित तालिम सञ्चालन गर्ने । | | |
| ▪ | सम्पूर्ण असहाय बालबालीकाको पूर्ण संरक्षण र शिक्षाको व्यवस्था बालगृह सञ्चालन गरी गाउँपालिकाले जिम्मेवारी लिने । | | |
| ▪ | महिला प्रजनन् स्वास्थ्य सम्बन्धी नियमित घुम्ती स्वास्थ्य शिविर जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | | |
| ▪ | प्रत्येक वडामा महिला उद्यमशिलता तालिम सञ्चालन गरी सफल महिला उद्यमीहरूसँग नियमित अन्तरकृया गराउने । | | |
| ▪ | मानव बेचबिखन तथा चेलीबेटी बेचबिखन विरुद्ध जनचेतनामूलक कार्यक्रम तथा बालबालिका तथा महिला सरोकार सेल गठन गरी त्यसलाई सकृय तुल्याउने । | | |
| **(ङ)** | **शान्ति सुरक्षा** | | |
| ▪ | गाउँपालिकाको प्रत्येक वडामा एक प्रहरी चौकी स्थापना गर्ने । | | |
| ▪ | नगर प्रहरी गठन गर्ने | | |
| ▪ | गाउँपालिकाका अपराध संवेदनशील क्षेत्रहरू पहिचान गरी अस्थायी प्रहरी चौकी स्थापना गर्ने | | |
| ▪ | मानवीय गतिविधि बढी हुने क्षेत्रमा **CCTV** जडान गर्ने । | | |
| ▪ | वडा नं. १ को बोझ पोखरामा प्रहरीचौकी निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ को खेर पोखरामा प्रहरीचौकी निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ को मुर्कुटीमा प्रहरीचौकी निर्माण गर्ने | | |
| ▪ | वडा नं. ६ को भुटनेटामा प्रहरीचौकी निर्माण गर्ने | | |
| ▪ | वडा नं. ७ को जवरकोटमा प्रहरीचौकी निर्माण गर्ने | | |
| ▪ | कमिरेचौर प्रहरी चौकी स्तरउन्नती गर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| **(च)** | **खेलकूद तथा मनोरञ्जन** | | |
| ▪ | गाउँपालिकाको वडा नं. ४ मा एक गाउँपालिकास्तरीय खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | वडा नं. १ को धुर्चेचौरमा खेल मैदान निर्माण गर्ने | | |
| ▪ | वडा नं. २ बढीपोखरामा खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ३ को बाटुले पोखरीमा खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ४ को फाँटा विद्यालयमा खेल मैदान निर्माण गर्ने गर्ने । | | |
| ▪ | वडा नं. ५ को बंगलाचुलीको फेदीमा खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ६ को तिमिले पोखरा छेडामा खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ७ को पोखरा छेडामा कर्वडहल निर्माण गर्ने । | | |
| ▪ | वडा नं. ८ को तारेचौरमा खेल मैदान निर्माण गर्ने । | | |
| ▪ | गाउँपालिकामा खेलकुद विकास समितिको निर्माण गर्ने । | | |
| ▪ | नियमितरूपमा खेलकुद प्रतियोगिता आयोजना गर्ने । | | |
| ▪ | खेलाडी प्रोत्साहनका लागि पुरस्कार कोषको व्यवस्था गर्ने । | | |
| ▪ | गाउँपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने । | | |
| **(छ)** | **शवदाह स्थल तथा चिहान व्यवस्थापन** | | |
| ▪ | प्रत्येक वडामा कम्तीमा एक शवदाहस्थल वा चिहान क्षेत्रको प्राथमिकताका साथ निर्माण गर्ने । | | |
| ▪ | परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल र चिहानहरूको व्यवस्थापन गर्ने । | | |
| ▪ | प्रत्येक वडामा किरियापुत्री घर निर्माण गर्ने | | |
| ▪ | आवश्यकता हेरी चिहान व्यवस्थापन निर्माण गर्ने । | | |

### ५.३.४ Summary of Social Development Plan Implementation

## ५.४ वातावरण तथा विपद् व्यवस्थापन योजना

सामान्यतया यस खण्डमा वातावरण भन्नाले भौतिक वातावरण भन्ने बुझ्नुपर्दछ । हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, जीवजन्तु, वनस्पति, जीवजन्तु र वनस्पतिको प्राकृतिक जीवन चक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ । मानिसको जीवनचक्र तथा विकासका क्रियाकलापहरू भौतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् । भौतिक वातावरण अनुकूल हुँदा विकासले उपयुक्त गति लिन सक्छ भने भौतिक वातावरण प्रतिकूल र असन्तुलित हुँदा विकास अवरुद्ध हुन्छ । अर्कोतर्फ मानिसका क्रियाकलापहरूले प्रत्यक्ष रूपमा भौतिक वातावरणमा असन्तुलन पैदा गर्दछन् । तर दिगो विकासको अवधारणा अनुरूप वातावरणीय सन्तुलनलाई यथेष्ट ध्यान दिइ गरिने विकास निर्माणले वातावरण सन्तुलनमा सहयोग पुऱ्याउनुका साथै त्यो दिगो हुनगई वर्षौंवर्षसम्म लाभ लिन सकिने हुन्छ ।

दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं. १२ मा दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने, लक्ष्य नं. १३ मा जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कार्य थाल्ने र लक्ष्य नं. १५

मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने , भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने उल्लेख गरिएको छ। यी लक्ष्यहरू विश्वव्यापी रूपमा वातावरण सन्तुलनको आवश्यकतालाई टड्कारो रूपमा महशुस गरी तय गरिएका हुन् । स्थानीय स्तरका विकास योजना निर्माण गर्दा दिगो विकास लक्ष्यलाई मध्यनजर गर्नु अनिवार्य भएकोले यी लक्ष्यहरूको प्राप्तीका लागि ध्यान दिनु जरुरी छ । गाउँपालिकाको सम्पतीको रूपमा रहेका वनजंगल, जलाधार, वनस्पति र वन्यजन्तु, सुरभ्य प्राकृतिक छटा, कृषि योग्य जमिन र उपयुक्त जलवायु यहाँका वातावरणीय आयामहरू हुन् । यी प्राकृतिक सम्पदाहरू नै यस गाउँपालिकाका विकासका आधारहरू भएकोले यिनीहरूको दिगो उपयोग गरी पुस्तौंसम्म संरक्षण गर्नु गाउँपालिकाको दायित्व भएकाले यस योजनाले वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी निम्न पक्षहरूलाई समेटछ।

- वन तथा भू-संरक्षण
- जलाधार संरक्षण
- वातावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहर मैला व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण र विपद व्यवस्थापन

| | |
|---|---|
| **सोचः** | "जल, जमिन, जंगल र जडिबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने।" |
| **लक्ष्यः** | बंगलाचुलीलाई वातावरण सन्तुलित हरित क्षेत्रको रूपमा विकास गर्ने। |

**उद्देश्यहरू**

- हालको भू-उपयोगको तथ्याङ्क अनुसार ७८.९६ प्रतिशत वन र १.६५ प्रतिशत झाडी तथा बुट्यान रहेकोमा वन तथा हरितक्षेत्रलाई ८० प्रतिशत कायम राखी अनुत्पादक झाडी तथा बुट्यान क्षेत्रलाई उत्पादनमुखी वन क्षेत्रमा परिणत गर्ने।
- वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको प्रमुख आधार बनाउने ।
- स्थानीय "वन ऐन" जारी गरी वनको दिगो विकास सुनिश्चित गर्ने।
- सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम सञ्चालन गर्ने
- जमिनलाई सुख्खा बनाउने सल्लाको जंगललाई क्रमश प्रतिफलमुखी रुख विरुवा वा फलफूल लगाई प्रतिस्थापन गर्ने
- Agro Forestry को नीति अबलम्बन गरी वन क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाउने
- गाउँपालिकाभर रहेका प्रमुख जलाधार क्षेत्रको नक्साङ्कन गरी ती क्षेत्रहरूमा जलाधार विनाशमा सहयोग पुऱ्याउने क्रियाकलापहरू गर्न तत्काल रोक लगाउने।
- जलाधारक्षेत्रको नक्साङ्कन र घोषणा गरी संरक्षणका कार्यक्रमहरू लागु गर्ने।
- सिमसार क्षेत्रको पहिचान गरी संरक्षणका कार्यक्रमहरू लागु गर्ने।
- प्रत्येक वडामा नमुना पोखरीहरू निर्माण गर्ने र वर्षातको पानी सङ्कलन गर्ने।
- जलाधार संक्षणमा सहायक प्रजातीका विरुवाहरूको वृक्षारोपण गर्ने।
- जल, जमिन, वायू र ध्वनी प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागु गर्ने।

- गाउँपालिकाका सम्पूर्ण वडामा उपयुक्त स्थानहरू पहिचान गरी हरित क्षेत्रको रूपमा घोषणा गर्ने र हरित क्षेत्र कायम गर्न वृक्षारोपण, पार्क निर्माण जस्ता निश्चित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खेर गइरहेका क्षेत्रहरू र झाडी बुट्यान क्षेत्रहरूको पुनरुत्थान गरी हरित क्षेत्रको रूपमा विकास गर्ने ।
- पहिरो संवेदनशील क्षेत्र पहिचान गरी पहिरो नियन्त्रण गर्ने ।
- वन्यजन्तु तथा वनस्पति संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिने ।
- जलवायु अनुकूलका प्रभावकारी योजना निर्माण गरी लागु गर्ने ।
- जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदायमा फोहर विर्सजनका प्रभावकारी विधिहरूको बारेमा जनचेतना फैलाउने र फोहर वर्गीकरण गर्न, कम्पोष्ट मल बनाउन र पुनर्प्रयोग गर्न प्रेरित गर्ने र नियमित तालिम सञ्चालन गर्ने
- फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साइटको निर्माण गर्ने ।
- विकसित भैरहेका बजार केन्द्र क्षेत्रतर्फ सडक ढलको क्रमश निर्माण, मर्मत संभार र स्तरोन्नति गर्दै जाने ।
- प्रत्येक घरमा चर्पीको प्रयोग अनिवार्य गर्ने । नभएका घरमा निर्माण गर्न सहयोग जुटाउने ।
- घरबाट निस्कने ढल व्यवस्थापन गर्न सेप्टिक ट्याङ्की वा भान्छाबाट निस्कने फोहरलाई करेसाबारीमा विर्सजन गर्न प्रोत्साहन गर्ने ।
- बजार केन्द्रहरूमा घरबाट निस्कने फोहर तथा ढल व्यवस्थापनका लागि गाउँपालिकाले व्यवस्था गर्ने
- घर आँगन र टोल सफा राख्न समुदायस्तरमा व्यापक जनचेतनाका कार्यक्रम सञ्चालन गरी नियमित रूपमा सरसफाई अभियान सञ्चालन गर्ने ।
- गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक बिपत्तीहरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने ।
- विपद्को समयमा राहत र उद्धार कार्य गर्न सक्षम संयन्त्रको निर्माण गर्ने
- विपदको समयमा भेला हुने स्थानको पहिचान गरी त्यस्ता खुल्ला स्थानहरूलाई आवश्यक पूर्वाधारयुक्त बनाउँदै लैजाने ।
- आकस्मिक उपचार, खाद्यान्न आपूर्ति तथा सुरक्षाको पूर्व तयारी गर्ने ।

### ५.४.२ योजना तथा कार्यक्रमहरू

#### (क) वन तथा भू-संरक्षण

गाउँपालिकाको झण्डै ८० क्षेत्रफल वनजंगल र झाडी बुट्यानले ओगटेको छ । यो क्षेत्र नै गाउँपालिकाको प्रमुख सम्पदा हो । पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुहरूको बासस्थान कायम राख्न वन जंगलको संरक्षण प्राथमिकताका साथ गर्नुपर्दछ । गाउँपालिकामा वैज्ञानिक वन

व्यवस्थापन प्रणाली लागु नभई प्राकृतिक अवस्थामा रहेको र वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भई संरक्षण हुन सकिरहेको छैन । अर्कोतर्फ वनक्षेत्र बाहेक झाडी बुट्यान क्षेत्र र खेर गैरहेको जमिनहरू रहेकोले प्राकृतिक अवस्थाको वनलाई उत्पादनमुखी बनाउँदै झाडी तथा खेर गैरहेको जमिनमा वडास्तरमा व्यापक जनपरिचालन गरी वृक्षारोपण गर्नसके गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गर्न सकिन्छ । यसो गर्दासो वनलाई आय आर्जनसँग जोडेर अगाडि बढ्न सकिन्छ ।

अर्कोतर्फ पहाडी भू-घरातल भएको अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर भू-क्षय हुने र विभिन्न वडाहरूमा पहिरो गई सडक अवरुद्ध हुने साथै धनजनको क्षती भइरहेकोले भू-संरक्षणका हिसाबले अति सम्वेदनशील क्षेत्रहरूमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत पहिरो नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकता दिनु आवश्यक छ ।

### (ख) वैज्ञानिक वन व्यवस्थापन

दिगो र वैज्ञानिक वन व्यवस्थापन गरी उत्पादनशील सदुपयोग र संरक्षण गर्ने नीतिलाई वैज्ञानिक वन व्यवस्थापन भन्निछ । वैज्ञानिक वन व्यवस्थापन प्रणालीले वर्तमान अवस्थामा वन पैदावारको माग पुरा गर्न, वन पैदावारको गुणस्तर कायम गर्न, गरिबी निवारण तथा जलवायू परिवर्तनका असरहरूसँग लड्न र सम्पुर्ण जैविक विविधताको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउँछ ।

यस प्रणालीले वनको दिगो सदुपयोग गरी संरक्षण समेत गर्ने नीति लिएको हुन्छ । नेपालको सन्दर्भमा अधिकांश वनजंगल प्राकृतिक अवस्थामा नै रहेको र त्यसलाई उत्पादन र उपयोगिताको आधारमा पूर्णरूपमा उत्पादनशील र प्रतिफलका लागि सदुपयोग नगरी नबनाई प्राकृतिक अवस्थामा नै छोडिएको र वन पैदावारको उच्चतम उत्पादन नभई गुणस्तर समेत खस्किएकोले वन संरक्षणको साथमा त्यसलाई उत्पादनशील बनाई उच्चतम उपयोग गर्नलाई वैज्ञानिक वन व्यवस्थापन प्रणाली अवलम्बन गर्न जरुरी छ । अव्यवस्थित तरिकाले रुख काट्ने परिपाटीको अन्त्य गरी छनौट गरी रुख काट्ने परिपाटी बसाउने, काठको खेर जान नदीने, समयमै वृक्षारोपण गरी उपयुक्त समयमै काटेर त्यसको पूर्ण सदुपयोग गर्न वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु गर्नु जरुरी छ । जनसङ्ख्याको बढ्दो मागलाई सम्बोधन गर्न वनको उत्पादनशील क्षमतालाई अभिवृद्धि गर्नुपर्दछ । तसर्थ सामान्य अर्थमा भन्दा हामीले कृषि फर्म अन्तर्गत बालीनाली लगाई त्यसको उचित गोडमेल, स्याहार र रेखदेख गरी राम्रो उत्पादन गर्न अवलम्बन गर्ने उपायहरू जस्तै : वनको समेत स्याहार गरी प्रतिफलमुखी बनाउन सकिन्छ । यसो गर्दा वनको संरक्षण हुन गई उच्च प्रतिफलमुखी हुन जान्छ । साथै यसबाट कार्बन उपभोग वृद्धि भई स्वस्थ तथा गुणस्तरीय वनको उत्पादन हुन जान्छ ।

नेपालको सामुदायिक वन तथा अन्य राष्ट्रिय वनहरूको अवस्था हेर्दा बढी संरक्षणमुखी देखिएतापनि त्यसको उपादेयताको दृष्टिकोणबाट हेर्दा प्रतिफलमुखी देखिँदैन र यसको साथै वन पैदावारको गुणस्तर समेत कमजोर छ । रुखहरू खोक्रो हुने, मिचहा प्रजातिको अतिक्रमण हुने, उपयोगी बोटविरुवा र काठको कमी हुने र जमिनको क्षेत्रफलमात्र बढी ओगटेको पाइन्छ । यसले वनको पुर्नउत्थानलाई गम्भीर असर पारेको छ । वैज्ञानिक वन व्यवस्थापनको अर्को राम्रो पक्ष भनेको यसले वन संरक्षण तथा प्रशासनिक कार्यमा पुऱ्याउने सहयोग पनि हो । यस अन्तर्गत वनमा रहेका रुखहरूको भू-सुचना प्रणाली अनुरूप पूर्णरूपमा

अभिलेखिकरण गरिएको हुने हुनाले गैर कानूनीरूपमा वन पैदावारको तस्करी नियन्त्रण गर्न समेत सघाउ पुऱ्याउँछ ।

नेपालको सन्दर्भमा वनको वैज्ञानिक व्यवस्थापन गर्नु आर्थिक हिसाबले समेत अत्यन्त श्रेयस्कर रहेको छ । ठुलो हिस्सा जनसङ्ख्या एक वा अर्कोरूपमा वनसँग जोडिएको हुनाले उनीहरूको आयआर्जनमा वृद्धि गरी राजश्व सङ्कलनमा सहयोग पुग्नुका साथै पर्यापर्यटन तथा वातावरण सन्तुलनमा यसले ठुलो योगदान पुऱ्याउन सक्छ । तसर्थ नेपालले व्यापकरूपमा वनको वैज्ञानिक व्यवस्थापनको नीति अंगीकार गर्दा लाखौं रोजगारी श्रृजना हुनुको साथै स्थानीयवासीहरूको जीवनस्तर उस्कन गई समग्र आर्थिक समृद्धिको बाटो खुल्दछ ।

राज्यद्वारा नियन्त्रित वनको उचित व्यवस्थापन र संरक्षण नहुँदा सन् १९८९ देखि नेपालमा समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम लागु भयो । यसले वन संरक्षणमा सहयोग त पुऱ्यायो तर यस अगाडि उल्लेख गरिए जस्तै यो कार्यक्रम बढी संरक्षणमुखी भयो । वार्षिकरूपमा अत्यन्त सिमित मात्रामा घाँस दाउराको उपयोग गर्ने बाहेक थप उपयोगिता भने भएन तसर्थ समयको माग अनुसार सन् २०१२ देखि नेपाले “समृद्धिको लागि वन” भन्ने नीति लिएकोले सन् २०१३ मा कपिलवस्तुको तिलौराकोट सामुदायिक वनमा उच्च मुल्यको सालको वनलाई वैज्ञानिक व्यवस्थापन गरी त्यसको सुरुवात गरेको छ । नेपालको वनलाई समृद्धि र वातावरण संरक्षण दुवै सँग जोड्न वैज्ञानिक वन व्यवस्थापनको अपरिहार्यता भएकाले अत्यधिक क्षेत्रफल वनले ओगटेकाले यस गाउँपालिकामा यो कार्यक्रम लागु गर्नु अनिवार्य देखिएको छ ।

**कार्यक्रमहरू**

- वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्न विज्ञसँग परामर्श लिने ।
- सामुदायिक वन तथा वन उपभोक्ता समितिहरूलाई सक्षम तुल्याउन नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- मिचहा प्रजातिका विरुवाहरूको पहिचान गरी उत्पादनशील फलफूल तथा जडिबुटीका विरुवाले प्रतिस्थापन गर्दै जाने ।
- सल्लाको प्रजातिलाई जलाधार संरक्षण गर्ने प्रजातिका विरुवाले प्रतिस्थापन गर्ने ।
- वनसँग आयआर्जनका कार्यक्रमहरूलाई सञ्चालन गर्ने ।
- हर्रो, बर्रो, अमला, चिउरी, रिट्ठा आदिको व्यावसायिक उत्पादन गर्न विभिन्न वडाहरूमा पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने र वन क्षेत्रमा यी विरुवाहरूको उत्पादन सुरु गर्न वृक्षारोपण गर्ने ।
- हरेक वडामा निश्चित हरितक्षेत्रको घोषणा गर्ने ।
- वन तथा भू-संरक्षणका प्रत्येक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गर्ने ।
- पहिरो संवेदनशील क्षेत्रको वडागत नक्शाङ्कन गर्ने ।
- निश्चित समयावधि तोकेर सम्पन्न गर्ने गरी पहिरो नियन्त्रण र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने
- पहिरो नियन्त्रणका जैविक विधिहरू अबलम्बन गर्ने ।
- Critus जातका फलफुलहरूको व्यावसायिक उत्पादन गर्न सामुदायिकस्तरमा सुरु गर्ने
- वन अतिक्रमण रोक्न कडा नीति अबलम्बन गर्ने ।
- निश्चित प्रतिफल र सुचकाङ्कका आधारमा प्रत्येक वर्ष वन उपभोक्ता समूहमध्येबाट सर्वोकृष्टलाई पुरस्कृत गर्ने ।
- वन तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

- पहिरो नियन्त्रण तथा भूसंरक्षण गर्न जैविक र परम्परागत विधिहरूको अध्ययन र सो सम्बन्धी तालिम सञ्चालन गरी स्थानीयबासीहरूलाई परिचालन गर्ने ।
- स्थानीय जलवायु अनुकूलका विरुवाहरूको बेर्ना तयार गरी वितरण गर्न प्रत्येक वडामा कम्तीमा एक नर्सरीको स्थापना गर्ने ।
- नर्सरीमा उत्पादित विरुवाको निजीस्तरमा विक्री तथा सार्वजनिक र सामुदायिकस्तरमा वितरण गर्न वार्षिक क्यालेण्डर निर्माण गर्ने ।
- निजी वन संरक्षण र विस्तार गर्ने व्यक्ति वा समुहलाई विरुवामा निश्चित प्रतिशत अनुदान दिने ।
- गाउँपालिकामा कम्तीमा एक तार जाली निर्माण कारखाना खोल्न निजी क्षेत्रलाई वातावरण निर्माण गरी सो खरिद गर्ने ।
- जैविक र परम्परागत विधिबाट पहिरो नियन्त्रण प्रविधि प्रयोग गर्न नमुना छनोट गरी गाउँपालिकाको कम्तीमा एक स्थानमा नमुना पहिरो नियन्त्रण कार्यक्रम लागु गर्ने ।
- हरेक वडा कार्यालयले वडा कार्यालय परिसरमा नमुना बगैंचा वा नमुना वृक्षारोपण क्षेत्र स्थापना गर्ने ।
- मुख्य सडकका दाँयाबाँया सम्पूर्ण उपयुक्त स्थानहरूमा अनिवार्य वृक्षारोपण गर्ने ।
- विज्ञ समुहको परामर्श लिई गाउँपालिकामा पाइने सम्पूर्ण वनस्पतिको सूची तयार पारी संकटासन्न र लोपउन्मुख प्रजातिहरू घोषणा गर्ने ।
- वनस्पति र बन्यजन्तु संरक्षणका स्थानीयस्तरका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- चोरी शिकारी नियन्त्रण गर्ने ।
- राष्ट्रिय नीति र कानून बमोजिम संरक्षित वनस्पति र वन्यजन्तुको उत्पादन वा सिधै निकासी वा ओसारपसार नियन्त्रण गर्ने स्थानीय संयन्त्र निर्माण गर्ने ।
- प्रत्येक वडामा एक नमुना जडिबुटी उत्पादन क्षेत्र घोषणा गरी व्यावसायिक उत्पादन गर्ने ।
- धार्मिक वन, राष्ट्रिय वन र कबुलियती वनको लगत तयार गरी संरक्षणका लागि संयन्त्र निर्माण गर्ने ।

### (ख) जलाधार संरक्षण

जलस्रोतको हिसाबले नेपाल संसारकै दोस्रो ठूलो देश भन्दै आईरहेको वर्षौं भएतापनि यसको संरक्षण र उच्चतम सदुपयोगमा नेपाल पछाडि परेको छ । गाउँपालिका जलस्रोत र जलाधार क्षेत्रको हिसाबले सम्पन्न छ । तथापि यसको पूर्ण सदुपयोगको ठोस योजना नहुँदा जलस्रोत खेर गईरहेको छ । गाउँपालिकाको समृद्धिको आधारमध्ये जलश्रोत पनि एक हो । तराई क्षेत्रको आर्सेनिकयुक्त पानी र भूमिगत फलामयुक्त पानी बाहेक अन्य सबै प्रकारको पानी शुद्धीकरण गरी पिउन मिल्ने प्रकारको भएकाले टापु नै टापुले बनेको माल्दिभ्स र युरोपभन्दा नेपाल जलस्रोतमा धनी बन्न पुगेको हो । अर्थात नेपाल स्वच्छ (Fresh Water) पानीका हिसाबले धनी राष्ट्र हो । गाउँपालिकाको जलाधार संरक्षणका लागि निम्न कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त हुन्छ ।

- सम्पूर्ण पानीका मुहानहरूको पहिचान गरी प्रोफाइल तयार गर्ने ।
- सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन गर्ने ।
- सम्पूर्ण सिमसार क्षेत्रको नक्साङ्कन गर्ने ।
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको घोषणा गरी जलाधार संरक्षणका विरुद्ध क्रियाकलापहरू सञ्चालन गर्न रोक लगाउने ।

- प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जलपर्यावरणीय प्रणाली प्रवर्द्धन, वन्यजन्तु र चराचुरुङ्गीलाई समेत पानीका लागि वन जंगलको बीचबीचमा पोखरीहरू अभियानकोरूपमा निर्माण गरी वर्षातको पानी सङ्कलन गर्ने ।
- जलाधार क्षेत्र घोषणा भएका इलाकाहरूमा जलाधार संरक्षण गर्ने प्रजातिका विरुवाहरू लाई वृक्षारोपण गर्ने ।
- प्रत्येक वडामा कम्तीमा एक वटा नमुना जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- जलस्रोतको सदुपयोग गरी उद्योग वाणिज्यको विकास गर्न निजी क्षेत्रलाई मिनरल वाटर उद्योग खोल्न आकर्षण गर्ने ।
- थोपा थोपा जलको सदुपयोग गरी सिँचाईमा प्रयोग गर्न वातावरण अनुकूल सिँचाई आयोजना सञ्चालन गर्ने ।
- जलको संरक्षण र सदुपयोग गरी जल पर्यावरणीय प्रणाली कायम र संरक्षण गर्न प्रत्येक वडामा सम्भावित क्षेत्रमा सम्भाव्यता अध्ययन गरी माछापालनलाई प्रोत्साहन गर्ने ।
- अग्ला पहाडी थुम्का तथा लेकहरूमा वर्षातको पानी सङ्कलन र भण्डारण प्रणालीको विकास गर्ने ।
- सिँचाईका लागि उपयुक्त स्थानमा प्लाष्टिक पोखरीहरू निर्माण गर्ने ।
- पानीका मूलहरूलाई लक्षित गरी तीनको वरपर पोखरी निर्माण र वृक्षारोपणलाई उच्च प्राथमिकता दिने ।

### (ग) वातावरण संरक्षण

वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न निम्न क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक छ ।

- वायुप्रदुषण नियन्त्रण गर्न क्रमश सबै सडकहरू कालोपत्रे गर्दै जाने ।
- प्लास्टिक जलाउने परिपाटीलाई पूर्णत बन्देज गर्ने ।
- घरआँगन, टोल सफा राख्ने र नियमित सरसफाई अभियान सञ्चालन गर्ने ।
- पानीका मुहानहरू सफा राख्ने र त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गर्ने ।
- विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुङ्गा, गिट्टी बालुवा उत्खनन् आदि गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरश पालन गर्ने ।
- वस्ती, विद्यालय वरपर, स्वास्थ्य संस्था जस्ता संवेदशील क्षेत्र वरपर ध्वनि प्रदुषण नियन्त्रण गर्न ध्वनि निषेधित क्षेत्र घोषणा गर्ने ।
- ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरू मन्दिरहरू र पर्यटन क्षेत्रको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल विकास र संरक्षण गर्ने ।
- मरेका पशुचौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोक्ने र विसर्जन गर्ने संयन्त्र निर्माण गर्ने ।
- प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य इन्धनमा काठ दाउरालाई विस्थापन गर्न वैकल्पिक उर्जा जस्तै : गोबरग्याँस, वायोग्याँस, विद्युत, सुधारिएको चुलो आदिको व्यवस्था गर्न निश्चित प्रतिशत अनुदान दिने ।

- प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गर्ने ।
- ठूला उद्योग, क्रसर, इटाभट्टा जस्ता प्रदुषण बढाउने उद्योगलाई घना मानववस्ती भएको इलाकामा स्थापना गर्न निषेध गर्ने । यस्ता उद्योगहरूलाई वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनाई सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्नुपर्ने प्रावधान बनाउने
- वातावरण संरक्षणमा गाउँपालिका भएर बग्ने प्रमुख खोलाहरूको किनार लगायत पहिरो संवेदनशील क्षेत्रमा नदी कटान तथा पहिरो नियन्त्रण गर्ने योजना कार्यान्वयन गर्ने
- प्रत्येक वडामा एक-एक वटा वडागत नमुना पार्कहरूको निर्माण गर्ने
- वडा नं. २ धरमपानीमा रहेका बस्ती पहिरोको जोखिममा रहेकाले स्थानान्तरण गर्ने
- वडा नं. ५ का लहापे लगायतका पहिरो जोखिम क्षेत्रबाट बस्तीहरूलाई सुरक्षित स्थानमा सार्नुपर्ने
- सम्पुर्ण पहिरोग्रस्त क्षेत्रहरूलाई नक्साङ्कन गरी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने
- गाउँपालिकाका चुनढुङ्गा खानी उत्खनन पूर्व IEE गर्ने
- वडा नं. ७ का मसानघाट, रुनेखोला, फाँटखेत, आपखोली, गनाह खोला क्षेत्रमा नदी कटान नियन्त्रण गर्ने
- वडा नं. ७ का शिरुखर्क जरुवा, आमडाँडा, पुठार खोला र सुँगुर पोखरी क्षेत्रका पहिरो नियन्त्रण गर्ने
- वडा नं. ८ को अर्जुनखोला क्षेत्रमा बाढी कटान नियन्त्रण गर्ने
- वडा नं. ६ को अमारे, अर्जुन खोला टाड्केमा बाढी र गदारी, सिस्नेरी, टिकुटी खोला, पाखापानी र बजङ्गे खोला क्षेत्रमा पहिरो नियन्त्रण गर्ने
- वडा नं. ३ को दाङवाङ पहिरो नियन्त्रण तथा मुलाबारीमा कटान नियन्त्रण गर्नुपर्ने
- वडा नं. ४ को गहतेरा, सुहरखोला, अरडखोला, गदारीमा बाढी कटान र गहतेरा, भ्यूडर, अर्जा र तल्लो काभ्रेमा पहिरो नियन्त्रण गर्ने
- वडा नं. १ को स्यूजा, तुषारपानी र कालीमाटी क्षेत्रमा वन डढेलो र ट्याङट्याङ खोलामा पहिरो नियन्त्रण गर्ने

### (घ) जलवायु परिवर्तन

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्वन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसङ्ख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेशन प्रविधिमा प्रयोग हुने क्लोरोफल्लोरो कार्वन (CFC) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect)बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी साम् छ । यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरूपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेच्क्षमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ। किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन् । विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणीय मैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन विरुद्ध अभियान सञ्चालन गरी कम भन्दा कम कार्वन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्बन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ । जलवायु परिवर्तन नियन्त्रण सन्दर्भमा निम्न क्रियाकलाप गर्नु आवश्यक छ ।

- गाउँपालिकामा वन क्षेत्रको विस्तार तथा हरित क्षेत्र कायम गरी कार्वन उपभोगको तह वृद्धि गर्ने ।
- वैकल्पिक र नविकरणीय उर्जा प्रयोगलाई प्रोत्साहन गर्ने ।

- विद्युत उपभोगलाई वृद्धि गरी विद्युत उत्पादनमा लगानी गर्ने र काठदाउराको इन्धनकोरूपमा गरिने प्रयोग शून्यमा झार्ने
- गाउँपालिकामा जलवायु परिवर्तनले पारेका मुख्य प्रभावहरूको अध्ययन गर्न विज्ञको परामर्श लिने र मुख्य प्रभावहरू एकिन गर्ने ।
- नकारात्मक प्रभाव न्यूनीकरणका लागि जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गर्ने ।
- जलवायु परिवर्तनले निम्ताएका समस्याहरूको पहिचान गरी त्यस्ता समस्यासँग जुध्न स्थानीय समुदायस्तरमा तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### (ङ) फोहरमैला व्यवस्थापन

सफा, सुन्दर र स्वच्छ गाउँ सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म पूर्णत ग्रामीण परिवेशमा रहेकाले यो गाउँपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहरमैला उत्सर्जन हुँदैन र फोहर व्यवस्थापन मुख्य चुनौतिकारूपमा रहेको छैन । तथापि व्यक्ति, परिवार, र समुदायस्तरमा सरसफाई र फोहरमैला व्यवस्थापन अनिवार्य र महत्वपूर्ण विषयको रूपमा रहेको छ । हालसम्म फोहरमैला व्यवस्थापनको ठोस योजना लागु नभएकाले व्यक्तिगतरूपमा स्वतर्स्फुत फोहर व्यवस्थापन गर्ने बाहेक अन्य वैज्ञानिक विधिहरूको प्रयोग भएको छैन । क्रमश विकास भइरहेका बजारकेन्द्रहरूमा वरपर फोहर फ्याँक्ने र आफ्नो घरआँगनमा सामान्य सरसफाइ गर्ने बाहेक अन्य कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । गाउँपालिकाको फोहरमैला व्यवस्थापनलाई निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने ।
- घरघरमा फोहरलाई वर्गीकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मलमा परिणत गर्ने ।
- नकुहिने फोहर, प्लाष्टिक, सिसाजन्य फोहरलाई कवाडी सङ्कलन गर्ने ।
- फोहर सङ्कलन र व्यवस्थापनमा निजी क्षेत्रलाई आकर्षण गर्न सम्भाव्यता अध्ययन गर्ने ।
- घर घरमा प्रतिव्यक्ति उत्पादन हुने फोहरलाई कम गर्न समुदायस्तरमा तालिम सञ्चालन गर्ने ।
- प्रत्येक घरमा अनिवार्य चर्पीको प्रावधान लागुगरी चर्पी नभएका विपन्न घरपरिवारमा चर्पी निर्माणलाई प्रोत्साहन गर्न निश्चित प्रतिशत अनुदान दिने ।
- भान्साबाट निस्कने तरल फोहरलाई करेसाबारीमा प्रयोग गर्न प्रोत्साहन गर्ने ।
- कुहिने फोहरको प्रयोग गरी बायोग्याँस निर्माणलाई प्रोत्साहन गर्न प्रत्येक वडामा नमुना फोहरबाट निर्मित बायोग्याँस प्लान्ट निर्माण गर्ने ।
- गाउँपालिकालाई प्लाष्टिकमुक्त बनाउन अभियान सञ्चालन गर्ने ।
- प्रत्येक सार्वजनिक स्थलहरूमा फोहर फ्याँक्न डस्टविन वा फोहर खाल्डोको व्यवस्था गर्ने ।
- प्रत्येक वडामा नियमितरूपमा (प्रत्येक हप्ता) विद्यार्थी, शिक्षक, गाउँपालिकाका कर्मचारीहरू र स्थानीयवासीको संलग्नतामा सरसफाई अभियान सञ्चालन गर्ने ।
- पानीका मुहान वरपर फोहर गर्नेलाई जरिवाना गर्ने ।
- प्रत्येक सार्वजनिक स्थलहरूमा  सार्वजनिक शौचालय निर्माण गर्ने ।
- मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफा गर्न वडास्तरबाट कर्मचारीको व्यवस्था गर्ने सो क्षेत्रको सरसफाई गरेवापत बजार क्षेत्रका घरधुरीहरूबाट कर्मचारीको व्यवस्थापनका लागि सरसफाई शुल्क उठाउने ।

- व्यक्तिगत स्वास्थ्य र सरसफाइ सम्बन्धी वडास्तर र विद्यालयस्तरमा नियमित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- वर्षातको पानी सङ्कलन गरी सरसफाईमा प्रयोग गर्न वडास्तरमा पानी सङ्कलन केन्द्रहरूको स्थापना गर्ने ।

### (च) जल उत्पन्न प्रकोप तथा विपद् व्यवस्थापन

भौगोलिक जटिलताका कारणले समेत नेपाल प्राकृतिक प्रकोपका हिसाबले जोखिमयुक्त देश हो । नेपालको महालङ्गुर हिमश्रृङखला भूकम्पको फल्टलाइनमा पर्दछ । तसर्थ यो भूकम्पीय हिसाबले अति संवेदनशील क्षेत्रमा पर्दछ । यो गाउँपालिका समेत प्राकृतिक प्रकोपका हिसाबले संवेदनशील अवस्थामा रहेको छ । २०७२ सालको महाभूकम्पको राष्ट्रिय पीडा हालसम्म निको भैसकेको छैन यसका अलावा पहिरो, डँडेलो, सुख्खा खडेरी, चट्याङ्ग, असिना, कटान आदि यस गाउँपालिकामा देखापर्ने प्रकोपहरू हुन् । तसर्थ यी प्रकोपहरू सामान्यतया पूर्णत नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी धनजनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । त्यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नुपर्दछ ।

#### विपद् पूर्व तयारी

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने ।
- विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समितिको गठन गर्ने ।
- वडास्तरमा मुल समितिको मातहतमा रहनेगरी वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने ।
- गाउँपालिकामा उपलब्ध विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउन सक्ने सम्पूर्ण संस्था र सम्बन्धित अधिकारीहरूको यकिन गरी मूलसमितिमा संलग्न गराउने ।
- समितिको नियमित बैठक आयोजना गर्ने ।
- समुदाय तथा विद्यालयहरूमा विपद् सामना गर्न नियमित तालिम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूलाई नियमित तालिम तथा प्रशिक्षणको आयोजना गर्ने
- गाउँपालिकामा आइलाग्न सक्ने मुख्य जोखिमको पूर्वानुमान र आँकलन गर्ने ।
- बेलाबेलामा उद्धार तथा बच्ने उपायबारे पूर्वाभ्यासहरू सञ्चालन गर्ने ।
- उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गर्ने ।
- महामारीबाट बच्ने उपायहरूबारे स्थानीय सञ्चार माध्यमहरूबाट जनचेतनामूलक सन्देश नियमित प्रवाह गर्ने ।
- स्वास्थ्य सेवा, पिउनेपानी, खाद्यान्न आपूर्ति प्रणालीलाई विपद्को बेला काम लाग्न सक्ने गरी ठीक अवस्थामा राख्ने ।
- प्रत्येक वडामा विपद्को बेला जम्मा हुने स्थानको तय गर्ने र त्यस्ता स्थानको सूची तयार गरी घोषणा गर्ने र साथै ती क्षेत्रहरूलाई पूर्वाधारयुक्त बनाउने ।
- भूकम्प प्रतिरोधी घरलाई मात्र निर्माण प्रमाणपत्र दिने ।
- मापदण्ड नपुगेका घरहरूलाई निश्चित मापदण्ड पुरा गरी निर्माण वा पुननिर्माण गर्न समय प्रदान गर्ने ।

- इन्जिनियर तथा डकर्मीहरूलाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न नियमित तालिम दिने ।
- प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने ।
- उद्धार टोली र उपकरणलाई तम्तयार अवस्थामा राख्ने ।
- उद्धार सम्बन्धी तालिमहरू सञ्चालन गर्ने
- आकस्मिक स्वास्थ्य उपचारको उचित प्रबन्ध गर्ने ।
- प्राथमिक उपचार सामग्री, दमकल, एम्बुलेन्स आदिको प्रबन्ध गर्ने ।
- संभाव्य स्थानहरूमा विपद् पूर्वसंकेत दिने उपकरणहरू जडान गर्ने ।
- जोखिमयुक्त क्षेत्रहरूमा मानवीय गतिविधिहरू निषेध गर्ने ।
- सुरक्षा निकाय अन्तर्गत शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरी विपदको वेला तमतयार रहने संयन्त्र निर्माण गर्ने

### तत्कालीन उद्धार

- विपद् व्यवस्थापन समितिका उपलब्ध पदाधिकारीहरूको आपतकालीन वैठक बसी विपद्को क्षति तथा उद्धारको आवश्यकता आँकलन गरी तत्काल उद्धार टोली परिचालन गर्ने ।
- पहिरोमा पुरिएका, घरको भग्नावशेषमा पुरिएका, बगाएका, घाउचोटपटक लागेका, बढी जोखिममा रहेका घाइतेहरूको उद्धारलाई प्राथमिकता दिई स्वास्थ्य उपचार आकस्मिक कक्षसम्म पुऱ्याउने ।
- एम्बुलेन्स र दमकल परिचालन गर्ने ।
- अवस्था हेरेर आपतकालीन अवस्थाको घोषणा गरी बाह्य सहयोग आह्वान गर्ने
- विपद्सम्बन्धी सूचना आदानप्रदान तथा प्रसारणका लागि स्थानीय सञ्चार माध्यामका प्रतिनिधिहरूलाई विपद् व्यवस्थापन समितिमा सम्मिलित गराउने ।
- जिल्ला तथा राष्ट्रिय विपद् व्यवस्थापन टोलीको सहयोग लिने ।
- सडक अवरुद्ध भएका स्थानहरूमा तत्काल सडक आवागमन खुल्ला गर्ने ।
- शवहरूको व्यवस्थापन गर्ने ।
- खाद्यान्न, पानी, औषधी, त्रिपालको प्रबन्ध गरी सर्वप्रथम बालबालिका, वृद्धवृद्धा र महिला, असहायहरूको उद्धार गरी प्राथमिकतामा राख्ने ।
- रक्त सञ्चार सेवाको प्रबन्ध गरी सुचारु राख्ने ।
- उद्धारकोषको व्यवस्था र स्थापना गर्ने र सहयोगको लागि सबैसँग अपिल गर्ने ।
- थप विपद् आउन सक्ने बारे सचेत बनाउने ।

### विपद् पश्चात्

- महामारी फैलन सक्ने जोखिमको पूर्वानुमान गरी जनचेतना फैलाउने ।
- महामारीसँग सामना गर्न आवश्यक चिकित्सकहरू तथा औषधीसहितको स्वास्थ्य उपचार टोलीको प्रबन्ध गर्ने ।
- सामुहिक भोजनको लागि मेस सञ्चालन गर्ने ।
- सुरक्षित पिउने पानी, खाद्यान्न, औषधी, कम्बल त्रिपालको आपूर्तिको व्यवस्था मिलाउने ।
- मनोवैज्ञानिक परामर्श टोली परिचालन गर्ने/आवास पुर्नस्थापनामा कार्यक्रम सञ्चालन गर्ने ।
- भत्केका विद्यालय तथा स्वास्थ्यचौकीलाई पुर्नस्थापना गर्ने ।

- पोषणयुक्त आहारको प्रबन्ध गरी बालबालिका, सुत्केरी, गर्भवती, वृद्धवृद्धा, अनाथ अपाङ्गहरूलाई प्राथमिकता दिने ।
- अस्थायी प्रकृतिका सेवा केन्द्रहरूको व्यवस्था गर्ने ।
- अस्थायी शौचालयहरूको निर्माण गर्ने ।
- जनजीवन सामान्य हुँदैजाँदा विद्यालय सञ्चालन गर्न पहल गर्ने ।
- आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थामा ध्यान दिने ।

### ५.४.३ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि Logical Framework Approach (LFA)

**सोच**

**"जल, जमिन, जंगल र जडिबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत समृद्धि हासिल गर्ने"**

**लक्ष्य**

**"बंगलाचुलीलाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने"**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ हालको ७८.९६ प्रतिशत वनको क्षेत्रफल कम्तीमा ८० प्रतिशतमा कायम हुनेछ ।<br>▪ हालको १.६५ प्रतिशत झाडी तथा बुट्यान पूर्ण हरित क्षेत्रको उत्पादनशील वनमा परिणत भएको हुनेछ ।<br>▪ गाउँपालिकामा वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भई वनले स्थानीय जनताको आयस्तर माथि उठाउन सहयोग गर्नेछ ।<br>▪ स्थानीय वन ऐन जारी भई वनको दिगो व्यवस्थापन र संरक्षण सुनिश्चित हुनेछ ।<br>▪ सामुदायिक वन उपभोक्ता समितिहरू सक्षम र सकृय हुनेछन् ।<br>▪ अधिकांश सल्लाको जंगल प्रतिस्थापन भई जलाधार संरक्षण हुने वनस्पतियुक्त वनमा परिणत हुनेछन् ।<br>▪ गाउँपालिकामा रहेका सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भएको हुनेछ ।<br>▪ जलाधार क्षेत्रहरूमा जलाधार संरक्षण विरुद्ध हुने मानवीय क्रियाकलापहरू जस्तै : वनजंगल फँडानी, निर्माण र अतिक्रमणलाई | **वि.सं. २०८० सालसम्म**<br>▪ हाल रहेको ७८.९६ प्रतिशत वन क्षेत्रलाई ८० प्रतिशतमा कायम राखिएको हुनेछ ।<br>▪ हालको १.६५ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र मध्ये सत् प्रतिशत झाडी तथा बुट्यानलाई उत्पादनशील वनमा परिणत गर्न वृक्षारोपण भएको हुनेछ ।<br>▪ वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागु भएको हुनेछ ।<br>▪ स्थानीय वन ऐन जारी भएको हुने ।<br>▪ निश्चित सूचकाङ्कका आधारमा सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई प्रत्येक वर्ष पुस्कृत गरिने ।<br>▪ गाउँपालिका भर रहेको कूल सल्लाको जंगल मध्ये २० प्रतिशत जंगलमा सल्ला प्रतिस्थापन भैसकेको हुनेछ ।<br>▪ प्रत्येक सामुदायिक वनहरूमा कम्तीमा ५ प्रतिशत क्षेत्रफलमा | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै व्यापार वृद्धि, जोखिम न्यूनीकरण र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।<br>▪ सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ । |

| | | | |
|---|---|---|---|
| पूर्णत निषेध गरिएको हुनेछ ।<br>▪ प्रत्येक जलाधार क्षेत्रमा संरक्षण कार्यक्रमहरू लागु भई नियमित वृक्षारोपाण, तार जाली, बाँध निर्माण, पोखरी निर्माण, भूसंरक्षण तथा क्षयीकरण रोक्ने परम्परागत विधिको प्रयोग जस्ता क्रियाकलापहरू सूचारु भएका हुनेछन् ।<br>▪ जल, जमिन, वायु र ध्वनि प्रदुषण मापदण्ड लागु भएको हुनेछ ।<br>▪ हरेक वडामा कम्तीमा एक नमुना हरित क्षेत्रको निर्माण भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा कम्तीमा एक एक वटा वर्षातको पानी सङ्कलन गर्ने नमुना पोखरीको निर्माण भएको हुनेछ ।<br>▪ गाउँपालिकाभर रहेका पहिरो र पहिरो संवेदनशील क्षेत्रको नक्शाङ्कन गरी पहिरो नियन्त्रण कार्यक्रम प्रभावकारी भएको हुनेछ ।<br>▪ राष्ट्रिय संरक्षण नीति अनुरूप वनस्पति र वन्यजन्तु संरक्षण र सङ्ख्या वृद्धि गर्ने कार्यक्रम लागु भएका हुनेछन् ।<br>▪ जलवायु परिवर्तनले पारेका प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरूको अध्ययन गरी सुझाव पेश गर्न विज्ञहरूसँग परामर्श लिई जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ वैज्ञानिक फोहर व्यवस्थापन प्रणालीको सूरुवात भई सेरोफेरो र पर्यावरण स्वच्छ र सुन्दर हुनेछ ।<br>▪ उपयुक्त स्थानको पहिचान गरी ल्याण्डफिल साइटको निर्माण भैसकेको हुनेछ ।<br>▪ सम्पूर्ण मूल तथा सहायक सडकहरू नालाहरू निर्माण भैसकेका हुनेछन् ।<br>▪ प्रत्येक घरमा चर्पी निर्माण भइसकेको हुनेछन् ।<br>▪ प्रमुख बजार क्षेत्रमा ढल निकासको प्रबन्ध भैसकेको हुनेछ ।<br>▪ गाउँ, टोल, सडक सफा | फलफुलको विरुवाहरू वृक्षारोपण भएको हुनेछ ।<br>▪ सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन भई जलाधार तथा सिमसार क्षेत्र घोषणा भएको हुनेछ ।<br>▪ जलाधार तथा सिमसार क्षेत्रमा अतिक्रमण रोक्न निषेधित क्षेत्र घोषणा भएको हुनेछ ।<br>▪ प्रत्येक जलाधार क्षेत्रमा आवश्यकता हेरी वृक्षारोपण तथा भू-संरक्षण कार्यक्रमहरू लागु भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा एक एक वटा वर्षातको पानी सङ्कलन गर्ने नमुना पोखरी निर्माण भएको हुनेछ ।<br>▪ पानीको मुहान वरपर पानी संरक्षण गर्ने जातका विरुवाहरूको वृक्षारोपण भएको हुनेछ ।<br>▪ जल, जमिन, वायू र ध्वनी प्रदुषण मापदण्ड लागु भएको हुनेछ ।<br>▪ प्रत्येक वडामा एक एक वटा हरित क्षेत्र निर्माणको तयारी पुरा भएको हुनेछ ।<br>▪ पहिरो र पहिरो संवेदनशील क्षेत्रको नक्साङ्कन भइ संरक्षण कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ वन्यजन्तु तथा वनस्पति संरक्षण तथा सङ्ख्या वृद्धि कार्यक्रम लागु भएको हुनेछ । सकटासन्न वन्यजन्तु गणना तथा वनस्पतिको सूची तयार हुनेछ ।<br>▪ जलवायु परिवर्तन प्रभाव अनुकूलन कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ हरेक घर र समुदायस्तरमा फोहर सङ्कलन विधि, वर्गीकरण पुर्नप्रयोग, कम्पोष्ट मल निर्माण जस्ता क्रियाकलापको सुरुवात भएको हुने ।<br>▪ 'क' वर्गका सडकहरू मध्ये सम्पूर्ण सडकमा भू-क्षय र पहिरो जाने स्थानहरूमा सडकनाला | | |

| | | | |
|---|---|---|---|
| गर्न समुदाय स्तरबाट नियमित कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक विपदको पहिचान भएको हुनेछ ।<br>▪ एकीकृत विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना लागु भैसकेको हुनेछ ।<br>▪ सबैखाले प्राकृतिक विपदलाई सामना गर्न सक्षम विपद व्यवस्थापन संयन्त्रको विकास भैसकेको हुनेछ ।<br>▪ विपदको समयमा भेला हुन उपयुक्त स्थानको पहिचान गरी जनसाधारणबीच घोषणा भैसकेको हुनेछन् ।<br>▪ विपदसँग सामना गर्न समुदायस्तरमा पूर्वाभ्यासका कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।<br>▪ आकस्मिक उपचार, खाद्यान्न आपूर्ति, आवास प्रबन्धजस्ता अत्यावश्यकिय आयामहरूको पूर्व तयारी भै-सकेको हुनेछ ।<br>▪ गाउँपालिकलालाई आवश्यक एम्बुलेन्स, दमकल र अन्य उद्धार सामग्रीहरूको प्रबन्ध भैसकेको हुनेछ । | निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ प्रत्येक घरमा चर्पी निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ घर घरमा फोहर उत्पादन कम गर्ने र फोहर पानीलाई करेसाबारीमा विसर्जन गर्ने तालिम तथा जनचेतनाका कार्यक्रमहरू नियमित भएको हुनेछन् ।<br>▪ प्रमुख बजार केन्द्रहरूमा चोक र सेरोफेरो सफा गर्न कर्मचारी व्यवस्थापन गरिएको हुनेछ ।<br>▪ जनघनत्वका आधारमा प्रमुख बजार केन्द्र जस्तै छनोट गरी ढल व्यवस्थापनका लागि DPRतयार हुनेछ ।<br>▪ समुदायस्तरबाट घर आँगन र टोल सफा गर्न वडा स्तरमा सरसफाइ समितिहरू गठन भइ हरेक महिनाको अन्तिम शनिबार सामुदायिक सरसफाई अभियान तथा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुनेछ ।<br>▪ विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार भई लागु भएको हुनेछ ।<br>▪ विपद्को बेला भेलाहुनेगरी प्रत्येक वडामा त्यस्ता स्थानहरूको तय भइ घोषणा भएको हुनेछ ।<br>▪ आगामी ५ वर्षमा एक दमकल र ४ वटा एम्बुलेन्स खरिद गरिएको हुनेछ ।<br>**वि.सं. २०८५ सम्म**<br>▪ सत् प्रतिशत झाडी बुट्यान क्षेत्र उत्पादनशील वनमा परिणत हुनेछ ।<br>▪ गाउँपालिकामा रहेको कूल सल्लाको वन मध्ये ५० प्रतिशत प्रतिस्थापन भइसकेको हुनेछ ।<br>▪ प्रत्येक सामुदायिक वनमा १५ प्रतिशत भू-भागमा जडिबुटी तथा फलफूलले ढाकेको हुनेछ ।<br>▪ प्रत्येक सामुदायिक वन | | |

| | | | |
|---|---|---|---|
| | भित्र कम्तीमा एक-एक वटा हरित क्षेत्रमा वृक्षारोपण कार्य पूरा भएको हुनेछ ।<br>▪ प्रत्येक वडाका पहिरो संवेदनशील क्षेत्र र पहिरोहरू जैविक नियन्त्रण विधिबाट हराभरा हुनेछन् ।<br>▪ पछिल्लो दशवर्षमा कम्तीमा २० प्रतिशतले सकटासन्न छोषणा भएका वन्यजन्तु र वनस्पतिको वृद्धि हुनेछ ।<br>▪ उपयुक्त स्थानमा ल्यान्डफिल साइटको निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ 'क' वर्गका सम्पूर्ण सडकहरूमा सडक नाला निर्माण सम्पन्न हुनेछ ।<br>▪ सबै प्रमुख बजार केन्द्रहरूमा छनोटका आधारमा ढल तयार हुनेछ ।<br>▪ आगामी दश वर्षमा २ दमकल र ८ वटा एम्बुलेन्स खरिद गरिएको हुनेछ ।<br>▪ सम्पुर्ण मिचाहा प्रजातिका विरुवाहरूको नियन्त्रण भएको हुनेछ ।<br>▪ सम्पुर्ण मिचाहा प्रजातिका विरुवाहरूको नियन्त्रण भएको हुनेछ ।<br>**वि.सं. २०९० सम्म**<br>▪ गाउँपालिकामा रहेको कूल सल्लाको वन मध्ये ७० प्रतिशत प्रतिस्थापन हुनेछ ।<br>▪ प्रत्येक सामुदायिक वनमा ३० प्रतिशत जडिबुटी र फलफूलले ढाकेको हुनेछ ।<br>▪ प्रत्येक सामुदायिक वनभित्र जल पर्यावरणीय प्रणाली कायम गरी चराचुरुङ्गी र वन्यजन्तुलाई आवश्यक जल आपूर्ती गर्न आवश्यक सङ्ख्या पहिचान गरी पोखरी निर्माण सम्पन्न हुनेछ ।<br>▪ पछिल्लो पन्ध्र वर्षमा संकटासन्न जीवजन्तु र वनस्पतिको सङ्ख्यामा ३० | | |

| | | | |
|---|---|---|---|
| | प्रतिशत वृद्धि हुनेछन् ।<br>▪ 'ख' वर्गका सम्पूर्ण सडकमा सडक नाला निर्माण सम्पन्न हुनेछ ।<br>▪ जनघनत्वका हिसाबले सबै प्रमुख बजार केन्द्रहरूमा ढल निर्माण कार्य सम्पन्न हुनेछन् । | | |

| | कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| **(क)** | **वन तथा भू-संरक्षण** | | |
| ▪ | विज्ञसँग परामर्श लिई गाउँपालिका भर वैज्ञानिक वन व्यवस्थापन योजना लागु गर्ने | | |
| ▪ | विद्यालय तथा अन्य सार्वजनकि संस्थाका लागि डि.पि.आर भएका क्षेत्रमा सोही अनुसारका भू-उपयोग नीति अपनाउने | | |
| ▪ | वन भित्र फलफूल उत्पादनक्षेत्र घोषणा गरी वृक्षारोपण गर्ने | | |
| ▪ | प्रत्येक वडाहरूमा कम्तिमा एक एक वटा नमुना नर्सरी स्थापना गर्ने | | |
| ▪ | पहिरो र पहिरो संवेदनशील क्षेत्रको नक्शाङ्कन गर्ने | | |
| ▪ | विज्ञ समूहको परामर्श लिई राष्ट्रिय नीति अनुरूप गाउँपालिकामा पाइने सम्पूर्ण वन्यजन्तु र वनस्पतिको सूची तयार पारी संकटासन्न र लोपउन्मूख गरी वर्गीकरण गर्ने | | |
| ▪ | चोरी शिकारी र निकासी नियन्त्रण गर्न संयन्त्र निर्माण गर्ने | | |
| ▪ | चिउरी, रिट्ठा, टिमुर, मालगेडी, हर्रो, बर्रो र अमलाको पकेट क्षेत्र घोषणा गरी व्यवसायीक उत्पादन गर्ने | | |
| ▪ | गाउँपालिकाको कुनै एक स्थान छनोट गरी जैविक र परम्परागत तरीकाले पहिरो नियन्त्रणको नमुना स्थल घोषणा गर्ने | | |
| ▪ | गाउँपालिका केन्द्र र हरेक वडा कार्यालय तथा विद्यालय परिसरमा एक एकवटा फूल बगैंचा अनिवार्य निर्माण गर्ने | | |
| ▪ | वन उपभोक्ता समूहलाई नियमित वन व्यवस्थापन सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | | |
| ▪ | मिचाहा प्रजातीका विरुवाहरू पहिचान गरी प्रत्येक वन क्षेत्रमा तिनीहरूको प्रतिस्थापन र सरसफाई गर्ने | | |
| ▪ | सल्लाको सम्पूर्ण वन क्षेत्र मध्ये ७० प्रतिशत वनलाई उत्पादनशील वनस्पतिले प्रतिस्थापन गर्ने | | |
| ▪ | "वनसँग जनता" कार्यक्रम सञ्चालन गरी प्रत्येक सामुदायिक वनको ३० प्रतिशत क्षेत्रमा जडिबुटि र फलफुल लगाई उपभोक्ताको आय वृद्धि र राजश्व सङ्कलन बढाउने | | |
| ▪ | Critus जातका फलफूल उत्पादनको पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने | | |
| ▪ | हरेक वडामा एक एक वटा नमुना हरित क्षेत्र वा पार्क निर्माण गर्ने | | |
| ▪ | सम्पुर्ण पहिरो क्षेत्रलाई वृक्षारोपण गरी हराभरा बनाउने | | |
| ▪ | सर्वोत्कृष्ट वन उपभोक्ता समूहलाई वार्षिकरूपमा पुरस्कृत गर्ने | | |
| ▪ | पहिरो तथा भू-संरक्षणका जैविक तथा परम्परागत विधिहरूको तालिम तथा प्रशिक्षण कार्यक्रमहरू वडास्तरमा नियमित | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| | सञ्चालन गर्ने | | |
| ▪ | नमूना नर्सरीमा उत्पादित विरुवाहरूको क्यालेण्डर निर्माण गरी बिक्री तथा वितरण गर्ने | | |
| ▪ | निजी वनको अभिलेख तयार पारी विरुवामा अनुदान दिने | | |
| ▪ | धार्मिक, कबुलियती र राष्ट्रिय वनको लगत तयार पारी वृक्षारोपण गर्ने तथा संरक्षण संयन्त्र निर्माण गर्ने | | |
| ▪ | गाउँपालिकामा एउटा तार जाली कारखाना खोल्न निजी क्षेत्रलाई आर्कषण गरी सहुलियत प्रदान गर्ने | | |
| ▪ | मुख्य सडकका उपयुक्त स्थान पहिचान गरी हरित क्षेत्र निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा एक नमुना जडिबुटी उत्पादन क्षेत्र स्थापना गर्ने | | |
| ▪ | नदी नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | अन्य खोलाका कटान क्षेत्र पहिचान गरी नदी नियन्त्रण र तटबन्द कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | पहिरो संवेदनशील क्षेत्रको वडागत नक्शाकन गर्ने | | |
| ▪ | भुटनेटामा जडिबुटी प्रशोधन केन्द्रको स्थापना गर्नुपर्ने | | |
| ▪ | वचनी सानो लेकमा ड्याम र फुलबारी निर्माण गर्ने | | |
| **(ख)** | **जलाधार संरक्षण** | | |
| ▪ | गाउँपालिका भर रहेका सम्पूर्ण जलाधार क्षेत्र र खानेपानी मुहानहरूका प्रोफाइल तयार गर्ने | | |
| ▪ | सम्पूर्ण जलाधार क्षेत्रको नक्साङ्कन गर्ने | | |
| ▪ | जलाधार र सिमसार क्षेत्रको घोषणा गरी मानवीय अतिक्रमण निषेध गर्ने | | |
| ▪ | निजीस्तरबाट मिनिरल वाटर कम्पनी स्थापना गर्न लगानी आर्कषण गर्न अन्तरक्रिया गर्ने | | |
| ▪ | जल पर्यावरणीय प्रणालीको संरक्षण र प्रर्वद्धन गर्न पानीको मुहान नजिक माछापालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्ने | | |
| ▪ | प्रत्येक वडा र वन जंगलहरूमा कम्तीमा एक/एक सङ्ख्यामा पोखरीहरू निर्माण गर्ने | | |
| ▪ | प्रत्येक जलाधार क्षेत्र वरपर खाली स्थानमा जलाधार संरक्षण मैत्री विरुवाहरूको वृक्षारोपण गर्ने | | |
| ▪ | प्रत्येक पानीका मुहानमा जैविक विधि अपनाइ संरक्षण गर्ने | | |
| ▪ | प्रत्येक वडामा एक एक नमुना जलाधार संरक्षण योजना सञ्चालन गर्ने | | |
| ▪ | वडा नं. १ को कालीमाटी चौर, खोपोखरा, नारेडाँडा, सानपोखरी, काउलेपानी, सुजी पोखरा, गोठीवनमा रहेका पोखरीहरूलाई पुर्नस्थापना गरी व्यवस्थित गर्ने | | |
| ▪ | वडा नं. २ को टाकुरा, चौतारी, दार्मा पँधेरा, खाडामा पुराना पोखरीहरू व्यवस्थापन गरिनुपर्ने | | |
| ▪ | वडा नं. २ धिमधिमेमा ड्याम्प बनाउन प्रस्तावित गरिएको | | |
| ▪ | वडा नं. ४ खड्काडाँडा पोखरी, गदारी पोखरी, राता पोखरी, राम्चे पोखरी लगायत अन्य पुराना पोखरीको मर्मत संभार गर्नुपर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | वडा नं. ४ नरमखोलीमा आकाशेपानी सङ्कलन गरी नयाँ पोखरी निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ पोखरडाँडा, मटडाँडा, साउने पानी, बुढीचौरमा भएका पोखरीहको स्तरोन्नति गर्ने | | |
| ▪ | वडा नं. ६ को टोड्के लकेक, तिमिले, सेउडेमा रहेका पुराना पोखरीहरूलाई व्यवस्थित गर्नुपर्ने | | |
| ▪ | वडा नं. ६ वेलडाँडा, रिभानमा नयाँ पोखरी निर्माणको माग | | |
| ▪ | वडा नं. ७ को सुङ्गुरकुना, सिमलकुनामा नयाँ पोखरी निर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ७ को कविलीछेडा, कुटुरे बहर, जवरकोट, विर्खेमा रहेका पुराना पोखरीहरूको पुर्ननिर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ८ को दमईडाँडा, हंशपुर, गोठीवन, चिसापनी, मल्लचौर, आलेडाँडा हाँसीपुरमा नयाँ पोखरी निर्माणको प्रस्ताव गरिएको सो प्रस्तावित पोखरीहरू निर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ८ को पाँचपोखरी, लामपोखरी, दएक पोखरीहरूको निर्माण गर्ने | | |
| ▪ | वडा नं. १ को कालीमाटी चौर, खोपोखरा, नारेडाँडा, सानपोखरी, काउलेपानी, सुजी पोखरा, गोठीवनमा रहेका पोखरीहरूलाई पुर्नस्थापना गरी व्यवस्थित गर्ने | | |
| ▪ | वडा नं. २ को टाकुरा, चौतारी, दार्मा पँधेरा, खाडामा पुराना पोखरीहरू व्यवस्थापन गरिनुपर्ने | | |
| ▪ | वडा नं. २ धिमधिमेमा ड्याम्प बनाउन प्रस्तावित गरिएको | | |
| ▪ | वडा नं. ४ खड्काडाँडा पोखरी, गदारी पोखरी, राता पोखरी, राम्चे पोखरी लगायत अन्य पुराना पोखरीको मर्मत संभार गर्नुपर्ने | | |
| ▪ | वडा नं. ४ नरमखोलीमा आकाशेपानी सङ्कलन गरी नयाँ पोखरी निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ पोखरडाँडा, मटडाँडा, साउने पानी, बुढीचौरमा भएका पोखरीहको स्तरोन्नति गर्ने | | |
| ▪ | वडा नं. ६ को टोड्के लकेक, तिमिले, सेउडेमा रहेका पुराना पोखरीहरूलाई व्यवस्थित गर्नुपर्ने | | |
| ▪ | वडा नं. ६ वेलडाँडा, रिभानमा नयाँ पोखरी निर्माणको माग | | |
| ▪ | वडा नं. ७ को सुङ्गुरकुना, सिमलकुनामा नयाँ पोखरी निर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ७ को कविलीछेडा, कुटुरे बहर, जवरकोट, विर्खेमा रहेका पुराना पोखरीहरूको पुर्ननिर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ८ को दमईडाँडा, हंशपुर, गोठीवन, चिसापनी, मल्लचौर, आलेडाँडा हाँसीपुरमा नयाँ पोखरी निर्माणको प्रस्ताव गरिएको सो प्रस्तावित पोखरीहरू निर्माण गर्नुपर्ने | | |
| ▪ | वडा नं. ८ को पाँचपोखरी, लामपोखरी, दएक पोखरीहरूको निर्माण गर्ने | | |
| ▪ | वडा नं. ५ पोखरडाँडा, मटडाँडा, साउने पानी, बुढीचौरमा भएका पोखरीहको स्तरोन्नति गर्ने | | |
| **(ग)** | **वातावरण संरक्षण** | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | वायु प्रदुषण नियन्त्रण गर्न इट्टा, क्रसर तथा अन्य उद्योगलाई मापदण्ड तोक्ने | | |
| ▪ | प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न प्लाष्टिक झोला प्रतिबन्ध लगाउने | | |
| ▪ | पानीको मुहान वरपर मानवीय गतिविधिमा निषेध गर्ने | | |
| ▪ | छाडा पशु चौपाया नियन्त्रण तथा दण्ड जरिवाना गर्ने | | |
| ▪ | ठूला निर्माण कार्य, ढुङ्गा, गिट्टी, बालुवा तथा खानी उत्खनन्, क्रसर उद्योग सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परिक्षण गर्ने | | |
| ▪ | विद्यालय, स्वास्थ्य क्षेत्र र संवेदनशील क्षेत्र वरपर ध्वनि निषेधित क्षेत्र घोषणा गर्ने | | |
| ▪ | मरेका पशु चौपाया व्यवस्थापन गर्न प्रत्येक वडामा स्थानहरू तोक्ने | | |
| ▪ | आगामी १५ वर्ष भित्र सम्पूर्ण सडकहरू कालोपत्रे गरी वायु प्रदुषण नियन्त्रण गर्ने | | |
| ▪ | प्रत्येक वडामा कम्तीमा १ वायोईन्जिनियरिङ प्रविधिमा आधाररित नमूना सडक निर्माण गर्ने | | |
| ▪ | सम्पूर्ण सम्पदा क्षेत्र तथा धार्मिक मठ मन्दिरहरूमा वातावरणीय हिसाबले एकीकृत विकास गरी पर्यटन प्रर्वद्धन गर्ने | | |
| ▪ | खाना पकाउन प्रयोग हुने काठ दाउरा प्रतिस्थापन गर्न वैकल्पिक उर्जा जस्तै वायो ग्याँस र सौर्य उर्जामा २५ प्रतिशत अनुदान दिने | | |
| ▪ | बजार केन्द्र र जनघनत्व बढी भई मानवीय क्रियाकलाप बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने | | |
| ▪ | प्रत्येक वडामा हरित क्षेत्र निर्माणसँग एकीकृत गरी नमुना पार्कहरू बनाउने | | |
| ▪ | वायू उर्जाको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रलाई आकर्षण गर्ने | | |
| ▪ | चुनढुङ्गा उत्खनन् र ढुवानी आदिबाट आएको प्रदुषणका कारण सामाजिक दायित्व अन्तर्गत सो क्षेत्रको मुख्य सडक खण्डको उपयुक्त स्थानहरूमा दायाँबायाँ वृक्षारोषण अनिवार्य गर्ने | | |
| **(घ)** | **जलवायु परिवर्तन** | | |
| ▪ | जलवायु परिवर्तनका असर, पहिचान गर्न विज्ञसँग परामर्श लिने | | |
| ▪ | मुख्य असर सामना गर्न वडागत योजना तयार गर्ने | | |
| ▪ | जलवायु परिवर्तन अनुकूलन सम्बन्धी वडागत सचेतना र तालिम कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ | विद्युत उर्जाको उपभोग वृद्धि गर्न गाउँपालिकामा लघु जलविद्युतको सम्भाव्यता अध्ययन र लगानीको वातावरण तयार पार्न अन्तरक्रिया सञ्चालन गर्ने | | |
| **(ङ)** | **फोहरमैला व्यवस्थापन** | | |
| ▪ | मुख्य बजार क्षेत्रहरूको फोहर सङ्कलन कवाडी सङ्कलन र व्यवस्थापन गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गर्ने | | |
| ▪ | एक घर एक करेसाबारी अभियान अन्तर्गत वडा स्तरमा तालिम सञ्चालन गर्ने | | |

| कार्यक्रमहरू | | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| ▪ | प्रत्येक महिनाको अन्तिम शनिबार वडा स्तरमा विद्यार्थी, कर्मचारी र सर्वसाधारण सम्मिलित व्यापक सामुदायिक सरसफाई अभियान सञ्चालन गर्ने | | |
| ▪ | मुख्य बजार सफा गर्न वडास्तरमा कर्मचारी व्यवस्थापन गर्ने | | |
| ▪ | कम फोहर उर्त्सजन गर्न करेसाबारीमा फोहरलाई कम्पोष्ट मल बनाई प्रयोग गर्न तालिम सञ्चालन गर्ने | | |
| ▪ | सार्वजनिक स्थल वरपर फोहर फ्याँक्न डस्टबिन, खाल्डो आदिको व्यवस्था गर्ने | | |
| ▪ | मुख्य बजार क्षेत्रको ढल प्रणाली निर्माण गर्ने | | |
| ▪ | प्रत्येक घरमा चर्पी निर्माण अनिवार्य गर्न विपन्न समुदायलाई २५ प्रतिशतसम्म अनुदान दिने | | |
| ▪ | वर्षातको पानी सङ्कलन गरी सरसफाइमा प्रयोग गर्न प्रत्येक वडामा एक एक वटा ट्याङ्कीको निर्माण गर्ने | | |
| ▪ | उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल्ड साइटको निर्माण गर्ने | | |
| **(च)** | **विपद् व्यवस्थापन** | | |
| ▪ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पार्ने | | |
| ▪ | गाउँपालिकाका प्राकृतिक प्रकोपको हिसाबले उच्च जोखिम क्षेत्ररूको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरूमा खतरा संकेतहरू राख्ने | | |
| ▪ | संभाव्य स्थलहरूमा विपद् पूर्व संकेत दिने उपकरणहरू जडान गर्न सम्भाव्यता अध्ययन गर्ने | | |
| ▪ | आपतकालीन उद्धार कोषको निर्माण गर्ने | | |
| ▪ | विपद् पश्चात् मनोवैज्ञानिक परामर्श दिन जनशक्ति तयार गरी परामर्श केन्द्र स्थापना गर्ने | | |
| ▪ | प्रकोप संवेदनशीलताको आधारमा भू-उपयोग योजना तयार पार्ने | | |
| ▪ | आपतकालीन उद्धारका लागि सुरक्षा निकायसँग मिलेर विभिन्न स्थानमा हेलीप्याडको निर्माण गर्ने । | | |
| ▪ | विपद व्यवस्थापन मूल समितिको नियमित वैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने | | |
| ▪ | विपद् व्यवस्थापन वडागत समितिको नियमित बैठक सञ्चालन गरी पूर्व तयारीको मूल्याङ्कन गर्ने । | | |
| ▪ | समुदाय र विद्यालयहरूमा विपदसँग सामना गर्न पूर्वाभ्यास तथा तालिमको आयोजना गर्ने | | |
| ▪ | विपद् व्यवस्थापन समितिका सदस्यहरूको नियमित तालिम र प्रशिक्षण सञ्चालन गर्ने | | |
| ▪ | महामारीबाट बच्ने उपायबारे स्थानीय संचार माध्यमबाट जनचेनतामूलक सन्देश नियमित प्रशारण गर्ने | | |
| ▪ | विपदका बेला भेला हुने स्थानहरू तय गरी पूर्वाधारयुक्त बनाउने | | |
| ▪ | विपद्को बेला पिउने पानी खाद्यान्न औषद्योपचारको पूर्व तयारी गर्न संयन्त्र निर्माण गर्ने | | |
| ▪ | भूकम्प प्रतिरोधी घर निर्माण गर्न डकर्मीलाई नियमित तालिम सञ्चालन गर्ने | | |
| ▪ | विपदको समयमा आवश्यक दमकल, एम्बुलेन्स, प्राथमिक उपचार प्रबन्ध संचार उपकरण, टर्चलाइटहरू, डोरी, | | |

| कार्यक्रमहरू | अनुमानित लागत (रु. लाखमा) | कार्यक्रमको प्रकार |
|---|---|---|
| एक्सकाभेटर आदि खरिद गरी ठिक हालतमा राख्ने | | |
| ▪ प्रत्येक वडामा विपद्को बेला उद्धार कार्यमा खटिन युवा स्वयंसेवक दस्ता निर्माण गरी तालिम सञ्चालन गर्ने | | |

### ५.४.४ Summary of Disaster Risk Management Plan Implementation

## ५.५ संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

दशकौँ लामो राजनैतिक संक्रमण पश्चात् प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूप गाउँपालिका एक प्रकारको स्वायत्त स्थानीय सरकार हो । अधिकार प्राप्तिका हिसाबले ठूलो राजनैतिक परिवर्तन पश्चात् प्राप्त संघीय व्यवस्थाले गाउँपालिकालाई शक्ति सम्पन्न बनाएको छ । यद्यपि संघीयताको अभ्यास नवीन भएकोले यसको पूर्णरूपमा संस्थागत विकास नहुँदासम्म यसको विकासको लागि सम्बन्धित क्षेत्रहरू जागरूक हुनुपर्दछ । गाउँपालिका विकास गुरूयोजनाले गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरूस्त तुल्याउन समग्र संस्थागत विकासको निम्न बमोजिम योजना तय गरेको छ ।

| | |
|---|---|
| **सोचः** | "बंगलाचुली गाउँपालिकाको सरोकार जनमुखी सरकार" |
| **लक्ष्यः** | गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने । |

**उद्देश्यहरू**

- ✓ असल शासन र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने ।
- ✓ सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- ✓ हरेक निर्णय प्रक्रियामा जनचाहनालाई केन्द्रमा राख्ने ।
- ✓ आर्थिक पारदर्शिता कायम गर्ने ।
- ✓ वित्तीय अनुशासन कायम गर्ने ।
- ✓ क्षतिपूर्ति सहितको नागरिक वडापत्र पूर्णत कार्यान्वयन गर्ने ।
- ✓ राजश्व सङ्कलन र परिचालनलाई प्रभावकारी बनाउने ।
- ✓ जनशक्ति विकासका लागि नियमित तालिम सञ्चालन गर्ने ।
- ✓ आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ।
- ✓ लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने ।
- ✓ नागरिक सुनुवाइ कार्यक्रमहरू नियमित आयोजना गर्ने ।
- ✓ सामाजिक परीक्षणका कार्यक्रमहरू नियमित गर्ने ।
- ✓ स्थानीय न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाउने ।
- ✓ गाउँपालिकाका सम्पूर्ण सरोकारवाला शाखाहरूबीच आपसी समन्वय कायम गर्ने ।
- ✓ संविधानले तय गरेका राज्यका नीतिहरू अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने ।

(ख) २५ हजारभन्दा बढी जनसंख्या भएका गाउँपालिकाको संगठन संरचना (१२६वटा) (अनुसूची २.१)

- गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति
- गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
- अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत
  रा.प. द्वितीय-१

**प्रशासन,योजना तथा अनुगमन शाखा**

शाखा अधिकृत रा.प.तृ. (प्र) वा अधिकृत सातौं/आठौं-१

**प्रशासन इकाइ**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाँचौं-१

**राजस्व इकाइ**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाँचौं-१

**योजना तथा अनुगमन इकाइ**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाँचौं-१

**कानुनी मामिला ईकाई :**

ना.सु. रा.प.अनं.प्र.(न्याय)/ अधिकृत छैठौं/ सहायक पाँचौं-१

**वडा कार्यालय**

ना.सु.,रा.प.अनं.प्र(प्र)/खरिदार रा.प.अनं.द्वि (प्र)/अधिकृत छैठौं/सहायक पाचौं/चौथो-१ सब.इन्जि रा.प.अनं.प्र (प्रा) / अधिकृत छैठौं/ सहायक पाँचौं/अ.सब.ईन्जि/सहायक चौथो-१

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

ईन्जिनियर (रा.प.तृ)(प्रा.) (सिभिल, जनरल/वि.आ./स्यानीटरी/सिंचाई/हाईवे) वा ईन्जिनियर सातौं/आठौं-१

**सडक तथा अन्य पूर्वाधार विकास इकाइ**

सब ईन्जि, रा.प.अनं.प्रा.(जनरल/हाईवे/सिंचाई) वा ईन्जिनियर छैठौं/सब ईन्जि.पाचौं -२

**भवन तथा वस्ती विकास इकाई**

- सब ईन्जि., रा.प.अनं.प्र.(प्रा.) (सिभिल, जनरल/वि.आ.) वा ईन्जिनियर छैठौं/सब ईन्जि.पाचौं-२
- सर्वेक्षक, रा.प. अनं. प्र (प्रा.) वा सहायक (प्रा.) पाचौं-१

**वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन इकाइ**

ना.सु./रेन्जर रा.प.अनं.प्र (प्रा.,वन) वा अधिकृत छैठौं-१

ना.सु. रा.प.अनं. प्रथम (प्र) वा सहायक पाचौं (प्र./प्रा)-१

**स्वास्थ्य तथा सामाजिकविकासशाखा**

शा.अ. रा.प.तृ (प्र)/महिला विकास अधिकृत/ जनस्वास्थ्य अधिकृत (प्रा.) सातौं/आठौं-१

**सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाँचौं-१

**महिला,बालबालिका तथा समाज कल्याण इकाइ**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/महिला विकास निरिक्षक, रा.प.अनं.प्र(विविध)/ खरिदार रा.प.अनं.द्वि.(प्र.) /सहायक महिला विकास निरिक्षक, रा.प.अनं.द्वि.(वि.) वा सहायकस्तर पाँचौं/चौथो -१

**सेवा केन्द्रहरू**

- प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी
- अन्य

**शिक्षा, युवा तथा खेलकुद शाखा**

शा.अ. रा.प.तृ (शिक्षा) वा अधिकृत सातौं/आठौं -१

प्राविधिक सहायक रा.प.अनं.(शिक्षा.)/ ना.सु.रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/ सहायक पाचौं -१

- बालविकासकेन्द्र
- विद्यालय
- खेलकुद समिति/केन्द्र
- युवा विकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायि तालिम केन्द्र आदि

**आर्थिक विकासशाखा**

शा.अ., रा.प.तृ (कृषि/प्रशासन) वा उद्योग अधिकृत सातौं/आठौं-१

**उद्योग तथा व्यवसाय प्रवर्द्धन ईकाई**

ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१

**इकाइ/सेवा केन्द्रहरू:**

- पर्यटन
- घरेलु तथा साना उद्योग
- कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
- अन्य

**आर्थिकप्रशासन शाखा**

लेखा अधिकृत, रा.प.तृ. -१

ले.पा., रा.प. अनं. प्र. /अधिकृत छैठौं/ सहायक पाँचौं-१

सहले.पा.रा.प.अनं.द्वि/सहायक पाँचौ/चौथो-१

**आन्तरिक लेखा परिक्षण एकाई**

आन्तरिक लेखा परिक्षक,रा.प.अन प्रथम/सहायक पाचौं-१

### ५.५.२ योजना तथा कार्यक्रमहरू

#### (क) सुशासन तथा संस्थागत विकास

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ । तसर्थ गाउँपालिकाले सुशासन र संस्थागत विकासअन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ ।

- आजको सूचना र सञ्चार प्रविधिको युगमा प्रविधिमा चुस्त जनशक्ति नहुँदा सेवा प्रवाह छिटो, छरितो र प्रभावकारी हुन नसक्ने भएकोले कर्मचारीहरूलाई आवश्यकताअनुसार प्रविधिमैत्री बनाउन नियमित तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने ।
- क्रमशः सेवा प्रवाहका सबै प्रणालीहरूलाई विद्युतीय सूचना प्रणाली र प्रविधितर्फ विकास गर्दै लैजाने ।
- गाउँपालिकाको वेबसाइटलाई पूर्ण सूचनायुक्त र प्रभावकारी बनाउने ।
- वडास्तरमा आवश्यकताअनुसार घुम्ती सेवा सञ्चालन गर्ने ।
- वडा र गाउँपालिका केन्द्रलाई क्रमशः विद्युतीय सूचना प्रणालीमा जोड्ने ।
- क्षतिपूर्तिसहितको नागरिक वडापत्रलाई अक्षरशः कार्यान्वयन गर्ने ।
- नागरिक सुनुवाइका कार्यक्रमहरूलाई नियमित गर्ने ।
- वृद्धवृद्धा, अशक्त, असहाय, बालबालिका, दीर्घरोगी र सामाजिक सुरक्षा प्राप्त सेवाग्राहीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने संयन्त्र लागु गर्ने ।
- गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र निर्माण गर्ने (वडागत स्तरमा)
- सम्पूर्ण वडा कार्यालय भवनहरूको निर्माण सम्पन्न गरी सुविधासम्पन्न बनाउने
- कर शिक्षा कार्यक्रमलाई वडागतरूपमा नियमित सञ्चालन गर्ने ।
- कार्यक्रम तथा योजनाको प्राथमिकीकरण गर्दा वैज्ञानिक र आवश्यकताको सिद्धान्त अपनाई जनसहभागिता र जनचाहनाअनुरूप गर्ने ।
- पाँच लाखभन्दा माथिका विकास निर्माण योजना सञ्चालन गर्दा पारदर्शिता सुनिश्चित गर्न सार्वजनिक स्थलमा ब्यानर राखी अगाडि बढ्ने र सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण पश्चात् पारित गर्ने ।
- आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने ।
- सार्वजनिक अभिलेख प्रणाली, घटना दर्ता तथा सेवा प्रवाहलाई विद्युतीय माध्यममा लगी प्रभावकारी बनाउने ।
- स्थानीय न्यायिक इजलासको स्थापना गरी न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाउन तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- चौमासिक रूपमा गाउँपालिकाको नीतिबमोजिम नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने । गुनासोबमोजिम सार्वजनिक प्रशासनमा सुधार गर्ने ।
- गाउँपालिकाको समग्र वस्तुस्थिति अर्थात पार्श्वचित्रलाई विद्युतीय सूचना प्रविधि अपनाई अध्यावधिक गर्ने ।

- कार्यसम्पादन मूल्याङ्कनका आधारमा राष्ट्रसेवक कर्मचारीमध्येबाट उत्कृष्टलाई वार्षिक रूपमा पुरस्कृत गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली र कर्मचारी आचार संहिताको पूर्णतः पालना गर्ने ।
- स्थानीय सञ्चार माध्याम रेडियो, टेलिभिजन र वेबसाइट मार्फत नियमित कार्यक्रमहरू सञ्चालन गरी गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको विषयमा नियमित जानकारी गराउने ।
- सूचना अधिकारीलाई सक्रिय बनाउने ।
- गाउँपालिकाका समग्र निर्णय प्रक्रियामा जनचाहना र आवश्यकता सम्बोधनलाई पहिलो प्राथमिकता दिने ।
- सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गरी विकास निर्माण र सेवा प्रवाहमा निजी क्षेत्रलाई समेट्न समन्वय गर्ने ।

### (ख) राजश्व परिचालन र श्रोत अभिवृद्धि

- जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो । तर जनताले प्रसस्त कर तिर्नका लागि आर्थिक क्रियाकलापहरूमा तिव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तिव्रता दिन उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रवर्द्धन गर्नु पर्दछ भने उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण श्रृजना हुनुपर्दछ । गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन उत्पादनमुखी स्वरोजगार समृद्धिको आधार भन्ने मूल नारालाई साकार तुल्याउने नीतिअनुरूप राजश्व परिचालन र श्रोत अभिवृद्धिका निम्न कार्यक्रमहरू सञ्चालन गर्ने कार्यक्रम रहेका छन् ।
- राजश्वका सम्भाव्य श्रोतहरूो सम्भाव्यता अध्ययन गरी श्रोतको यकिन गर्ने । सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्न रणनीति बनाउने ।
- स्थानीय लगानीकर्ताहरूलाई उच्च महत्व दिई लगानीका क्षेत्र पहिचान गरी लगानी आर्कषण गर्ने ।
- नियमितरूपमा लगानी सम्मेलनको आयोजना गर्ने ।
- दातृ निकायलाई आकर्षण गर्न संघीय सरकारसँग समन्वय गर्ने ।
- प्रदेश सरकारसँग समन्वय गरी बजेटको पहल गर्ने ।
- गाउँपालिकाभित्र कानूनको परिधिभित्र रही संभाव्य करका दायरा बढाउने ।
- सम्पूर्ण व्यवसाय दर्ता अनिवार्य गरी सोको पूर्ण अभिलेख तयार पार्ने र त्यसलाइ अद्यावधिक गर्ने
- ०७५/०७६ नीति तथा कार्यक्रममा बमोजिम गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाई आवश्यक Software मार्फत कर प्रणाली लगायत लेखा र जिन्सीलाई चुस्त र प्रभावकारी बनाउने ।
- **"व्यवसाय कर तिरौं विकास कार्यमा सरिक होऔं"** भन्ने नारालाई सार्थक तुल्याउने ।
- कर भुक्तानीलाई थप व्यवस्थित बनाउन स्वचालित SMS प्रविधिबाट करदातालाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- गाउँपालिकामा ठूला करदाता पहिचान गरी सम्मान गर्ने ।
- महिला स्वावलम्बनका लागि महिलाको नाममा व्यवसाय दर्ता गर्दा २५ प्रतिशत छुटको व्यवस्था गर्ने ।

- अस्थायी प्रकृतिका पार्किङ्ग, हाटबजार आदिबाट वडास्तरमा शुल्क उठाउन निजी क्षेत्रलाई परिचालन गर्ने ।
- गाउँपालिकामा रहेका सार्वजनिक जग्गाहरूमा अस्थायी संरचनाहरू बनाई बहाल लगाउने र बहाल विटौरी कर उठाउने ।
- कर नतिर्ने परिपाटीलाई पूर्णरूपमा निरुत्साहित गर्न कर नतिर्ने सबैलाई गाउँपालिकाबाट प्राप्त हुने सेवा रोक्का गर्ने ।
- कर नतिर्ने निर्माण तथा अन्य कम्पनीको कामहरू रोक्का गर्ने ।
- सडक मर्मत तथा सवारी प्रवेश शुल्क लागु गर्ने ।
- गाउँपालिकाको मासिक आय र व्ययको विवरण प्रत्येक महिना गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्ने ।
- गाउँपालिकाको भोगाधिकारमा रहेको सार्वजनिक सम्पत्तिहरूको सदुपयोग गरी राजश्व सङ्कलनको माध्यम बनाउने ।
- करको दर कम गरी करको दायरा बढाउने र कर तिर्ने प्रणालीलाई सरल र सहज बनाउने ।
- वडागतरूपमा कर सङ्कलनको प्रबन्ध गर्ने ।

### ५.५.३ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनको Logical Framework Approach (LFA)

**सोच**

**"बंगलाचुनी गाउँपालिकाको सरोकार जनमुखी सरकार"**

**लक्ष्य**

**बंगलाचुली गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने ।**

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| ▪ गाउँपालिकामा असल शासनको नमूना स्थापित हुनेछ ।<br>▪ सेवा प्रवाह जनचाहना बमोजिम हुनेछन् ।<br>▪ हरेक निर्णयहरू जनचासो र आवश्यकतालाई केन्द्रमा राखेर गरिएको हुनेछ ।<br>▪ आर्थिक पारदर्शिता कायम हुनेछ ।<br>▪ वित्तीय अनुशासन कायम हुनेछ ।<br>▪ क्षतिपूर्तिसहितको नागरिक वडापत्र अक्षरश: कार्यान्वयन हुनेछ ।<br>▪ राजश्व सङ्कलन र परिचालन चुस्त दुरुस्त हुनेछ ।<br>▪ सक्षम र ऊर्जाशील संस्थागत संयन्त्रको निर्माण हुनेछ ।<br>▪ आन्तरिक नियन्त्रण प्रणाली लागु हुनेछ ।<br>▪ लेखापरीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक भएको हुनेछ ।<br>▪ नागरिक सुनुवाइका कार्यक्रमहरू | **वि.सं. २०८० सम्म**<br>▪ गाउँपालिका बासीहरूले महसूस गर्ने गरी असल शासनका सम्पूर्ण आयामहरूको अभ्यास भएको हुनेछ ।<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ५० प्रतिशतले घटेको हुनेछ ।<br>▪ आर्थिक पारदर्शिता कायम गर्न सामाजिक परीक्षण र सार्वजनिक तथा नागरिक सुनुवाइको नियमित क्यालेण्डरको विकास भई कार्यान्वयनमा आएको हुनेछ ।<br>▪ राजश्व सङ्कलनमा आधार वर्षको तुलनामा कम्तीमा ३०० प्रतिशतले वृद्धि भएको हुनेछ ।<br>▪ आन्तरिक नियन्त्रण प्रणाली लागु भएको हुनेछ ।<br>▪ करदातालाई स्वचालित SMS बाट सूचना दिने प्रणाली लागु भएको हुनेछ । | ▪ गाउँपालिकास्थित सम्पूर्ण विषयगत शाखा तथा महाशाखामा उपलब्ध अभिलेख तथा तथ्याङ्कहरूबाट<br>▪ स्थलगत अवलोकनबाट<br>▪ गाउँपालिकाबासीको जीवनस्तरमा आएको परिवर्तनबाट<br>▪ पूर्वाधार निर्माण पश्चात् आएका सकारात्मक परिवर्तन जस्तै- व्यापार वृद्धि, पर्यटक आवागमन, रोजगारी श्रृजना र अन्य मानवीय गतिविधिहरूबाट | ▪ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।<br>▪ आवश्यक बजेटको व्यवस्था हुनेछ ।<br>▪ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।<br>▪ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।<br>▪ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।<br>▪ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।<br>▪ निर्माण सामग्रीको |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| नियमित सञ्चालन हुनेछन् ।<br>▪ स्थानीय इजलास न्याय सम्पादन र मेलमिलाप कार्यान्वयनमा सक्षम र प्रभावकारी हुनेछ ।<br>▪ असल शासनको प्रत्याभूति हुनेछ ।<br>▪ राज्यका अंगहरू बीचमा आपसी समन्वय हुनेछ ।<br>▪ सम्पूर्ण वडा कार्यालयहरू पूर्वाधारयुक्त हुनेछन् ।<br>▪ "घरदैलोमा घुम्ती स्थानीय सरकार" कार्यक्रम कार्यान्वयनमा आउनेछ । | ▪ सम्पूर्ण व्यवसायहरू गाउँपालिकामा दर्ता भएका हुनेछन् ।<br>▪ सार्वजनिक निजी साझेदारीका कम्तीमा २ आयोजना कार्यान्वयनमा आउनेछन् ।<br>▪ सूचना अधिकारीहरूको कार्यसम्पादन प्रभावकारी हुनेछ ।<br>▪ कर्मचारीका नियमित तालिम सञ्चालन भएका हुनेछन् ।<br>▪ स्थानीय इजलास सक्षम र प्रभावकारी भई न्यायपूर्ण समाज निर्माण हुनेछ ।<br>▪ सम्पूर्ण वडा कार्यालय भवनको निर्माण सम्पन्न भएको हुनेछ ।<br>▪ क्षतिपूर्तिसहितको नागरिक वडापत्र पूर्णतः कार्यान्वयन भएको हुनेछ ।<br>▪ राष्ट्रसेवक कर्मचारीलाई सर्वोत्कृष्ट पुरस्कार प्रदान गरिएको हुनेछ ।<br>**वि.सं. २०८५ सम्म**<br>▪ गाउँपालिकाबाट हुने सम्पूर्ण सेवाप्रवाह विद्युतीय सूचना प्रणालीमा आवद्ध भइसकेका हुनेछन् ।<br>▪ गाउँपालिकाको वेबसाईट हेर्दा अमूर्त गाउँपालिकाको पूर्ण उपस्थिति व्यक्तिको अगाडि भएको महशुस हुनेछ । पूर्ण Virtual Rural Municipalityमहसूस हुनेछ ।<br>▪ सम्पूर्ण वडाहरू विद्युतीय सूचना प्रणालीमा आवद्ध भैसकेका हुनेछन् ।<br>▪ सामाजिक सुरक्षा सेवा ग्राहीहरूलाई "घरदैलोमा स्थानीय सरकार" कार्यक्रम लागु भएको हुनेछ ।<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ७० प्रतिशले घट्ने छ ।<br>▪ सम्पूर्ण वडा कार्यालय र गाउँपालिका केन्द्र पूर्वाधार सम्पन्न हुनेछन् ।<br>▪ कर नतिर्ने करदाताको सङ्ख्या आधार वर्षको तुलनामा ९० प्रतिशतले घट्ने छ ।<br>▪ सार्वजनिक अभिलेख र घटना दर्ता डिजिटल प्रविधिमा आवद्ध हुनेछ ।<br>▪ गाउँपालिकाको पार्श्वचित्र प्रत्येक वर्ष अध्यावधिक हुनेछ । | | आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।<br>▪ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।<br>▪ सार्वजनिक खरिद प्रक्रिया सहज र प्रभावकारी हुनेछ । |

| अपेक्षित उपलब्धिहरू | सूचकहरू | प्रमाणिकरणका आधारहरू | मूलभूत मान्यता र जोखिम अनुमान |
|---|---|---|---|
| | ▪ सार्वजनिक निजी साझेदारीका कम्तीमा ५ आयोजना सञ्चालनमा आउनेछन् ।<br>▪ प्रत्येक करदाताको स्मार्ट ट्याक्स अकाउन्ट तयार हुनेछ ।<br>▪ ठूला करदातालाई सम्मान गरिएको हुनेछ ।<br>▪ आधारवर्षको तुलनामा महिलाका नाममा दर्ता हुने व्यवसायको सङ्ख्या २०० प्रतिशतले वृद्धि हुनेछ ।<br>▪ वडागत रूपमा कर सङ्कलनको संयन्त्र विकास भएको हुनेछ ।<br>▪ बहाल बिटौरी करमा सङ्कलन भारी अंकले वृद्धि भएको हुनेछ ।<br>▪ करको दायरा वृद्धि भई कर असुलीमा व्यापक सुधार भएको हुनेछ ।<br>**वि.सं. २०९० सालसम्म**<br>▪ सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा कम्तीमा १० वटा उद्योग व्यवसाय र परियोजना सञ्चालनमा आएका हुनेछन् ।<br>▪ जनगुनासो आधारवर्षको तुलनामा ८० प्रतिशतले घट्ने छ । | | |

| कार्यक्रमहरू | | अनुमानित लागत | कार्यक्रमको प्रकार |
|---|---|---|---|
| **(क)** | **सुशासन तथा संस्थागत विकास** | | |
| ▪ | सार्वजनिक प्रशासन प्रणालीलाई प्रविधि मैत्री बनाउन आवश्यक Software खरिद गर्ने । | | |
| ▪ | नागरिक तथा सार्वजनिक सुनुवाइलाई व्यवस्थित र नियमित गर्न वार्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याउने । | | |
| ▪ | पाँच लाखभन्दा माथिका सबै विकास योजना सञ्चालन गर्दा सार्वजनिक रूपमा व्यानर राखी सामाजिक परीक्षण पश्चात् अनुमोदन गर्ने । | | |
| ▪ | आन्तरिक लेखा परीक्षण प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने । | | |
| ▪ | सार्वजनिक अभिलेख प्रणाली तथा घटना दर्तालाई डिजिटल प्रविधिमा लैजाने । | | |
| ▪ | न्यायिक इजलास स्थापना गरी न्यायिक समितिलाई नियमित तालिम र प्रशिक्षण दिने । | | |
| ▪ | चौमासिक रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्ने । | | |
| ▪ | गाउँपालिकाको पार्श्वचित्रलाई डिजिटल प्रविधि अपनाई अध्यावधिक गर्ने । | | |
| ▪ | सर्वोत्कृष्ट राष्ट्रसेवक कर्मचारी पुरस्कार कोष निर्माण गर्ने । | | |
| ▪ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण गर्ने । | | |

| कार्यक्रमहरू | अनुमानित लागत | कार्यक्रमको प्रकार |
|---|---|---|
| ▪ आमसञ्चार माध्यमबाट गाउँपालिकाको वस्तुस्थिति र सेवा प्रवाह तथा विकास निर्माण बारे जनसाधारणलाई सुसूचित गर्न नियमित रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने । | | |
| ▪ सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्न नियमित अन्तरक्रिया गर्ने । | | |
| ▪ निजीक्षेत्रलाई आर्थिक क्षेत्रमा लगानी गर्न लगानी सम्मेलन आयोजना गर्ने | | |
| ▪ गाउँपालिकाको सम्पूर्ण सार्वजनिक प्रशासन प्रणालीलाई पूर्ण प्रविधि मैत्री बनाउन कर्मचारीहरूलाई सूचना प्रविधिमा नियमित तालिम सञ्चालन गर्ने । | | |
| ▪ गाउँपालिकाको वेबसाईटलाई प्रभावकारी बनाई e-Governance कार्यान्वयनमा ल्याउन पूर्ण र नियमित अद्यावधिक गर्ने | | |
| ▪ सेवा प्रवाहलाई घरदैलोमा पुऱ्याउन सामाजिक सेवाग्राहीहरूलाई लक्षित गरी "घरदैलोमा स्थानीय सरकार" कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ सम्पूर्ण वडा र गाउँपालिका केन्द्रलाई विद्युतीय सूचना प्रणालीमा जोड्ने | | |
| ▪ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन जनगुनासो कक्षहरूको वडागत व्यवस्था गर्ने | | |
| ▪ सम्पूर्ण वडा कार्यालय भवन निर्माण तथा मर्मत संभार सम्पन्न गरी आवश्यक पूर्वाधारयुक्त बनाउने | | |
| **(ख) राजश्व परिचालन र श्रोत अभिवृद्धि** | | |
| ▪ राजश्व सम्भाव्यता तथा प्रक्षेपण अध्ययन गर्ने | | |
| ▪ दातृ निकायलाई लगानीको लागि आकर्षण गर्न संघीय सरकारसँग समन्वय गरी अन्तरक्रिया आयोजना गर्ने | | |
| ▪ सम्पूर्ण व्यवसायहरूको विद्युतीय अभिलेख राखी अद्यावधिक गर्न सफ्टवयेर जडान गर्ने | | |
| ▪ करदातालाई स्वचालित SMS बाट सूचना प्रदान गर्ने व्यवस्था मिलाउने । | | |
| ▪ गाउँपालिकाको भोगाधिकारमा रहेको जग्गाको लगत तयार गर्ने | | |
| ▪ वडागत रूपमा नियमित कर शिक्षा कार्यक्रम लागु गर्ने | | |
| ▪ विकास बजेटका लागि केन्द्र र प्रदेश सरकारसँग नियमित समन्वय गर्ने | | |
| ▪ ठूला करदातालाई वार्षिक रूपमा सम्मान गर्ने | | |
| ▪ "स्वाबलम्बी नारी" कार्यक्रम सञ्चालन गर्ने | | |
| ▪ गाउँपालिकाको भोगाधिकारमा रहेको घरजग्गामा अस्थायी संरचना निर्माण गरी हाटबजार सञ्चालन वा बहालमा दिने | | |
| ▪ वडागत रूपमा कर सङ्कलन गर्ने संयन्त्र निर्माण गर्ने | | |
| ▪ आपसी साझेदारीमा सम्पन्न गर्न सकिने कार्यक्रमहरूमा छिमेकी स्थानीय सरकारहरूसँग समन्वय गर्ने | | |

### ५.५.४ Summary of Institutional Development Plan Implementation

# भाग ६ : बंगलाचुली गाउँपालिकाले उच्च महत्व र प्राथमिकताका साथ केन्द्र भागमा राखेर गर्नुपर्ने योजना तथा कार्यक्रमहरू

युगौं लामो राजनैतिक संक्रमणकाल खेपेको नेपालका ग्रामीण भेगहरू समग्र विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेका छन् । नेपालमा स्वभाविक हिसाबले समयको प्रवाह सँगै केही शहरी केन्द्रहरूमा भएका सामान्यस्तरका विकास क्रियाकलापहरू जस्तैः सडक, विद्यालय, स्वास्थ्य केन्द्र, व्यापार, वाणिज्य आदि बाहेक आर्थिक र सामाजिक विकासलाई केन्द्रमा राखेर गरिने व्यवस्थित, दूरदर्शी, वैज्ञानिक र योजनाबद्ध विकासको सफल अभ्यास हुन सकेको पाइँदैन । अर्कोतर्फ विकासको यही गती समेत ग्रामीण भेगहरूमा तुलनात्मक रूपमा निकै कम र शून्य प्राय रहेको छ । यसर्थ कुनैपनि स्थानीय तहको विकास योजना निर्माण गर्दा आधारभूत तहबाट नै अत्यावश्यकीय भौतिक पूर्वाधार निर्माणतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ । यो अवस्था बंगलाचुली गाउँपालिकाको समेत रहेकाले विकास निर्माणका क्रियाकलापहरू मूलतः नेपालको संविधानले व्यवस्था गरेका मौलिक अधिकार प्रत्याभूत गर्नेतर्फ केन्द्रित गर्नुपर्ने हुन्छ । यद्यपी विकास सम्बन्धी कुनै पनि दीर्घकालिन योजना तर्जुमा गर्ने क्रममा स्थानीय वस्तुस्थितीको विश्लेषण गर्दा सम्भाव्यताका आधारमा सर्वोतम क्षेत्रहरूको पहिचान गरी कार्यक्रम केन्द्रित गर्दा आर्थिक तथा सामाजिक समृद्धि शिघ्र प्राप्त हुने र स्रोत र साधनको उच्चतम सदुपयोग हुन गई दिगो विकास हासिल गर्न सकिन्छ । यस खण्डमा बंगलाचुली गाउँपालिकाले विशेष महत्व र उच्च प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूलाई विषयक्षेत्रगत हिसाबले क्रमैसँग उल्लेख गरिएको छ । कार्यक्रमहरूको प्राथमिकता क्रम निर्धारण गर्दा

- अत्यावश्यकीय मानवीय आवश्यकताहरू
- संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू
- दिगो विकासका लक्ष्यहरू
- दीर्घकालिन समृद्धिको सपनाहरूलाई मूल आधार बनाइएको छ ।

## ६.१ खाद्य सम्प्रभूता

नेपालको संविधान बमोजिम मौलिक हक अन्तर्गत धारा ३६ उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी उल्लेख गरिएको छ भने अर्कोतर्फ दिगो विकास लक्ष्य २ ले भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने उल्लेख छ । तसर्थ सर्वप्रथम सबै नागरिकहरूलाई जीवन जिउनका लागि आवश्यक खाद्यान्नको सहज आपूर्ती सुनिश्चित गर्न गाउँपालिकाले सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग गरी आयात प्रतिस्थापन र निर्यातमुखी उत्पादन प्रबर्द्धन गर्नु अत्यावश्यक छ ।

सम्पूर्ण खेतीयोग्य जमिनको लगत तयार गरी पूर्णरूपमा वैज्ञानिक तथा आधुनिक कृषि प्रणालीको निर्माण तथा कार्यान्वयन गरी उत्पादकत्वमा उच्च वृद्धि कायम गरी खाद्य सुरक्षा सम्प्रभूता कायम गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकता दिनु आवश्यक छ ।

## ६.२ स्वच्छ पिउने पानी

दिगो विकास लक्ष्य ६ मा सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन निश्चित गर्ने उल्लेख छ । संविधानको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनी स्पष्ट गरिएको छ । खाद्यान्नभन्दा प्राथमिक आवश्यकताका

रूपमा रहेको स्वच्छ र सुरक्षित पिउने पानीको उपलब्धता र पहुँच सम्पूर्ण गाउँपालिकाबासीहरूमा सुनिश्चित गर्न सम्भाव्य पिउनेपानी आयोजना सञ्चालनलाई उच्च प्राथमिकता दिनुपर्दछ । जनगणना २०६८ अनुसार ६१.३५ प्रतिशत घरधुरीले धारा तथा पाईप, २३.१७ प्रतिशत घरधुरीले खुला इनार/कुवा र ८.८६ प्रतिशत घरधुरीले मूल धाराको पानी, पानीको प्रमुख स्रोतको रूपमा प्रयोग गर्ने तथ्याङ्क रहेकोले पानी शुद्धिकरण गर्ने प्रभावकारी प्रणाली अपनाई सोको सुनिश्चितता गर्नुपर्दछ । पानीका सम्पूर्ण मुहानहरूमा संरक्षण कार्यक्रम अनिवार्य लागु गर्ने र जलस्रोतको दिगो व्यवस्थापन गर्न पोखरीहरू निर्माण गरी नदी संरक्षण तथा जलाधार संरक्षणका कार्यक्रमहरू समानान्तररूपमा सञ्चालन गर्ने ।

## ६.३ आवास

नेपालको संविधानको धारा ३७ मा आवासको हक अन्तर्गत प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनी उल्लेख गरिएको छ । साथै दिगो विकास लक्ष्य ११ मा शहर एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने उल्लेख गरिएको छ । त्यसैगरी परिमाणात्मक लक्ष्य ११.१ मा सन् २०३० सम्ममा सबैलाई पर्याप्त, सुरक्षित र व्यहोर्न सक्ने आवास तथा आधारभूत सेवाहरूमा पहुँच सुनिश्चित गर्ने र अव्यवस्थित बस्तीहरूको स्तरोन्नती गर्ने उल्लेख छ ।

बंगलाचुली गाउँपालिकामा आवासको अवस्था अत्यन्त कमजोर रहेको अर्थात वि.सं. २०६८ को जनगणनाअनुसार सिमेन्टको जोडाइ भएको ईँटा ढुङ्गाको घरधुरीहरूको प्रतिशत जम्मा ०.७४ प्रतिशत मात्र रहेको र अन्य घरहरू खर, टायल, खबडा, पराल र छ्वाली प्रयोग गरी निर्माण गरिएका झुपडीको अवस्थामा रहेकोले अति विपन्न अवस्थामा रहेका घरधुरीहरूको लगत सङ्कलन गरी उनीहरूलाई सुरक्षित, सस्तो वातानुकूलिन आवास एकीकृतरूपमा निर्माण गरी सुरक्षित छानोमुनि ल्याउनु पर्दछ । यसका लागि स्थानीय सरकारको पहलमा वडागत रूपमा सुरक्षित स्थानहरू पहिचान गरी आवास निर्माण कार्य अगाडि बढाउनु पर्दछ । यस प्रयोजनका लागि लगानीको सम्पूर्ण सम्भाव्य स्रोतहरूलाई खुल्ला राख्नुपर्दछ ।

## ६.४ स्वास्थ्य

नेपालको संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्करूपमा प्राप्त गर्ने हक हुनेछ र सबैलाई आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । अर्कोतर्फ दिगो विकास लक्ष्य ३ मा सबै उमेर समूहको व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्ने र राम्रो जीवनस्तर प्रबर्द्धन गर्ने उल्लेख छ ।

स्वस्थ मानवशक्ति विकास सुख र समृद्धिको अपरिहार्य आवश्यकता हो । तसर्थ जनस्वास्थ्यको सेवाको पहुँचका हिसाबले नाजुक अवस्थामा रहेको यस गाउँपालिकामा आधारभूत पूर्वाधार र सेवाहरू सहितको एवम् सुविधा सम्पन्न अस्पताल निर्माण गर्नु अत्यन्त टड्कारो आवश्यकता देखिन्छ । साथै जनस्वास्थ्यमा व्यापक सुधार गर्नुपर्ने अवस्था रहेको र जनस्तरमा व्यापक रूपमा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउन चेतनामूलक कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्नु अति आवस्यक छ ।

## ६.५ रोजगार

नेपालको संविधानको धारा २३ को उपाधारा (१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी स्पष्ट गरिएको छ । अर्कोतर्फ दिगो विकास लक्ष्य १ मा सबै क्षेत्रमा रहेको सबै स्वरूपको गरिबीको अन्त्य गर्ने र लक्ष्य ८ मा सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन गर्ने उल्लेख छ ।

श्रमशक्तिको उच्चतम प्रयोग गरेर मात्र विकासको लक्ष्यहरू हासिल गर्न सम्भव छ । रोजगारीले गरिबीको प्रत्यक्ष रूपमा उन्मुलन गर्न सघाउने र यसैसँग समृद्धि र सुख गाँसिएकाले विकासका क्रियाकलापहरू उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्नेतर्फ केन्द्रित गर्नु जरुरी छ । यसका लागि गाउँपालिकाले काम गर्न सक्ने उमेर समूह र जनसङ्ख्याको तत्काल तथ्याङ्क निकाली कृषि क्षेत्रमा सामूहिक रूपमा युवा परिचालन गर्ने कार्यक्रमहरू, कृषिमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी दिने र विकास निर्माणमा आवश्यक श्रमशक्तिको सकेसम्म गाउँपालिकाबाट नै परिपूर्ति गर्ने युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि अध्ययनका आधारमा आवश्यकता अनुसार अदक्ष र अर्धदक्ष जनशक्ति केन्द्रित विशेष तालिमहरू जस्तैः कृषिसम्बन्धी, साना उद्योगसम्बन्धी, प्राविधिक सीप जस्तैः इलेक्ट्रिक, प्लम्बीङ, सर्वे आदि सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ । अर्कोतर्फ सरकारी तथा निजी सेवा क्षेत्रमा जान चाहने युवाहरूलाई समेत विशेष तालिमका कार्यक्रमहरू र अभिमुखिकरण गर्नु आवस्यक छ । साथै गाउँपालिकाबाट विदेशिएका युवाहरूलाई स्वदेशमै विशेष गरी गाउँपालिकामै नयाँ रोजगारी सिर्जना गरी उनीहरूको सीपलाई सदुपयोग गर्ने विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । यसका लागि वैज्ञानिक रूपमा कृषि क्षेत्रमा नै उच्च प्रतिफलमुखी बालीनाली, तरकारी, फलफूल, जडिबुटी तथा पशुपंक्षिपालनलाई नै पहिलो प्राथमिकतामा राख्नु उपयुक्त देखिन्छ । रोजगारी सिर्जना गर्दा सबै प्रकारका गरिबीको अन्त्य गर्न प्रत्यक्ष सहयोग पुग्दछ ।

## ६.६ शिक्षा

नेपालको संविधानको धारा ३१ अन्तर्गत शिक्षा सम्बन्धी हकको उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ भने उपधारा २ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक स्तरसम्मको शिक्षा निःशुल्क हुने उल्लेख छ । अर्कोतर्फ दिगो विकास लक्ष्य ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने उल्लेख छ ।

शिक्षित, सभ्य र सुसंस्कृत समाज विकासको अर्को अपरिहार्य आयाम हो । यस गाउँपालिकामा उच्च विकासको आजको युगमा समेत जम्मा ६०.२४ प्रतिशत मात्र साक्षरता रहेको छ । साक्षरताले मात्र विकास सम्भव छैन । त्यसका लागि समय सापेक्ष, गुणस्तरीय, जीवनोपयोगी र उच्च प्राविधिक शिक्षाको प्रवर्द्धन गर्न सकेमात्र गाउँपालिकाले विकासको मुहार फेर्न सक्छ । गुणस्तरीय शिक्षामा सम्पूर्ण बालबालिका तथा युवालाई सुलभ पहुँच पुऱ्याउन सकेमात्र गाउँपालिकावासीलाई शिक्षित बनाउन सकिन्छ । यसका लागि सम्पूर्ण विद्यालयहरूमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न प्रतिफलमुखी कार्यक्रम सञ्चालन गर्न प्रभावकारी शैक्षिक क्यालेण्डर र अनुगमन प्रणाली निर्माण गरी लागु गर्नु आवश्यक छ ।

## ६.७ सामाजिक सुरक्षा

नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हक स्थापित गरिएको छ । उक्त धाराका अनुसार आर्थिक रूपले विपन्न, अशक्त, असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख आदिवासी जनजाति र सीमान्तकृत नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट गरिएको छ ।

लोक कल्याणकारी राज्यमा अशक्त, वृद्ध, बालबालिका, अपाङ्गहरूको सुरक्षा अनिवार्य हुन्छ । मानिसले आफू वृद्ध र असक्त हुँदा राज्यबाट पूर्ण सुरक्षा प्राप्त गर्ने प्रत्याभूति गर्न सक्दा सक्रिय जीवनमा ढुक्क भई वृत्ति

विकास तथा अध्ययन अनुसन्धान, उत्पादनमुखी वा अन्य विकासका क्रियाकलापमा संलग्न भई राष्ट्रलाई सहयोग पुऱ्याउन सक्छन् । तसर्थ राज्यको अहम् दायित्व भित्र पर्ने सामाजिक सुरक्षालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई सामाजिक सुरक्षाले समेट्नु पर्ने जनसङ्ख्यालाई पूर्ण रूपमा समेट्ने कार्यक्रमहरू अनिवार्य रूपमा सञ्चालन गर्ने र सोका लागि योगदानमा आधारित सामाजिक सुरक्षा लगायत बिमा योजना मार्फत् समेत सबैलाई समेट्न सकिन्छ ।

## ६.८ लैङ्गिक समानता, समावेशीकरण तथा मूलप्रवाहीकरण

नेपालको संविधानको धारा १८ को उपधारा १ मा सबै नागरिकहरू कानुनको दृष्टिमा समान हुनेछन साथै उपधारा ३ मा राज्यले नागरिकहरूका बीच उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी उल्लेख गरेको छ ।

बंगलाचुली गाउँपालिकामा कानुनी रूपमा सबै प्रकारको समानता भएतापनि व्यवहारिकरूपमा भने आजको चरम विकासको युगमा समेत महिला विभेद, अन्धविश्वास तथा सीमान्तकृत वर्गको विपन्नता सामाजिक तथा आर्थिक विकासका प्रमुख बाधकको रूपमा रहेकोले यी वाधकहरूको शिघ्र अन्त्य गर्नु अत्यावश्यक रहेको छ । अर्कोतर्फ सामान्यतया जनसङ्ख्याको कारण समग्र विकास हासिल गर्न महिला तथा सामाजिक सशक्तिकरण र समानता कायम हुन नसक्दा विकास लक्ष्य हासिल गर्नु असम्भव प्राय हुन जान्छ । तसर्थ गाउँपालिकाले महिला तथा अन्य सीमान्तकृत समुदायको सशक्तिकरणका लागि प्रत्यक्ष अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्ने र अप्रत्यक्ष रूपमा महिला शिक्षा र समग्र शिक्षा प्रणालीमा व्यापक सुधार गरी लैङ्गिक समानता कायम गर्नु अपरिहार्य हुन्छ । अर्को तर्फ दिगो विकास लक्ष्य ५ मा लैङ्गिक समानतालाई उच्च प्राथमिकता दिई लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने उल्लेख छ ।

## ६.९ बालबालिका

दीर्घकालिन विकासका योजना तय गर्दा भविष्यमा राष्ट्रलाई आवश्यक पर्ने नागरिकहरूको समेत सोच हुनु आवश्यक छ । असल सुसंस्कृत, सभ्य र दक्ष नागरिक उत्पादन गर्न लामो समय र ठूलो लगानीको आवश्यकता पर्दछ । समयमै दीर्घकालिन समृद्धि हासिल गर्न लगानी गर्नुपर्दा बालबालिकाहरूमा नै लगानी गर्नुपर्दछ । तसर्थ गाउँपालिकाले अबको १५ वर्षपछि कस्ता नागरिक उत्पादन गर्ने भन्ने सोच आज नै तय गरी सोका लागि बालबालिकाको उचित शिक्षा र स्वास्थ्यमा व्यापक लगानी गर्नु अत्यावश्यक छ । यसका लागि गाउँपालिकाले बालपोषण, बालअधिकार, गुणस्तरीय विद्यालय शिक्षा, खेलकूद तथा मनोरञ्जन आदिमा व्यवस्थित ढङ्गले लगानी गर्नु आवश्यक छ । बाल विकास केन्द्र तथा आधारभूत विद्यालयहरूलाई पूर्ण सुविधायुक्त र बालमैत्री स्थलको रूपमा विकास गर्न विविध कार्यक्रमहरू कार्यान्वयन गर्नु जरुरी छ ।

## ६.१० दीर्घकालिनसमृद्धिका कार्यक्रमहरू

### ६.१०.१ सडक पूर्वाधारको विकास

- बंगलाचुलीको दीर्घकालिन विकासको मूल आधारको रूपमा रहेको घोराही उपमहानगरपालिका देखि प्यूठान स्थित भालुवाङ लिवाङ सडक खण्डलाई जोड्ने प्रस्तावित मदनभण्डारी लोकमार्ग निर्माण सम्पन्न गरी चार लेनको बनाउने
- हरेक वडाबाट गाउँपालिका केन्द्र जोड्ने मूल सडकहरूको स्तरोन्नती गर्ने ।
- गाउँपालिकाका मुख्य बस्ती जोड्ने सडकहरूलाई All Weather सडकको रूपमा स्तरोन्नती गर्ने ।

### ६.१०.२ सिंचाइ

- गाउँपालिकामा रहेको सम्पूर्ण खेतीयोग्य जमिनमा एक वा अर्को प्रकारले सिँचाइ सुविधा पुऱ्याउने । यसका लागि वैकल्पिक सिँचाइ थोपा सिँचाइ, फोहरा सिँचाइ, भूमिगत जलस्रोत आदिको प्रयोग गर्ने ।
- हरेक वडामा सम्भाव्यताका आधारमा पोखरीहरू अभियानकै रूपमा निर्माण गर्ने ।

### ६.१०.३ उर्जा

दिगो विकास लक्ष्य ७ मा उल्लेख भए बमोजिम व्यहोर्न सकिने भरपर्दो, दिगो र आधुनिक उर्जामा सबै गाउँपालिका बस्तीको पहुँच सुनिश्चित गर्ने । यसका लागि गाउँपालिकामा शिघ्र ग्रामीण विद्युतिकरण सम्पन्न गर्न प्रदेश तथा संघीय सरकारसँग विशेष पहल गर्ने । वि.सं. २०६८ को जनगणना अनुसार गाउँपालिकामा जम्मा १७.८४ प्रतिशत मात्र विद्युत्को उपभोग गर्दछन् । यसरी हेर्दा यो गाउँपालिकामा ८० प्रतिशत भन्दा बढी भागमा विद्युतीकरण गर्नुपर्ने देखिन्छ ।

### ६.१०.४ भू-उपयोग

गाउँपालिकाको दीर्घकालिन समृद्धिका लागि कृषियोग्य भूमिको उच्चतम सदुपयोग र वनको वैज्ञानिक व्यवस्थापन मार्फत् आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्नु उपयुक्त रहेको छ । तसर्थ यसका लागि उपयोगिताका आधारमा गाउँपालिकामा रहेको जमिनलाई विभिन्न वर्गमा विभाजन गरी सोही अनुसार सदुपयोग गर्नु आवश्यक छ ।

### ६.१०.५ कृषि तथा पशुपंक्षी पालन

अन्य आधारभुत आवश्यकता पुरा गरी दीर्घकालिन समृद्धिका हिसाबले गाउँपालिकाको कायापलट गर्न सक्ने क्षेत्र भनेको कृषि नै हो । यसका लागि सर्वप्रथम समग्र कृषि पूर्वाधारहरू जस्तैः जमिन, सिँचाइ, प्रविधि, मल, विउबिजन, बजार, भण्डारण प्रणाली आदिको प्रबन्ध गरी व्यावसायिक खेतीतर्फ किसानहरूलाई आकर्षित गर्न सके सिधै नगद आर्जन गर्न सकिने जातका बालीनालीहरू, तरकारी तथा फलफूल तथा नगदेबाली लगाई निकटवर्ती बजार तथा शहरहरूमा निर्यात गर्न सकिन्छ ।

- गाउँपालिकामा बाख्रा पालनको उच्च सम्भावना रहेको
- Citrusजातका फलफूलहरू, अम्बा लगायत अन्य फलफूलहरूको व्यावसायिक खेती गर्न सकिने
- विभिन्न वडाहरूमा पोखरी निर्माण गरी सिँचाईको प्रबन्ध गर्न सकिने
- मौरीपालनलाई व्यावसायिक रूपमा बिस्तार गर्न सकिने
- जडिबुटी उत्पादनलाई व्यावसायिक बनाउन सकिने
- लोकल जातका कुखुराको व्यावसायिक उत्पादन गर्न सकिने
- व्यावसायिक रूपमा गाई तथा भैंसी पालन गरी दुग्ध उद्योग सञ्चालन गर्न सकिने
- तरकारी बालीहरूको राम्रो उत्पादन गर्न सकिने

### ६.१०.६ वनव्यवस्थापन मार्फत् आय आर्जन

गाउँपालिकाको मुख्य सम्पदाको रूपमा रहेको वनलाई वैज्ञानिक रूपमा व्यवस्थापन गरी सो मार्फत जडिबुटि तथा फलफूल खेती अर्थात Agro Forestryको अवधारणा अनुरूप वनको विकास गर्न सकिने ।

- वन सम्पदाको उच्च सदुपयोग गरी पर्यावरणीय पर्यटनको विकास गर्न सकिन्छ ।
- सम्भाव्य जडिबुटीको अध्ययन गरी वनक्षेत्रलाई हर्रो, बर्रो, अमला, चिउरी, टिमुर, अदुवा आदि जडिबुटीको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिन्छ ।

### ६.१०.७ उद्योग

कृषि तथा वनमा आधारित उद्योगहरूको स्थापना गरी औद्योगिक उत्पादनको गुणस्तर कायम गरी तिनीहरूको Branding गर्न सकिन्छ । सोका लागि देशका ठूला शहरहरू लगायत विदेशमा बजारको अध्ययन गरी बिक्रीको प्रत्याभूति गर्न सकिन्छ। आजको युगमा गुणस्तरको ठूलो महत्व भएकाले गुणस्तरीय उत्पादनहरूलाई गाउँपालिका कै पहिचानको रूपमा स्थापित गरी ठूलो बजार तथा विश्व बजारमा स्थापित हुन सकिन्छ।

### ६.१०.८ होमस्टे, धार्मिक तथा पर्यापर्यटन

मनोरम प्राकृतिक वातावरण, प्रशस्त वनजंगल क्षेत्र तथा सुन्दर प्राकृतिक थुम्काथुम्कीहरूले सुसर्जित यो गाउँपालिका मगर संस्कृतिमा समेत धनि छ । तसर्थ यी प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको उच्च सदुपयोग गरी पर्यटनको विकास गर्न सकिन्छ । अर्कोतर्फ, प्रशिद्ध स्वर्गद्वारी धामको प्रवेशद्वारको रूपमा विकास गर्न सकिन्छ।

### ६.१०.९ ध्यान तथा योगा केन्द्रको निर्माण गर्ने

गाउँपालिका भर रहेका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूमा सम्भाव्यता हेरी औषधीय पर्यटन तथा योगा तथा ध्यान केन्द्रहरू स्थापना गरी दीर्घकालिन हिसाबले समृद्धि हासिल गर्न सकिन्छ।

# अनुसूचीहरू

## अनुसूची १ : विकास योजना प्राथमिकिरण

### विकास योजना प्राथमिकिकरण गर्दा अवलम्बन गर्नुपर्ने आधारहरू :

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै : भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

### १. "अति उत्तम" – ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

### २. "उत्तम" – २ अंक

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता श्रृजना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ । यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

### ३. "सामान्य" –१ अंक

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

### ४. "न्यून" - ० अंक

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ । अर्थात उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थान देखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको

तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु आवधिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पुर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

### वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तह अन्तर्गतका वस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रकृया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका/नगरपालिका अन्तर्गतका वडा अन्तर्गत रहेका वस्ती/टोलहरू भेलामार्फत वस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ ।

(घ) वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) वस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ । यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरि वडा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषय क्षेत्र अनुसार समूहकृत गरिन्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँर नगर स्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले गाउँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो बिकस लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ गाउँपालिका वा नगरपालिकामा पठाउनुपर्ने हुन्छ ।

## अनुसूची २ : दिगो विकासका लक्ष्यहरू


### दिगो विकास

नेपाल स्थित संयुक्त राष्ट्र संघको कार्यालयले सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि सरकार, नागरिक समाज, समुदाय र अन्य सरोकारवालसँग मिलेर काम गरिरहेको छ ।

दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ ।

दिगो विकास १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरू दिगो विकासका लागि एजेण्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरू सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारण सभाको शिखर सम्मेलनले परित गरेर जनवरी १, २०१६ देखि लागु गरेको छ । विश्वभरका राष्ट्रिय सरकारहरू तथा लाखौं नागरिकहरूलाई एउटै थलोमा ल्याई यी महत्वाकांक्षी कार्यसूचीमा व्यापक छलफल र परामर्श गरी यो दिगो विकास लक्ष्यहरू तय गरिएका हुन् ।

### दिगो विकास लक्ष्यका पाँच स्तम्भ



## दिगो विकासका लक्ष्यहरू

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२. भोकमरीको अन्त्य गर्ने, खाद्य सूरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने

३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्धन गर्ने

५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने

६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पुर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रर्वधन र नवीन खोजलाई प्रोत्साहन गर्ने

१०. मुलुक भित्र तथा मुलुकहरूबीच असमानता घटाउने

११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने

१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने

१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रर्वधन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१६. दिगो विकासको लागि शान्तिपुर्ण र समावेशी समाजको प्रर्वधन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

## अनुसूची ३ : अनुगमन तथा मूल्याङ्कन

### क) अनुगमन

विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । कुनैपनि कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

अनुगमन २ प्रकारले गर्न सकिने छ :

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्कालै आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ ।

- स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको ?
- अपेक्षित प्रतिफलहरू समयमै र लागत प्रभावकारी रूपमा हासिल भए नभएको ?
- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरू सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ ।

### अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame) का आधारमा स्थापित गर्न सकिन्छ । स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन् । यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रबर्द्धित **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा** हेर्न सकिन्छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरू स्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ ।

## अनुगमन तह

आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ ।

**आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| **लक्ष्य** | परेको प्रभाव | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा<br>• कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • संघ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |
| **परिणाम** | देखिने असर<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पहुँच आदि | • कार्यपालिका र गाउँ/नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाका अनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| **योजना** | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन<br>• उत्पादन परिमाण<br>• सडक विस्तार<br>• स्वास्थ्य केन्द्र भवन निर्माण | • गाउँ र नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरू र प्रमुख प्रशासकीय अधिकृत।<br>• चौमासिक/वार्षिक | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाका अनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |

**लक्ष्य तह**

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| "शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।"<br>"उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा नगर सूरक्षा व्यवस्था सुदृढ बनाउने ।" | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी<br>• भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ<br>• लगानीका योजना सङ्ख्यामा आएको सकारात्मक परिवर्तन | | |

**योजना तह**

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| सहरी शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा वृद्धि<br>• फोहरमैला वर्गीकरण लागु<br>• निर्वाचनमा बदर मतको सङ्ख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग वृद्धि योजना | • तरकार, अन्डा र मासुको स्थानीय बजारमा बिक्री वृद्धि<br>• कुखुरा व्यवसाय सङ्ख्या वृद्धि<br>• मासुजन्य जीव आयात वृद्धि | | |

## ख) मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो पाएन भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो । यस मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९४ अनुसार गाउँपालिका तथा नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ ।

योजनाको मध्यमकालीन अवधिमा मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको
- लगानी योजना अनुरूप वार्षिक लगानीहरू निर्देशित रहे/नरहेको
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।

योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमा रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ । अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको **अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन**लाई पनि उपयोग गर्न सकिने छ ।

## अनुसूची ४ : माइनुट्स

आज मिति २०७५।१०।१२ गते यस बङ्गलाचुली गाउँपालिकाको बृहत गाउँपालिका विकास गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा आम सुझाव संकलन कार्यक्रम वडा नं. १ का अध्यक्ष श्री पदम ब. खत्री ज्यूको अध्यक्षतामा सम्पन्न भयो। मेलामा इन्टेनसीभ स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरू, वडाका जनप्रतिनिधिहरू, समाजसेवीहरू, बुद्धिजीवीहरू, सरोकारवालाहरू, राजनैतिक दलका प्रतिनिधिहरू तथा स्थानियहरूको समेत जन सहभागितामा गुरुयोजनाका समग्र पक्षहरूको बारेमा व्यापक छलफल गरी योजना तथा कार्ययोजनाका बारेमा राय सुझाव संकलन गरियो

उपस्थितहरू

| क्र.स. नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. पदम ब. खत्री | वडा अध्यक्ष -१, बङ्गलाचुली | |
| २. दीपराम पाण्डे | गोरखा वेलफेयर खानेपानी - अध्यक्ष - १ " (रापधारा, दाङ) | |
| ३. दुर्गा बहादुर सार्की | स्थानीय - १ " " | |
| ४. लिलाधर गौतम | सा.व. अध्यक्ष - १ " | लिलाधर |
| ५. वासुदेव भण्डारी | स्थानीय - १, " | |
| ६. राधिका नेपाली | वडा दलित सदस्य - १ " | |
| ७. देवा देवी पौडेल | वडा सदस्य - १ " | |

आज मिती २०७५।१०।११ गते पर्न बड्गाँलाचुली गाउपालीकाको वृहत गाउपालीका बिकास गुरुयोजना निमार्ण सम्बन्धी वडा स्तरीय छलफल तथा आम सुझाव संकलन कार्यक्रम वडा नं.२ का अध्यक्ष श्री मेघ बहादुर राना मगर ज्यूको अध्यक्षतामा सम्पन्न भयो। मेल इन्टेनरसीप स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु।वडाका जनप्रतीनिधिहरु, राजनैतिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्दिजिबीहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जनसहभागीमा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरी योजना तथा कार्ययोजनाको बारेमा राय सुझाव संकलन गरियो

उपस्थितहरु

| क्र.सं | नाम।थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | मेघ बहादुर रानामगर | वडा अध्यक्ष-२। बड्गाँलाचुली | |
| २ | अनन्त बिष्ट | स्तानीय -२ " | |
| ३. | माधव बस्नेत | स्तानीय-२ | madhab |
| ४. | शरद बहादुर घर्ति | " " | |
| ५. | किसमान बि.क | " | |
| ६. | वामबहादुर घर्ति | स्तानीय-२ " | |
| ७. | ईश्वर बहादुर रोका | बिद्यालय अध्यक्ष-२" | |
| ८ | चक्रबहादुर बस्नेत | स्तानीय -२ " " | |
| ९. | बासुदेब पाण्डे | स्तानीय -२ " " | |
| १०. | हुकुम बहादुर पाण्डे | सा.व. अध्यक्ष | |
| ११. | चन्द्र कुमार बि.क. | स्थानीय -२ " | |
| १२ | मैते पुन मगर | नेपाली काङ्ग्रेस सभापती | |
| १३. | तुल बहादुर नेपाली | वडा सदस्य-२ " | |
| १४. | जित बहादुर ठेडी | स्तानीय -२ " | |
| १५. | भिम कुमार बुढामगर | वडा सदस्य -२ " | |

आज मिति २०७५/१०/०६ गते यस बंगलाचुली गाउँपालिका को वृहत गाउँपालिका विकास गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा नं ३ का वडा अध्यक्ष श्री शोभाराज विश्वकर्मा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला इन्टेग्रेटेड स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु समाजसेविहरु, बुद्धिजिविहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जनसहभागीतामा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरि योजना तथा कार्यक्रमहरु बारे राय सुझाव संकलन गरियो।

उपस्थीतीहरु

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | शोभाराज विश्वकर्मा | वडा अध्यक्ष-३, बंगलाचुली | शोभा |
| २. | इन्द्रा सार्की | कार्यपालीका सदस्य | इन्द्रा |
| ३. | भैद बहादुर जि.सी. | सदस्य -३. | [signature] |
| ४. | गणेश बहादुर जि.सी. | प्रहरी सहायक निरिक्षक | [signature] |
| ५. | | वडा सचिव | |
| ६. | कुल बहादुर वली | रेडक्रस उपसभापति। | [signature] |
| ७. | थमा पौडेल | ,, कोषाध्यक्ष | [signature] |
| ८ | इन्द्र बहादुर बुढा | प्र० अ० मा०वि० सीवाटी | इन्द्र |
| ९. | थम बहादुर जि.सी. | सेवा निवृत्त शिक्षक | [signature] |
| १०. | भिम बहादुर के.सी. | समाज सेवा | [signature] |
| ११. | चेत प्रसाद लम्साल | सि.अ.हे.व. आयुर्वेद स्वास्थ्य केन्द्र | चेतप्रसाद |
| १२. | राम प्रसाद गौतम | ग्रामीण विकास विज्ञ. | |
| १३. | अनिल भण्डारी | वातावरण विज्ञ | |
| १४. | प्रविण राज सुवेदी | सिभिल इन्जिनीयर | [signature] |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |

प्रस्तावित कार्यहरु

१. मुलबारी देखी वाघखोर जोड्ने सडक (शहिद प्रदिप वाह मार्ग)
२. लिङबारी दाङबाङ दिप खज / शहिद अजय भरत कृषि सडक मार्ग)

आज मिती २०७५।१०।१० गते परम बङ्गलाचुली गाउपालीकाको वृहत गाउपालीका विकास गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा आम सुझाव संकलन कार्यक्रम वडा न ४ का वडा अध्यक्ष श्रि नारायण डांगी ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला इन्टेनसीभ स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतीनिधिहरु, राजनैतिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जनसहभागीतामा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरी योजना तथा कार्यक्रमका योजनाको बारेमा राय सुझाव संकलन गरियो।

उपस्थितिहरु

| क्र.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नारायण डांगी | वडा अध्यक्ष-४, बङ्गलाचुली | [signature] |
| २ | धनु खड्का | स्थानिय - " " | [signature] |
| ३. | चोक बहादुर डांगी | " " " | चोक |
| ४. | लाल बहादुर गिरी | वडा सदस्य - ४ | [signature] |
| ५. | टोम लाल घर्तिमगर | वडा सदस्य - ४ | [signature] |
| ६. | पुनम बि.क. | वडा सदस्य - ४ | पुनम |
| ७. | चुरामणी नेपाली | स्कुल सभापती-४ " | चुरामणी |
| ८. | रेवन्त विष्ट | स्थानिय - ४ " | रेवन्त |
| ९. | शिवराज परियार | नेपाली काङ्ग्रेस प्रतिनिधि | [signature] |
| १० | पूर्ण बहादुर बुढा | स्थानिय बासिन्दा | [signature] |
| ११. | ज्ञानेश्वर अधिकारी | नवदो-मन्कुले साव.उ.स. अध्यक्ष | [signature] |
| १२ | कृष्ण बहादुर खड्का | स्थानीय - ४ | [signature] |
| १३ | बसन्त डांगी | स्थानीय-४ | [signature] |

प्रस्तावित सडकहरु तथा नया प्रस्तावित सडकहरुमा मध्यमा प्राथमिकता सडकहरु निम्न अनुसार छन.

१. कुरुङडेडा, फाटा, गुम्लेपानी, काटीगौंरा कृषि सडक
२. डापरबोट-ठालेरा-अर्बा। बौलेबाम-भैंकुटी, काटीगौंरा-मनदानी। पोखरडाँडा, पिपलडाँडा-हुकरुम हुँदै अरङखोला।
३. पुरुङडेडा बाट भन्कुले जोड्ने (पर्यटन बाटो)..
पुरुङडेडा। मौघालेक, गाडिलेक, पुरानो हुलाक। भन्कुले गा.पा.
४. पुरुङ लाकुरबोट हुँदै फाटा सल्कोरी गुम्लेपानी बाटो पुरानो हुलाक
५. गा.पा.का देखी बुटीपोखरा सडक.
गा.पा.का, काफलबारे, हुकला, धिनडाँडा। काटिगौंरा म्यालडाँडा। बुटीपोखरा।

प्रेम

चोक

करुणा

आज मिति २०८२/१०/०८ गते यस बंगलाचुली गाउँ पालीकाको बृहत गाउपालीका विकास गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन ~~गोष्ठी~~ कार्यक्रम वडा नं ५ का वडा अध्यक्ष श्री रनुराज खत्री ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतिनिधीहरु, राजनितिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजिविहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जनसहभागीतामा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरी योजना तथा कार्यक्रमहरुको बारेमा राय सुझाव संकलन गरीयो।

उपस्थितहरु

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | रनुराज खत्री | वडा अध्यक्ष-५, बंगलाचुली | [signature] |
| २. | पवित्रा जि.सी. | सदस्य | पे. पवित्रा |
| ३. | आरती वि.क. | सदस्य | आरती |
| ४. | भरत डाँगी | वडा सचिव ५२६ | [signature] |
| ५- | सोम ब. वली | शिक्षक मा.वि. भेलेरा | [signature] |
| ६ | कुल ब. वली | रेडक्रस उप सभापति | [signature] |
| ७ | आशिता खत्री | शिक्षक अभिभावक अध्यक्ष | आशिता |
| ८, | बिनिता खड्का | | [signature] |
| ९- | रिमान सिंह वली | शिक्षक (कुइने) | [signature] |
| १० | जितबहादुर वली | समाजसेवी | [signature] |
| ११ | धन बहादुर | | धन |
| १२ | लिला बहादुर पुन | | [signature] |
| १३ | चन्द्र ब थापा | | [signature] |
| १४ | मान बहादुर वली | | [signature] |
| १५- | रुपराम वली | | Lawir |

आज मिति २०७५।१०।०३ गते यस बंगलाचुली गाउँपालिकाको बृहत गाउँपालिका विकास गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा नं ६ का वडा अध्यक्ष श्री वेदलाल घर्ती क्षेत्री ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भैला इन्टेग्रेटेड स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु वडाका जनप्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजिविहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जनसहभागीतामा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरी योजना तथा कार्यक्रमहरुको बारेमा राय सुझाव संकलन गरियो।

उपस्थिति

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | वेदलाल घर्ती क्षेत्री | वडा अध्यक्ष-६, बंगलाचुली | [signature] |
| २. | चित्रबहादुर डाँगी | वडा सदस्य-६ " " | चित्रबडाँगी |
| ३. | सुस्मिला लवार | दलित महिला सदस्य " | सुस्मिला |
| ४. | टुम बहादुर ~~बि.क.~~ स्वाँत्री | वडा सदस्य-६ " | [signature] |
| ५ | टेक बहादुर बि.क. | वासिन्दा-६ " | टेकबहादुर बि.क. |
| ६ | खोपीराम बि.क. | " " " | खोपीराम |
| ७ | मनीराम डाँगी | पानी अध्यक्ष " | मनिराम |
| ८. | केदार बि.क. | दलित मुक्ति समाज अध्यक्ष | केदार |
| ९ | चेतबहादुर महरा | वन अध्यक्ष-६ " | [signature] |
| १० | दिन बहादुर रावत | वासिन्दा-६ " " | |
| ११. | भरत डाँगी | वडा सचिव वडा ६. | [signature] |

आज मिति २०७५।१०।१४ गते यस बड्गलाचुली गाउँपालिकाको वृहत गाउँपालिका गुरुयोजना निर्माण सम्बन्धि वडा स्तरीय छलफल तथा आम सुझाव संकलन कार्यक्रम वडा नं. ७ का अध्यक्ष श्री गौरिबहादुर थापा ज्युको अध्यक्षतामा सम्पन्न भयो। भेला इन्टेनसिभ स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतिनिधिहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सरोकारवालाहरु तथा स्थानियहरुको समेत जन सहभागितामा गुरुयोजनाका समग्र पक्षहरुको बारेमा व्यापक छलफल गरी योजना तथा कार्ययोजनाका बारेमा राय सुझाव संकलन गरियो।

उपस्थितिहरु

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | गौरी बहादुर थापा | वडा अध्यक्ष - ७, बड्गलाचुली | |
| २. | डोमबहादुर खत्री | स्थानीय - ७ " " | डोमबहादुर खत्री |
| ३ | खिम बहादुर सारु | स्थानीय - ७ " " | |
| ४. | प्रेम ब. स्माल मगर | वडा सदस्य - ७ " " | प्रेम |
| ५. | हेमराज पुन | मु.प. अध्यक्ष - ७ " " | |
| ६. | रामबहादुर राना | स्कुल अध्यक्ष - ७ " | रामबराना |
| ७. | जिव. ब. आले | स्थानीय - ७ " " | जिव |
| ८. | अमर ब. रोकामगर | हुलाक - ७ " " | अमर |
| ९. | देवराम सारु | वडा सदस्य - ७ " " | देविराम |
| १०. | तिलका थापा | वडा सदस्य - ७ " " | तिलका थापा |
| ११. | भुमीसरी लोहार | वडा सदस्य - ७ " " | भुमीसरी |
| १२. | लाल ब. पुन मगर | स्थानीय - ७ " " | |
| १३. | सर्बिराम का.मि. | माओवादी केन्द्र - ७ " " | सर्बिराम कामी |
| १४. | लिला ब. थापामगर | स्थानीय बुद्धिजिवी - " " / मु.प. वडा अध्यक्ष | |
| १५. | गोविन्द ब. पुनमगर | सामाजिक परिचालक - ७ | |
| १६. | | | |

आज मिती २०७४।१०।१५ गते यस वडिगलाचुली गाउपालीका को बृहत गाउपालीका विकास गुरुयोजना निर्माण सम्बन्धि वडा स्तरीय छलफल तथा राय सुझाव संकलन वडा नं. ८ का अध्यक्ष जि गिरराज थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला इन्टेनसीभ स्टडी एण्ड रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतिनिधिहरु, समाजसेविहरु बुद्धिजिवीहरु। राजनैतिक दलका प्रतिनिधीहरु। सरोकारवाला हरु तथा स्थानियहरुको समेत जन सहभागितामा गुरुयोजनाको तथा कार्ययोजनाका बारेमा राय सुझाव संकलन गरियो।

उपस्थितहरु

~~१. गिरराज थापा~~

| क्र.सं. नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- |
| १. गिरराज थापा | वडा अध्यक्ष-८, वडिगलाचुली | [illegible] |
| २. ओम भक्त रवैकलामगर | स्थानिय शिक्षक-८ " " | [illegible] |
| ३. टेक ब. थापा | स्थानिय - ८ " " | [illegible] |
| ४. पाल सिङ्ग शाह | स्थानिय-८ " " | [illegible] |
| ५. भिम बहादुर पुन | स्थानिय - ८ " " | भि बा पुन |
| ६. मुक्तराम शाह | सामुदायिक मेलमिलाप - ८ " " | [illegible] |
| ७. दिल ब. राना | स्थानिय - ८ " | [illegible] |
| ८. प्रेम ब. खत्री | गाउघर क्लिनिक सचिव-८ " | प्रेम खत्री |
| ९. तिर्थराम थापा | जि.पी मार्ग मर्मत अध्यक्ष -८ " | [illegible] |
| १०. इमान सिङ् खड्का | वडा सदस्य -८ " " | इमान |
| ११. भुम ब. गाहमगर | वडा सदस्य - ८ " " | [illegible] |
| १२. गोविन्द ब. थाहमगर | समाजसेवी - ८ " " | [illegible] |
| १३. गोविन्द ब. पुनमगर | सामाजिक सन्चार-८ " | [illegible] |

आज मिती २०७५।१०।१२ गते पञ्च बड्गालमुली गाउपालीकाको गाउसडक यातायात गुरुयोजना निर्माण सम्बन्धि वडा स्तरिय छलफल तथा राय-सुझाव संकलन कार्यक्रम वडा १ का अध्यक्ष श्री पदम ब. खत्री ज्यूको अध्यक्षतामा सम्पन्न भयो। मेला सार्पि रिसर्च सेन्टरका बिज्ञहरु, वडाका जनप्रतिनिधीहरु, राजनैतिक दलका प्रतिनिधी, समाजसेवीहरु, बुद्दिजिवीहरु, सरोकारवालाहरु, स्थानीयको उपस्थीतीमा वडा भित्रका मुख्य ग्रामीण सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक बिकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिती

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदम ब. खत्री | वडा अध्यक्ष-१, बड्गालमुली | |
| २. | तोपाराम पाण्डे | गोरखा वेलफेर स्वानेपामी, रायधार (छाप) अध्यक्ष - १ " | |
| ३. | दुर्गा बहादुर सार्की | स्थानीय-१ " | |
| ४. | लिलाधर गौतम | स्था.ब. अध्यक्ष | |
| ५. | बासुदेव भण्डारी | स्थानीय - १ " | |
| ६. | राधिका नेपाली | वडा दलित सदस्य-१ " | |
| ७. | देवा देवी पौडेल | वडा सदस्य- १ " | |

प्रस्तावित सडकहरु तथा नयाँ प्रस्तावित सडकहरुमा मध्यमा पाँचओटा सडकहरु निम्न छन ।

१. रिउडा - भैंडनेटा - बोक्सपोखरा - पिपलडाँडा - धोंचेपौंर चमेरेगुफा वाहविरो अरड खोंला
(चमेरेगुफा - स्वर्गद्वारी मार्ग)

२. पिपलडाडा - उभ्रा मन्दिर हुँदै ठाटिबोर - अरड खोंला
(उभ्रा वागेश्वरी धार्मिक पर्यटन मार्ग)

३. धिमाधिमे - वर्मचारी - बचपोखरा मार्ग

४. पिपलडाडा - छाप - रापधारा - राडडाड

५. पँयारताडा - गोठीवन स्कुल हुँदै डारखा खिरपाखुरी कुवी मार्ग

आज मिती २०७४।१०।११ गते यस बड्गानायुनी गाउपालीकाको गाउँसडक यातायत गुरुयोजना निर्माण सम्बन्धि वडा स्तरीय छलफल तथा राय-सुझाव संकलन कार्यक्रम वडा २ का अध्यक्ष श्री मेघबहादुर रानाको मगर ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला सापे जिम्सपे सेन्टरका शिक्षकहरु। वडका जनप्रतीनिधिहरु, राजनैतिक दलका प्रतिनिधी, समाजसेवीहरु। बुद्धिजिवीहरु सरोकारवालाहरु। स्थानियको उपस्थीतीमा वडा भित्रका मुख्य ५ वटा सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिती

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | मेघबहादुर राना | वडा अध्यक्ष-२, बड्गानायुती | [signature] |
| २. | अनन्त थिटा | स्थानिय -२ " | [signature] |
| ३. | माधव बस्नेत | स्थानिय-२ " | Madhab |
| ४. | शरद बहादुर घर्ती | " " | [signature] |
| ५. | किसमान वि.क | " " | केसमान |
| ६. | धमबहादुर घर्ती | " " | [signature] |
| ७. | ईश्वर बहादुर रोका | विद्यालय अध्यक्ष | इश्वर |
| ८. | चक्र बहादुर बस्नेत | स्थानीय -२ " " | [signature] |
| ९. | वासुदेव पाण्डे | स्थानीय-२ " " | वासुदेव |
| १०. | हुकुम बहादुर पाण्डे | सा.व. अध्यक्ष " | [signature] |
| ११. | चन्द्र कुमार वि.क. | स्थानीय-२ " | [signature] |
| १२. | मैते पुन मगर | नेपाली काङ्ग्रेस सभापती | [signature] |
| १३. | दुल बहादुर नेपाली | वडा सदस्य -२. | [signature] |
| १४. | जित बहादुर ठेडी | स्थानीय-२ " | [signature] |
| १५. | भिम कुमार घर्तीमगर | वडा सदस्य -२ " | [signature] |

प्रस्तावित सडकहरु तथा नया प्रस्तावित सडकहरु मध्यमा पाँचओटा सडकहरु निम्न छन.

१. मसीना - मर्केश्वा - पारवापानी - पुरुड - छर्वक
(धिमधीमे पर्यटक सडक)

२. पालुङटार - थिरनेरवोला - टाकुरा - छिपन - भैरो मन्दिर - अरङखोला रुवांदुवारी
(कृषि सडक)

३. मर्केश्वा - ग्याङ्याङ - टाकुरा - पुरुड-धेडा

४. ठाम्रेडाडा - पतासेडाडा - टंडैनी - पिपल डाडा (नया ट्रयाक)

५. बराचौर - सिपडाडे टोल हुँदै ठाम्मु डाडा (नया ")

Ananta

केसमान

madhab

आज मिति २०८२।१०।०६ गते यस बंगालामुली गाउँपालिकाको गाउँ सडक यातायात गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा नं ३ का वडा अध्यक्ष श्री भीमराज विश्वकर्मा ज्यूको अध्यक्षतामा सम्पन्न भयो भेला सार्थ रिसर्च सेन्टरका विज्ञहरु, वडाका र जनप्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजीविहरु, सरोकारवाला हरु स्थानियहरुको उपस्थितीमा वडा भित्रका मुख्य ५ वटा सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुका बारेमा छलफल गरियो।

उपस्थितिहरु

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | भीमराज विश्वकर्मा | वडा अध्यक्ष - ३, बंगालामुली | [signature] |
| २. | इन्द्रा सार्की | कार्यपालीका सदस्य | [signature] |
| ३. | भेद बहादुर जि.सी. | सदस्य - ३, | [signature] |
| ४. | गणेश बहादुर जि.सी. | प्रहरी सहायक निरिक्षक | [signature] |
| ५ | कुल बहादुर वली | रेड क्रस कोउपं सभापती | [signature] |
| ६ | धर्मा पोडेल | ,, कोशाध्यक्ष | [signature] |
| 6 | चैत प्रसाद लम्साल | सिआईए आधिकृत स्वा चौकी | [signature] |
| ८ | भिम बहादुर केसी | समाज सेवा | [signature] |
| ९. | यमबहादुर जि.सी. | सेवा निवृत्त शिक्षक | [signature] |
| १० | राम प्रसाद गोतामे | ग्रामिण विकास विज्ञ | |
| ११ | अनिल भण्डारी | वातावरण विज्ञ | |
| १२ | प्रविण राज सुवेदी | सिभिल ईन्जिनियर | [signature] |
| १३ | | | |
| १४. | | | |

प्रस्तावीत सडकहरु तथा नया प्रस्तावीत सडकहरु मध्येमा पाँचओटा सडकहरु निम्न छन्।

१. मुलावारी देखी घाघरखोर जोड्ने सडक (शहिद प्रदिप बाबु मार्ग)

२. सिरुवारी टोडबाङ दिप खण्ड। शहिद अजय भट्ट स्मृति मार्ग।

३. लेख ताजा देखी अरड. खोला जोड्ने सडक
४. धमडाडा देखी डांगी होल सडक
५. दा.वाड. देखी दिप चौर जोड्ने सडक

आज मिती २०७५।१०।१० गते यस बंगलाचुली गाउँपालिकाको गाउँसडक यातायात गुरुयोजना निर्माण सम्बन्धि वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा ४ का अध्यक्ष श्री नारायण डाँगी ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला स्यार्प रिसर्च सेन्टरका विज्ञहरु, वडाका जन प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधी, समाजसेवीहरु, बुद्दिजिवीहरु, सरोकारवाहरु, स्थानियहरुको उपस्थितीमा वडा भित्रका मुख्य पूर्वोटा सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिति

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नारायण डाँगी | वडा अध्यक्ष-४, बंगलाचुली | [signature] |
| २. | धनु खड्का | स्थानिय " " | [signature] |
| ३. | चोक बहादुर डाँगी | " " | चोक |
| ४. | लाल बहादुर गिरी | वडा सदस्य-४ " | [signature] |
| ५ | तोम बहादुर घर्तिमगर | वडा सदस्य-४ " | [signature] घर्ति |
| ६. | पुनम वि.क | वडा सदस्य-४ " | पुनम |
| ७. | चुरामणी नेपाली | रेडक्रस सभापती-४. | चुरामणी |
| ८. | रेवन्त विष्ट | स्थानिय-४ | रेवत |
| ९. | शिवराज परियार | नेपाली कांग्रेस प्रतिनिधि | [signature] |
| १०. | पूर्ण बहादुर बुढा | स्थानिय-४ | [signature] |
| ११. | गजेश्वर अधिकारी | मनोज-मुकुन्दे सा.उ.स.अध्यक्ष | [signature] |
| १२. | कृष्ण बहादुर खड्का | स्थानिय-४ | कृष्ण |
| १३. | बसन्त डाँगी | स्थानिय-४. | [signature] |

१. कुरुङढेडा फाँटा, ठुम्ले-पानी, काटीगौंरा कृषि सडक
२. डाँफरघाट-गतेरा-अर्खा, डाँलीवाम्क, मैंकुतो काटीगौंरा, मन्द्राली,
पोखरडाडा, पिपलडाडा, हुकम्स हुँदै अरड खोला
३. पुरुङढेडाबाट ~~मनुबोत~~ मैकाले डाँडो (पर्यटनबाटो)
पुरुङढेडा, मौंवालेक, गडिलेक, पुरानो हुलाक, मैकुले गा.पा.
४. पुरुङ लाकुरीबाट हुँदै फाँटा, सल्लेरी ठुम्लेपानीबाट
पुरानो हुलाक, ~~मैकुले गा.पा.~~
५. गा.पा.का हस्वी बुढीपोखरा सडक
(गा.पा.का, काफलबोट, हुकला, धिमडाडा, सर्लिंगा,
स्यालडाडा, बुढीपोखरा)

चोक

आज मिति २०७५/१०/०८ गते यस बंगलाचुली गाउपालिकाको गाउ सडक ~~योजना~~ यातायात गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन ~~कार्यक्रम~~ कार्यक्रम वडा नं ५ का अध्यक्ष श्री मनुराज खत्री ज्यू को अध्यक्षतामा सम्पन्न भयो। मैला स्तार्प रिसर्च सेन्टरका विज्ञहरु, वडाका जनप्रतिनिधीहरु, राजनितिक दलका प्रतिनिधी, समाजसेवीहरु, बुद्धिजिवी हरु, सरोकारवालाहरु स्थानियहरुको उपस्थीतीमा वडा भित्रका मुख्य ५ वटा सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विभाग-का समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिति

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | मनुराज खत्री | वडा अध्यक्ष -५, बंगलाचुली | [signature] |
| २. | पवित्रा जि.सी. | सदस्य | पवित्रा |
| ३. | आरती वि.क. | सदस्य | आरती |
| ४. | भरत डाँगी | वडा सचिव ५५६ | [signature] |
| ५- | सोम का वली | शिक्षक मा.वि. मैरेसरा | [signature] |
| ६- | रुपधन वली | | [signature] |
| ७- | मानबहादुर वली | | [signature] |
| ८ | पर्ण ब थापा | | [signature] |
| ९ | कुल बहादुर वली | | [signature] |
| १० | साबीना | ब्लोक अधिग्राग सङ अध्यक्ष | साबिना |
| ११ | विनित साउ | | [signature] |
| १२- | खिमान सिंह वली | शिक्षक (कुङ्ल) [illegible] | |
| १३ | जितबहादुर वली (कांग्रेस) | समाज सेवी | [signature] |
| १४ | धनबहादुर [illegible] | | |
| १५ | लिला बहादुर पुन | ~~व्यापारी~~ ~~मैरेरिटि~~ | [signature] |
| १६. | रमी कु पुन मगर | सुरमाघ्या | [signature] |
| १७ | राम प्रसाद गौतम | | |
| १८ | अनिल भण्डारी | | |
| १९ | प्रमिला शाह सन्त्रेदी | | |
| २० | | | |

* प्रस्तावीत सडकहरु तथा नया प्रस्तावीत सडकहरु मध्येमा पाँचओटा सडकहरु निम्न छन् ।

1. झेरनेटा - फलिदै - कोलट - जरे - रोंकीडाडा - अर्जुनखोला (पुष्प कमल मार्ग)
2. मुर्कुटी - बराही - झेलखोला - हरिहडा (गणतन्त्र मार्ग)
3. स्यालडाडा - कुडुले - साकिने - ठुलोखोला (पुछार तिमाना) (त्रिभुवन मार्ग)
4. मुर्कुटी - मरुरे सडक (अजय भरत कृषि सडक)
5. मुर्कुटी - कंगालानुली सडक

आज मिति २०७५/१०/०१ गते यस बंगलाचुली गाउँपालिकाको गाउँ सडक यातायात गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा नं ६ का वडा अध्यक्ष श्री वेदुलाल घर्ति क्षेत्री ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला सार्प रिस्वे सैन्यका विशहरु, वडाका जनप्रतिनिधीहरु, राजनितिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजिविहरु, सरोकारवालाहरु, स्थानियहरुको उपस्थितीमा वडा भित्रका मुख्य ५ (पाँच) वटा सडकहरुको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिति

| क्र.सं. | नाम / थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | वेदुलाल घर्ति क्षेत्री | वडा अध्यक्ष -६, बंगलाचुली | [illegible] |
| २. | चित्रबहादुर डाँगी | वडा सदस्य -६, बंगलाचुली | चित्रबहादुर |
| ३. | सुसिला नवार | दलित महिला सदस्य-६" | सुशीला |
| ४. | कुम बहादुर खत्री | वडा सदस्य -६, बंगलाचुली | [illegible] |
| ५. | टेक बहादुर वि.क | बासिन्दा -, ६, बंगलाचुली | टेक बहादुर विक |
| ६. | खोपीराम विक. | " " " | खोपीराम |
| ७. | मनीराम डाँगी | पार्टी सदस्य- " " | मनिराम |
| ८ | केदार वि.क. | दलित मुक्ति समाज सदस्य | केदार |
| ९ | चेतबहादुर महरा | वन सदस्य | चेतबहादुर |
| १० | दिल बहादुर रावत | बासिन्दा -६, बंगलाचुली | दील |
| ११. | भरत डाँगी | वडा सचिव ५५ ६. | [illegible] |

प्रस्तावित सडकहरु तथा नयाँ प्रस्तावित सडकहरु मध्यमा पाँचओटा सडकहरु निम्न अनुसार छन्:

(१) अजय भरत कृषि सडक: डिम्मेरली, रिमान, मुठनेटा,

तिमील, टाढागी, मसञ्जुरे

२. साहिद सार्मिला मार्ग

मुनलेता, मुसेरा, सेउडे, अमारे सम्म

(३) मुसुरे खोला देखि अमारे सम्म

(४) भैंडाबारी देखी मित्री खोला, चिउरी डाडा, आरुठोँरा शकिनडाडा सम्म

(५) काचिनी देखी धाकोल हुदै वोडके खोला छोड्ने

आज मिति २०७४।१०।१४ गते यस बंगलाचुली गाउँपालिकाको बृहत्त गाउँसडक यातायात गुरुयोजना निर्माण सम्बन्धी वडा स्तरीय छलफल तथा राय सुझाव संकलन कार्यक्रम वडा ७ का अध्यक्ष श्री गीर बहादुर थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला साथै विभिन्न क्षेत्रका विज्ञहरु, वडाका जनप्रतिनिधीहरु, राजनैतिक दलका प्रतिनिधीहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु, सरोकारवालाहरु, स्थानीयको उपस्थितिमा वडा भित्रका मुख्य ४ वटा सडकको प्राथमिकीकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | गीर बहादुर थापा | वडा अध्यक्ष - ७, बंगलाचुली | गीरबहादुर |
| २. | डोम बहादुर रवगी | स्थानीय - ७ " " | डोमबहादुर |
| ३. | रिवम बहादुर आरन | स्थानीय - ७ " " | [illegible] |
| ४. | प्रेम ब. अस्माल मगर | वडा सदस्य - ७ " " | प्रेम |
| ५. | हेमराज पुन | मु.प्र. अध्यक्ष - ७ " " | [illegible] |
| ६. | राम बहादुर राना | स्कुल अध्यक्ष - ७ " " | रामबहादुर |
| ७. | शिव ब. आले | स्थानीय - ७ " " | शिव |
| ८. | अमर ब. रोका मगर | इलाक - ७ " " | अमर |
| ९. | खिराम सारु | वडा सदस्य - ७ " " | खिराम |
| १०. | तिलका थापा | वडा सदस्य - ७ " " | तिलका थापा |
| ११. | कुमीसरी लोहार | वडा सदस्य - ७ " " | कुमीसरी |
| १२. | लाल ब. बुढाथोकीमगर | स्थानीय - ७ " " | [illegible] |
| १३. | साविराम कामी | मावि/बाल केन्द्र - ७ " | साविराम कामी |
| १४. | लिला ब. थापामगर | स्थानीय - ७ " | [illegible] |
| १५. | गोविन्द ब. पुनमगर | मु.प्र. वडा अध्यक्ष सामाजिक परिचालक ७. | [illegible] |

प्रस्तावित सडकहरु तथा नयाँ प्रस्तावित सडकहरु निम्न अनुसार छन्।

१. मुलपानी - स्याङ्ला - लहोप - कोइराले हुँदै सरुमारानी गा.पा. प्युठान।

२. बि.पी. मार्ग बिरबैवाट - मैसीकुटी हुँदै सरुमारानी गा.पा. गलहा हुँदै पेघेरी प्युठान

३. पाचपोखरी, मैनावाङ, चौकेडुङ पर्यटकीय स्थल हुँदै प्युठान जोड्ने (चौकेडुङ्गा पर्यटकीय बाटो)

४. आमडाडा - बिरबै हुँदै धोपखोला हुँदै गणतन्त्र मार्ग जोड्ने

५. लहोबै - शिरखर्क हुँदै प्युठानको पुठा दरबार जोड्ने पनि बाटो।

प्रेमबहादुर रवी

प्रेम

तिलका थापा

सुविराम

आज मिति २०७५।१०।१८ गते पत्र छड्गलाफुली गाउपालीकाको गाउसडक यातायात गुरुयोजना निमार्ण सम्बन्धि वडा स्तरीय छलफल तथा राय-सुझाव संकलन कार्यक्रम वडा ८ का अध्यक्ष श्री गिरराज थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। भेला साथै विसयै सेन्त्रका विज्ञहरु, वडाका जनप्रतिनिधीहरु, राजनैतीक दलका प्रतिनीधीहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु, सरोकारवालाहरु, स्थानीयको उपस्थितिमा वडा भित्रका मुख्य ५ वटा सडकको प्राथमिकिकरण निर्धारण गरिनुका साथै सडक विकासका समग्र पक्षहरुको बारेमा छलफल गरियो।

उपस्थितहरु

| क्रसं | नामाथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | गिरराज थापा | वडा अध्यक्ष-८, छड्गलाफुली | |
| २. | ओमभक्त रवेंकलामगर | स्थानिय शिक्षक-८ " " | |
| ३. | टेकब. थापा | स्थानिय -८ " " | |
| ४. | पाल सिङगगाह | स्थानिय- ८ " | |
| ५. | भिम बहादुर पुन | स्थानिय -८ " " | |
| ६. | मुक्तिराम गाह | सामुदायिक मेलमिलाप-८ " | |
| ७. | दिल ब. राना | स्थानिय -८ " | |
| ८. | प्रेम ब. खत्री | आउघर क्लिनिक -८ " | |
| ९. | तिर्थराम बुढा | विपी. मार्ग मर्मत अध्यक्ष-८ " | |
| १० | रमान सिङ् रवड्का | वडा सदस्य -८ " | |
| ११. | भुम ब. गाहम | वडा सदस्य -८ " " | |
| १२ | मनोविन्द ब. गाहमगार | समाजसेवी -८ " " | |
| १३. | गोविन्द ब. पुनमगार | सामाजिक सल्लाहार -८ " " | |

प्रस्तावित सडकहरू तथा नयाँ प्रस्तावित सडकहरू निम्न अनुसार छन।

१. गोठीवन -स्याहाला -स्वामीघाट बाट लामी देवाली भिर हुँदै लमही न.पा. जोड्ने (कृषि सडक)

२. रानीबुकी -घाथिपुर -थालबास -कुरडे हुँदै देउराली जोड्ने सडक

(रानीबुकी -थालबास पर्यटक सडक)

३. फूडी, पाचपांखरी -गोठीवन हुँदै धुलिडाडा हुँदै गा.पा. जाने बाटो

४. रानिवास देखी घाथिपुर मरमरे जोड्ने मोटर बाटो (नयाँ ट्र्याक)

५. रानिवास देखी डाडकुडे खोला हुँदै तुला लमही न.पा. जोड्ने कृषि सडक.

## अनुसूची ५ : वडास्तरीय भेला









KAMANA




वडा सचिव
" मुखिया
कार्यालय
बंगलाचुली गाउँपालिका वडा नं. ८
वडा समितिको नामावली
१.श्री गिरराज बाँठा
२.श्री लुम बहादुर गाहा मगर
३.श्री हमानसिंह खड्का
४.श्री मालिका खत्री
५.श्री भोवी सुनार
अध्यक्ष
सदस्य
"